25
८५·५२६

* महर्षिवेदव्यासप्रणीतम् *

गरुडपुराणम्

(नेपाली भाषा टीका सहित)

टीकाकार–

'मोहनराजा उपाध्याय'

प्रकाशक–जय नेपाल प्रकाशन, कचौड़ीगली वाराणसी–१

संवत् २०५४ * * * मूल्य भा. रु २०)

❀ श्रीः ❀

❀ महर्षिवेदव्यासप्रणीतम् ❀

गरुडपुराणम्

(नेपाली भाषा-टीका सहित)

टीकाकार–

'मोहनराजा उपाध्याय'

प्रकाशक—जय नेपाल प्रकाशन, कचौड़ीगली वाराणसी-१

संवत् २०४१

❀❀❀

ए. ७. ५२८

विषय-सूची

विषय	पृष्ठ
अध्याय १ पापीहरूको ऐहिकामुष्मिक दुःख-निरूपण	१
अध्याय २ यममार्ग—निरूपण	१२
अध्याय ३ यमयातना—निरूपण	२७
अध्याय ४ नरकप्रद पापचिह्न—निरूपण	३९
अध्याय ५ पापचिह्न—निरूपण	५०
अध्याय ६ पापीहरूको जन्मादि दु.ख—निरूपण	६०
अध्याय ७ बभ्रुवाहन प्रेतसंस्कार	६८
अध्याय ८ ऋतुस्नान-निरूपण	८०
अध्याय ९ म्रियमाणकृत्य-निरूपण	९९
अध्याय १० दाहास्थिसञ्चयकर्म—निरूपण	१०७
अध्याय ११ दशगात्र विधि—निरूपण	१२३
अध्याय १२ एकादशदिन विधि—निरूपण	१३१
अध्याय १३ सपिण्डीशय्यादानादि सर्वकर्म निरूपण	१४४
अध्याय १४ धर्मराज नगर—निरूपण	१६५
अध्याय १५ सुकृतिजन जन्माचरण—निरूपण	१७९
अध्याय १६ मोक्षधर्म—निरूपण	१९५
गरुडपुराड—श्रवण फल	२१६

❀ श्री हरिः ❀

❀ अथ गरुडपुराणम् सरलाख्य-नेपालीव्याख्या सहितम् ❀

अथ प्रथमोऽध्यायः ॥ १ ॥

धर्मदृढबद्धमूलो वेदस्कन्धः पुराणशाखाढ्यः ॥ क्रतुकुसुमो मोक्षफलो स जयति कल्पद्रुमो विष्णुः ॥१॥ नैमिषेऽनिमिषक्षेत्रे ऋषयः शौनकादयः ॥ सत्रं स्वर्गाय लोकाय सहस्रसममासत ॥२॥ तं एकदा तु मुनयः प्रातर्हुतहुताग्नयः ॥ सत्कृतं सूतमासीनं पप्रच्छुरिदमादरात् ॥३॥ ऋषय ऊचुः—कथितो

धर्म नै जसको सुदृढ़ मूल छ, वेद नै जसको काँध छ, जो पुराणरूपी शाखाहरूले सम्पन्न छ, तथा यज्ञको जसको पुष्प एवं मोक्ष फल छन्, उनी कल्पवृक्षरूप विष्णु सबभन्दा उत्कृष्ट स्थितिमा विराजमान छन् ॥१॥ अघि कुनै समयमा श्रीविष्णु एवं देवताहरूको पुण्यमय क्षेत्र नैमिषारण्यमा शौनकादि अट्ठासी हजार ऋषिहरूले स्वर्ग प्राप्तिको इच्छाले हजार वर्षमा सकिनेवाला यौटा ठूलो यज्ञको अनुष्ठान गरे ॥२॥ एक दिन ती ऋषिहरूले बिहान अग्नि होत्रादिबाट निवृत्त भएर अग्लो आसनमा बसेका सूतजीको सत्कार गरेर उनसँग आदरपूर्वक यस्तो प्रश्न गरे ॥३॥ ऋषिहरूले सोधे––सूतजी ! तपाईंले सुखप्रद देवमार्गको भलीभाँति वर्णन गर्नुभयो, अब हामीहरू भयप्रद यममार्गको

भवता सम्यग् देवमार्गः सुखप्रद ॥ इदानीं श्रोतुमिच्छामो यममार्गं भयप्रदम् ॥४॥ तथा संसारदुःखानि तत् क्लेशक्षयसाधनम् ॥ ऐहिकामुष्मिकान् क्लेशान् यथावद्वक्तुमर्हसि ॥५॥ सूत उवाच—शृणुध्वं वो विवक्ष्यामि यममार्गं सुदुर्गमम् ॥ सुखदं पुण्यशीलानां पापिनां दुःखदायकम् ॥६॥ यथा श्रीविष्णुना प्रोक्तं वैनतेयाय पृच्छते ॥ तथैव कथयिष्यामि सन्देहच्छेदनाय वै ॥७॥ कदाचित्सुखमासीनं वैकुण्ठे श्रीहरिं गुरुम् ॥ विनयावनतो भूत्वा पप्रच्छ विनतासुतः ॥८॥ गरुड उवाच—भक्तिमार्गो बहुविधः कथितो भवता मम ॥ तथा च कथिता देव भक्तानां गतिरुत्तमा ॥९॥ अधुना श्रोतुमिच्छामि यममार्गं

वर्णन सुन्न चाहन्छौं ॥४॥ संसारको दुःख एवं उसको नाशको उपाय तथा इहलोक–परलोक क्लेश जस्तो छन् त्यस्तै नै बताइबक्सियोस् ॥५॥ सूतजीले भन्नुभयो––हे ऋषिहरू हो ! सुन्नुहोस् ! तपाईंहरूलाई दुर्गम यममार्गको वर्णन सुनाउँछु; यो पुण्यात्माहरूलाई सुखदायक र पापात्माहरूलाई दुःखदायक छ ॥६॥ गरुड़ले सोद्धाखेरि विष्णु भगवान्‌ले जस्तो भन्नुभएको थियो उस्तै नै गरी तपाईंहरूको सन्देह दूर गर्नका लागि म भन्दछु ॥७॥ अघि कुनै समयमा वैकुण्ठमा सुखपूर्वक बस्नुभएको गुरु श्रीहरिसँग विनतापुत्र गरुडले नम्रतापूर्वक सोधे–॥८॥ गरुडले भने––हे देव ! तपाईंले मलाई अनेक प्रकारको भक्ति–मार्ग एवं भक्तहरूको उत्तम गति बताउनु भयो ॥९॥ अब म भयंकर यम–मार्गको वर्णन सुन्न चाहन्छु: तपाईंका भक्तिमा विमुख भएका जनहरू त्यहाँ जान्छन् भन्ने कुरो मैले सुनेको छु

भयङ्करम् ।। त्वद्भक्तिविमुखानाञ्च तत्रैव गमनं श्रुतम् ।।१०।। सुगमं भगवन्नाम जिव्हा च वशवर्तिनी ।। तथापि नरकं यान्ति धिगधिगस्तु नराधमान् ।।११।। अतो मे भगवन् ब्रूहि पापिनां या गतिर्भवेत् ।। यममार्गस्य दुःखानि यथा ते प्राप्नुवन्ति वै ।।१२।। श्रीभगवानुवाच—वक्ष्येऽहं शृणु पक्षीन्द्र यममार्ग च येन ये ।। नरके पापिनो यान्ति शृण्वतामतिभीतिदम् ।।१३।। ये हि पापरतास्तार्क्ष्य दयाधर्म विवर्जिताः ।। दुष्टसङ्गाश्च सच्छास्त्रसत्सङ्गतिपराङ्मुखाः ।।१४।। आत्मसम्भाविताः स्तब्धाः धनमान-

।।१०।। तपाईंको नाम सुगम छ, जिब्रो आफ्नू वशको छ, फेरि पनि ती नरकमा जान्छन् (तपाईंको नामको उच्चारण नगर्ने) नराधमहरूलाई धिक्कार–धिक्कार छ ।।११।। हे भगवन् ! यसकारण पापीहरूको जो गति हुन्छ र ती पापी जसरी यसमार्गका दुःखहरूलाई पाउँछन्, त्यो सब मलाई कहिबक्सियोस् ।।१२।। भगवान्ले भन्नुभयो––हे गरुडजी ! म यममार्गको वर्णन गर्छु–सुन, जुन मार्गले जो पापी नरकमा जान्छन्, त्यो मार्गको वर्णन सुन्नेवालालाई पनि अति भयदायक छ ।।१३।। हे गरुडजी ! जो पापमा आसक्त, दया–धर्मले रहित, दुष्ट पुरुषहरूको संगति र सतशास्त्र एवं सतसंगबाट विमुख छन्, जो आफूलाई प्रतिष्ठित मान्नेवाला जड़, धन–मानको मदले युक्त, असुरभावना प्राप्त तथा दैवी संपत्तिले रहित छन्, जसको मन अनेक विषयहरूमा भ्रान्त एवं मोह–जालमा फँसेको छ तथा जो अनेक प्रकारका इच्छाहरू तथा स्त्री–आदिको सुखमा आसक्त छन् ती अपवित्र पुरुष नरकमा जान्छन्

मदान्विताः । आसुरं भावमापन्ना दैवीसम्पद्विवर्जिताः ॥१५॥ अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ॥
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥ ये नरा दानशीलाश्च ते यान्ति परमां गतिम् ॥
ग. पु पापशीला नरा यान्ति दुःखेन यमयातनम् ॥१७॥ पापिनामैहिकं दुःखं यथा भवति तच्छृणु ॥ ततस्ते भा०टी०
४ मरणं प्राप्य यथा गच्छन्ति यातनाः ॥१८॥ सुकृतं दुष्कृतं वापि भुक्त्वा पूर्वं यथार्जितम् ॥ कर्मयोगा- अ० १
त्तदा तस्य कश्चिद्व्याधिः प्रजायते ॥१९॥ आधिव्याधिसमायुक्ता जीविताशासमुत्सुकम् ॥ कालो
बलीयानहिवदज्ञातः प्रतिपद्यते ॥२०॥ तत्राप्यजातनिर्वेदो म्रियमाणः स्वयम्भृतैः ॥ जरयोपात्तवैरूप्यो

॥१४–१६॥ जो मनुष्य ज्ञान सम्पन्न छन् ती परमगति र जो पापी छन् ती बड़ो दुःखले यमको यातना प्राप्त गर्छन् ॥१७॥ पापीहरूलाई जसरी सांसारिक दुःख हुन्छ र त्यसका बाद ती मरेपछि जसरी कष्ट पाउँछन् त्यो कुरो सुन ॥१८॥ पूर्व जन्ममा जस्तो पुण्य वा पाप गरेको छ उसलाई भोगेर कर्म–योगले उसलाई कुनै रोग लाग्छ ॥१९॥ शारीरिक मानसिक रोगले ग्रस्त औ बाँच्ने आशाले उत्सुक उस प्राणीलाई बलवान् काल–साँपले झैं अचानक प्राप्त गर्दछ ॥२० मर्न लागिरहेछ, तैपनि जसलाई पुत्र–कलत्रादि देखि विरक्ति भएको छैन, वृद्धावस्थाले जसको रूप विकृत भएको छ, त्यो मरणोन्मुख भएर घरमा पुत्रादिले अपमानपूर्वक दिएको खाना कुकुरले झैं खाएर जीवित रहन्छ, रोगले उसको जठराग्नि मन्द हुन्छ र थोरै खान थाल्छ, उठ्ने बस्ने ताकत पनि कम हुन्छ ॥२१–२२॥ वायु-

रहन्छ, रोगले उसको जठराग्नि मन्द हुन्छ र थोरै खान थाल्छ, उठ्ने बस्ने ताकत पनि कम हुन्छ ।।२१-२२।। वायु-

मरणाभिमुखो गृहे ।।२१।। आस्तेऽवमत्योपन्यस्तं गृहपाल इवाहरन् ।। आमयादप्रदीप्ताग्निरल्पाहारोऽल्पचेष्टितः ।।२२।। वायुनोत्क्रमतोत्तारः कफसंरुद्धनाडिकः ।। कासश्वासकृतायासः कण्ठे घुरघुरायते ।।२३।। शयानः परिशोचद्भिः परिवीतः स्वबन्धुभिः ।। वाच्यमानोऽपि न ब्रूते कालपाशवशं गतः ।।२४।। एवं कुटुम्बभरणे व्यापृतात्माऽजितेन्द्रियः ।। म्रियते रुदतां स्वानामुरुवेदनयाऽस्तधीः ।।२५।। तस्मिन्नन्तर्क्षणे तार्क्ष्य दैवी दृष्टिः प्रजायते ।। एकीभूतं जगत्सर्वं न किञ्चिद्वक्तुमीहते ।।२६।। विकलेन्द्रियसंघाते चैतन्ये जडतां गते ।। प्रचलन्ति ततः प्राणा याम्यैर्निकटवर्तिभिः ।।२७।। स्वस्थानाच्चलिते

को ऊर्ध्वगतिले उसको आँखाको पुतली माथितिर तानिन्छ, कफले नाडी रोकिन्छ, खोकी र दमले पलस्त हुन्छ र र उससो कण्ठमा घ्वार-घ्वार आवाज हुन लाग्छ, पसारिएको र शोकयुक्त आफ्ना बन्धुबान्धवले घेरिएकोले क्यै सोद्धा पनि कालपाशको वशमा भएर क्यै बोल्न सक्तैन ।।२३-२४।। यस्ता प्रकारले जसको मन कुटुम्बको भरण–पोषणमा आसक्त छ र अत्यधिक वेदनाले जसको बुद्धि नष्ट भएको छ, त्यो अजितेन्द्रिय पुरुष रुने भएका परिवार-हरूको माझमा मर्दछ ।।२५।। हे गरुडजी ! त्यस मरण समयमा उसको दृष्टि देवताहरूको जस्तो हुन्छ, सारा जगत-लाई त्यो एकसमान देख्न थाल्छ किन्तु केही बोल्ने चाह उ गर्न सक्तैन ।।२६।। सारा इन्द्रियहरू विकल हुन्छन्, ज्ञान चेतनारहित हुन्छ, तब यमदूतहरू नगीच आएपछि (उनको डरले) प्राण निक्लन्छ ।।२७।। आफ्नू ठाउँबाट प्राण-वायु

श्वासे कल्पाख्यो ह्यातुरक्षणः ॥ शतवृश्चिकदंष्टस्य या पीडा सानुभूतये ॥२८॥ फेनमुद्गिरते सोऽथ मुखं लालाकुलं भवेत् ॥ अधोद्वारेण गच्छन्ति पापिनां प्राणवायवः ॥२९॥ यमदूतौ तदा प्राप्तौ भीमौ सरभसेक्षणौ ॥ पाशदण्डधरौ नग्नौ दन्तैः कटकटायतौ ॥३०॥ ऊर्ध्वकेशौ काककृष्णौवक्रतुण्डौ नखायुधौ ॥ स दृष्ट्वा त्रस्तहृदयः शकृन्मूत्रं विमुञ्चति ॥३१॥ अङ्गुष्ठमात्रः पुरुषो ह्याहाकुर्वन्कलेवरात् ॥ तदैव गृह्यते दूतैर्याम्यैः पश्यन् स्वकंगृहम् ॥३२॥ यातनादेह आवृत्य पाशैर्बद्ध्वा गले बलात् ॥ नयतो दीर्घमध्वानं दण्ड्यं राजभटा यथा ॥३३॥ तस्यैवं नीयमानस्य दूताः संतर्जयन्ति च ॥ प्रवदन्ति भयं तीव्रं

निक्लने वेलामा त्यस व्याकुल जीवको एकक्षण पनि कल्प समान भएर बित्तछ; सये बिच्छीले एकैचोटि डंक मार्दा जस्तो पीड़ा हुन्छ त्यस्तै पीड़ा त्यो अनुभव गर्छ ॥२८॥ त्यो मुखबाट फींज काड्न थाल्छ, मुख ऱ्यालले भरिन्छ, बोल्न सक्तैन पापीहरूको प्राणवायु आधोमार्ग (गुदा) बाट निस्कन्छ ॥२९॥ प्राण निक्लने वेलामा दुइटा यमदूत आइपुग्छन् जो भयानक हुन्छन्, र जसका आँखा उत्कण्ठित रहन्छन्, जो पास र दण्ड धारण गरेका, नांगा, दाँत कटकटाइरहेका हुन्छन्, जसका केश ठाड़ा छन्, जो कौवा जस्ता काला छन्, बांगा मुख भएका छन् र जसको नङ नै हतियार छन्; यस्ता यमदूतलाई देखेर त्यो मरणासन्न प्राणी भयभीत भै दिसा–पिसाव गर्न लाग्छ ॥३०-३१॥ जब वहाँ-वहाँ रुँदै त्यो पुरुष शरीरबाट निस्केर बूढ़ी–औंला जत्रो शरीर धारण गर्दछ; तब नै आफ्ना घरतिर हेर्दै

जब व्हाँ-व्हाँ रुद त्यो पुरुष शरीरबाट निस्केर बूढ़ो--औंला जत्रो शरीर धारण गर्दछ; तब नै आफ्ना घरतिर हेर्दै

नरकाणां पुनः पुनः ॥३४॥ शीघ्रं प्रचल दुष्टात्मन् यास्यसि त्वं यमालयम् ॥ कुम्भीपाकादिनरकाँस्त्वां नयावोद्य मा चिरम् ॥३५॥ एवं वाचस्तदा शृण्वन् बन्धूनां रुदितं तथा ॥ उच्चैर्हाहेति विलपंस्ताड्यते यमकिङ्करैः ॥३६॥ तयोर्निर्भिन्नहृदयस्तर्जनैर्जातवेपथुः ॥ पथि श्वभिर्भक्ष्यमाण आर्तोघं स्वमनुस्मरन् ॥३७॥ क्षुत्तृड्परीतोऽर्कदवानलानिलैः संतप्यमानः पथि तप्तबालुके ॥ कृच्छ्रेण पृष्ठे कशया च ताडितश्चलत्यशक्तोऽपि निराश्रमोदके ॥३८॥ तत्र तत्र पतञ्छ्रान्तो मूर्छितः पुनरुत्थितः ॥ तया पापीयसा

उसलाई यमदूतहरूले समाउँ छन् ॥३२॥ जसरी पुलिसहरू दण्डयोग्य पुरुषलाई पक्रेर लैजान्छन् उसै गरी यमदूतहरू उसको भोगशरीरलाई छोपेर, बलपूर्वक डोरीहरूले गलामा बाँधेर खूब लामो बाटोले (यस लोकमा) लैजान्छन् ॥३३॥ यमदूतहरू यस प्रकार उसलाई लाँदा डर देखाउँछन् र बारम्बार नरकहरूको तीव्र भय बताउँछन् ॥३४॥ अरे दुष्टात्मन् ! चाँडै हिँड्, तँ यमलोकमा लगिन्छस्, आज हामी तँलाई कुम्भीपाक आदि नरकहरूमा लगिरहेका छौं ढिलो नगर, हिँड ॥३५॥ यस्ता प्रकारले उस समय मदूतहरूको वचन र बन्धुबान्धवहरूको रुवाइ सुन्दो छँदो तथा ढाँको छोडेर व्हाँ-व्हाँ रुँदै विलाप गर्ने भएको उसलाई यमदूतहरूले पिट्तछन् ॥३६॥ तो दुई यमदूतहरूको हप्काइ-दप्काइले हृदय छिया-छिया भएको तथा कुकुरहरूले टोक्नाले पीडित भएको त्यो प्राणी काँप्न लाग्छ र आफ्नू पाप सझँदै हिँड्दछ ॥३७॥ भोक-प्यासले युक्त, सूर्यका प्रखर किरण, डढेलो र आँधीले सन्तप्त, पिठ्यूँमा कोर्रले पिटिइरहेको त्यो प्राणी यस प्रकार असमर्थ भएर बडो कष्टले यम-मार्गमा हिँड्दछ, जहाँ तातो बालू छ, बिसाउने

नीतस्तमसा यमसादनम् ॥३९॥ त्रिभिर्मुहूर्तैर्द्वाभ्यां वा नीयते तत्र मानवः ॥ प्रदर्शयन्ति दूतास्ता घोरा नरकयातनाः ॥४०॥ मुहूर्तमात्रात्त्वरितं यमं वीक्ष्य भयं पुमान् ॥ यमाज्ञया समं दूतैः पुनराः याति खेचरः ॥४१॥ आगत्य वासनाबद्धो देहमिच्छन् यमानुगैः ॥ धृतः पाशेन रुदति क्षुत्तृड्भ्यां परिपीडितः ॥४२॥ भुङ्क्ते पिण्डं सुतैर्दत्तं दानं चातुरकालिकम् ॥ तथापि नास्तिकस्तार्क्ष्य तृप्तिं याति न पातकी ॥४३॥ पापिनां नोपतिष्ठन्ति दानं श्राद्धं जलाञ्जलिः ॥ अतः क्षुद्व्याकुला यान्ति पिण्डदानभुजोऽपि ते ॥४४॥ भवन्ति प्रेतरूपास्ते पिण्डदानविवर्जिताः ॥ आकल्पं निर्जनारण्ये भ्रमन्ति

ग.पु. ८ | भा टी अ० १

ठाउँ छैन तथा पिउन पानी छैन ॥३८॥ बाटोमा थाके, मूर्छा परेर ठाउ-ठाउँमा लड्दै त्यो अतिशय पापमय अन्धकारपूर्ण बाटोबाट यमलोकमा पुऱ्याइन्छ ॥३९॥ यमलोकमा त्यो प्राणी तीन मुहूर्त वा दुई मुहूर्तमा लगिन्छ; ती दूतहरूले उसलाई भयानक ती नरकयातनाहरूलाई देखाउँछन् ॥४०॥ त्यो प्राणी यमराज र यमराजको यातनालाई देखेर मुहूर्तभरमा नै यमराजको आदेशले यमदूतहरूको साथ आकाशमा विचरण गर्दै चाँडै नै फेरि मनुष्यलोकमा आउँदछ ॥४१॥ यहाँ आएर वासनाले बद्ध त्यो जीव फेरि आफ्नू पहिलो शरीरमा पस्ने इच्छा गर्दछ; यमदूतहरूद्वारा उ पाशहरूले बाँधिएको रहन्छ, यसकारण भोक-प्यासले पीडित भएर रुन्छ ॥४२॥ छोराहरूद्वारा दिएको पिण्ड र आतुरकालको दानलाई त्यो जीवले खान्छ, तैपनि हे गरुडजी ! नास्तिक त्यो पातकी तृप्त हुँदैन ॥४३॥ दान, श्राद्ध र जलाञ्जलि पापी पुरुषलाई प्राप्त हुँदैनन्, यसकारण पिण्डदान खाएका पनि ती भोक-प्यासले व्याकुल भएर

र जलाञ्जलि पापी पुरुषलाई प्राप्त हुँदैनन्, यसकारण पिण्डदान खाएका पनि ती भोक-प्यासले व्याकुल भएर

बहुदुःखिता ॥४५॥ नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि ॥ अभुक्त्वा यातनां जन्तुर्मानुष्यं लभते
नहि ॥४६॥ अतो दद्यात्सुतः पिण्डान् दिनेषु दशसु द्विज ॥ प्रत्यहं ते विभज्यन्ते चतुर्भागैः खगोत्तम
 ॥४७॥ भागद्वयं तु देहस्य पुष्टिदं भूतपञ्चके ॥ तृतीयं यमदूतानां चतुर्थं सोपजीवति ॥४८॥ अहो-
 रात्रैश्च नवभिः प्रेतः पिण्डमवाप्नुयात् ॥ जन्तुर्निष्पन्नदेहश्च दशमे बलमाप्नुयात् ॥४९॥ दग्धे देहे
पुनर्देहः पिण्डैरुत्पद्यते खग ॥ हस्तमात्रः पुमान् येन पथि भुङ्क्ते शुभाशुभम् ॥५०॥ प्रथमेऽहनि यः

(यमलोकमा) जान्छन् ॥४४॥ पिण्डदानरहित अर्थात् जुन मृत प्राणीको निमित्त पिण्डदान गरिन्छ ती प्रेत-रूप हुन्छन् र कल्पपर्यन्त निर्जन वनमा अत्यन्त दुःखी भएर भ्रमण गर्दछन् ॥४५॥ भोग नगरीकन, कराड़ौं कल्पमा पनि कर्मको क्षय हुँदैन र नरकको यातनाहरूको भोग-बिना कुनै पनि प्राणी मनुष्य-योनि प्राप्त गर्दैन ॥४६॥ हे पक्षीहरूमा श्रेष्ठ गरुड़जी ! यसकारण छोरो दशै दिनहरूमा पिण्ड देवोस्, ती पिण्ड चार भागमा विभक्त हुन्छन् ॥४७॥ तिनमा दुई भाग पञ्चभूतलाई प्राप्त हुन्छ, जसले शरीर पुष्ट हुन्छ; तेस्रो भाग यमदूतहरूलाई प्राप्त हुन्छ र चौथो भाग पाएर त्यो प्रेत जीवित रहन्छ ॥४८॥ नौ दिनसम्म दिएका पिण्डले प्रेतको शरीर बन्दछ, दशवाँ दिनको पिण्डले त्यो शक्तिसम्पन्न हुन्छ ॥४९॥ हेगरुड़जी ! पहिलेको शरीर जलेपछि पिण्डहरूबाट उस प्रेतको फेरि शरीर उत्पन्न हुन्छ, यो शरीर एक हात अग्लो हुन्छ, जुन शरीरले यमलोकको बाटोमा आफ्नू शुभ-अशुभ कर्मको त्यो फल भोग्दछ ॥५०॥ पहिलो दिन जो पिण्ड दिइन्छ त्यसले शिर; दोस्रो दिनको पिण्डले गर्धन र काँध, तेस्रो दिनको पिण्डले

पिण्डस्तेन मूर्धा प्रजायते ॥ ग्रीवास्कन्धौ द्वितीयेन तृतीयाद्हृदयं भवेत् ॥५१॥ चतुर्थेन भवेत्पृष्ठ
पञ्चमान्नाभिरेव च ॥ षष्ठेन च कटीं गुह्यं सप्तमात्सक्थिनी भवेत् ॥५२॥ जानुपादौ तथा द्वाभ्यां
ग.. पु. दशमेऽह्नि क्षुधा तृषा ॥५३॥ पिण्डजं देहमाश्रित्य क्षुधाविष्टस्तृषार्दितः ॥ एकादशं द्वादशञ्च प्रेतो भा.०
१० भुङ्क्ते दिनद्वयम् ॥५४॥ त्रयोदशेऽहनि प्रेतो यन्त्रितो यमकिङ्करैः ॥ तस्मिन्मार्गे व्रजत्येको गृहीता अ० १
इव मर्कटः ॥५५॥ षडशीतिसहस्राणि योजनानां प्रमाणतः ॥ यममार्गस्य विस्तारो विना वैतरणीं खग
॥५६॥ अहन्यहनि वै प्रेतो योजनानां शतद्वयम् ॥ चत्वारिंशत्तथा सप्तदिवारात्रेण गच्छति ॥५७॥

हृदय; चौथो दिनको पिण्डले पिठ्यू, पाँचौं दिनको पिण्डले नाइटो; छैटौं दिनको पिण्डले कमर र गुदद्वार तथा सातौं दिनको पिण्डले जाँघ; आठौं दिनको पिण्डले घुँडा; नवौं दिनको पिण्डले पाउ र दशौं दिनको पिण्डले भोक प्यासको उत्पत्ति हुन्छ ॥५१-५३॥ यस प्रकार पिण्ड-जनित शरीर धारण गरेर भोक प्यास पीडित त्यो प्रेत एघारौं र बाह्रौं दुइ दिनको पिण्ड खान्छ ॥५४॥ तेह्रौं दिन यमदूतद्वारा पाशले बाँधिएको त्यो प्रेत, बाँधिएको बाँदर झैं-एक्लै यमलोकको बाटोमा जान्छ ॥५५॥ हे गरुड़जी ! वैतरणी नदीलाई छोडेर, यमलोकको मार्गको विस्तार, छयासी हजार योजन (४ कोशको १ योजन हुन्छ) छ ॥५६॥ प्रत्येक दिन दुइ सय योजन हिंड्दछ, यस प्रकार दिन-रात निरन्तर चलनाले सैतालीस दिनमा त्यो प्रेत यमलोक पुग्दछ ॥५७॥ बाटामा क्रमैले सोह्र नगरहरूलाई अतिक्रमण

निरन्तर चल्नाले सतालीस दिनमा त्यो प्रेत यमलोक पुग्दछ ।।५७।। बाटामा क्रमैले सोह्र नगरहरूलाई अतिक्रमण

अतीत्य क्रमशो मार्गे पुराणीमानि षोडश ।। प्रयाति धर्मराजस्य भवनं पातकी जनः ।।५८।। सौम्यं
सौरिपुरं नगेन्द्रभवनं गन्धर्वशैलागमौ क्रौञ्चं क्रूरपुरं विचित्रभवनं बह्वापदं दुःखदम् ।। नानाक्रन्दपुरं
 सुतप्तभवनं रौद्रं पयोवर्षणं शीताढ्यं बहुभीति धर्मभवनं याम्यं पुरं चाग्रतः ।।५९।। याम्यपाशैर्धृतः
 पापी हाहेति प्ररुदन् पथि । स्वगृहं तु परित्यज्य पुरं याम्यमनुव्रजेत् ।।६०।।

इति श्रीगरुडपुणे सारोद्धारे पापीनामैहिकामुष्मिकदुःखनिरूपणं नाम प्रथमोऽध्यायः ।। १ ।।

गरेर त्यो पातकी प्राणी धर्मराजाको भवनमा पुग्दछ ।।५७।। ती सोह्र नगरहरूको क्रमैले यी नाम हुन्––सौम्य, सौरिपुर, नगेन्द्र भवन, गन्धर्व, शैलागम, क्रौंच, क्रूरपुर, विचित्र भवनं, बह्वापद, दुःखद, नानाक्रन्द पुर, सुतप्तभवन, रौद्रनगर, पयोवर्षण, शीताढ्य र बहुभीति, धर्मभवन, यसको बाद यमराजाको नगरी छ ।।५९।। यमराजाको पाशोले बांधिएको त्यो पापी पुरुष ह्वा–ह्वा रुँदै आफ्नू घरलाई छोडेर यमपूरीमा जान्छ ।।६०।।

इति श्रीगरुड़पुराणे सारोद्वारे सुगमाख्यटीकापेते पापिनामैहिक मुष्मिक दुःखनिरूपणं नाम प्रथमोऽध्यायऽ ।। १ ।।

गरुड उवाच—कीदृशो यमलोकस्य पन्था भवति दुःखदः। तत्र यान्ति यथा पापा स्तन्मे कथय केशव ॥१॥ श्रीभगवानुवाच—यममार्गं महद्दुःखप्रदं ते कथयाम्यहम्। मम भक्तोऽपि तच्छ्रुत्वा त्वं भविष्यिसि कम्पितः ॥२॥ वृक्षच्छाया न तत्रास्ति यत्र विश्रमते नरः। यस्मिमार्गे च चान्नाद्यं येय प्राणान् समुद्धरेत् ॥३॥ न जलं दृश्यते क्वापि तृषितोऽतीव यः पिवेत्। तपन्ते द्वादशादित्याः प्रलयान्ते यथा खग ॥४॥ तस्मिन् गच्छति पापात्मा शीतवातेन पीडितः। कण्टकैर्विध्यते क्वापि क्वचित्सर्पैर्महाविषै ॥५॥ सिंहैर्व्याघ्रैः श्वभिर्घोरै भंक्ष्यते क्वापि पापकृत्। वृश्चिकैर्दश्यते क्वापि क्वचि-

गरुडजीले भन्नुभयो हे केशव ! यमलोकको मार्ग कस्तो दुःखदायक हुन्छ, त्यहाँ पापी पुरुष जसरी जान्छन् त्यो मलाई बताइबक्सियोस् ॥१॥ श्री भगवानले भन्नुभयो–हे गरुडजी ! यमलोकको मार्ग अति दुःखद छ, म तिमीलाई कहन्छु, तिमी मेरा भक्त हौ, तैपनि त्यस नरकको वर्णन सुनेर तिमी काँप्नेछौ ॥२॥ उहाँका बाटामा वृक्षको छाया छैन, जहाँ मानिस विश्राम गरून्, न उहाँ अन्न आदि नै छ, जसले प्राणी प्राणको रक्षा गर्न सकोस् ॥३॥ उहाँ कतै पनि पानी देखिदैन जो अत्यन्त प्यासो जन पिओस्, हे गरुडजी ! जसरी प्रलयको अन्तमा बाह्रै सूर्य तात्तछन् उसै गरी उहाँ सूर्य तात्तछन ॥४॥ त्यस मार्गमा हिंड्दाखेरि पापी पुरुष ठण्डी हावाले पीडित हुन्छ ! कहीं काँढाले

गरी उहाँ सूर्य तात्तछन ।।४।। त्यस मार्गमा हिँड्दाखेरि पापी पुरुष ठण्डी हावाले पीडित हुन्छ! कहीं काँढाले

दह्यति वह्निना ।।६।। ततः क्वचिन्महाघोरमसिपत्रवनं महत् ।। योजनानां सहस्रे द्वे विस्तारायामतः
स्मृतम् ।।७।। काकोलूकवटगृध्र-सग्घादंशसंकुलम् । सदावाग्नि च तत्पत्रैश्छिन्नभिन्नः प्रजायते ।।८।।
ग. पु. क्वचित्पतत्यन्धकूपे विकटात्पर्वतात् क्वचित् । गच्छते क्षुरधारासु शंकूनामुपरि क्वचित् ।।९।। स्खल- भा.टी.
त्यन्धे तमस्युग्रो जले निपतति क्वचित् । क्वचित्पङ्के जलौकाढ्ये क्वचित्सन्तप्तकर्दमे ।।१०।।
१३ सन्तप्तबालुकाकीर्णे ध्मातताम्रमये क्वचित् । क्वचिदङ्गारराशौ च महाधूमाकुले क्वचित् ।।११।। क्वचि- अ०२

घोचिन्छ र कहीं महाविषधर सर्पहरूले ।।५।। कहीं उस पापीलाई भयानक सिंह बाघ र कुकुरले खान्छन्; कहीं बिच्छीले डस्तछन् र कहीं उसलाई आगोले पोल्दछ ।।६।। त्यसका बाद कहीं महाभयानक तथा विशाल असिपत्र वन (अर्थात् तरवारको जस्तो धारिला पातवाला वृक्षहरूको वन) छ, जसको लंबाई चौड़ाई दुइ हजार योजनको छ ।।७।। त्यो वन काग-लाटोकोसेरो-वट-गिद्ध-अरिगाल-वास्लो-डाँस र ढठेलोले व्याप्त छ असिपत्र वनका वृक्ष-
२ हरूको मुनि पुग्दा त्यसको पातले त्यो छिन्न-भिन्न हुन्छ ।।८।। कहीं अन्धकूपमा जाकिन्छ र कहीं विकट पर्वतबाट गिर्दछ, कहीं छुराको धारमा र कहीं काँढाहरूको टुप्पोको माथिबाट हिँड्दछ ।।९।। कहीं भीषण अन्धतम नरकमा, कहीं जलमा कहीं थलमा, कहीं जुकैजुका भएको हिलोमा, कहीं तातो हिलोमा भासिन्छ ।।१०।। कहीं तातो बालुवाको ढेरमा र कहीं तातो तामाको धूलो भएको बाटोमा, कहीं आगाको फिलुंगामा, कहीं कुइरीमण्डल धुवाँमा हिँड्दछ ।।११।। कहीं फिलुंगोको वर्षा, कहीं वज्रको साथ असिनाको वर्षा, कहीं रगत शस्त्र र तातो पानीको वर्षा

दङ्गारवृष्टिश्च शिलावृष्टिः सवज्रका । रक्तवृष्टिः शस्त्रवृष्टिः क्वचिदुष्णाम्बुवर्षणम् ॥१२॥ क्षारकर्दम-
वृष्टिश्च महानिम्नानि च क्वचित् ॥ विप्ररोहणं क्वापि कन्दरेषु प्रवेशनम् ॥१३॥ गाढान्धकारस्तत्रास्ति
ग पु. दुःखारोहशिला क्वचित् । पूयशोणितपूर्णाश्च विष्ठापूर्णा ह्रदाः क्वचित् ॥१४॥ मार्गमध्यवहाऽत्युग्रा मा.टी-
१४ घोरा वैतरणी नदी । सा दृष्टा दुःखदा किं वा यस्ता वार्ता भयावहा ॥१५॥ शतयोजनविस्तीर्णा अ०२
पूयशोणितवाहिनी । अस्थिवृन्दतटा दुर्गा मांसशोणितकर्दमा ॥१६॥ अगाधा दुस्तरा पापैः केश-
शैवालदुर्गमा । महाग्राहसमाकीर्णा घोरपक्षिशतैर्वृता ॥१७॥ आगतं पापिनं दृष्ट्वा ज्वालाधूमसमा-

हुन्छ ॥१२॥ कहीं क्षार (खार) र हिलोको वृष्टि हुन्छ कहीं खाडलमा खस्तछ, कहीं टाकुरामा चढ्दछ र कहीं सुरुङ्गहरूमा घुस्तछ ॥१३॥ त्यहाँ कतै असाध्यै अँध्यारो छ, कहीं बड़ा मुश्किलले उक्लनुपर्ने ढुङ्गा छन्, कहीं पीप र रगत भरिएका दह र कहीं विष्ठाभरिएका पोखरीछन् ॥१४॥ बीचबाटोमा बग्ने अत्यन्त उत्कट एवं विकराल वैतरणी नदी छ, जसको वृतान्त सुन्नु पनि भयदायक छ त्यो देख्दै डरलाग्दो छ ॥१५॥ त्यसको विस्तार सय योजन (४ सय कोश) छ र त्यसमा पीप र रगत बग्दछ तथा उसको किनारा हाडैहाडले भरिएको छ, जो दुर्गम छ र जसमा मासु र रगतको नै हिलो ॥१६॥ जो अगाध छ र जसलाई तर्दा पापी बडो दुःखले नै पारी पुग्न सक्छन् त्यो नदी केशरूपी सिवालीले जेलिएको छ, त्यो नदी ठूला-ठूला गोहीहरूले भरिएको छ, भयंकर सयकडौं पन्छीहरूले युक्त छ । ॥१७॥

सिवालीले जेलिएको छ, त्यो नदी ठूला-ठूला गोहीहरूले भरिएको छ, भयंकर सयकडौं पन्छीहरूले युक्त छ । ॥१७॥

कुला । क्वथ्यते सा नदी ताक्ष्र्य कटाहान्तर्घृतं यथा ॥१८॥ कृमिभिः संकुला घोरैः सूचीवक्त्रैः
समन्ततः । वज्रतुण्डैर्महागृध्रैर्वायसैः परिवारिता ॥१९॥ शिशुमारैश्च मकरैर्जलौका--मत्स्य--कच्छपैः ।
अन्यैर्जलस्थजीवैश्च पूरिता मांसमेदकैः ॥२०॥ पतितास्तत्प्रवाहे च क्रन्दन्ति बहु पापिनः । हा भ्रातः
पुत्र तातेति प्रलपन्ति मुहुर्मुहु ॥२१॥ क्षुधितास्तृषिताः पापाः पिबन्ति किल शोणितम् । सा सरि-
द्रुधिरापूरं बहन्ती फेनिलं बहु ॥२२॥ महाघोराऽतिगर्जन्ती दुर्निरीक्ष्या भयावहा । तस्या दर्शनमात्रेण
पापाः स्युर्गतचेतनाः ॥२३॥ बहुवृश्चिकसंकीर्णा सेविता कृष्णपन्नगैः । तन्मध्ये पतितानाश्च त्राता

हे गरुडजी ! जसरी ठूलो कराहीमा घिउ भकभकिन्छ त्यसै गरी त्यो नदी आउन लागेको पापीलाई देखेर आगोको लपेटा र धूवाँले उत्कट भएर छड्किन थाल्दछ ॥१८॥ त्यो नदी चारैतिर सीयो जस्ता ठुँड भएका साना–साना कीराहरू, बज्रतुल्य बलिया चुच्चा भएका गिद्ध, काग, सोंस, गोही, जुका माछा, कछुवा र मासु लुछ्ने अरू-अरू पनि प्राणिहरूले भरिएको छ । ॥१९-२०॥ त्यस नदीको प्रवाहमा गिरेका पापी पुरुषहरु असाध्यै रुन्छन् र हे भाइ ! हे पुत्र ! हे पिता ! भन्दै हरहमेशा प्रलाप गर्छन् ॥२१॥ ती पापी पुरुषहरू भोक–प्यासले पीड़ित भएर त्यसै नदीको रगत पिउँदछन् । त्यो नदीमा फीँजैफीज भएको रगतको धारा बग्दछ र त्यो असाध्यै डरलाग्दो अत्यन्त गर्जनेवाला, हेर्नै नसकिने र भयंकर छ, त्यस नदीलाइ देख्नेबित्तिकै पापी मूर्छित हुन्छ ॥२२–२३॥ त्यो नदी धेरै बिच्छी भएको

कोऽपि न विद्यते ॥२४॥ आवर्तशतसाहस्रैः पाताले चान्ति वापिनः । क्षणं तिष्ठन्ति पाताले क्षणादु-
परिवर्त्तिनः ॥२५॥ पापिनां पतनायैव निर्मिता सा नदी खग । न पारं दृश्यते तस्या दुस्तरा
बहुदुःखदा ॥२६॥ एवं बहुविधे क्लेशे यममार्गेऽतिदुःखदे । क्रोशन्तश्च रुदन्तश्च दुःखिता यान्ति
पापिनः ॥२७॥ पाशेन यन्त्रिता केचित्कृष्यमाणास्तथाङ्कुशैः । शस्त्राग्रैः पृष्ठतः प्रेतैर्नीयमानश्च
पापिनः ॥२८॥ नासाग्रपाशकृष्टाश्च कर्णपाशैस्तथा परे । कालपाशैः कृष्यमाणाः काकैः कृष्यास्त-
थापरे ॥२८॥ ग्रीवाबाहुषु पादेषु बद्धाः पृष्ठे च शृङ्खलैः । अयोभारचयं केचिद्वहन्तिः पथि यान्ति ते

र काला सर्पहरू भएको छ, त्यसभित्र गिरेका प्राणीहरूको कोहि पनि रक्षक छैन ॥२४॥ त्यस नदीको भुँवरीमा परेर पापी पुरुष पातालमा पुग्दछ, एकछिन पातालमा रहेर एकैछिनमा फेरि त्यस नदीको माथि पुग्दछ ॥२५॥ हे गरुड-जी ! पापीहरूलाई जाक्नका लागि नै यो नदी बनेको हो, त्यो नदीको पार देखिदैन, त्यो पार गर्न अत्यन्त कठिन र अति दुःख दिनेवाला छ ॥२६॥ यस्ता प्रकारले धेरै प्रकारको क्लेशयुक्त र अत्यन्त दुःखदायक त्यस यममार्गमा चिच्चयाउँदै रुँदै पापी अति दुःखी भएर हिँड्दछ ॥२७॥ कुनै पापी डोरीले टन्क्याइएर, अंकुशेले खिचिएर, कोही पापी पिठ्यूँमा भालाका टुप्पाले भोकिएर, कोही-कोही नाकमा नाथिएर, कोही-कोही कान बाँधिएर तानिन्छन्; कोही कोही पापी कालपाशले र कोही काकबन्धले बाँधिएर, कोही-कोही पापी गर्दन तथा हातगाडीमा सिक्रीले बाँधिएर र

कोही पापी कालपाशले र कोही काकबन्धले बाँधिएर, कोही-कोही पापी गर्दन तथा हातगाड़ोमा सिक्रीले बाँधिएर र

॥३०॥ यमदूतैर्महाघोरैस्ताड्यमानाश्च मुद्गरैः । वमन्तो रुधिरं वक्त्रात्तदेवाश्नन्ति ते पुनः ॥३१॥
शोचन्तः स्वानि कर्माणि ग्लानिं गच्छन्ति जन्तवः । अतीवदुःखसम्पन्नाः प्रयान्ति यममंदिरम् ॥३२॥
ग. पु. यथापि स व्रजन् मार्गे पुत्र पौत्र इति ब्रुवन् ॥ हाहेति प्ररुदन्नित्यमनुतप्यति मन्दधीः ॥३३॥ महता भा टी.
१७ पुण्ययोगेन मानुषं जन्म लभ्यते । तत्प्राप्य न कृतो धर्मः कीदृशं हि मया कृतम् ॥३४॥ मया न दत्तं अ० २
न हुतं हुताशनं तपो न तप्तं त्रिदशा न पूजिताः । न तीर्थसेवा विहिता विधानतो देहिन् क्वचि-
न्निस्तर यत्त्वया कृतम् ॥३५॥ न पूजिता विप्रगणा सुरापगा न चाश्रिताः सत्पुरुषा न सेविताः । परोप-

कोही पिठ्यूंमा फलामको भारी बोकाइएर यमलोकको बाटोमा हिंड्दछन् ॥२८-३०॥ कोही-कोही महाभयानक यमदूतहरूद्वारा मुग्राले पीटिंदाखेरि मुखबाट रगत छाद्दछन् र फेरि त्यसै छादलाई खान्छन् ॥३१॥ ती पापी प्राणी आफूले गरेका कर्महरूलाई सोच्तै पश्चात्ताप गर्दछन् र अत्यन्त दुःखी भएर यमराजको भवनमा जान्छन् ॥३२॥ फेरि पनि त्यो मन्दमति प्राणी यममार्गमा जाँदाखेरि 'छोरा-नाति' यस्तो बोल्दै र हाय ! हाय !! गरेर रुँदै प्रतिदिन पश्चात्ताप गर्दछ ॥३३॥ बड़ो पुण्यको योगले मनुष्य–जन्म पाइन्छ, त्यस्तो मनुष्य जन्म पाएर पनि मैले धर्माचरण नगरेर कस्तो भूल गरें, ॥३४॥ न मैले दान गरें, न आगोमा हवन गरें, न तपस्या गरें, न देवताहरूको पूजा गरें, न विधिपूर्वक तीर्थहरूको सेवा गरें, यसकारण हे जीवात्मन् ! यदि तैंले कहीं यस्तो कर्म गरेको भए उसको फल भोगेर नरक-

कारो न कृतः कदाचन देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ॥३६॥ जलाशयो नैव कृतो हि निर्जले मनुष्यहेतोः पशुपक्षिहेतवे । गोविप्रवृत्त्यर्थमकारि नाण्वपि देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ॥३७॥ न नित्यदानं न गवाह्निकं कृतं न वेदशास्त्रार्थवचः प्रमाणितम् । श्रुतं पुराणं न च पूजितोज्ञो देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ॥३८॥ भर्तुर्मया नैव कृतं हितं वचः पतिव्रतं नैव कदापि पालितम् । न गौरवं क्वापि कृतं गुरूचितं देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ॥३९॥ न धर्मबुद्ध्या पतिरेव सेवितो

बाट पार हो ॥३५॥ न मैले ब्राह्मणहरूको पूजा गरें, न गंगाको सेवा गरें, न सज्जनहरूको सेवा गरें, न कहिल्यै परोपकार नै गरें, यसकारण हे जीवात्मन् ! कहीं तैंले यस्तो गरेको भए उसको फल भोगेर नरकबाट पार हो ! ॥३६॥ मनुष्य या पशु-पक्षीका लागि जलरहित देशमा न मैले जलाशय बनाएँ, न गाई-ब्राह्मणको जीविकाको लागि केही गरें, यसकारण हे जीवात्मन् ! कहीं तैंले यस्तो गरेको भए उसको फल भोगेर नरकबाट पार हो ॥३७॥ मैले न नित्य-दान गरें, न गाईलाई गाँस आदि दिएँ न वेद-शास्त्रको अर्थयुक्त वचनलाई प्रमाण मानें, न पुराण सुनें न विद्वान्हरूको सम्मान गरें, यसकारण हे जीवात्मन् ! कहाँ तैंले यस्तो गरेको भए उसको फल भोगेर नरकबाट पार हो ! ॥३८॥ न मैले पतिको हितकर वचन मानें, न कहिल्यै पतिव्रत धर्मको पालन गरें र न कहिल्यै गुरुजनहरूको गौरवको सम्मान गरें, यसकारण हे जीवात्मन् ! कहीं तैंले यस्तो गरेको भए उसको फल भोगेर नरकबाट पार हो ! ॥३९॥ धर्म संझेर न पतिको सेवा गरें, पति मर्दा न सती गएँ तथा विधवा भएपछि पनि न संयममा रहें यसकारण

बहिर्गतो न कृतो मृते पतौ । वैधव्यमासाद्य तपो न सेवितं देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ॥४०॥

।।३९।। धर्म संझेर न पतिको सेवा गरें, पति मर्दा न सती गएँ तथा विधवा भएपछि पनि न संयममा रहें यसकारण

बह्निकेशो न कृतो मृते पतौ । वैधव्यमासाद्य तपो न सेवितं देहिन् क्वचिन्निस्तर यत्वया कृतम् ।४०।
मासोपवासैर्न विशोषितं मया चान्द्रायणैर्वा नियमैः सविस्तरैः । नारीशरीरं बहुदुःखभाजनं लब्धं मया
 पूर्वकृतं विकर्मभिः ।।४१।। एवं विलप्य बहुशः स स्मरन् पूर्वदैहिकम् । मानुषत्वं मम कुत इति क्रोशन्
 प्रसर्पति ।।४२।। दशसप्तदिनान्येको वायुवेगेन गच्छति । अष्टादशे दिने तार्क्ष्य प्रेतः सौम्यपुरं व्रजेत्
।।४३।। तस्मिन्पुरवरे रम्ये प्रेतानाञ्च गणो महान् । पुष्पभद्रा नदी तत्र न्यग्रोधः प्रियदर्शनः ।।४४।।
पुरे तत्र स विश्रामं प्राप्यते यमकिङ्करैः । दारपुत्रादिकं सौख्यं स्मरते तत्र दुःखितः ।।४५।। धनादि

हे जीवात्मन् ! कहीं तैंले यस्तो गरेको भए उसको फल भोगेर नरकबाट पार हो ।।४०।। महीनाभरिको उपवास व्रत गरेर अथवा विस्तारपूर्वक नियमका साथ चान्द्रायण व्रत गरेर मैंले शरीरलाई सुकाइनँ । पूर्वजन्ममा गरेका दुष्कर्मले मैले धेरै प्रकारको दुःखको आश्रय यस नारी शरीरलाई पाएको छु ।।४१।। यस्ता प्रकारले त्यो जीव धेरै विलाप गरेर आफ्नू पूर्वजन्मका कर्महरूको स्मरण गर्दै तथा 'मेरो मनुष्यत्व कसरी प्राप्त होस्' यस्तो विलाप गर्दै यममार्गमा हिड्दछ ।।४२।। हे गरुड ! त्यो प्रेत सत्र दिनसम्म वायुका वेगको समान एक्लै हिंड्दछ, अठारौं दिनमा त्यो सौम्यपुर नगरमा पुग्दछ ।।४३।। त्यो रमणीय श्रेष्ठ नगरमा प्रेतहरूको ठूलो समूह छ, त्यहाँ पुष्पभद्रा नामको नदी तथा यौटा सुन्दर वरको रूखछ ।।४४।। त्यस नगरमा यमदूतहरू प्रेतलाई बसाएर थकाई मेटाउँछन् । बिसाउँदा दुःखी भएर त्यो

ग. पु. भृत्यमित्राणि सर्वं शोचति वै यदा । तदा प्रेतास्तु तत्रत्याः किङ्कराश्चेदमब्रुवन् ॥४६॥ क्व धनं क्व सुता जाया क्व सुहृत् क्व च बान्धवा । स्वकर्मोपार्जितं भोक्ता मूढ याहि चिरं पथि ॥४७॥ जानासि सम्बलबलं बलमध्वगानां नो सम्बलाय यतसे परलोकपान्थ । गन्तव्यमस्ति तव निश्चितमेव तेन मार्गे न यत्र भवति क्रयविक्रयो हि ॥४८॥ आबालख्यातमार्गोऽयं नैव मर्त्य ! श्रुतस्त्वया । पुराणसम्भवं वाक्यं किं द्विजेभ्योऽपि न श्रुतम् ॥४९॥ एवमुक्तस्ततो दूतैस्ताड्यमानश्च मुद्गरैः । निपतन्नुत्पतन् धावन् पाशैराकृष्यते बलात् ॥५०॥ अत्रदत्तं सुतैः पौत्रः स्नेहाद्वा कृपयाऽथवा । मासिकं पिण्ड- भा टी.

२० अ० ३

प्रेत स्त्री–पुत्रहरूबाट हुने सुखलाई सम्झन्छ ॥४५॥ जब त्यो प्रेत धन, नोकर तथा मित्र आदि सबको शोक गर्दछ तब त्यहाँका प्रेत र यमदूतहरू उसलाई यस्तो भन्दछन् ॥४६॥ 'अरे मूर्ख तेरा धन, पुत्र, स्त्री मित्र र बन्धु-बान्धव कहाँ छन् ? आफूले गरेका कर्महरूको फल भोग्नेवाला तँ यममार्गमा धेरै कालसम्म हिंडेर ॥४७॥ अरे परलोकको पथिक ! बटूवाहरूको बल सामल (बाटाको खाना) बल हो, यो जान्दछस्, फेरि पनि सामल (बाटामा काम लाग्ने चीज) का लागि तँ प्रयत्न गर्दैनस् त्यस यममार्गबाट तँलाई अवश्य जानु छ, जहाँ किन-बेच हुँदैन ॥४८॥ अरे प्रेत ! बालकदेखि बूढ़ासम्म सबैले यो यममार्गलाई सुनेर जानेका छन् के तैंले जानेको थिइनस् ? के तैंले ब्राह्मणहरूबाट नरक-वर्णन-सम्बन्धी पौराणिक कुरा सुनेको थिइनस् ? ॥४९॥ यसरी सबैले भनिएको तथा यमराजका दूतले लाठोले सोट्ठ्याइएको त्यो प्रेत लड्दो पड्दो, उठ्तो दौडदो छँदो पाशले कसिएर घिसारिन्छ ॥५०॥ यहाँ (सौम्यपुर नग-

मश्नाति ततः सौरिपुरं व्रजेत् ॥५१॥ तत्र नाम्नास्ति राजा वै जङ्गमः कालरूपधृक् । ...

सोट्ठ्याइएको त्यो प्रेत लड्दो पड्दो, उठ्तो दौडदो छँदो पाशले कसिएर घिसारिन्छ ॥५०॥ यहाँ (सौम्यपुर नग-

मश्नाति ततः सौरिपुरं व्रजेत् ॥५१॥ तत्र नाम्नास्ति राजा वै जङ्गमः कालरूपधृक् । तद्दृष्ट्वा भयभीतोऽसौ विश्रामे कुरुते मतिम् ॥५२॥ उदकं चान्नसंयुक्तं भुंक्ते तत्र पुरे गतः । त्रैपाक्षिके वै यद्दत्तं स तत्पुरमतिक्रमेत् ॥५३॥ ततो नगेन्द्रभवनं प्रेतो याति त्वरान्वितः । वनानि तत्र रौद्राणि दृष्ट्वा क्रन्दति दुःखितः ॥५४॥ निर्घृणैः कृष्यमाणास्तु रुदते च पुनः पुनः । मासद्वयावसाने तु तत्पुरं व्यथितो व्रजेत् ॥५५॥ भुक्त्वा पिण्डं जलं वस्त्रं दत्तं यद्बान्धवैरितः ॥ कृष्यमाणः पुनः पाशैर्नीयतेऽग्रे च किङ्करैः ॥५६॥ मासे तृतीये सम्प्राप्ते प्राप्त गन्धर्वपत्तनम् । तृतीयमासिकं पिण्डं तत्र

रमा) स्नेहले अथवा कृपाले छोरानातीले दिइएको मासिक पिण्डलाई खान्छ, त्यसको बाद सौरिपुर नगरतिर प्रस्थान गर्दछ ॥५१॥ त्यस सौरिपुरमा यमरूपधारी जङ्गम नामको राजा रहन्छ, उसलाई देखेर त्यो प्रेत भयभीत भएर बिसाउन चाहन्छ ॥५२॥ त्यस नगरमा पुगेर, त्यो प्रेत त्रैपाक्षिक श्राद्धमा छोरा-नातीहरूले दिइएका पिण्ड–पानी खाएर त्यस शहरबाट पनि प्रस्थान गर्छ ॥५३॥ त्यसका बाद त्यो प्रेत हतार-हतार नगेन्द्रभवन नगरमा पुगेर त्यहाँका डरलाग्दा बनहरूलाई देखेर दुःखी हुँदै बिलाप गर्दछ ॥५४॥ निर्दयी यमदूतहरूद्वारा घिसारिएको त्यो अविछिन्न रुँदै दोस्रो महीनाको आखिरमा बन्धुबान्धव-द्वारा दिइएको पिण्ड-पानी जल वस्त्रहरूको उपभोग गरेर व्यथित हुँदै त्यस नगरबाट हिड्छ र डोरीहरूले बाँधेर घिसारिएको त्यो फेरि यमदूतहरूद्वारा अगाडि लगिन्छ ॥५५–५६॥ अनि तेस्रो

भुक्त्वा प्रसर्पति ॥५७॥ शैलागमं चतुर्थे च मासि प्राप्नोति वै परम् । पाषाणास्तत्र वर्षन्ति प्रेतस्योपरि भूरिशः ॥५८॥ चतुर्थमासिकं पिण्डं भुक्त्वा किञ्चित्सुखी भवेत् । ततो याति पुरं प्रेतः क्रौञ्चं मासेऽथ पञ्चमे ॥५९॥ हस्तदत्तं तदा भुङ्क्ते प्रेतः क्रौञ्चपुरे स्थितः । यत्पञ्चमासिकं पिण्डं भुक्त्वा क्रूरपुरं व्रजेत ॥६०॥ सार्धकैः पञ्चभिर्मासैन्यूनषाण्मासिकं व्रजेत् । तत्र दत्तेन पिण्डेन घटेनाप्यायितः स्थितः ॥६१॥ मुहूर्तार्धं तु विश्राम्य कम्पमानः सुदुःखितः । तत्पुरं तु परित्यज्य तर्जितो यमकिङ्करैः ॥६२॥ प्रयाति चित्रभवनं विचित्रो नाम पार्थिवः । यमस्यैवानुजो भ्राता यत्र राज्यं प्रशास्ति हि ॥६३॥ तं

महीना आएपछि गन्धर्व नगरमा पुगेर उहाँ पिण्ड पानी खाएर फेरि अगाडि बढ्छ ॥५७॥ चौथो महीनामा शैलागम नगरमा पुग्दछ, यहाँ प्रेतका माथि धेरै ढुंगाको वर्षा हुन्छ ॥५८॥ त्यहाँ चौथा महीनाका पिण्डलाई खाएर क्यै सुस्ताएर सुखी भै त्यहाँबाट पाँचौं महीनामा त्यो प्रेत क्रौञ्च नगरमा पुग्दछ ॥५९॥ तब त्यहीं क्रौंचपुरमा बसेर पाँचौं महीनामा दिइएको पिण्ड-पानी खाएर त्यो प्रेत त्यहाँबाट क्रूरपुर जान्छ ॥६०॥ साढ़े पाँच महीनामा 'न्यून षाण्मासिक' श्राद्ध हुन्छ, उसमा दिइएका धड़ाका साथको पिण्डले तृप्त भएर स्थित हुन्छ ॥६१॥ आधा मुहूर्तसम्म त्यहाँ विश्राम गरेर यमदूतहरूले घस्काएपछि काम्दै दुःखी भएर त्यो शहरलाई त्यागेर 'चित्रभवन' नामको नगरतिर जान्छ। त्यस नगरका राजा यमराजका साक्खेभाई विचित्र छन उनै त्यस राज्यको प्रशासन गर्छन ॥६२-६३॥ ठलो शरीर

विलोक्य महाकायं यदा भीतः पलायते । तदा सम्मुखमागत्य कैवर्ता इमब्रुवन् ॥६४॥ वयं तं तत्-

विलोक्य महाकाव्यं यदा भीतः पलायते । तदा सम्मुख आगत्य कैवर्ता इमब्रुवन् ॥६४॥ वय त ततु-
कामाय महावैतरणी नदीम् । नावमादाय सम्प्राप्ता यदि ते पुण्यमीदृशम् ॥६५॥ दानं वितरणं प्रोक्तं
मुनिभिस्तत्त्वदर्शिभिः । इयं सा तीर्यते यस्मात्तस्माद्वैतरणी स्मृता ॥६६॥ यदि त्वया प्रदत्ता गौस्तदा
नौरुपसर्पति । नान्यथेति वचस्तेतां श्रुत्वा हा दैव भाषते ॥६७॥ तं पृष्ट्वा क्वथते सा तु तां दृष्ट्वा
सोऽतिक्रन्दते । अदत्तदानः पापात्मा तस्यामेव निमज्जति ॥६८॥ तन्मुखे कण्टकं दत्वा दूतैराकाश-
संस्थितै । बडिशेन यथा मत्स्यस्तथा पारं प्रणीयते ॥६९॥ षाण्मासिकञ्च यत्पिण्ड तत्र भुक्त्वा प्रसपते ।

भएका ती राजालाई देखेर जब त्यो प्रेत डराएर भाग्न चाहन्छ, तब वैतरणी नदी को पारि उतार्नेवाला मलाहा सामने आएर यस्तो कुरो भन्दछ ॥६४॥ महावैतरणी नदी तर्नें तिम्रो चाहनाले हामीहरू नाउ लिएर आएका छौं, यदि तिम्रो यस्तो पुण्य छ भने भन ॥६५॥ तत्वदर्शी मुनिहरूले दानको पर्याय बाँटनु भनेको छ, जुन वितरण दानको कारणले यो नदी तरिन्छ, यसैकारण यसलाई वैतरणी भनिन्छ ॥६६॥ यदि तैंले गाई-दान गरेको छस् भने तेरो नजीकै नाउ आउँछ, नत्र आउँदैन यस्तो उसको वचन सुनेर त्यो प्रेत 'हाय दैव !' भन्न लाग्छ ॥६७॥ त्यो प्रेतलाई देखेर त्यो वैतरणी नदी घट्नलाग्छ, त्यस्तै त्यो छट्किदो नदीलाई देखेर आत्तिएको त्यो प्रेत चिच्च्याउँछ, जसले गोदान गरेको छैन त्यो पापी पुरुष उसै नदीमा डुब्दछ ॥६८॥ आकाशमार्गमा रहेका यमराजका दूतहरूले त्यस प्रेतको मुखमा

मार्गे स विलपन्याति बुभुक्षापीडितो ह्यलम् ॥७०॥ सप्तमे मासि सम्प्राप्ते पुरं बह्वापदं व्रजेत्। तत्र भुङ्क्ते प्रदत्तं यत्सप्तमे मासि पुत्रकैः ॥७१॥ तत्पुरं तु व्यतिक्रम्य दुःखदं पुरभृच्छति। महद्दुःखमवाप्नोति खे गच्छन् खेचरेश्वर ॥७२॥ मास्यष्टमे प्रदत्तं यत्पिंडं भुक्त्वा प्रसर्पति। नवमे मासि सम्पूर्णे नानाक्रन्दपुरं व्रजेत् ॥७३॥ नानाक्रन्दगणान् दृष्ट्वा क्रन्दमानान्सुदारुणान्। स्वयं च शून्यहृदयः समाक्रन्दति दुखितः ॥७४॥ विहाय तत्पुरं प्रेतस्तर्जितो यमकिंरैः। सुतप्त भवनं गच्छेद्दशमे मासि कृच्छ्रतः

अंकुशे गाड़ेर बन्शीले मुखमा फसाएर माछालाई पाखामा पछारे झैं पारि पुऱ्याउँछन् ॥६९॥ नदी पार गरेपछि पारि थेच्चिएर छैटौं महीनामा दिएको पिण्ड-पानी खाएर फेरि अगाडि बढ्छ। बाटामा जाँदा खेरि त्यो प्रेत असाध्ये भोकले पीड़ित भएर बिलाप गर्दै दौड़न्छ ॥७०॥ सातवाँ महीना लागेपछि 'बह्वापद' नामको नरकमा पुग्दछ तथा त्यहाँ सातौं महीनामा छोरा-नातीले दिइएको पिण्ड-पानी खान्छ ॥७१॥ हे पक्षिराज गरुड ! त्यो पुरटपेपछि त्यो प्रेत तब 'दुःखद' नामको नगरमा पुग्दछ त्यो 'दुःखद' 'नामको पुरमा आकाश मार्गले जाँदा अत्यन्तै दुःख पाउँछ ॥७२॥ त्यहाँ पुगेपछि आठवाँ महीनामा छोरा-नातीले दिइएको पिण्ड-पानी खाएर अगाडि बढ्छ, नवौं महीना सकिएपछि 'नानाक्रन्द' पुरमा पुग्दछ ॥७३॥ बिलाप गरिरहेका भयानक 'नानाक्रन्द' पुरका गणहरूलाई देखेर हृदयहीन त्यो प्रेत दुःखी भएर आफू पनि विलाप गर्न लाग्छ ॥७४॥ अनि यमदूतहरूले डाँटिएको प्रेत त्यो पुरलाई छोडेर दशौं महीना-

॥७५॥ पिण्डदानं जलं तत्र भुक्त्वापि न सुखी भवेत्। मासि चैकादशे पूर्णे पुरं रौद्रं स गच्छति ॥७६॥

दुःखी भएर आफू पनि विलाप गर्न लाग्छ ।।७४।। अनि यमदूतहरूले डाँटिएको प्रेत त्यो पुरलाई छोडेर दशौं महीना-

।।७५।। पिण्डदानं जलं तत्र भुक्त्वापि न सुखी भवेत् । मासि चैकादशे पूर्णे पुरं रौद्रं स गच्छति ।।७६।
दशैकमासिकं तत्र भुङ्क्ते दत्तं सुतादिभिः । सार्द्धे चैकादशे मासी पयोवर्षणमृच्छति ।।७७।। मेघा यत्र
 प्रवर्षन्ति प्रेतानां दुःखदायकाः । न्यूनाब्दिकं च यच्छ्राद्धं तत्र भुङ्क्ते स दुःखितः ।।७८।। सम्पूर्णे तु
ततो वर्षे शीताढ्यं नगरं व्रजेत् । हिमाच्छतगुणं तत्र महाशीतं पतत्यपि ।।७९।। शीतार्तः क्षुधितः
 सोऽपि वीक्षते हि दिशो दशः ।। तिष्ठते बान्धवः कोऽपि यो मे दुःखं व्यपोहति ।।८०।। किंकरास्ते वद-
न्त्यत्र क्व ते पुण्यं हि तादृशम् । भुक्त्वा च वार्षिकं पिण्डं धैर्यमालम्बते पुनः ।।८१।। ततः संवत्सर-

नामा बड़ा कष्टले 'सुतप्तभवन' पुरमा पुग्दछ ।।७५।। त्यहाँ जल एवं पिण्ड खाएर पनि सुखी हुँदैन, तब एघारौं महीना पूरा भएपछि त्यो प्रेत 'रौद्रपुर' मा जान्छ ।।७६।। त्यहाँ पुगेपछि त्यो प्रेत छोरा–नातीले दिएको एघारवाँ महीनाको पिण्ड–पानी खान्छ र साढे एघारवाँ महीना (न्यूनाब्दिक) मा 'पयोवर्षण' पुरमा पुग्दछ ।।७७।। त्यस नगर-
 मा प्रेतहरूलाई कष्ट दिने पानी धेरै पर्दछ, त्यहाँ पुगेपछि न्यूनाब्दिक श्राद्धमा दिइएका पिण्ड-पानी अत्यन्त दुःखित भएर त्यो प्रेत खान्छ ।।७८।। यसका बाद एक वर्ष पूरा भएपछि 'शीताढ्य' नामको नगरमा जान्छ, उहाँ हिउँ भन्दा पनि सय गुना ज्यादा असाध्ये शीत पर्छ ।।७९।। उहाँ पुग्दा त्यो प्रेत जाडोले काम्दै भोकले व्याकुल भएर मेरो यस्तो कष्ट हटाउने कोही बान्धव छ कि भनेर चारैतिर हेर्दछ ।।८०।। तब यमदूतहरू त्यो प्रेतलाई–तेरो त्यस्तो पुण्य कहाँ छ र कसैले तेरो कष्ट दूर गर्छ भन्दछन्, त्यो सुनेर फेरि त्यो प्रेत बरखीमा दिएका पिण्ड–पानी खाएर क्यै धैर्यको

स्यान्ते प्रत्यासन्ने यमालये ।। बहुभीतिपुरे गत्वा हस्तमात्रं समुत्सृजेत् ।।८२।। अंगुष्ठमात्रो वायुश्च कर्मभोगाय खेचर । यातनादेहमासाद्य सहयाम्यैः प्रयाति च ।।८३।। और्ध्वदेहिकदानानि यैर्न दत्तानि काश्यप । एवं कष्टेन ते यान्ति गृहीत्वा दृढपन्धनैः ।।७४।। धर्मराजपुरे सन्ति चतुर्द्वाराणि खेचर । यत्रायं दक्षिणद्वारमार्गस्ते परिकीर्तितः ।।८५।। अस्मिन्पथि महाघोरे क्षुत्तृषाश्रमपीडिताः । यथा यान्ति तथा प्रोक्तं किम्भूयः श्रोतुमिच्छसि ।।८६।।

इति श्रीगरुडपुराणे सारोद्धारे यममार्गनिरूपणं नाम द्वितीयोऽध्यायः ।। २ ।।

सहारा लिन्छ ।।८१।। त्यसका बाद वर्षको आखिरमा यमलोकको नजीकै रहेको 'बहुभीति' पुरमा पुगेर एक हाथ प्रमाणको आफ्नो शरीरलाई त्यागिदिन्छ ।।८२।। र हे गरुड ! कर्महरूलाई भोग्नका लागि त्यो जीवले बूढ़ीऔंला जत्रो वायुरूप यातना देह पाएर यमदूतहरूका साथ चल्दछ ।।८३।। हे काश्यप गरुड़जी ! जसले मरेका मान्छेहरूका लागि पिण्ड–पानी आदि दान दिएको छैन, त्यस्ता पापीहरु यमदूतहरूका बलिया बन्धनमा बाँधिएर बड़ा कष्टले यमलोकमा जान्छन् ।।८४।। हे गरुड़ ! धर्मराजको नगरमा चारोटा ढोका छन् जसमध्ये दक्षिणपट्टिको द्वारको वर्णन तिमीलाई मैले सुनाएँ ।।८५।। यस महाभयानक यममार्गमा भोक प्यास तथा थकाइले पीडित प्राणी जसरी जान्छन् त्यो मैले भने अब तिमी के सुन्न चाहन्छौ ! ।।८६।।

इति श्री गरुड पुराण सारोद्धारमा यममार्ग निरूपण नामको दोस्रो अध्याय सकियो ।।२।।

अब तिमी के सुन्न चाहन्छौ ! ॥८६॥

इति श्री गरुड पुराण सारोद्धारमा यममार्ग निरूपण नामको दोस्रो अध्याय सकियो ।।२।।

अथ तृतीयोऽध्यायः

गरुड उवाच— यममार्गमतिक्रम्य गत्वा पापी यमालये । कीदृशो यातनां भुङ्क्ते तन्मे कथय

 केशव ॥१॥ श्रीभगवानुवाच-आद्यन्तम् च प्रवक्ष्यामि शृणुष्व विनतात्मक । कथ्यमानेऽपि नरके

 त्वं भविष्यसि कम्पितः ॥२॥ चत्वारिंशद्योजनानि चतुर्युक्तानि काश्यप । बहुभीतिपुरादग्रे धर्मराज-

पुरं महत् ॥३॥ हाहाकारसमायुक्तं दृष्ट्वा क्रन्दति पातकी । तत्क्रन्दितम् समाकर्ण्य यमस्य पुरचा-
रिणः ॥४॥ गत्वा च तत्र ते सर्वे प्रतीहारम् वदन्ति हि ॥ धर्मध्वजः प्रतीहारस्तत्र तिष्ठति सर्वदा ॥५॥

गरुड़जीले सोध्नुभयो—हे केशव ! पापीहरूले यममार्गलाई पार गरेर यमलोकमा पुगेपछि कस्तो यातना भोग्द-छन् ? त्यो कुरो मलाई बताईबक्सनुहोस् ॥१॥ तब भगवान्ले भन्नुभयो—हेगरुड़ ! नरकको वर्णन शुरूदेखि आखिर-सम्म बताउँछु सुन ! तर मैले भनेको वृत्तान्त सुनेर तिमी अवश्य काँप्नेछौ ॥२॥ हे गरुड़ ! बहुभीतिपुरको अगाडि चौवालीस योजन फैलिएको धर्मराजको ठूलो शहर छ ॥३॥ त्यस शहरलाई देखेर पातकी जन हाहाकार मच्चाएर विलाप गर्न लाग्छ, त्यो विलाप सुनेर यमपुरमा घुस्ने सबै दूतहरू यमपुरमा गएर सधैं ढोकामा रहने धर्मध्वज नामको द्वारपाल (ढोके) सँग भन्दछन् ॥४-५॥ त्यो धर्मध्वज गएर उसको शुभाशुभ कर्म चित्रगुप्तलाई बताउँछ, त्यसका बाद चित्रगुप्त पनि शुभ-अशुभ कर्म धर्मराजलाई बताउँछन् ॥६॥ हे गरुड़ ! जो मनुष्य नास्तिक छन्, सधैं पापकर्ममा

ग. पु. २८

स गत्वा चित्रगुप्ताय ब्रूते तस्य शुभाऽशुभम् । ततस्तम् चित्रगुप्तोऽपि धर्मराजम् निवेदयेत् ॥६॥
नास्तिका ये नरास्ताक्ष्र्य महापापरताः सदा । तांश्च सर्वान् यथायोग्यं सम्यग् जानाति धर्मराट् ॥७॥
तथापि चित्रगुप्ताय तेषां पापम् स पृच्छति । चित्रगुप्तोऽपि सर्वज्ञः श्रवणान् परिपृच्छति ॥८॥ श्रवणा भा.टी.
ब्रह्मणः पुत्राः स्वर्भूपातालचारिणः । दूरश्रवणविज्ञाना दूरदर्शनचक्षुषः ॥९॥ तेषां पत्न्यस्तथाभूताः अ०३
श्रवण्यःपृथगाह्वयाः । स्त्रीणां विचेष्टितम् सर्वं ता विजानन्ति तत्वतः ॥१०॥ नरैः प्रच्छन्नप्रत्यक्षम्
यत्प्रोक्तम् च कृतम् च यत् । सर्वमावेदयन्त्यो वै चित्रगुप्ताय ते च ताः ॥११॥ चरास्ते धर्मराजस्य

लागेका छन्, ती सबैलाई धर्मराज राम्रोसँग जान्छन् ॥७॥ तैपनि उनी चित्रगुप्तसंग उसको पापकर्म सोद्धछन् । चित्रगुप्त पनि सर्वज्ञ छन् तैपनि उनी श्रवणहरूसँग सोद्धछन् ॥८॥ स्वर्ग, भूमि तथा पातालमा घुमिर्हिड्ने श्रवणहरू ब्रह्माका पुत्र हुन्, तिनीहरू धेरै टाढ़ा टाढ़ाको कुरो पनि सुन्दछन् र टाढा टाढासम्म देखतछन् पनि ॥१॥ भिन्न-भिन्न नाउँ भएका तिनका पत्नी श्रवणीहरू पनि उस्तै गुणले युक्तछन् । श्रवणीहरूको सब कुरो यथार्थरूपले या प्रष्ट रूपले जो कुछ भन्दछन् वा गर्दछन् ती सब कुरा श्रवणी र श्रवणहरू चित्रगुप्तलाई बताइदिन्छन् ॥११। ती धर्मराज का गुप्तचर हुन् मानिसले मन, बचन तथा शरीरले गरिएका शुभ-अशुभ सबै कर्म राम्रोसँग जान्दछन् ।।१२। मनुष्य

का गुप्तचर हुन् मानिसले मन, बचन तथा शरीरले गरिएका शुभ-अशुभ सबै कर्म राम्रोसँग जान्दछन् ।।१२।। मनुष्य

मनुष्याणां शुभाशुभम् । मनोवाक्कायजम् कर्म सर्व जानन्ति तत्वतः ।।१२।। एवं तेषां शक्तिरस्ति मर्त्यामर्त्याधिकारिणाम् । कथयन्ति नृणां कर्म श्रवणाः सत्यवादिनः ।।१३।। व्रतैर्दानैश्च सत्योक्त्या यस्तोषयति तान्नरः । भवन्ति तस्य ते सौम्याः स्वर्गमोक्षप्रदायिनः ।।१४।। पापिनां पापकर्माणि ज्ञात्वा ते सत्यवादिनः । धर्मराजपुरः प्रोक्त्वा जायन्ते दुःखदायिनः ।।१५।। आदित्यचन्द्रावनिलोऽनलश्च द्यौर्भूमिरापो हृदयम् यमश्च । अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम् ।।१६।। धर्मराजश्चित्रगुप्तः श्रवण भास्करादयः । कायस्थं तत्र पश्यन्ति पापम् पुण्यम् च सर्वशः ।।१७।। एवं सुनिश्चयम् कृत्वा पापिनां पातकम् यमः । आहूय तान्निजं रूपम् दर्शयत्यतिभीषणम् ।।१८।। पापिष्ठास्ते

यथार्थ भनिदिन्छन् ।।१३।। जो मानिस व्रत दान तथा सत्य वचनले उनलाई खुशी पार्दछ उसलाई ती श्रवणहरू शान्त भएर स्वर्ग र मोक्षलाई समेत दिनेवाला हुन्छन् ।।१४।। ती सत्यवादी श्रवण पापीहरूको पाप कर्मलाई जानेर त्यो सबै कुरो धर्मराजको सामु भनेर दुःख दिने हुन्छन् ।।१५।। सूर्य, चन्द्र, वायु, अग्नि, आकाश, पृथ्वी, जल, मन, यम, दिन, रात, दुबै, सन्ध्या तथा धर्मराज मनुष्यका सबै चरित्र जान्दछन् ।।१६।। धर्मराज, चित्रगुप्त, श्रवण तथा सूर्यादि देवता शरीरमा स्थित सबै पाप एवं पुण्यलाई देख्तछन् ।।१७।। यमराजले यस्ता प्रकारले पापीहरूका पापको हाल निश्चय गरेर उनलाई बोलाएर आपनो अत्यन्त भयंकर रूप देखाउँछन् ।।१८।। ती पापी पुरुष यमराजको भयंकर

प्रपश्यन्ति यमरूपम् भयङ्करम् । दण्डहस्तम् महाकायम् महिषोपरि संस्थितम् ॥१९॥ प्रलयाम्बुद-निर्घोषम् कज्जलाचलसन्निभ । विद्युत्प्रभायुधैर्भीम द्वात्रिंशद्भुजसंयुतम् ॥२०॥ योजनत्रयविस्तारम् वापीतुल्यविलोचनम् । दंष्ट्राकरालवदनम् रक्ताक्ष दीर्घनासिकम् ॥२१॥ मृत्युज्वरादिभिर्युक्तश्चित्रगुप्तोऽपि भीषणः । सर्वे दूताश्च गर्जन्ति यमतुल्यास्तदन्तिके ॥२२॥ तम् दृष्ट्वा भयभीतस्तु हाहेति वदते खलः । अदत्तदानः पापात्मा कम्पते क्रदन्ते पुनः ॥२३॥ ततो वदति तान्सर्वान् क्रन्दमानांश्च पापिनः । शोचन्तः स्वानि कर्माणि चित्रगुप्तो यमाज्ञया ॥२४॥ भोः भोः पापा दुराचारा अहङ्कार-

रूप देखतछन् । यमराज राँगोमाथि चढ़ेका, हातमा दण्ड लिएका तथा ठूलो शरीरवाला छन् जसको गर्जन प्रलय-कालीन मेघको समान छ एवं रूप गाजल जस्तो कालो तथा पर्वत जस्तो अग्लो देखिन्छ, जसको हात बत्तीस ओटा छन् र बिजुली चम्के जस्ता चम्कने हतियार लिइराखेका हुनाले भयानक प्रतीत हुन्छन् जो तीन योजन (बाहर कोश) मोटा छन्, आँखा जसका फराक इनार जस्ता छन्, जसका दाँत तथा मुख विकराल, आँखा राता तथा नाक लामो छ ॥१९-२१॥ चित्रगुप्त पनि मृत्यु-ज्वर आदिले युक्त भएर भयानक प्रतीत हुन्छन्, उनका नजीकमा रहने सबै दूतहरू यमराज जस्तै गर्जन्छन् ॥२२॥ तिनलाई त्यस्तो गर्जेको देखेर डराएको त्यो पापी 'हाय ! हाय !!' गर्न थाल्छ । दान कहिल्यै नदिने त्यो पापी काँप्तछ तथा चिच्याउँछ ॥२२॥ यसका बाद ती सबै कोकोहोलो मच्चाउन थालेका

गर्जन्छन् ।।२२।। तिनलाई त्यस्तो गर्जको देखेर डराएको त्यो पापी 'हाय ! हाय !!' गर्न थाल्छ ।
दान कहिल्यै नदिने त्यो पापी काँप्तछ तथा चिच्याउँछ ।।२२।। यसका बाद ती सबै कोकोहोलो मच्चाउन थालेका

प्रदूषिताः । किमर्थमर्जितम् पापम् युष्माभिरविवेकिभिः ।।२५।। कामक्रोधाद्यदुत्पन्नम् सगमेन च
पापिनाम् । तत्पापं दुःखदं मूढाः किमर्थं चरितं जना ।।२६।। कृतवन्त पुरा यूय पापान्यत्यन्तहर्षिताः ।
 तथैव यातना भोग्याः किमिदानी पराङ्मुखाः ।।२७।। कृतानि यानि पापानि युष्माभिः सुबहून्यपि ।
तानि पापानि दुःखस्य कारणं न च वञ्चना ।।२८।। मूर्खेऽपि पण्डिते वापि दरिद्रे वा श्रियान्विते ।
 सबले निर्बले वापि समवर्ती यमः स्मृतः ।।२९।। चित्रगुप्तस्येति वाक्य श्रुत्वा ते पापिनस्तदा ।
शोचन्तः स्वानि कर्माणि तूष्णीं तिष्ठन्ति निश्चलाः ।।३०।। धर्मराजोऽपि तान् दृष्ट्वा चोरवन्निश्च-

आफ्ना पाप कर्मले तड्पेका पापीहरूलाई यमराजको आज्ञाले चित्रगुप्त भन्दछन्-हे घमण्डले दूषित भएका दुराचारी पापी हो ! अविवेकी तिमीहरूले पापको कमाई किन गऱ्यौ ? अरे मूर्ख प्राणी ! पापीहरूको संगत र काम क्रोधले उत्पन्न जो पाप छन् तीनै दुःख दिनेवाला हुन्, यस्तो जानी-जानीकन पनि तिमीहरूले त्यस्तो आचरण किन गऱ्यौ ! पहिले तिमीहरूले बडो खुशी भएर जस्तो पापका आचरण गऱ्यौ, यस्तो उसबाट प्राप्त हुने यातनाहरूलाई पनि भोग, किन उसका डरले भाग्न चाहन्छौ ? तिमीहरूले जो धेरै पाप गरेका छौ, ती पाप नै दुःखको कारण हुन्, यसैले तिमीहरूलाई दुःखबाट छुटाउन सकिँदैन । मूर्ख-पण्डित, गरीब-धनी बलियो-निर्बलियो यी सबैसँग यमराज सम बात-चीत गर्दछन् यसैकारण यमराजलाई 'समवर्ती' भनिएको हो ।।२४-२९।। तब ती पापीहरू चित्रगुप्तको वचन सुनेर आफ्ना गरिएका पाप कर्मलाई सम्झेर पश्चात्ताप गर्दै मौन र निश्चल भएर रहन्छन् ।।३०।। धर्मराज पनि चोरहरू-

लस्थितान् । आज्ञापयति पापानां शास्ति चैव यथोचिताम् ॥३१॥ ततस्ते निर्दया दूतास्ताडयित्वा वदन्ति च । गच्छ पापिन् महाघोरान्नरकानतिभीषणान् ॥३२॥ यमाज्ञाकारिणो दूताः प्रचण्डचण्डकादयः । एकपाशेन तान् बध्वा नयन्ति नरकान् प्रति ॥३३॥ तत्र वृक्षो महानेको ज्वलदग्निसमप्रभः । पञ्चयोजनविस्तीर्ण एकयोजनमुच्छ्रितः ॥३४॥ तद्वृते शृङ्खलैर्बद्ध्वाऽधोमुखं ताडयन्तिते । रुदन्ति ज्वलितास्तत्र तेषां त्राता न विद्यते ॥३५॥ तस्मिन्वै शाल्मलीवृक्षे लम्बन्तेऽनेकपापिनः । क्षुत्पिपासापरिश्रान्ता यमदूतैश्च ताडिताः ॥३६॥ क्षमध्वं भोऽपराधं मे कृताञ्जलिपुटा इति । विज्ञापयन्ति तान्

लाई झैं तिनीहरूलाई जसको जस्तो पाप छ त्यसलाई त्यस्तै दण्ड दिने आज्ञा दिन्छन् ॥३१॥ त्यसका बाद यमराजका निर्दयी दूतहरू त्यसलाई पिट्दै भन्दछन्–'अरे पापी ! पार पाइ नसक्नु भयानक नरकमा हिँड् ॥३२॥ भन्दै यमराजका ती प्रचण्ड, चण्ड आदि नाम गरिएका दूतहरू यौटै डोरीले ती सबैलाई कसेर भयानक नरकतिर लैजान्छन् ।३३। त्यस नरकमा यौटा ठूलो सिमलको रूख छ, त्यस रूखको प्रभा दन्किएको आगोको जस्तो छ फेरि त्यो रूख पाँच योजन यानी बीस कोश फैलिएको तथा एक कोश अग्लो छ ॥३४॥ त्यस रूखमा त्यो पापीलाई यमराजका दूतहरूले तलतिर टाउको पारेर सिक्रीले बाँधेर झुण्ड्याउँछन् उहाँ काही रक्षक नभएका ती पापीहरू पीडाले क्वाँ-क्वाँ

तलतिर टाउको पारेर सिक्रीले बाँधेर झुण्ड्याउँछन् उहाँ काही रक्षक नभएका ती पापीहरू पीडाले क्वाँ-क्वाँ

दूतान् पापिष्ठास्ते निराश्रयाः ॥३७॥ पुनः पुनश्च ते दूतैर्हन्यन्ते लोहयष्टिभिः । मुद्गरैस्तोमरैः कुन्तैर्ग-
दाभिमु॑सलैर्भृ॑शम् ॥३८॥ ताडनाच्चैव निश्चेष्टा मूर्च्छितास्च भवन्ति ते । तथा निश्चेष्टितान् दृष्ट्वा किंक- भा.टी.
ग. पु. रास्ते वदन्ति हि ॥३९॥ भो भोः पापी दुराचाराः किमर्थं दुष्टचेष्टितम् ॥ सुलभानि न दत्तानि जला-
न्यन्नान्यपि क्वचित् ॥४०॥ ग्रासार्द्धमपि नो दत्तं न श्ववायसयोर्बलिम् । नमस्कृता नातिथयो न कृतं अ०३
३३ पितृतर्पणम् ॥४१॥ यमस्य चित्रगुप्तस्य न कृतं ध्यानमुत्तमम् ॥ न जसश्च तयोर्मन्तो न भवेद्येन
यातना ॥४२॥ नापि किञ्चित्कृतं तीर्थं पूजिता नैव देवताः । गृहाश्रमस्थितेनापि हन्तकारोऽपिनो-

झुण्डिरहेका छन् ॥३६॥ ती पापीहरू निराश्रय भएर हात जोडेर ती दूतहरूसँग प्रार्थना गर्दछन् कि हे दूतहरूको !
'हाम्रो अपराधलाई क्षमा गरिदिनोस्' ॥३७॥ यसरी प्रार्थना गरिन्दा पनि ती दूतहरू फलामको लाठो, मुद्गर,
तोमर, भाला, गदा र मुसलले खूब पिट्तछन् ॥६८॥ पिटिनाले ती पापी निश्चेष्ट तथा बेहोश हुन्छन्, त्यस्ता हल-
नचलका पापीहरूलाई यमदूत भन्दछन् ॥३९॥–अरे दुराचारी पापीहरू हो ! तिमीहरूले निन्दित काम किन गऱ्यौ ?
सजिलैसँग पाइने अन्न जल पनि कसैलाई दिएनौ, कुकुर, कागहरूलाई पनि आधा गाँससम्म दिएनौ, न पाहुनाहरूको
सत्कार गऱ्यौ, न पितृहरूलाई तर्पण दियौ, न त यमराजको, न त चित्रगुप्तको नै उत्तम ध्यान गऱ्यौ र न पाप
काटिने, नरक भोग्नु नपर्ने उनको मन्त्र जप्यौ न कोही तीर्थ घुम्यौ औ न कुनै देवताहरूको पूजा गऱ्यौ, न गृहस्था-
श्रममा बसेर पनि हन्तकार (सोह्र गाँस) उद्घृत गऱ्यौ औ न ता सन्तहरूको सेवा शुश्रूषा गऱ्यौ, यसकारण आफ्नू

दुधृतः ॥४३॥ शुश्रूषिताश्च नो सन्तो भुङ्क्ष्व पापफलं स्वयम् । यतस्त्वं धर्महीनोऽसि ततः सन्ता-
ड्यसे यथा ।४४। क्षमापराधे कुरुते भगवान्हरिरीश्वरः ॥ वयं तु सापराधानां दण्डदा हि तदाज्ञया ॥४५॥
ग. पु. एवमुक्त्वा च ते दूता निर्दयं ताडयन्ति तान् । ज्वलदङ्गारसदृशाः पतितास्ताडनादधः ॥४६॥ पतना- भा.टी.
त्तस्य पत्रैश्च गात्रच्छेदो भवेत्ततः । तानधः पतितान् श्वानो भक्षयन्ति रुदन्ति ते ॥४७॥ रुदन्तस्ते अ०३
३४ ततो दूतैर्मुखमापूर्यरेणुभिः । निबद्ध्य विविधैः पाशैर्हन्यन्ते केऽपि मुद्गरैः ॥४८॥ पापिनः केऽपि
भिद्यन्ते क्रकचैः काष्ठवद् द्विधा । क्षिप्त्वा चान्ये धरापृष्ठे कुठारैः खण्डशः कृताः ॥४९॥ अर्ध

पापको फल आफै भोग, तिमीहरू धर्मले हीन छौ, यसैले घेरै-घेरै दंड पाइरहेका छौ, सबैका स्वामी भगवान् हरि नै अपराजलाई क्षमा गर्नु हुन्छ, हामीहरू यमराजको आज्ञाले अपराधीहरूलाई दंड दिनेवाला हौं ॥४०–४५॥ यस्तो भन्दै ती दूतहरू पापहरूलाई निर्दयी भएर पिट्छन्, तब ती पापहरू दूतका पिटाइले गर्दा डढेका अँगार झैं तल झर्छन् ॥४६॥ झर्दाखेरि सीमलका पातहरूले तिनीहरूको शरीर काटिन्छ, तल झरेपछि पनि ती पापीहरूलाई कुकुर-हरूले लुच्छन् र ती विचरा पापीहरू रुन थाल्छन् ॥४७॥ त्यसका बाद ती दूतहरू रूँदै ती पापीहरूको मुखमा धूलो कोचेर अनि अनेक किसियका डोरीले टन्काएर पाप-कर्मको अनुसार कसै-कसैलाई मुद्गरले पिट्तछन् ॥४८॥ कसै कसै पापीलाई काठ चिरे झैं चिर्दछन्, कसै-कसैलाई भूईंमा पछारेर बन्चरालें टुक्रा-टुक्रा पार्दछन् ॥४९॥ कसै-कसै-लाई खाल्डोमा आधा गाडेर निधारमा वाणले रोप्मछन्, कसै-कसैलाई कोलमा हालेर ऊख पेले झैं पेल्दछन् ॥५०॥

कसै पापीलाई काठ चिरे झैं चिर्दछन्, कसै-कसैलाई भूईमा पछारेर वन्चराले टुक्रा-टुक्रा पार्दछन् ।।४६।। कसै-कसै-
लाई खाल्डोमा आधा गाडेर निधारमा वाणले रोप्मछन्, कसै-कसैलाई कोलमा हालेर ऊख पेले झैं पेल्दछन् ।।५०।।

खात्वाऽवटे केचिद् भिद्यन्ते मूर्ध्नि सायकैः । अपरे यन्त्रमध्यस्थाः पीड्यन्ते चेक्षुदण्डवत् ।।५०।। केचित् प्रज्वलमानैस्तु साङ्गारैः परितो भृशम् । उल्मुकैर्वेष्टयित्वा च ध्मायन्ते लोहपिण्डवत् ।।५१।। केचिद् घृतमये पाके तैलपाके तथा परे । प्रक्षिप्त वटवत् तस्य प्रक्षिप्यन्ते यतस्ततः ।।५२।। केचिन्मत्तगजेन्द्राणां क्षिप्यन्ते पुरतः पथि । बद्ध्वा हस्तौ च पादौ च क्रियन्ते केऽप्यधोमुखाः ।।५३।। क्षिप्यन्ते केऽपि कूपेषु पात्यन्ते केऽपि पर्वतात् । निमग्नाः कृमिकुण्डेषु तुद्यन्ते कृमिभिः परे ।।५५।। वज्रतुण्डैर्महाकाकैर्गृध्रैरामिष-गृध्नुभिः । निष्कृष्यन्ते शिरोदेशे नेत्रे वास्ये च चंचुभिः ।।५५।। ऋणं वै पार्थयन्त्यन्ये देहि देहि धन

कसै-कसैलाई दन्केका ज्वालाले युक्त अगुल्टाहरूले चारै तिरबाट झेरेर अर्थात् बलेका दाउराका बीचमा राखेर फला तताए झै तताउँछन् ।।५१।। कसैलाई भकभक पाकेको घिउमा कसैलाई छट्किरहेका तेलमा कराहीमा फुरौला पकाए झैं जथाभावी हालिदिन्छन् ।।५२।। कसै-कसैलाई उन्मत्त हात्तीहरूको अगाडि बाटामा पर्याकिदिन्छन्, कसै-कसैलाई हात-गोडा बाँधेर उधो मुख पारेर झारिदिन्छन् । ५३।। कसै-कसैलाई गहिरा इनारमा हालिदिन्छन्, औ कसै-कसैलाई पहाडका टाकुराबाट लडाइदिन्छन्, कति पापीहरू त कीरै-कीरा भएको खाल्डोमा जाकिएर कीराहरूले टोकिन्छन् ।।५४।। कति पापीहरूलाई वज्र जस्ता साह्रा चुच्चा भएका बडा-डडा काग तथा मासु खाने सिगद्धहरूले टाउकाका, आँखामा चुच्चाले ठुङ्दछन् ।।५५।। कति ठग 'मेरो ऋन तिर, मेरो धन दे, बल्ल तँलाई यमलोकमा भेट्टाएँ तैले मेरो धन पचाइस् भन्छन् ।।५६।। यसरी नर्कमा झगडा गर्ने पापीहरूको मासुका टुक्रा सँडासीले लुछेर डूतहरू साहूलाई

मम । यमलोके मया दृष्टो धनं मे भक्षितं त्वया ।।५६।। एवं विवादमानानां पापिनां नरकालये । छित्वा
संदंशकैर्दूता मासखण्डान् ददन्ति च ।।५७।। एवं सन्ताड्य तान्दूताः संकृष्य यमशासनात् । तामि-
स्रादिषु घोरेषु क्षिप्यन्ते नरकेषु च ।।५८।। नरका दुःखबहुलास्तत्र वृक्षसमीपतः । तेष्वस्ति यन्महद्-
दुःख तद्वाचामप्यगोचरम् ।।५९।। चतुरशीतिलक्षाणि नरकाः सन्ति खेचर । तेषां मध्ये घोरतमा घोरे-
यास्त्वेकविंशतिः ।।६०।। तामिस्रो लोहशंकुश्च महारौरवशाल्मली । रौरवः कुड्मलः कालसूत्रकः
पूतिमृत्तिकः ।।६१।। संघातो लोहितोदश्च सविषः सम्प्रतापनः । महानिरयकाकोलौ सञ्जीवनमहापथौ
।।६२।। अवीचिरन्धतामिस्रः कुम्भीपाकस्त च । सम्प्रतापननामैकस्तपनस्त्वेकविंशतिः ।। ६३ ।।

दिन्छन् ।।५७।। यमराजका दूतहरू यस्ता प्रकारले ती पापीहरूलाई दुःख दिएर यमराजको आज्ञाले भयानक तामिस्र आदि नरकहरूमा होलिदिन्छन् ।।५८।। ती नरकहरूमध्ये शाल्मली वृक्षको नजीकमा जो नरक छन्, ती धेरै दुःख दिनेवाला छन्, ती नरकमा जो जो महान् दुःख हुन्छ उसको वर्णन वाणीले गर्न सकिंदैन ।।५९।। हे गरुड ! नरकहरू चौरासी लाख छन्, ती मध्ये एक्काईस ओटा अत्यन्त भयानक छन् ।।६०।। ती एक्काईस नरकका नाम हुन्—तामिस्र, लोहशंकु महारौरव, शाल्मली, रौरव, कुड्मल, कालसूत्र, पूतिमृत्तिक, संघात, लोहितोद, सविष, संप्रतापन, महा-निरय, काकोल, सञ्जीवन, महापथ, अवीचि, अन्धतामिस्र, कुम्भीपाक, सम्प्रतापन र तपन ।।६१-६३।। यी सबै नरक

लोहशंकु महारौरव, शाल्मली, रौरव, कुड्मल, कालसूत्र, पूतिमृत्तिक, संघात, लोहितोद, सविष, सम्प्रतापन, महा-
निरय, काकोल, सञ्जीवन, महापथ, अवीचि, अन्धतामिस्र, कुम्भीपाक, सम्प्रतापन र तपन ॥६१-६३॥ यी सबै नरक

नानापीडामयाः सर्वे नानाभेदाः प्रकल्पिताः । नानापापविपाकाश्च किङ्करैर्घोरैरधिष्ठिता ॥६४॥ एतेषु
पतिता मूढाः पापिष्ठा धर्मवर्जिताः । तत्र भुंजन्ति कल्पान्तं तास्ता नरकः यातनाः ॥६५॥ यास्ता-
ग॰ पु. मिस्रान्धतामिस्रा रौरवाद्याश्च यातनाः । भुङ्क्ते नरो वा नारी वा मिथः संगेन निर्मिताः ॥६६॥ एवं भा.षा. अ०३
३७ कुटुम्बं विभ्राण उदरम्भर एव वा । विसृज्येहोभयं प्रेत्य भुङ्क्ते तत्फलमीदृशम् ॥६७॥ एकः प्रपद्यते
ध्वान्तं हित्वेदं स्वं कलेवरम् । कुशलेतरपाथेयो भूतद्रोहेण यद्भृतम् ॥६८॥ दैवेनासादित तस्य शमले

अनेक प्रकारका दुःख दिनेवाला हुन्, यिनका अनेक भेदको कल्पना गरिन्छ तथा यी अनेक प्रकारका पापको फल दिने-
वाला छन् र यमराजका भयंकर निर्दयी दूतहरूले बसिएका छन् ॥६४॥ यी नरकहरूमा धर्मरहित एवं मूढ पापी
मान्छेहरू जान्छन् र कल्प पर्यन्त ती यातनाहरूलाई भोग्दछन् ॥६५॥ तामिस्र, अन्धतामिस्र तथा रौरवादि नरक-
४ हरूको लागि जो तोकिएका यातनाहरू छन्, ती यातनाहरूलाई स्त्री या पुरुष निषिद्ध कालमा सम्भोग गर्नाले भोग्द-
छन् ॥६६॥ यस्ता प्रकारले (अधर्मले) कुटुम्बको भरण पोषण तथा आफ्नू पेट भर्नेवाला नै यम लोकका कुटुम्ब र
आफ्नू शरीर दुवै छोडेर गरेपछि यथा यातना भोग्दछ ॥६७॥ प्राणीहरूका साथ द्रोह गरेर जसले आफ्नू शरीरको

निस्वो पुमान् । भुङ्क्ते कुटुम्बपोषस्य हृतद्रव्य इवातुरः ॥६९॥ केवलेन ह्यधर्मेण कुटुम्बभरणोत्सुकः । याति जीवोऽन्धतामिस्रं चरमं तमसः पदम् ॥७०॥ अधस्तान्नरलोकस्य यावतीर्यातनादयः क्रमशः समनुक्रम्य पुनरत्राव्रजेच्छुचिः ॥७१॥

इति श्रीगरुडपुराणे सारोद्धारे यमयातनानिरूपणं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

पालना गर्छ, उसलाई यहीं छोडेर अमाङ्गलिक सामलका साथ एक्लै नै त्यो अत्यन्त अन्धकारयुक्त नरकमा जान्छ ॥६८॥ अधर्मले कुटुम्बको पोषण गर्नेवालालाई दैवले पुरीषमय नरकमा ठाउँ दिइराखेको छ र त्यो व्यक्ति धन सकिएको रोगीले झैं उहाँ दुःख भोग्दछ ॥६९॥ केवल अधर्मले कुटुम्ब (परिवार) को पालन-पोषण गर्नमा उत्सुक प्राणी अन्धकारको अन्तिम स्थान 'अन्धतामिस्र' नामको नर्कमा जान्छ ॥७०॥ नरलोकको तल जति यातनाहरू छन् ती क्रमैले भोगेर पवित्र भै फेरि मनुष्य लोकमा आउँछन् ॥७१॥

इति श्री गरुडपुराणको सारोधारमा यमयातना निरूपण नामक तृतीय अध्याय सकियो ॥ ३ ॥

अथ चतुर्थोऽध्यायः ॥ ४ ॥

गरुड उवाच–कैर्गच्छति महामार्गे वैतरण्यां पतन्ति कैः । कैः पापैर्नरके यान्ति तन्मे कथय केशव ॥१॥ श्रीभगवानुवाच–सदैवाकर्मनिरताः शुभकर्मपराङ्मुखाः । नरकान्नरकं यान्ति दुःखाद् दुःखं भयाद् भयम् ॥२॥ धर्मराजपुरे यान्नि त्रिभिर्द्वारैस्तु धार्मिकाः । पापास्तु दक्षिणद्वारमार्गेणैव व्रजन्ति तत् ॥३॥ अस्मिन्नेव महादुःखे मार्गे वैतरणी नदी । तत्र ये पापिनो यान्ति तानहं कथयामि ते ॥४॥ ये ब्रह्मघ्नाश्च सुरापाश्च गोघ्ना वा बालघातकाः । स्त्रीघाती गर्भपाती च ये च प्रच्छन्नपापिनः ॥५॥ ये

गरुडले सोधे––हे केशव ! कुन कस्तो पाप गर्नाले प्राणी नरकका बाटामा जान्छन् ? र कुन पाप गर्नाले वैतरणी नदीमा खस्तछन् तथा कुन पापहरूले नरकमा जान्छन् ? ॥१॥ श्रीभगवान्ले भन्नुभयो–शुभ कर्मबाट विमुख भएर जो सदैव अशुभ कर्म गर्नमा तत्पर रहन्छन्, ती यौटा नरकबाट अर्को नरक एक दुःखबाट अर्को दुःख, र एक भयबाट दोस्रो भयमा प्राप्त हुन्छन् ॥२॥ धर्माचरण गर्नेवाला पुरुष धर्मराजको नगरमा पूर्व-पश्चिम-उत्तर यी तीनै द्वारबाट जान्छन् र पापी पुरुष दक्षिणको द्वार मार्गबाट नै जान पाउँछन् ॥३॥ महादुःखदायी दक्षिणको यसै द्वारमार्गमा वैतरणी नदी आउँछ, उसमा जो पापी पुरुष जान्छन् तिनलाई म तिमीलाई बताउँछु ॥४॥ जो ब्राह्मण–वध र सुरापान गर्दछन्, गो–वध या बालक–वध र स्त्री–वध गर्दछन्, तथा जो लुकी छिपीकन पाप कर्ममा रत छन् एवं जो गुरु, देवता, स्त्री

हरन्ति गुरोर्द्रव्यं देवद्रव्यं द्विजस्य वा । स्त्रीद्रव्यहारिणो ये च बालद्रव्यहराश्च ये ॥६॥ ये ऋणं न प्रयच्छन्ति ये वै न्यासापहारकाः । विश्वासघातका ये च सविषान्नेन मारकाः ॥७॥ दोषग्राही गुण-

श्लाघी गुणवत्सु समत्सराः । नीचानुरागिणो मूढा सत्सङ्गतिपराङ्मुखाः ॥८॥ तीर्थ-सज्जन-सत्कर्म-

गुरु-देव-विनिन्दकाः । पुराण-वेद-मीमांसा-न्याय-वेदान्त-दूषकाः ॥९॥ हर्षिता दुःखितं दृष्ट्वा हर्षिते

दुःखदायकाः । दुष्टवाक्यस्य वक्तारो दुष्टचित्ताश्च ये सदा ॥१०॥ न शृण्वन्ति हितं वाक्यं शास्त्रवार्तां कदापि न । आत्मसम्भाविताः स्तब्धा मूढाः पण्डितमानिनः ॥११॥ एते चान्ये च बहवः पापिष्ठा धर्म-

र बालकको द्रव्य हरण गर्दछन्, जो ऋण लिएर दिंदैनन् र अर्काको धन खोस्तछन्, जो विश्वासघाती छन् र जो विष मिलाएको अन्न दिएर मार्दछन्, जो अर्काको दोष ग्रहण गर्छन्, गुणको प्रशंसा गर्दैनन् र गुणसँग डाह राखतछन्, जो मूढ नीच पुरुषहरूको अनुरागी छन् र सत्संगबाट विमुख छन्, जो तीर्थ, सज्जन, सत्कर्म गुरु तथा देवताको निन्दा गर्द-छन् र पुराण, वेद, मीमांसा न्याय एवं वेदान्तादि शास्त्रहरूको निन्दक छन्, जो दुःखीलाई देखेर प्रसन्न हुन्छन् र सुखीलाई देखेर दुःख दिन्छन् तथा जो कटु वचन बोल्दछन् र जसको अन्तःकरण सदा दूषित छ, जो हितकर वचन सुन्दैन र न कहिल्यै शास्त्रको बात सुन्छन्, जो जड भएर पनि आफूलाई महान् तथा मूर्ख भएर पनि आफूलाई पंडित ठान्छन्—यी र अरु पनि [illegible]

सुन्दन र न कोहिल्यै शास्त्रको बात सुन्छन्, जो जड भएर पनि आफूलाई महान् तथा मूर्ख भएर पनि आफूलाई पंडित
ठान्छन्—यी र अरु पनि पाखण्ड ...

वर्जिताः । गच्छन्ति यममार्गे हि रोदमाना दिवानिशम् ॥१२॥ यमदूतैस्ताड्यमाना यान्ति वैतरणीं प्रति । तस्या पतन्ति ये पापास्तानहं कथयामि ते ॥१३॥ मातरं येऽवमन्यन्ते पितरं गुरुमेव च । आचार्यं चापि पूज्यञ्च तस्यां मज्जन्ति ते नराः ॥१४॥ पतिव्रतां साधुशीलां कुलीनां विनयान्विताम् । स्त्रियं त्यजन्ति ये द्वेषाद्वैतरण्यां पतन्ति ते ॥१५॥ सतां गुणसहस्रेषु दोषानारोपयन्ति ये । तेष्ववज्ञां च कुर्वन्ति वैतरण्यां पतन्ति ते ॥१६॥ ब्राह्मणाय प्रतिश्रुत्य यथार्थं न ददाति यः । आहूय नास्ति यो ब्रूयात्तयोर्वासश्च सन्ततम् ॥१७॥ स्वयं दत्ताऽपहर्ता च दानं दत्त्वाऽनुतापकः । परवृत्तिहरश्चैव दाने

पिटिदै जो पापी यममार्गबाट जाँदा वैतरणी नदीमा खस्तछन् तिनको दशा अब म तिमीलाई सुनाउँछु ॥१३॥ माता-पिता, गुरु, आचार्य पूज्य जनहरूलाई जो अपमानित गर्दछन् ती पापी पुरुष त्यस वैतरणीमा डुब्दछन् ॥१४॥ रिसले जो-जन पतिव्रता, सदाचारिणी, कुलीन तथा विनयान्वित स्त्रीलाई त्याग्दछन् ती जन वैतरणीमा गिर्दछन् ॥१५॥ हजारौं गुण भए पनि सजनमा दोषारोपण र सज्जनको अपमान गर्ने वैतरणीमा पर्छन् ॥१६॥ ब्राह्मणका लागि संकल्प गरेर जो संकल्प गरेको वस्तु दिँदैन अथवा दिन बोलाएर जो 'छैन' भन्छ ती दुवै किसिमका पापीहरूको वास वैतरणीमा हुन्छ ॥१७॥ जो दान दिएर स्वयं हरण गर्दछ अथवा दान दिएर पछितो गर्छ एवं जो अर्काको जीविका हर्छ र दान-दिनेवालालाई रोक्तछ, त्यस्तो जन वैतरणीमा खस्तछ ॥१८॥ जो यज्ञको विध्वंशक छ, तथा कथा भंग

दत्ते निवारकः ।।१८।। यज्ञविध्वंसकश्चैव कथाभङ्गकरश्च यः । क्षेत्रसीमाहरश्चैव यश्च गोचरकर्षकः ।।१९।। ब्राह्मणे रसविक्रेता यदि स्याद् वृषलीपतिः । वेदोक्तयज्ञादन्यत्र स्वात्मार्थं पशुमारकः ।।२०।।
ग. पु. ब्रह्मकर्मपरिभ्रष्टो मांसभोक्ता च मद्यपः ।। उच्छृङ्खलस्वभावो यः शास्त्राध्ययनवर्जितः ।।२१।। वेदाक्षरं भा.टी.
४२ पठेच्छूद्रः कापिलं यः पयः पिबेत् । धारयेद् ब्रह्मसूत्रं च भवेद्वा ब्राह्मणीपतिः ।।२२।। राजभार्याभिलाषी अ०४
च परदारापहारकः । कन्यायां कामुकश्चैव सतीनां दूषकश्च यः ।।२३।। एते चान्ये च बहवो निषिद्धाचरणोत्सुकाः । विहितत्यागिनो मूढा वैतरण्यां पतन्ति तं ।।२४।। सर्वं मार्गमतिक्रम्य यान्ति पापा

गर्दछ, जो अर्काको खेतको सीमा (आली) लाई काट्तछ र गोचर भूमिलाई जोत्तछ त्यो वैतरणीमा खस्तछ ।।१९।। जो बाहुन दूध, दही, घिउ नून आदि बेचतछ तथा शूद्रिणीको पति भएको छ, वैदिक यज्ञको अतिरिक्त अरू कुनै स्थानमा आफ्नू आत्मतुष्टिका लागि जो पशुलाई मार्दछ त्यस्तो जन वैतरणी नदीमा खस्तछ ।।२०।। जो ब्राह्मण ब्रह्मकर्मबाट भ्रष्ट छ मासु खिच्छ र रक्सी पिउँछ तथा जसको स्वभाव निरंकुश एवं जो शास्त्रहरूको अध्ययनबाट रहित छ, त्यो वैतरणी नदीमा खस्तछ ।।२१।। जो वेद पढ्छ, कैली गाईको दूध पिउँछ, शूद्र जनै भिर्छ तथा ब्राह्मणीको पति बन्छ त्यो जन वैतरणी नदीमा खस्तछ ।।२२।। जो राजाको स्त्रीको अभिलाषा र परस्त्रीको अपहरण गर्दछ जसलाई कन्यामा काम-वासना हुन्छ तथा जो पतिव्रताहरूलाई दूषित गर्दछ, त्यो वैतरणीमा खस्तछ ।।२३।।

यमालयं । पुनर्यमाज्ञयाऽऽगत्य दूतास्तस्यां क्षिपन्ति तान् ।।२५।। ये वै धुरन्धरा सर्वधौरेयाणां खगा-

यमालयं । पुनर्यमाज्ञयाऽऽगत्य दूतास्तस्यां क्षिपन्ति तान् ॥२५॥ ये वै धुरन्धरा सर्वधौरेयाणां खगाधिप । अतस्तस्यां प्रक्षिपन्ति वैतरण्यां च पापिनः ॥२६॥ कृष्णा गौर्यदि नो दत्ता नोर्ध्वदेहक्रियाः कृताः । तस्यां भुक्त्वा महद्दुःखं यान्ति वृक्षं तटोद्भवम् ॥२७॥ कूटसाक्ष्यप्रदातारः कूटधर्मपरायणाः । छलेनार्जनसंसक्ताश्चौर्यवृत्त्या च जीविताः ॥२८॥ छेदयन्त्यति-वृक्षांश्च वनारामविभञ्जकाः ॥ व्रतं तीर्थं परित्यज्य विधवाशीलनाशकाः ॥२९॥ भर्तारं दोषयेन्नारी परं मनसि धारयेत् । इत्याद्याः शाल्मलीवृक्षे भुञ्जन्ते बहुताडनम् ॥३०॥ ताडनात् पतितान् दूताः क्षिपन्ति नरकेषु तान् । पतन्ति तेषु ये पापा-

धेरै निषिद्ध कर्महरू गर्नमा उत्सुक एवं शास्त्र विहित कर्महरूलाई त्याग्नेवाला मूढ जन वैतरणीमा पर्दछ ॥२४॥ पापी पुरुष सारा मार्ग नाघेर यमलोकमा जान्छन्, फेरि यमराजको आज्ञाले उनका नोकर आएर ती पापीलाई वैतरणीमा जाक्तछन् ॥२५॥ हे पक्षिराज गरुड ! मुख्य नरकहरूमा धुरन्धर एक्काईस नरक छन् यसकारण दूतहरू पापीहरूलाई उसै वैतरणीमा हाल्दछन् ॥२६॥ कसैले यदि काली गाईको दान गरेको छैन भने वा औध्र्वदेहिक कर्म गरेको छैन भने ती वैतरणीमा ठूलो कष्ट भोगेर त्यस नदीको तीरमा उत्पन्न सीमलको रूखको तल दुःख भोग्न जान्छन् ॥२७॥ जो झूटो साक्षी बक्दछ औ झूटो देखाउटी धर्माचरणमा प्रवृत्त हुन्छ जो छल कपटले धन कमाउनमा लागेका छन् र चोरीले जीविका चलाउँछन्, जो ठूला-ठूला रुख काट्छन् तथा लोहोसे बगैंचा नास्तछन्, जो व्रत-तीर्थलाई त्यागेर

स्तानहं कथयामि ते ।।३१।। नास्तिका भिन्नमर्यादाः कदर्या विषयात्मकाः । दाम्भिकाश्च कृतघ्नाश्च
ते वै नरकगामिनः ।।३२।। कूपानां च तडागानां वापीनां देवसद्मनाम् । प्रजागृहाणां भेत्तारस्ते वै नरक-
गामिनः ।।३३।। विसृज्याश्नन्ति ये दाराञ्छिशून् भृत्याँस्तथा गुरून् । उत्सृज्य पितृदेवेज्यां ते वै नरका-
गामिनः ।।३४।। शंकुभिः सेतुभिः काष्ठैः पाषाणैः कण्टकैस्तथा । ये मार्गमुपरुन्धन्ति ते वै नरकगामिनः
।।३५।। शिवं शिवां हरिं सूर्यं गणेशं सद्गुरुं बुधम् । न पूजयन्ति ये मन्दास्ते वै नरकगामिनः

विधवा स्त्रीको शील भंग गर्दछन्, जो स्त्री आफ्ना पतिमा दोष लगाउँछे एवं पर-पुरुषको मनमा ध्यान गर्दछे, यस्ता प्रकारका पापी सीमलका वृक्षका तल धेरै दुःख काट्तछन् ।।२८–३०।। रूखमा झुण्डचाइएका पापीहरूलाई पिट्ता-खेरि जो तल झर्दछन्, तिनलाई यमदूतहरू नरकमा जाकिदिन्छन्, जो पापी ती नरकहरूमा लाकिन्छन् उनको हाल म तिमीलाई सुनाउँछु ।।३१।। जो नास्तिक ईश्वर तथा परमात्मालाई मान्दैन र मर्यादालाई तोड्दछ, जो कंजूस छ, जसको सांसारिक विषयमा पनि प्रवृत्ति छ, जो पाखण्डी तथा कृतघ्न अर्काले गरेको उपकारलाई भुल्ने छ, त्यस्ता जन अवश्य नरकमा जान्छ ।।३२।। जो कुवा, बावली, देवमन्दिर तथा मनुष्यको घरलाई नष्ट गर्दछ, त्यो निश्चय नरकमा जान्छ ।।३३।। जो स्त्री बालक, नोकर तथा गुरुजनलाई छोडेर अनि बैश्वदेव नगरीकन भोजन गर्दछ, त्यो निश्चय नरकमा पर्दछ ।।३४।। जो कीला, बाँध, मुढा, ढुँगा तथा काँढाले बाटो रोक्दछ त्यो निश्चय नरकमा पर्दछ ।।३५।।

जान्छ ॥३३॥ जो स्त्री बालक, नोकर तथा गुरुजनलाई छोडेर अनि बैश्वदेव नगरीकन भोजन गर्दछ, त्यो निश्चय
नरकमा पर्दछ ॥३४॥ जो कीला, बाँध, मठा, ढुँगा तथा काँढाले बाटो रोक्दछ त्यो निश्चय नरकमा पर्दछ ॥३५॥

॥३६॥ आरोप्य दासी शयने विप्रो गच्छेदधोगतिम् । प्रजामुत्पाद्य शूद्रायां ब्राह्मण्यादेव हीयते ॥३७॥ न नमस्कारयोग्यो हि स कदापि द्विजोऽधमः । तं पूजयन्ति ये मूढास्ते वै नरकगामिनः ॥३८॥ ब्राह्मणानाञ्च कलहं गोयुद्धं कलहप्रियाः । न वर्जन्त्यनुमोदन्ते ते वै नरकगामिनः ॥३९॥ अनन्यशरण-स्त्रीणामृतुकालव्यतिक्रमम् । ये प्रकुर्वन्ति विद्वेषात्ते वै नरकगामिनः ॥४०॥ येपि गच्छन्ति कामान्धा नरा नारी रजस्वलाम् । पर्वस्वप्सु दिवा श्राद्धे ते वै नरकगामिनः ॥४१॥ ये शारीरं मलं वह्नौ प्रक्षि-पन्ति जलेऽपि च । आरामे पथि गोष्ठे वा ते वै नरकगामिनः ॥४२॥ शस्त्राणां ये च कर्तारः शराणां

जो मूर्ख शिव-देवी-विष्णु-सूर्य-गणेश-सद्गुरु एवं विद्वज्जनको पूजा गर्दैन त्यो निश्चय नरकमा जान्छ ॥३६॥ जो ब्राह्मण नोकर्नीलाई आफ्नो बिछौनामा सुताउँछ त्यसको अधोगति हुन्छ र शूद्रिणीबाट सन्तान उत्पन्न गरेपछि त्यो ब्राह्मणको गुण-कर्मले हीन हुन्छ ॥३७॥ त्यो अधम बाहुन कहिल्यै पनि प्रणाम गर्न योग्य हुँदैन, जो मूर्ख उसलाई पूज्दछन् ती निश्चय नरकमा जान्छन् ॥३८॥ जो कलह प्रिय मनुष्य ब्राह्मणका साथको झगडा तथा जुधेका गाई-गोरूलाई रोक्तैन उल्टै उस्काउँछ भने त्यो अवश्य नरकमा जान्छ ॥३९॥ स्त्रीहरूको रक्षक पतिलाई छोडेर अर्को कोही छैन, जो पति विद्वेषवश ऋतुकाललाई व्यतिक्रम गर्छ, त्यो नरकमा जान्छ ॥४०॥ जो कामान्ध पुरुष रजस्वला स्त्रीका साथ समा-गम गर्दछ जो पर्वहरूमा, जलमा, दिनमा तथा श्राद्धको दिनमा स्त्री-संभोग गर्दछ, त्यो निश्चय नरकगामी हुन्छ ॥४१॥

धनुषां तथा । विक्रेताश्च नरो येषां ते वै नरकगामिनः ॥४३॥ चर्मविक्रयिणे वैश्याः केशविक्रेयकाः स्त्रियः । विषविक्रयिणः सर्वे ते वै नरकगामिनः ॥४४॥ अनाथं नानुकम्पति ये सतां द्वेषकारकाः । विनाऽपराधं दण्डयन्ति ते वै नरकगामिनः ॥४५॥ आशया समनुप्राप्तान् ब्राह्मणानर्थिनो गृहे । न भोजयति पाकेऽपि ते वै नरकगामिनः ॥४७॥ नियमान् समुपादाय ये पश्चादजितेन्द्रियाः । विस्थापयन्ति तान् भूयस्ते वै नरकगामिनः ॥४८॥ अध्यात्मविद्यादातारं नैव मन्यन्ति ये गुरुम् । तथा पुराणवक्तारं ते वै नरकगामिनः ॥४९॥ मित्रद्रोहकरा ये च प्रीतिच्छेदकराश्च ये । आशाच्छेदकरा ये च ते

जो अग्नि, जल, वाटिका, बाटो तथा गोशालामा दिशा-पिसाब सिगान-खकार गर्दछ, त्यो निश्चय नरकमा जान्छन् ॥४२॥ जो खड्गादि शस्त्र एवं धनुष-वाणको निर्माता तथा उनको विक्रेता छन्, ती निश्चय नरकमा जान्छन् ॥४३॥ छाला बेच्नेवाला वैश्य, भग बेच्नेवाली स्त्रीहरू तथा विष बेच्नेजन यी सबै नरकमा जान्छन् ॥४४॥ जो अनाथमा कृपा राख्तैनन्, सज्जनहरूसँग द्वेष गर्छन् तथा बिना अपराधको नै दण्ड दिन्छन् ती निश्चय नरकमा जान्छन् ॥४५॥ भोजन तयार भैसकेपछि पनि भोजनको आशाले घरमा आएका ब्राह्मणलाई भोजन गराउँदैनन्, ती निश्चय नरकमा जान्छन् ॥४६॥ जो जीवमा विश्वास राख्तैनन् र दया गर्दैनन्, तथा जो उनीहरूमा कुटिलता बर्तन्छन्, ती निश्चय नरकमा जान्छन ॥४७॥ जो पहिले नियमहरूलाई ग्रहण गरेर पछि इन्द्रियको वशमा परेर छोडिदिन्छन्, ती निश्चय

वै नरकगामिनः ॥५०॥ विवाहं देवयात्रां च तीर्थसार्थान् विलम्पति । स वसेन्नरके घोरे तस्याल्ता-

णे नरकगामिनः ॥५०॥ विवाहं देवयात्रां च तीर्थसार्थान् विलुम्पति । स वसेन्नरके घोरे तस्यान्ना-
वर्तनं पुनः ॥५१॥ अग्नि दद्यान्महापापी गृहे ग्रामे तथा वने । स नीतो यमदूतैश्च वह्निकुण्डेषु पच्यते
॥५२॥ अग्निना दग्धगात्रोऽसौ सदा छायां प्रयाचते । नीयते च तदा दूतैरसिपत्रवनान्तरे ॥५३॥
४७ खड्गतीक्ष्णैश्च तत्पत्रैर्गात्रच्छेदो यदा भवेत् । तदोचुः शीतलच्छाये सुखनिद्रां कुरुष्व भोः ॥५४॥ अ०८
पानीयं पातुमिच्छन्वै तृषार्तो यदि याचते । पानार्थं तैलमत्युष्णं तदा दूतैः प्रदीयते ॥५५॥ पीयतां
भुज्यतां पानमन्न मूचुस्तदेति ते । पीतमात्रेण तेनैव दग्धान्त्रा निपतन्ति ते ॥५६॥ कथञ्चित्पुनरुत्थाय

नरकमा जान्छन् ॥४९॥ जो मित्रसँग द्रोह गर्छन् र प्रीति एवं आशाको बिच्छेद गर्दछन् ती निश्चय नरकमा जान्छन् ॥५०॥विवाहमा, देवदर्शन निमित्त, यात्रामा तथा तीर्थमा जाने यात्रीहरूलाई बाधा दिन्छ, त्यो जन भयंकर नरकमा निरन्तर वास गर्दछ, नरकबाट उसको फिर्ती कहिल्यै हुँदैन ॥५१॥ जो महापापी घरमा गाउँमा तथा वनमा आगो लाउँछ त्यो यमदूतद्वारा पक्रिएर अग्नि-कुण्डमा हालेर पोलिन्छ ॥५२॥ त्यस कुण्डका अग्निले शरीर जलेपछि जब त्यो छायाको माँग गर्दछ, तब यमदूतहरू उसलाई असिपत्र वनमा लैजान्छन् ॥५३॥ त्यस असिपत्र नवमा खड्गका समान तेज धारवाला पत्ताहरूले जब उसको शरीर काटिन्छ, तब उसलाई यमदूतहरू भन्दछन्–अरे पापी ! लौ, शीतल छायामा सुक्खको निद्रा ली ॥५४॥ यदि प्यासले पीडित भएर प्यूने इच्छाले पानी माग्छ भने यम-

प्रलपन्ति सुदीनवत् । विवशा उच्छ्वसन्तश्च ते वक्तुमपि नाशकन् ॥५७॥ इत्येवं बहुशस्तार्क्ष्य यातनाः पापिनां स्मृताः किमेतैर्विस्तरात्प्रोक्तैः सर्वशास्त्रेषु भाषितैः ॥५८॥ एवं वै क्लिश्यमानास्ते नरा नार्यः सहस्रशः । पच्यन्ते नरके घोरे यावदाभूतसम्प्लवम् ॥५९॥ तस्याक्षयं फलं भुक्त्वा तत्रैवोत्पद्यते पुनः । यमाज्ञया महीं प्राप्य भवन्ति स्थावरादयः ॥६०॥ वृक्ष-गुल्म-लता-वल्ली-गिरयश्च तृणानि च । स्थावरा इति विख्याता महामोहसमावृताः ॥६१॥ कीटाश्च पशवश्चैव पक्षिणश्च जलेचराः । चतुरशीतिलक्षेषु

दूतहरू उसलाई प्यूनका लागि अत्यन्त तातो तेल दिन्छन् ॥५५॥ तातो तेल दिएर ती यमदूत उसलाई भन्दछन्–पानी पी, अन्न खा । प्यूने बित्तिकै त्यो तातो तेलले उसको आन्द्रा पोल्न थाल्छ र त्यो पछारिन्छ ॥५६॥ कसै गरी फेरि उठेर दुःखीहरूले झैं प्रलाप गर्दछ एवं विवश भएर खुय्य-खुय्य गर्दछ तर बोल्न सक्तैन ॥५७॥ हे गरुड ! यस्ता प्रकारले पापीहरूलाई धेरै यातनाहरू बनाइएका छन्, यिनको वर्णन सब शास्त्रमा वचन द्वारा गरिएको छ अब म के लमलष्ठ फलाकिरहूँ ॥५८॥ यस्ता प्रकारले दुःख पाउँदै अनेक स्त्री-पुरुष प्रलयकालसम्म भयानक नरकमा पाकि-रहन्छन ॥५९॥ उस पापको अक्षय-फल भोगेर फेरि पनि नरकैमा उत्पन्न हुन्छन् तथा यमराजको आज्ञाले मृत्यु-

रहन्छन् ।।५९।। उस पापको अक्षय-फल भोगेर फेरि पनि नरकैमा उत्पन्न हुन्छन् तथा यमराजको आज्ञाले मृत्यु-

कथिता देवयोनयः ॥६२॥ एताः सर्वाः परिभ्रम्य ततो यान्ति मनुष्यताम् । मानुषेऽपि श्वपाकेषु जायन्ते नरकागताः । तत्रापि पापचिह्नैस्ते भवन्ति बहुदुःखिताः ॥६४॥ गलत्कुष्ठाश्च जन्मान्धा महारोगसमाकुलाः । भवन्त्येवं नरा नार्यः पापचिह्नोपलक्षिताः ॥६४॥

इति श्रीगरुणपुराणे सरोद्धारे नरकप्रद-पापचिह्ननिरूपणं नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

लोकमा आएर वृक्षादि स्थावर रूपमा उत्पन्न हुन्छन् ।।६०।। वृक्ष, गुल्प, लता, वल्ली, पर्वत तथा तृण यी स्थावर कहिन्छन् र यी महामोहले युक्त छन् ।।६१।। चौरासी लाख योनिहरूमा कीट पक्षी जलचर देवयोनि हुन् ।।६२।। यी सब योनिहरूमा भ्रमण गरिसकेपछि मनुष्य-योनि प्राप्त हुन्छ, मनुष्य पनि नरकबाट आएपछि चाण्डाल योनिमा उत्पन्न हुन्छन्, चाण्डाल योनिमा पनि पाप-जनित चिह्नहरूले धेरै दुःखी हुन्छन् ।।६३।। यस प्रकार स्त्री-पुरुष गलित, कुष्ट, जन्मान्ध तथा माहरोगले व्याप्त भएपछि पापजनित चिह्नहरूले उपलक्षित हुन्छन् ।।६४।।

यस प्रकार गरुडपुराणका सारोद्धारमा नरकप्रद पापचिह्न निरूपण नामक चौथो अध्याय साकयो ।। ४ ।।

*

S.L.525

गरुड उवाच—येन येन च पापेन यद्यच्चिह्नं प्रजायते । यां यां योनिं च गच्छन्ति तन्मे कथय केशव ॥ १ ॥ श्रीभगवानुवाच-यैः पापैर्यान्ति यां योनिं पापिनो नरकागताः । येन पापेन यच्चिह्नं जायते मम तच्छृणु ॥ २ ॥ ब्रह्महा क्षयरोगी स्याद् गोघ्नः स्यात् कुब्जको जडः । कन्याघातो भवेत्कुष्ठो त्रयश्चाण्डालयोनिषु ॥ ३॥ स्त्रीघातो गर्भपाती च पुलिन्दो रोगवान्भवेत् । अगम्यागमनात् षण्ढो दुश्चर्मा गुरूतल्पगः ॥ ४ ॥ मांसभोक्ताङ्गऽतिरक्ताङ्गः श्यावदन्तस्तु मद्यपः । अभक्ष्य-

गरुड़ले सोधे-हे केशव ! जुन-जुन पाप गर्नाले जो-जो जिह्न उत्पन्न हुन्छ तथा पापीहरू जुन-जुन योनिमा जान्छन्; त्यो मलाई बताइबक्सियोस् ॥१॥ श्रीभगवानले भन्नुभयो-हे गरुड़ ! नकरबाट आएका पापी जुन-जुन योनिमा जान्छन् तथा जुन पापले जो चिह्न उत्पन्न हुन्छ, त्यो म तिमीलाई बताउँछु, सुन ॥२॥ ब्राह्मणलाई मार्नेवालालाई धातु-क्षयको रोग हुन्छ, गोवध गर्नेवाला कुप्रो तथा लठेप्रो हुन्छ, कन्या मार्नेवाला कुष्ठ रोगले पीडित हुन्छ र यी तीनै प्रकारका मानिस चण्डाल-योनिमा जन्मिन्छन् ॥३॥ स्त्रीहत्या गर्नेवाला पुलिन्द (वनमा रहने म्लेच्छ) तथा गर्भपात गर्नेवाला रोगी हुन्छ, संगम गर्न अयोग्य स्त्रीहरूका साथ संगम गर्नाले नपुंसक तथा गुरुपत्नीका साथ गमन गर्नाले दुश्चर्म रोग

भक्षको लौल्याद ब्राह्मणः स्यान्महोदरः ॥ ५ ॥ अदत्त्वा मिष्ठमश्नाति स भवेद् गलगण्डवान् ।

रोगी हुन्छ, संगम गर्न अयोग्य स्त्रीहरूका साथ संगम गर्नाले नपुंसक तथा गुरुपत्नीका साथ गमन गर्नाले दुश्चर्म रोग

भक्षको लौल्याद् ब्राह्मणः स्यान्महोदरः ॥ ५ ॥ अदत्त्वा मिष्ठमश्नाति स भवेद् गलगण्डवान् । श्राद्धेऽन्नमशुचिं दत्वा श्वित्रकुष्ठो प्रजायते ॥ ६ ॥ गुरोर्गर्वेणावमानादपस्मारी भवेन्नरः निन्दको वेदशास्त्राणां पाण्डुरोगी भवेद् ध्रुवम् ॥ ७ ॥ कूटसाक्षी भवेन्मूकः काणा स्यात् पङ्क्तिभेदकः । अनष्ठः स्याद्विवाहघ्नः जन्मान्धः पुस्तकं हरेत् ॥ ८ ॥ गोब्राह्मणपदाघातात् खञ्जः पंगुश्च जायते । गद्गदोऽनृतवादी स्यात्तच्छ्रोता बधिरो भवेत् ॥ ९ ॥ गरदः स्याज्जडोन्मत्तः खल्वाटोऽग्निप्रदायकः । दुर्भगः पलकिक्रेता रोगवान् परमांसभुक् ॥ १० ॥ हीनजातौ प्रजायेत

अभक्ष्य भक्षण गर्नेवाला ब्राह्मण जलोदर रोगले पीड़ित हुन्छ ॥५॥ जो अरूलाई नदिईकन स्वयं मिठाई खान्छ त्यो गलगण्ड रोगले पीड़ित हुन्छ, श्राद्धमा अशुद्ध अन्न दिनेवालालाई चित्रकुष्ठ (सेतो कोढ़) हुन्छ ॥६॥ घमण्डले गुरुलाई अपमानित गर्नेवाला मानिस मिर्गी रोगले पीड़ित हुन्छ, वेदशास्त्रलाई निन्दा गर्नेवाला मानिसलाई निश्चय पाण्डुरोग हुन्छ ॥७॥ झूठो गवाही गर्नेवाला लाटो, पंक्ति भेद गर्नेवाला कानू, विवाहको काँट-छाँट गर्नेवाला सुँडे, तथा पुस्तक चोर्नेवाला जन्मैको अन्धो हुन्छ ॥ ८ ॥ गाई र ब्राह्मणलाई लात हान्नाले लंगडो र खोरण्डो हुन्छ, झूठो बोल्नेवाला भकभके तथा झूटो सुन्नेवाला बहिरो हुन्छ ॥ ९ ॥ विष खवाउनेवाला जड़ एवं उन्मत्त तथा आगो लगाउनेवाला खल्वाट (तालुखुइले) हुन्छ, मासु बेच्ने दुर्भंग र अर्काको मासु खाने रोगी हुन्छ ॥ १० ॥ रत्नहरू

रत्नानामपहारकः । कुनखी स्वर्णहर्ता स्याद्धातुमात्रहरोऽधनः ॥ ११ ॥ अन्नहर्ताभवेदाखुः शलभो धान्यहारकः । चातको जलहर्ता स्याद्विषहर्ता च वृश्चिकः ॥ १२ ॥ शाकं पत्रं शिखी हृत्वा गन्धाञ्छुच्छुन्दरी शुभान् । मधु दंशः पलं गृद्धो लवणं च पिपीलिका ॥ १३ ॥ ताम्बुलफल पुष्पादिहर्ता स्याद्वानरो वने । उपानत्तृणकार्पासहर्ता स्यान्मेषयोनिष ॥ १४ ॥ यश्च रौद्रोपजीवी च मार्गे सार्थान्विलुम्पति । मृगयाव्यसनी यस्तु छागः स्याद्वधिकगृहे ॥ १५ ॥ यो मृतो विषपानेन कृष्णसर्पो भवेद्गिरौ । निरंकुशस्वभावस्यात्कुञ्जरो निर्जने वने ॥१६॥ वैश्वदेवमकर्तारः सर्वभक्षाश्च ये द्विजाः ।

चोर्ने हीन जातिमा जन्म लिन्छ, तामा आदि धातुहरू चोर्नेवाला मूसो हुन्छ, धान चोर्ने पनि मूसो हुन्छ जल चोर्नेवाला चातक (काकाकुल) तथा विष हरण गर्नेवाला बिच्छी ॥१२॥ साग-पात चोर्नेवालाला मयूर, सुगन्ध चोर्नेवाला छुचुन्द्रो मह चोर्नेवाला डाँस, मासु चोर्नेवाला गिद्ध एवं नून चोर्नेवाला कमिलो हुन्छ ॥१३॥ पान-फल-फूल आदि चोर्नेवाला वनमा बाँदर हुन्छ, जुत्ता, तृण रुवो चोर्नेवाला भेडीको योनीमा जन्म लिन्छ ।।१४॥ जो हिंसा आदि उग्र कर्मले जीविका चलाउँछ, जो बाटामा यात्रीहरूलाई लुट्तछ तथा जो शिकारको व्यसनी छ त्यो वधिक (कसाई) को घरमा खसी भएर जन्मन्छ ॥१५॥ जो विष खाएर मर्छ त्यो पहाडमा कालो साँप भएर जन्मन्छ, मनमानी काम गर्नेवाला

जीविका चलाउँछ, जो बाटामा यात्रीहरूलाई लुट्तछ तथा जो शिकारको व्यसनी छ त्यो वधिक (कसाई) को घरमा
खसी भएर जन्मन्छ ।।१५।। जो विष खाएर मर्छ त्यो पहाडमा कालो साँप भएर जन्मन्छ, मनमानी काम गर्नेवाला

अपरीक्षितभोक्तारो व्याघ्राः स्युर्निर्जने वने ॥ १७ ॥ गायत्री न स्मरेद्यस्तु यो न सन्ध्यामुपासते ।
अन्तर्दुष्टो बहिः साधुः स भवेन् ब्राह्मणो बकः ॥ १८ ॥ अयाज्ययाजको विप्रः स भवेद् ग्रामशूकरः ।
खरो वै बहुयाजित्वात् काको निर्मन्त्रभोजनात् ॥ १९ ॥ पात्रे विद्यामदाता च बलीवर्दो भवेत्
द्विजः । गुरुसेवामकर्ता च शिश्यः स्याद् गोखरः पशुः २० ॥ गुरुं हुँकृत्य तुंकृत्य विप्रं निर्जित्य
वादतः । अरण्ये निर्जले देशे जायते ब्रह्मराक्षसः ॥ २१ ॥ पतिश्रुतं द्विजे दानमदत्त्वा जम्बुको
भवेत् । सतामसत्कारकरः फेत्कारोऽग्निमुखो भवेत् ॥ २२ ॥ मित्रध्रुग्गिरिगृधः स्यादुलूकः
क्रयवञ्चनात् । वर्णाश्रमपरीवादात्कपोतो जायते वने ॥ २३ ॥ आशाच्छेदकरो यस्तु स्नेहच्छेदकरस्तु

त्यो निर्जन वनमा बाघ हुन्छ ।।१७।। जो ब्राह्मण गायत्री जप्तैन, सन्ध्योपासन गर्दैन, भित्रको दुष्ट एवं बाहिर देखता साधु छ, त्यो सुँगुर हुन्छ, धेरै यज्ञ गराउनाले गधा र बिना निमन्त्रण भोजन गर्न जानाले काग हुन्छ ।।१९।। जो बाहुन पात्रलाई विद्या दिदैन, त्यो गोरु हुन्छ, गुरुको सेवा नगर्नेवाला गोरू या गधा पशु हुन्छ ।।२०।। जो गुरुलाई तँ-तँ र म-म गर्छ तथा बाहुनलाई बोलेर जित्तछ त्यो वन र जल नभएको देशमा ब्रह्मराक्षस हुन्छ ।।२१।। जो ब्राह्मण-लाई संकल्प गरेको दान दिदैन त्यो सियाल हुन्छ औ सत्पुरुषहरूको सत्कार नगर्नेवाला भान्से बाजे हुन्छ ।।२२।। मित्रसँग द्रोह गर्नेवाला पहाडमा गिद्ध, ठगेर जिउनेवाला उल्लू तथा वर्णाश्रम निन्दकचाहिं वनमा परेवा हुन्छ ।।२३।।

यः । यो द्वेषात् स्त्रीपगित्यागी चक्रवाकश्चिरं भवेत् ॥ २४ ॥ मातृपितृगुरुद्वेषी भगिनीभ्रातृवैरकृत् ।
गर्भे योनौ विनष्टः स्याद्यावद्योनिसहस्रशः ॥ २५ ॥ श्वश्रूश्वोर्गालिप्रदा नारी नित्यं कलहकारिणी ।
ग॰ पु॰ सा जलौका च यूका स्याद्भर्तारं भर्त्सते च या ॥ २६ ॥ स्वपतिं च परित्यज्य परपुंसानुवर्तिनी । भा॰
५४ वल्गुली गृहगोधा स्याद् द्विमुखी चाऽथ सर्पिणी ॥ २७ ॥ यः स्वगोत्रोपघाती च स्वगोत्रस्त्रीनि-
षेवणात् । तरक्षुः शल्लको भूत्वा ऋक्षयोनिषु जायते ॥ २८ ॥ तापसीगमनात्कामी भवेन्मरुपि- अ॰
शाचकः । अप्राप्तयौवनासङ्गाद्भवेदजगरो वने ॥ २९ ॥ गुरुदाराभिलाषी च कृकलासो भवेन्नरः ।

जो आशा र प्रीति भंग गर्छ तथा द्वेषले स्त्रीलाई त्याग्छ त्यो धेरै समयसम्म चखेवा चरो हुन्छ ॥२४॥ माता-पिता गुरु बहिनी र भाइसँग द्वेष गर्नेवाला हजार योनि नपुगुन्जेल या तुहिन्छ या जन्मदै मर्छ ॥२५॥ जो स्त्री सासू ससुरालाई गाली गर्छे र रोजै झगड़ा गर्छे त्यो जुको हुन्छे; तथा जो पतिलाई फट्कार्छे त्यो जुम्रो हुन्छे ॥२६॥ जो स्त्री आफ्नू पतिलाई छोडेर पर-पुरुषको अनुगमन गर्दछे त्यो छेपारी या माउसुली या दुइजिब्रे सर्पिणी हुन्छे ॥२७॥ जो आफ्ना गोत्रकी स्त्रीलाई भ्रष्ट गर्छ त्यो चितुता या दुंसी भएर भालूको योनिमा जन्मन्छ ॥२८॥ कुनै कामुकले तपस्विनीका साथ समागम गऱ्यो भने मरुदेशको पिशाच हुन्छ, उमेर नपुगेकी स्त्रीको साथ संगम गर्नाले वनमा अजिंगर भएर जन्मिन्छ ॥२९॥ जो लण्ठ गुरुमासँग समागम गर्न इच्छा गर्छ त्यो लोखर्के हुन्छ, रानीका साथ संगम गर्नाले ऊँट

तपस्विनीका साथ समागम गर्‍यो भने मरुदेशको पिशाच हुन्छ, उमेर नपुगेकी स्त्रीको साथ संगम गर्नाले वनमा अजिगर भएर जन्मिन्छ ।।२९।। जो लण्ठ गुरुमासँग समागम गर्न इच्छा गर्छ त्यो लोखर्के हुन्छ, रानीका साथ संगम गर्नाले ऊँट

राज्ञीं गत्वा भवेदुष्ट्रो मित्रपत्नी च गर्दभः ॥ ३० ॥ गुदगो विड्वराहः स्याद् वृषः स्याद् वृषलापतिः । महाकामी भवेद्यस्तु स्यादश्वः कामलम्पटः ॥ ३१ ॥ मृतस्यैकादशाहं तु भुञ्जानः श्वाभिजायते । लभेद्देवलको विप्रो योनिं कुक्कुटसंज्ञकाम् ॥ ३२ ॥ द्रव्यार्थं देवतापूजां यः करोति द्विजाधमः । स वै देवलको नाम हव्यकव्येषु गर्हितः ॥३३॥ महापातकजान् घोरान् नरकान् प्राप्य दारुणान् । कर्मक्षये प्रजायन्ते महापातकिनस्त्विह ॥ ३४ ॥ खरोष्ट्रमहिषीणां हि ब्रह्महा योनिमृच्छति । वृकश्वानशृगालानां सुरापा यान्ति योनिषु ॥ ३५ ॥ कृमिकीटपतङ्गत्वं स्वर्णस्तेयी समाप्नुयात् । तृणगुल्म-

र मित्रकी पत्नीलाई उपभोग गर्नाले गधा हुन्छ ।।३०।। गुदा-गमन गर्नेवाला सुँगुर, शूद्रासँग संगम गर्नेवाला गोरु हुन्छ । जो अत्यन्त कामुक व्यभिचारी छ त्यो घोड़ा हुन्छ, ।।३१।। मृतकको एकादशाहमा भोजन गर्नेवाला कुकुर हुन्छ, जो ब्राह्मण देवलक (तलब लिएर पुजारी बन्ने) छ, त्यो कुखुरीको योनिमा जन्मिन्छ ।।३१।। जो ब्राह्मण पैसाका लागि द्यौताको पूजा गर्छ त्यो 'देवकल' भनिन्छ र त्यस्तो ब्राह्मण देव-पितृ-कार्यमा निन्दित छ ।।३३।। महापातकीहरू ठूला पापले प्राप्त हुने भयंकर नरकमा पुग्छन् । फेरि कर्मको क्षय भएपछि यस संसारमा जन्मिन्छन् ।।३४।। ब्राह्मणको बध गर्नेवाला गधा ऊँट र भैंसीको योनिमा जन्मन्छ, रक्सी पिउनेवाला ब्वाँसो, कुकुर र सियालको योनिमा जन्मन्छ ।।३५।। सुन चोर्ने औंसा, कीरा-फट्यांग्रा हुन्छन्, गुरुपत्नीसँग सम्भोग गर्नेवाला क्रमैले झार पोथ्रा तथा लहरा हुन्छन्

लताल्लं च क्रमशो गुरुतल्पगः ॥ ३६ ॥ परस्य योषितं हृत्वा न्यासापहरणेन च । ब्रह्मस्वहरणा-
च्चैव जायते ब्रह्मराक्षसः ॥ ३७ ॥ ब्रह्मस्वं प्रणयाद्भुक्तं दहत्यासप्तमं कुलम् । बलात्कारेण चौर्येण
दहत्याचन्द्रतारकम् ॥ ३८ ॥ लोहचूर्णाश्मचूर्णं च विषं च जरयेन्नरः । ब्रह्मस्वं त्रिषु लोकेषु कः
पुमाञ्जरयिष्यति ॥ ३९ ॥ ब्रह्मस्वरसपुष्टानि वाहनानि बलानि च । युद्धकाले विशीर्यन्ते सैकताः
सेवतो यथा ॥ ४० ॥ देवद्रव्योपभोगेन ब्रह्मस्वहरणेन च । कुलान्यकुलतां यान्ति ब्राह्मणाति-
क्रमेण च ॥ ४१ ॥ स्वामाश्रितं परित्यज्य वेदशास्त्रपरायणम् । अन्येभ्यो दीयते दानं कथ्यतेऽयम-

॥३६॥ पराई स्त्री, घरौटी एवं ब्राह्मणको धन हरण गर्ने वाला ब्रह्मराक्षस हुन्छ ॥३७॥ प्रेमले खाएको पनि ब्राह्मणको धनले सात पीढ़ीसम्म कुललाई नाश गर्छ, यदि जबरजस्ती चोरेर खायो भने त त्यो चन्द्रमा र तारा रहुञ्जेल नरकबाट उक्सदैन ॥३८॥ मान्छेले फलामको चूर्ण तथा विषलाई पचाउन सक्छ, किन्तु ब्राह्मणको धन तीनै लोकमा कोही पचाउन सक्तैन ॥३९॥ बाह्मणको धनले पोषिएका हात्ती घोड़ा एवं सैनिक युद्धकालमा बालुवाको बाँध झैं हुन्छ ॥४०॥ देव-द्रव्यको उपभोगले ब्राह्मणका धनको अपहरण तथा उसको अतिक्रमण गर्नाले सुन्दर कुल पनि कुत्सित हुन्छ ॥४१॥ वेद-शास्त्रमा पारंगत एवं आफ्ना आश्रित विप्रलाई छोडेर अरू ब्राह्मणलाई जो दान दिइन्छ त्यो

तिक्रमः ॥ ४२ ॥ ब्राह्मणातिक्रमो नास्ति विप्रे वेदविवर्जिते । ज्वलन्तमग्निमुत्सृज्य न हि
भस्मनि हूयते ॥ ४३ ॥ अतिक्रमे कृते तार्क्ष्य भुक्त्वा च नरकान् क्रमात् । जन्मान्धः सन् दरिद्रः
स्यान्न दाता किन्तु याचकः ॥ ४४ ॥ स्वदत्तां परदात्तां वा यो हरेच्च वसुन्धराम् । षष्टिवर्षसहस्राणि
विष्ठायां जायते कृमिः ॥ ४५ ॥ स्वयमेव च यो दत्त्वा स्वयमेवापकर्षति । स पापी नरकं याति
यावदाभूतसम्प्लवम् ॥ ४६ ॥ दत्वा वृत्तिं भूमिदानं यत्नतः परिपालयेत् । न रक्षति हरेद्यस्तु स पङ्गुः
श्वाऽभिजायते ॥ ४७ ॥ विप्रस्य वृत्तिकरणे लक्षधेनुफलं भवेत् । विप्रस्य वृत्तिहरणान्मर्कटः श्वा
कपिर्भवेत् ॥ ४८ ॥ एवमादीनि चिह्नानि योनयश्च खगेश्वर । स्वकर्मविहिता लोके दृश्यन्तेऽत्र

आगोलाई छोड़ेर खरानीमा होम गरिदैन ॥४३॥ हे गरुड़ ! वेदशास्त्रको जानकार विप्रलाई अतिक्रमण गर्नाले नरकहरूको भोग गरेर जन्मान्ध भं दरिद्र हुन्छ, त्यो दाता हुन सक्तैन बरु भिखारी हुन्छ ॥४४॥ आफूले या अरूले दिइएको ब्राह्मणको भूमिलाई जो हरण गर्दछ, त्यो साठी हजार वर्षसम्म गुहूको कीरा हुन्छ ॥४५॥ जो ब्राह्मणलाई स्वयं दिएर स्वयं खोस्छ त्यो पापी प्रलयकाल पर्यन्त नरकमा स्थिर रहन्छ ॥४६॥ब्राह्मणलाई जीविका र भूमि दान दिएर उसको यत्नपूर्वक रक्षा गरोस्, जो रक्षा गर्दैन, हर्दछ त्यो लंगड़ो तथा कुकुर हुन्छ ॥४७॥ ब्राह्मणको जीविका गरिदिनाले एक गोदानको फल मिल्छ र उसको जीविका हरण गरिदिनाले, माकुरो, कुकुर बाँदर हुन्छ ॥४८॥ हे

शरीरिणाम् ॥ ४९ ॥ एवं दुष्कर्मकर्तारो भुक्त्वा निरययातनाम् । जायन्ते पापशेषेण प्रोक्तास्वेतासु योनिषु ॥ ५० ॥ ततो जन्मसहस्रेषु प्राप्य तिर्यक्छरीरताम् । दुःखानि भारवहनोद्भवादीनि लभन्ति ते ॥ ५१ ॥ पक्षिदुःखं ततो भुक्त्वा वृष्टिशीतातपोद्भवम् । मानुषं लभते पश्चात्समीभूते शुभाशुभे ॥ ५२ ॥ स्त्रीपुंसोस्तु प्रसङ्गेन भूत्वा गर्भे क्रमादसौ । गर्भादिमरणान्तं च प्राप्य दुःखं म्रियेत्पुनः ॥ ५३ ॥ समुत्पत्तिर्विनाशश्च जायते सर्वदेहिनाम् । एवं प्रवर्तितं चक्रं भूतग्रामे चतुर्विधे ॥ ५४ ॥ घटीयन्त्रं यथा मर्त्या भ्रमन्ति मम मायया । भूमौ कदाचिन्नरके कर्मपाशसमावृताः

पक्षिराज गरुड़ ! माथि बताइएका चिह्न र योनिहरू जो यस संसारमा शरीरधारीहरूको आफ्ना गरिएको कर्मले प्राप्तछन्–ती सब प्रष्ट देखिन्छन् ॥४९॥ यस्ता प्रकारले दुष्कर्म गरेकाहरूको भोग गरेर बचेको पापले कथित यी योनिहरूमा उत्पन्न हुन्छ ॥५०॥ त्यसका बाद हजारौं वर्षमा सर्पादि तिर्यक् योनिबाला शरीर पाएर ती भारी बोक्ने-बाला पशुहरूको दुःखमय योनिमा जन्म लिन्छन् ॥५१॥ त्यसका बाद वृष्टि, शीत, आतपले उत्पन्न पक्षीहरूको दुःखलाई भोगेर शुभ-अशुभ कर्महरू बराबर भएपछि, मनुष्य-शरीर प्राप्त गर्छ ॥५२॥ स्त्री पुरुषको प्रसंगले गर्भमा क्रमले यी जीव भएर, गर्भदेखि मरणसम्म दुःख भोगेर फेरि मर्दछ ॥५३॥ सबै शरीरधारीहरूको जन्म तथा मरण भइरहन्छ, चार प्रकारका अण्डज-स्वेदज-उद्भिज जरायुज यी प्राणीहरूमा यस प्रकारको चक्र चलिरहन्छ ॥५४॥ मनुष्य मेरो

जीव भएर, गर्भदेखि मरणसम्म दुःख भोगेर फेरि मर्दछ ।।५३।। सबै शरीरधारीहरूको जन्म तथा मरण भइरहन्छ, चार प्रकारका अण्डज-स्वेदज-उद्भिज जरायुज यी प्राणीहरूमा यस प्रकारको चक्र चलिरहन्छ ।।५४।। मनुष्य मेरो

॥ ५५ ॥ अदत्तदानाच्च भवेद्दरिद्रो दरिद्रभावाच्च करोति पापम् । पापप्रभावान्नरक प्रयाति पुनर्दरिद्रः पुनरेव पापो ॥ ५६ ॥ अवस्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम् । नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि ॥ ५७ ॥

इति श्रीगरुडपुराणे सारोद्धारे पापचिह्नानिरूपणं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

मायाले घटी-यंत्रको झैं कर्मको बन्धनले बाँधिएर कहिले पृथ्वीमा त कहिले नरकमा भ्रमण गरिरहन्छन् ।।५५।। दान नदिनाले दरिद्र हुन्छ, दरिद्र हुनाले पाप गर्दछ, पापको प्रभावले नरकमा जान्छ, फेरि दरिद्र हुन्छ र पापाचरण गर्न लाग्छ ।।५६।। गरिएका आफ्ना शुभ-अशुभ कर्महरूलाई अवश्यै भोग्नुपर्छ, नभोगीकन करोडौं कल्पसम्म पनि कर्मको नाश हुँदैन ।।५७।।

यस प्रकार गरुडपुराण सारोद्धारमा पाप-चिह्न-निरूपण नामक पाँचौं अध्याय समाप्त भयो ॥ ५ ॥

गरुड उवाच—कथमुत्पद्यते मातुर्जठरे नरकागतः । गर्भादिदुःखं यद्भुङ्क्ते तन्मे कथय केशव ॥ १ ॥ विष्णुरुवाच—स्त्रीपुंसोस्तु प्रसङ्गेन निरुद्धे शुक्रशोणिते । यथाऽयं जायते मर्त्यस्तथा वक्ष्याम्यहं तव ॥ २ ॥ ऋतुमध्ये हि पापानां देहोत्पत्तिः प्रजायते । इन्द्रस्य ब्रह्महत्यास्ति य.स्मत-स्मिन्दिनत्रये ॥ ३ ॥ प्रथमेऽहनि चाण्डाली द्वितीये ब्रह्मघातिनी । तृतीये रजकी प्रोक्ता नरकागतमा-तरः ॥ ४ ॥ कर्मणा दैवनेत्रेण जन्तुर्देहोपपत्तये । स्त्रियाः प्रविष्ट उदरं पुंसो रेतःकणाश्रयः ॥ ५ ॥

गरुड़ले सोधे—भगवन् ! त्यो सारा मलाई सुनाइबक्सियोस् ॥१॥ विष्णुले भन्नुभयो—स्त्री-पुरुषको संगमले रज र वीर्य रोकिएपछि जस्ता प्राणी जन्म लिन्छन्; त्यो कुरो तिमीलाई सुनाउँछु ॥२॥ जुन ऋतुको मध्यमा इन्द्रले दिएकी ब्रह्महत्या छ, उनै तीन रात्रि बीचमै पापीहरूको देह उत्पत्ति हुन्छ (इन्द्रले विस्वरूपलाई मारेर ब्रह्महत्या गरेका थिए) आफ्ना शरीरबाट उस पापलाई हटाउनका निमित्त त्यस पापलाई चार भाग गरेर पृथ्वी जल तथा स्त्रीको मासिक रजलाई दिए, यसैले स्त्रीहरु तीन दिन अशुद्ध हुन्छन् ॥३॥ पर सरेको पहिलो दिन चाण्डाली, दोस्रो दिन ब्रह्मघातिनी र तेस्रो दिन रजकी (धोबिनी तुल्य) रहन्छे । यो तीनै पापीहरूको आमा हुन्छन् । अर्थात् नरकबाट फर्केका पानी यिनै

र तेस्रो दिन रजकी (धोबिनी तुल्य) रहन्छे । यो तीनै पापीहरूको आमा हुन्छन् । अर्थात् नरकबाट फर्केका पानी यिनै

कललं त्वेकरात्रेण पंचरात्रेण बुद्बुदम् । दशाहेन तु कर्कन्धूः पेश्यण्डं वा ततः परम् ॥ ६ ॥ मासेन
तु शिरो द्वाभ्यां बाह्वङ्गाद्यङ्गविग्रहः । नखलोमास्थिचर्माणि लिङ्गच्छिद्रोद्भवास्त्रिभिः ॥ ७ ॥ चतुर्भिर्धा- भा.टी.
ग. पु. तवस्सस्थि पञ्चभिः क्षुत्तृडुद्भवः । षड्भिर्जरायुणा वीतः कुक्षौ भ्राम्यति दक्षिणे ॥ ८ ॥ मातुर्जग्धान्न- अ० ६
६१ पानाद्यै रेधद्धातुरसम्मते । शेते विण्मूत्रयोर्गर्ते स जन्तुर्जन्तुसम्भवे ॥ ९ ॥ कृमिभिः क्षतसर्वाङ्ग
सौकुमार्यात्प्रतिक्षणम् । मूर्च्छामाप्नोत्युरुक्लेशस्तत्रत्यैः क्षुधितैर्मुहुः ॥ १० ॥ कटुतीक्ष्णोष्णलवण-

वीर्यकणको द्वारा स्त्रीको उदरमा प्रवेश गर्दछ ॥५॥ उहाँ त्यो एक रातमा स्त्रीको रजमा मिलेर यौटै रूप बन्दछ; पाँच रातमा बुद्बुद रूप (पानीको फोका समान) बन्छ; दश रातमा बयरको समान क्यै साह्रो बन्छ, त्यसका बाद मांसपेशी (मांसगुत्थी) या अण्डज प्राणीहरूमा अण्डको रूपमा परिणत हुन्छ ॥६॥ एक महीनामा उसको शिर निस्कन्छ, दुई महीनामा हात पाउ आदि अङ्गहरूको विभाग बन्छ र तेस्रो महीनामा नङ रौं हाड छाला स्त्री या पुरुषको चिह्न तथा दशै द्वारका प्वाल बन्दछन् ॥७॥ चार महीनामा रस रक्त मांस बोसो अस्थि मासी (मज्जा) तथा वीर्य यी सात
६ धातुहरू पैदा हुन्छन्; पाँचौं महीनामा भोक-प्यास लाग्छ र छैटौं महीनामा जरायु (झिल्ली) ले बेरिएर दाहिने कोखामा घुम्न लाग्छ ॥८॥ त्यस बेला आमाले खाएको अन्न जल आदिले उसको रस रक्तादि सब धातुहरू पुष्ट हुन लाग्छन् र त्यो कृमि आदि जन्तुहरूको उत्पत्तिस्थान उस मलमूत्रको गर्त (खाल्टो) मा पड़िरहन्छ ॥९॥ त्यस गर्तमा

ग. पु.
६२

रूक्षाम्लादिभिरुल्वणैः । मातृभुक्तैरुपस्पृष्टः सर्वाङ्गोत्थितवेदनः । उल्वेन संवृतस्तस्मिन्नन्त्रैश्च बहिरावृतः
॥ ११ ॥ आस्ते कृत्वा शिरः कुक्षौ भुग्नपृष्ठशिरोधरः । अकल्पः स्वाङ्गचेष्टायां शकुन्त इव पञ्जरे
॥ १२ ॥ तत्र लब्धस्मृतिर्दैवात्कर्म जन्मशतोद्भवम् । स्मरन्दीर्घमनुच्छ्वासं शर्म किं नाम भा टी.
विन्दते ॥ १३ ॥ नाथमान ऋषिभीतः सप्तवध्रिः कृताञ्जलिः । स्तुवीत तं विक्लवया वाचा येनो- अ०६
दरेऽर्पितः ॥ १४ ॥ आरभ्य सप्तमान्मासाँल्लब्धबोधोऽपि वेपितः । नैकत्रास्ते सूतिवातैर्विष्ठाभूरिव
सोदरः ॥१५॥ जीव उवाच—श्रीपतिंजगदाधारमशुभक्षयकारकम् । व्रजामि शरणं विष्णुं शरणागत-

पैदा भएका, भोका कीरा, सुकुमारताको कारण, उसको सर्वाङ्ग घोच्तछन्, तब त्यो प्राणी बड़ो कष्टले प्रतिक्षण बारंबार मूर्च्छा परिरहन्छ ।।१०।। आमाले खाएका ज्यादा पीरो, चर्खिलो, तीतो नुनिलो र अमिलो आदि उग्र पदार्थहरूको स्पर्श भएपछि उसका सर्वाङ्गमा वेदना उत्पन्न हुन लाग्दछ र त्यो जीव माताको गर्भाशयमा झिल्लीले लपेटिएको तथा आन्द्राहरूले बेरिएको रहन्छ ।।११।। उसको शिर पेटतिर तथा पीठ र गर्दन गुडुल्किएर रहेका हुन्छन्, जसले पिंजरामा बन्द पक्षी झैं पराधीन भएर आफ्ना अङ्गहरूलाई संचालन गर्नमा विकल रहन्छ ।।१२।। उहाँ दैवको प्रेरणाले प्राप्त गरेर आफ्ना सैकड़ौं जन्महरूमा गरिएका कर्महरूलाई स्मरण गर्दो छँदो बेचैन रहन्छ, फेरि सुख कसरी मिल्छ ? ।।१३।। तब सात धातुमा स्थूल शरीरले बाँधिएको त्यो देहात्मदर्शी जीव अत्यन्त भयभीत भएर, कृपाको याचना गर्दो छँदो हात जोड़ेर विह्वल

वत्सलम् ॥ १६ ॥ त्वन्मयामोहितो देहे तथा पुत्रकलत्रके । अहं ममाभिमानेन गतोऽहं नाथ संसृतिम् ॥ १७ ॥ कृतं परिजनस्यार्थे मया कर्म शुभाशुभम् । एकाकी तेन दग्धोऽहं गतास्ते फल-भागिनः ॥ १८ ॥ यदि योन्याः प्रमुच्येऽहं तत्स्मरिष्ये पदं तव । तमुपायं करिष्यामि येन मुक्तिं व्रजाम्यहम् ॥ १९ ॥ विण्मूत्रकूपे पतिता दग्धोऽहं जठराग्निना । इच्छन्नितो विवसितुं कदा निर्यास्यते बहिः ॥ २० ॥ येनेदृशं मे विज्ञानं दत्तं दीनदयालुना । तमेव शरणं यामि पुनर्मे माऽस्तु संसृतिः ॥ २१ ॥ न च निर्गन्तुमिच्छामि बहिर्गर्भात्कदाचन । यत्र यातस्य मे पापकर्मणा दुर्गतिर्भवेत् ॥२२॥

ज्ञान प्राप्त हुन लागेपछि पनि काँप्तो छँदो त्यो जीव गर्भको वायुले प्रेरित भएका, गुहुका कीराझैं एकै ठाउँ, रहन्न यताउता चलिरहन्छ ॥१५॥ जीवले भन्यो–लक्ष्मीपति, जगत्को आधार, अशुभ नाशक, शरणगतवत्सल श्रीविष्णुको शरणमा छु ॥१६॥ हे नाथ ! तपाईंको मायाले मोहित भएर देह तथा स्त्री-पुरुषमा 'म र मेरा' यस अभिमानले मैले यस संसारलाई प्राप्त गरेको छु ॥१७॥ कुटुम्बका लागि मैले असल-खराब कर्म गरें, किन्तु उस कर्मले म एक्लै डढि रहेको छु र फलका भागी भए ती कुटुम्बीहरू ॥१८॥ यदि म यो योनिबाट मुक्त भएँ भने तपाईंको चरणको स्मरण गर्नेछ र त्यही साधन गर्नेछु जसबाट मुक्ति पाउन सकूँ ॥१९॥ मल मूत्रको कुवामा डुबेको म जठराग्निद्वारा डढ़िरहेको छु, यसबाट बाहिर निस्कने इच्छा गर्दछु, कैले निकालिबक्सिन्छ ॥२०॥ जुन दीनदयालुले मलाई यस्तो विशिष्ट ज्ञान दिनुभयो उनै ईश्वरको म शरण छु, जसले फेरि संसारमा मेरो जन्म नहोस् ॥२१॥ यस गर्भबाट बाहिर निस्कने इच्छा

तस्मादत्र महद्दुःखे स्थितोऽपि विगतक्लमः । उद्धरिष्यामि संसारादात्मानं ते पदाश्रयः ॥ २३ ॥ श्रीभगवानुवाच– एवं कृतमतिर्गर्भे दशमास्यः स्तुवन्नृषिः । सद्यः क्षिपत्यवाचीनः प्रसूत्यै सूतिमारुतः ॥ २४ ॥ तेनावसृष्टः सहसा कृत्वाऽवाक्शिर आतुरः । विनिष्क्रामति कृच्छ्रेण निरुच्छ्वासा हृतस्मृतिः ॥ २५ ॥ पतितो भुवि विण्मूत्र विष्ठाभूरिव चेष्टते । रोरूयति गते ज्ञाने विपरीतां गतिं गतः ॥ २६ ॥ गर्भे व्याधौ श्मशाने च पुराणे या मतिर्भवेत् । सा यदि स्थिरतां याति को न मुच्येत बन्धनात् ॥ २७ ॥ यदा गर्भाद्बहिर्याति कर्मभोगादनन्तम् । तदैव वैष्णवी माया मोहयत्येव

कहिल्यै गर्दिनँ, जहाँ गएपछि पापकर्मले मेरो दुर्गति होस् ॥२२॥ यसकारण यहाँ महान् दुःखमा रहेर पनि म ग्लानिरहित छु, तपाईको आश्रयले यस संसारबाट आफ्नू उद्धार गर्नेछु ॥२३॥ श्रीभगवान्ले भन्नुभयो–यस प्रकारले दश महीना त्यो दूरदर्शी जीव स्तुति गर्दै गर्भमा इच्छा गरिरहन्छ, फेरि गर्भको वायु प्रसवले तलतिर मुख गरेर उसलाई तत्क्षण प्रेरित गर्दछ ॥२४॥ त्यो वायुले प्रेरित भएर त्यो प्राणी जसको स्मृति नष्ट हुन्छ र त्यो श्वासरहित भएर शिर तल गरेर, तत्काल बड़ो दुःखले निस्कन्छ ॥२५॥ मलमूत्रमयी भूमिमा खस्नेबित्तिकै गुहूका कीराको झैं चेष्टा गर्न लाग्दछ र ज्ञान नष्ट भएपछि अज्ञानता प्राप्त गरेर धेरै रुन लाग्दछ ॥२६॥ गर्भमा, रोगमा, श्मशानमा र पुराणश्रवणमा जो ज्ञान हुन्छ, त्यो सदा स्थिर रहचो भने त जन्म-मरण रूपी बधन्नबाट को मुक्त हुँदैन ॥२७॥ जब त्यो प्राणी आफ्नू

पूरुषम् ॥ २८ ॥ स तदा मायया स्पृष्टो न किञ्चिद्वदतेऽवशः । शैशवादभवं दुःखं पराधीनतयाऽश्नुते
॥ २९ ॥ परच्छन्दं न विदुषा पुष्यमाणो जनेन सः । अनभिप्रेतमापन्नः प्रत्याख्यातुमुनीश्वरः ॥ ३० ॥
ग. पु. शायितोऽशुचिपर्यङ्के जन्तु स्वेदजदूषिते । नेशः कण्डूयनेऽङ्गानामासनोत्थानचेष्टने ॥ ३१ ॥ तुदन्त्या- भा.गो
६५ मत्वचं दंशा मशका मत्कुणादयः । रुदन्तं विगतज्ञानं कृमयः कृमिकं यथा ॥३२॥ इत्येवं शैशवं भुक्त्वा अ०६
दुःखं पौगण्डमेव च । ततो यौवनमासाद्य याति सम्पदमासुरीम् ॥ ३३ ॥ तदादुर्व्यसनासक्तो

कर्मभोगको पछि गर्भको बाहिर आउँछ, तब विष्णुको मायाले उसलाई मोहित गर्दछ ॥२८॥ तब त्यो मायाले मोहित भएर विवश भै केही बोल्दैन, पराधीनताको कारण शैशवादि कालिक दुःख भोग्दछ ॥२९॥ अरूको अभिप्राय नबुझ्ने प्राणी जो पालन-पोषण गर्दछ, यसले त्यो शिशु आफ्नू अभिप्रायको विपरीत भएर पनि उसको पोषणादि सेवाकार्यको विरोध गर्नमा समर्थ हुँदैन ॥३०॥ उडुस, जुम्रा आदि जीवहरूले भएको तथा मलमूत्रले अशुद्ध पलंगमा सुताइएको त्यो बालक आफ्नू अंगप्रत्यङ्ग कन्याउन या बस्न उठ्न सक्दैन ॥३१॥ डाँस, लामखुट्टे आदि ज्ञानरहित उस शिशुका मुलायम छालालाई टोकी टोकीकन त्यसरी नै व्यथित गर्दछन्, जसरी कीराले कीरालाई गर्दछन् ॥३२॥ यस्ता प्रकारले पाँच वर्ष तकको शिशु अवस्था तथा दश वर्षतकको पौगण्ड अवस्थाको दुःख भोगेर, यौवन अवस्थामा आसुरी संपत्तिलाई प्राप्त गर्दछ ॥३३॥ उस यौवनावस्थामा आसक्त, नीचाहरूको संगति गर्नमा तत्पर, शास्त्र एवं सत्पुरुषहरूको द्वेषी

नीचसङ्गपरायणः । शास्त्रसत्पुरुषाणां च द्वेष्टा स्यात्कामलम्पटः ॥ ३४ ॥ दृष्ट्वा स्त्रियं देवमायां तद्भा-
वैरजितेन्द्रियः । प्रलोभितः पतत्यन्धे तमस्यग्नौ पतङ्गवत् ॥ ३५ ॥ कुरङ्ग-मातङ्ग-पतङ्ग-भृङ्ग-मीना
हताः पञ्चभिरेव पञ्च । एक प्रमादी स कथं न हन्यते यः सेवते पञ्चभिरेव पञ्च ॥ ३६ ॥
अलब्धामीप्सितोऽज्ञानादिद्धमन्युः शुचार्पितः । सह देहेन मानेन वर्धमानेन मन्युना ॥ ३७ ॥ करोति
विग्रहं कामी कामिष्वन्ताय चात्मनः । बलाधिकैः स हन्येत गजैरन्यैर्गजो यथा ॥ ३८ ॥ एवं यो
विषयासक्त्या नरत्वमतिदुर्लभम् । वृथा नाशयते मूढस्तस्मात्पापतरो हि कः ॥ ३९ ॥ जातीशतेषु

तथा व्यभिचारी बन्छ ॥३४॥ ईश्वरको माया स्त्रीलाई देखेर उसको हाव-भावले इन्द्रियहरूलाई वशमा राखेर लोभ-युक्त भै आजन्म नरकमा आगोमा पुतली झैं खस्तछ ॥३५॥ मृग हात्ती पुतली भमरा तथा माछा–यी पाँचै भिन्न-भिन्न एक-एक विषयको लोभमा परेर मारिन्छन्, फेरि त्यो एक प्रमादी पुरुष किन नमारियोस् ? जो पाँचै इन्द्रियहरूले पाँच विषयको सेवन गर्दछ ॥३६॥ अप्राप्त वस्तुहरूको इच्छा गर्ने वालालाई जब त्यो वस्तु मिल्दैन त अज्ञानवश उसको क्रोध बढ्दछ, तब शोकले तथा देहका साथसाथै बढ़ेका अभिमान र क्रोधले युक्त कामी पुरुष आफ्नू नाशको लागि दोश्रो कामुकको साथ युद्ध गर्दछ, जसरी हात्ती अधिक बलियो अर्को हात्तीसँग लड्दछ र मारिन्छ ॥३७–३८॥ यस्ता प्रकारले जो मूढ़-जन विषयहरूको आसक्तिले अति दुर्लभ मनुष्यको जन्म व्यर्थ नाश गर्दछ, त्यो भन्दा बढ़ी अर्को पापी

दोस्रो कामुकको साथ युद्ध गर्दछ, जसरी हात्ती अधिक बलियो अर्को हात्तीसँग लड्दछ र मारिन्छ ॥३७-३८॥ यस्ता प्रकारले जो मूढ़-जन विषयहरूको आसक्तिले अति दुर्लभ मनुष्यको जन्म व्यर्थ नाश गर्दछ, त्यो भन्दा बढ़ी अर्को पापी

लभते भुवि मानुषत्वं तत्रापि दुर्लभतरं खलु भो द्विजत्वम् । यस्तन्न पालयति लालयतीन्द्रियाणि तस्यामृतं क्षरति हस्तगतं प्रमादात् ॥ ४० ॥ ततस्तां वृद्धतां प्राप्य महाव्याधिसमाकुलः । मृत्युं प्राप्य महद्दुःखं नरकं याति पूर्ववत् ॥ ४१ ॥ एवं गतागतैः कर्मपाशैर्बद्धाश्च पापिनः । कदापि न विरज्यन्ते मम मायाविमोहिताः ॥ ४२ ॥ इति ते कथिता तार्क्ष्य पापिनां नारकी गतिः । अन्त्येष्टिकर्महीनानां किं भूयः श्रोतुमिच्छसि ॥ ४३ ॥

इति श्रीगरुडपुराणे सारोद्धारे यमयातनानिरूपणं नाम षष्ठोऽध्यायः ॥ ६ ॥

अत्यन्त दुर्लभ निश्चय नै विप्रजाति छ, जो उसको पालन गर्दैन, इन्द्रियको नै लालन (प्यार) गर्दछ, उसले हस्तगत अमृतलाई मानों प्रमादले बगाइदियो ॥४०॥ उसपछि बुढ़ापा पाएर ठूला रोगले व्याकुल भएर मरी पूर्ववत् महा दुःख-दायक नरकमा जाकिन्छ ॥४१॥ यस्ता प्रकारले गमनागमनको कर्मपाशले बाँधिएका पापी पुरुष मेरो मायाले मोहित भएर, कहिल्यै पनि विरक्त हुँदैनन् ॥४२॥ हे गरुड़ ! यस प्रकार मैले तिमीलाई कर्मरहित पापीहरूको नारकीय दुर्गति बताएँ, अब फेरि तिमी के सुन्न चाहन्छौ ? ॥४३॥

यस प्रकार गरुड़पुराण सारोद्धारमा पाप-जन्मनादि दुःख निरूपण नामक छैटो अध्या सकियो ॥ ६ ॥

❀

अथ सातौं अध्यायः ।।७।।

सूत उवाच—इति श्रुत्वा तु गरुडः कम्पितोऽश्वत्थपत्रवत् । जनानामुपकारार्थं पुनः पप्रच्छ
 केशवम् ॥ १ ॥ गरुड उवाच— कृत्वा पापानि मनुजाः प्रमादाद् बुद्धितोऽपि वा । न यान्ति यातना
याम्याः केनोपायेन कथ्यताम् ॥ २ ॥ संसारार्णवमग्नानां नराणां दीनचेतसाम् । पापोपहतबुद्धीनां
 विषयोपहतात्मनाम् ॥ ३ ॥ उद्धारार्थं वद स्वामिन् पुराणार्थं विनिश्चयम् । उपायं येन मनुजाः सद्गतिं
यान्ति माधव ॥ ४ ॥ श्रीभगवानुवाच— साधु पृष्टं त्वया तार्क्ष्य मानुषाणां हिताय वै । शृणुष्वावहितो
भूत्वा सर्वं ते कथयाम्यहम् ॥ ५ ॥ दुर्गतिः कथिता पूर्वमपुत्राणां च पापिनाम् । पुत्रिणां धार्मिकाणां

सूतजीले भन्नुभयो–(हे शौनकादि ऋषिहो !) यस्तो सुनेर गरुड़ पीपलको पात झैं काँप्न लागे र उनले जनताको उपकारका लागि फेरि श्रीविष्णुसँग सोधे ।।१।। गरुड़ले सोधे––मनुष्य प्रमादले या बुद्धिले पाप गरेर कुन उपाय गर्‍यो भने यसका यातनाहरू भोग्दैन, त्यो कुरो कृपा गरेर मलाई बताइबक्सियोस् ।।२।। हे स्वामी ! संसार-सागरमा डुबेका दीन-चित्त, जसको बुद्धि पापले तथा आत्माका विषयहरूले नष्ट भएको छ, यस्ता मानिसहरूको उद्धारको लागि हे माधव ! पुराणोक्त निश्चय उपाय भन्नुहोस्, जसले मनुष्य सद्गति प्राप्त गर्न सकोस् ।।३-४।। श्रीभगवानले भन्नुभयो-हे गरुड़ ! मान्छेहरूको कल्याणको लागि तीमीले वेस प्रश्न गर्‍यौ तिमीलाई म बताउँछु, सावधान भएर सुन ।।५।। हे पक्षिराज

पुराणोक्त निश्चय उपाय भन्नुहोस्, जसले मनुष्य सद्गति प्राप्त गर्न सकोस् ।।३-४।। श्रीभगवानले भन्नुभयो-हे गरुड़ !
मान्छेहरूको कल्याणको लागि तीमीले बेस प्रश्न गऱ्यौ तिमीलाई म बताउँछु, सावधान भएर सुन ।।५।। [illegible]

तु न कदाचित्खगेश्वर ॥ ६ ॥ पुत्रजन्मनिरोधः स्याद्यदि केनापि कर्मणा । तदा कश्चिदुपायेन पुत्रो-
त्पत्तिं प्रसाधयेत् ॥ ७ ॥ हरिवंशकथां श्रुत्वा शतचण्डी—विधानतः । भक्त्या श्रीशिवमाराध्य
पुत्रमुत्पादतेत्सुधीः ॥ ८ ॥ पुन्नाम्नो नरकाद्यस्मात्पितरं त्रायते सुतः । तस्मात्पुत्र इति प्रोक्तः
स्वयमेव स्वयम्भुवा ॥९॥ एकोऽपि पुत्रो धर्मात्मा सर्वं तारयते कुलम् । पुत्रेण लोकाञ्जयति श्रुतिरेषा
सनातनी ॥१०॥ इति वेदैरपि प्रोक्तं पुत्रमाहात्म्यमुत्तमम् । तस्मात्पुत्रमुखं दृष्ट्वा मुच्यते पैतृकादृणात्
॥११॥ पौत्रस्य स्पर्शनान्मर्त्यो मुच्यते च ऋणत्रयात् । लोकानन्त्येदिवः प्राप्तिः पुत्रपौत्रप्रपौत्रकैः ॥१२॥

गरुड़ ! पहिले मैले पुत्रहीन पापीहरूको गति बताइसकेको छु, पुत्रवान् धार्मिक पुरुषहरूको दुर्गति कहिल्यै हुँदैन ।।६।। यदि कुनै खराब कर्मले पुत्र-जन्मको अवरोध भयो भने कोही पनि मनुष्य कुनै उपायले पुत्रोत्पत्ति गरोस् ।।७।। बुद्धिमान् मनुष्य हरिवंशको कथा सुनेर, शतचण्डी विधिले या भक्तिपूर्वक श्रीशिवको आराधना गरी पुत्रोत्पादन गरोस् ।।८।। जो पुत्र पुँ-नामक नरकबाट पिताको रक्षा गर्दछ, यसकारण ब्रह्माले आफैं नै यसलाई 'पुत्र' यस्तो नाम दिएका हुन ।।९।। यौटै पनि धर्मात्मा पुत्रले सारा कुललाई तारिदिन्छ, छोराद्वारा स्वर्गादि लोकलाई जित्तछ, यो अनादि कालको श्रुति हो ।।१०।। यस्ता प्रकारले वेदहरूले पनि उत्तम पुत्रको माहात्म्य बताएको छ, यसकारण पुत्रको मुख देखेर पितृ-ऋणबाट मुक्त हुन्छ ।।११।। नीतिको स्पर्श गर्नाले मनुष्य देव, पितृ तथा मनुष्य यी तीनै, ऋणबाट मुक्त हुन्छ, पुत्र-पौत्र-प्रपौत्र

ब्रह्म्योढापुत्रोन्नयति संगृहीतस्त्वधो नयेत् । एवं ज्ञात्वा खगश्रेष्ठ हीनजातिसुतांस्त्यजेत् ॥१३॥ सवर्णेभ्यः सवर्णासु ये पुत्रा औरसाः खग । त एव श्राद्धदानेन पितृणां स्वर्गहेतवः ॥१४॥ श्राद्धेन पुत्रदत्तेन स्वर्यातीति किमुच्यते । प्रेतोऽपि परदत्तेन गतः स्वर्गं मया शृणु ॥१५॥ अत्रैवोदाहरिष्येऽहमितिहासं पुरातनम् । और्ध्वदेहिकदानस्य परं माहात्म्यसूचकम् ॥१६॥ पुरा त्रेतायुगे तार्क्ष्य राजाऽऽसीद् बभ्रुबाहनः । महोदय पुरे रम्ये धर्मनिष्ठो महाबलः ॥१७॥ यज्वा दानपतिः श्रीमान्ब्रह्मण्यः साधुवत्सलः । शीलाचारगुणोपेतो दयादाक्षिण्यसंयुतः ॥१८॥ पालयामास धर्मेण प्रजाः पुत्रानिवौ-

द्वारा यमलोकादिको अतिक्रमण गरेर स्वर्ग मिल्दछ ॥१२॥ हे पक्षिश्रेष्ठ गरुड़ ! ब्राह्म-विवाह विधिले बिहे गरिएकी स्त्रीको पुत्रले स्वर्गमा लैजान्छ र बिहे नगरिएकी स्त्रीबाट जन्मिएको पुत्रले नरकमा लैजान्छ यस्तो ठानेर हीन जातिकी कन्याबाट उत्पन्न पुत्रजाई पितृ-कार्यमा त्यागिदिनू ॥१३॥ हे गरुड़ ! समान वर्णको पुत्रबाट समान वर्णकी स्त्रीमा 'औरस' पुत्र उत्पन्न हुन्छन् र तिनै मात्र श्राद्ध-दान गरेर पितृहरूलाई स्वर्ग पुऱ्याउन कारण हुन्छन् ॥१४॥ पुत्रद्वारा दिइएको श्राद्धले पिता स्वर्ग जान्छ भनी के भन्नु ! प्रेत पनि अरूले दिएको श्राद्धले स्वर्ग गएको छ, यो कथा सुन ॥१५॥ यहाँ म और्ध्वदेहिक दानको माहात्म्यसूचक एक प्राचीन श्रेष्ठ इतिहासको उदाहरण दिन्छु ॥१६॥ हे गरुड़ ! उहिले त्रेतायुगमा रमणीय महोदय पुरमा बभ्रुबाहन नामको कुनै राजा रहन्थे, धर्मात्मा, बलवान्, विधिपूर्वक दान गर्नेवाला दानपति

मे और्ध्वदैहिक दानको माहात्म्यसूचक एक प्राचीन श्रेष्ठ इतिहासको उदाहरण दिन्छु ॥१६॥ हे गरुड़ ! उहिले त्रेता-
युगमा रमणीय महोदय पुरमा बभ्रुबाहन नामको कुनै राजा रहन्थे, धर्मात्मा, बलवान्, विधिपूर्वक दान गर्नेवाला दानपति

रसान् । क्षत्रधर्मरतो नित्यम् स दण्ड्यान् दण्डयन्नृपः ॥१९॥ स कदाचिन्महाबाहुः ससैन्यो मृगयां गतः । वनं विवेश गहनं नानावृक्षसमन्वितम् ॥२०॥ नानामृक्षगणाकीर्णं नानापक्षिनिनादितम् । वन-मध्ये तदा राजा मृगं दूरादपश्यत ॥२१॥ तेन विद्धो मृगोऽतीव बाणेन सुदृढेन च । बाणमादाय तं तस्य वनेऽदर्शनमेयिवान् ॥२२॥ कक्षेण रुधिरार्द्रेण स राजानुजगाम तम् । ततो मृगप्रसङ्गेन वनम-न्यद्विवेश सः ॥२३॥ क्षुत्क्षामकण्ठो नृपतिः श्रमसन्तापमूर्च्छितः जलाशयम् समासाद्य साश्व एव व्यगाहत ॥२४॥ पपौ तदुदकं शीतं पद्मगन्धादिवासितम् । ततोऽवतीर्य सलिलाद्विश्रामो बभ्रुबाहनः

क्षत्रिय धर्ममा तत्पर रहेर, दण्डयोग्य प्रजाहरूलाई दण्ड दिँदै, औरस पुत्रलाई झैं धर्मपूर्वक प्रजाहरूको पालन गर्दथे ॥१९॥ महाबाहु ती राजा कुनै दिन सेनाका साथ शिकारका लागि घोर वनमा पसे । त्यो वन अनेक प्रकारका वृक्षहरूले युक्त, अनेक प्रकारका मृगसमूहले व्याप्त तथा पन्छीहरूको कलरवले मनोरम थियो । यस्तो वनको मध्यमा त्यस बेला राजाले टाढ़ैबाट यौटा मृगलाई देखे ॥२०-२१॥ देख्ने बित्तिकै राजाले अत्यन्त बलियो त्यस्तै तीखो बाणले मृगलाई छेडिदिए र त्यो मृग राजाको त्यो बाणलाई लिएर अदृश्य भयो ॥२२॥ रगतले भिजेको तृण-पुञ्जको संकेतले त्यो राजा उस मृगको पछि-पछि गए; त्यसका बाद मृगलाई खोज्ने प्रसँगले ती राजा अर्कै वनमा पसे ॥२३॥ प्यासले घाँटी सुकेका, थकाइले पलस्त भएका राजा मूर्छित जस्ता थिए, जलाशयमा पुगेर उनले घोडै सहित न्वाहे ॥२४॥

॥२५॥ ददर्शाग्रे च न्यग्रोधं शीतच्छायां मनोहरम् । महाविटपविस्तीर्णं पक्षिसङ्घनिनादितम् ॥२६॥
वनस्य तस्य सर्वस्य महाकेतुमिव स्थितम् । मूलं तस्य समासाद्य निषसाद महीपतिः ॥२७॥ अथ प्रेतं
ददर्शासौ क्षुतृड्भ्यां व्याकुलेन्द्रियम् । उत्कचं मलिनं कुब्जं निर्मांसं भीमदर्शनम् ॥२८॥ तं दृष्ट्वा
विकृतं घोरं विस्मितो बभ्रुवाहनः । प्रेतोऽपि दृष्ट्वा तं घोरामटवीमागतं नृपम् ॥२९॥ समुत्सुकमना
भूत्वा तस्यान्तिकमुपागतः । अब्रवीत् स तदा तार्क्ष्य प्रेतराजो नृपं वचः ॥३०॥ प्रेतभावो मया त्यक्तः

घोड़ाबाट झोर्लेर बभ्रु वाहनले कमल आदिको गन्धले सुगन्धित उस जलाशयको शीतल पानी पिएर पानीबाट बाहिर आई बिसाए ॥२५॥ तथा उनले आफ्नू सामने यौटा अति मनोहर वरको रूख देखे, जसको छाया शीतल थियो र जो ठूला-ठूला हाँगाहरूले फैलिएको र पक्षिसमूहको कलरवले युक्त थियो त्यो वरको रूख मानो उस सम्पूर्ण वनको केतुग्रह जस्तो भै खड़ा थियो, राजा यस्तो रूखको तल पुगेर त्यहीं बसे ॥२६-२७॥ त्यसका बाद उनले त्यहाँ यौटा प्रेतलाई देखे, जसका इन्द्रियहरू भोक-प्यासले व्याकुल थिए, जो देखनमा भयानक, मलिन, कुब्जो तथा मासु सुकेको थियो र उसका केश ठा-ठाड़ा थिए ॥२८॥ बभ्रुवाहन विकृत तथा भयानक उस प्रेतलाई देखेर आश्चर्य भए । प्रेत पनि भयानक त्यस वनमा आएका ती भूपाललाई देखेर उत्सुक मनले उनको नजीक आयो र हे गरुड़ ! त्यो प्रेतराज राजासँग भन्न

प्राप्तोऽस्मि परमां गतिम् । त्वत्संयोगान्महाबाहो जातो धन्यतरोऽस्म्यहम् ॥३१॥ राजोवाच— कृष्ण-
वर्णं करालास्यम् प्रेतत्वं घोरदर्शनम् । केन कर्मविपाकेन प्राप्तं तं बहु मंगलम् ॥३२॥ प्रेतत्वकारणं तात
ब्रूहि सर्वमशेषतः । कोऽसि त्वं केन दानेन प्रेतत्वं ते विनश्यति ॥३३॥ प्रेत उवाच-कथयामि नृपश्रेष्ठ
सर्वमेवादितस्तत्व । प्रेतत्वकारणम् श्रुत्वा दयां कर्तुं त्वमर्हसि ॥३४॥ वैदिश नाम नगरं सर्वसम्पत्सम-
न्वितम् । नानाजनपदाकीर्णं नानारत्नसमाकुलम् ॥३५॥ हर्म्यप्रासाद शोभाढ्यम् नानाधर्मसमन्वितम् ।
तत्राहमवसं तात देवार्चनरतः सदा ॥३६॥ वैश्यो जात्या सुदेवोऽहम् नाम्ना विदितमस्तु ते । हव्येन
तर्पिता देवाः कव्येन पितरस्तथा ॥३७॥ विविधैर्दानयोगैश्च विप्राः सन्तर्पिता मया । दीनान्धकृपणे-

छ ॥३१॥ राजाले भने—कृष्णवर्ण, विकराल मुख, भयावह आँखा भएको यस्तो ज्यादै अमङ्गलमय प्रेतत्वको कारण के
हो ? सब पूरा-पूरा भन कि तिमी को हौ ? कुन दानले तिम्रो प्रेतत्व नाश हुन्छ ? ॥३३॥ प्रेतले भन्यो—हे नृपश्रेष्ठ !
मेरो प्रेतत्वको कारण शुरूदेखि सबै तपाईंलाई बताउँछु, जुन कथा सुनेर तपाईं मेराऊपर दया गर्ने हुनुहोस् ॥ ॥३४॥
 वैदिक नामको शहर छ, जो सबै सम्पत्तिहरूले सम्पन्न तथा अनेक बस्तीहरू र रत्नहरूले युक्त धनिकहरूको घर तथा
चौताका मन्दिरहरूले सुशोभित अनेक धर्महरूले पूर्ण छ, उहाँ म देवपूजनमा तत्पर रहन्थें ॥३५-३६॥ तपाईं जान्नु-
होस् कि म जातिको वैश्य हूँ र मेरो नाम सुदेव हो । मैले हव्यले देवताहरूलाई, कव्यले पितृहरूलाई तथा विविध-
दानहरूले ब्राह्मणहरूलाई सन्तुष्ट पारें । दुःखी, अन्धा र लोभीहरूलाई अनेकपल्ट अन्न दिएँ ॥३७-३८॥ हे राजन् !

भ्यश्च दत्तमन्नमनेकधा ॥३८॥ तत्सर्वं निष्फलम् राजन्मम दैवादुपागतम् । यथा मे निष्फलं जातं सुकृतं यद्वदामि ते ॥३९॥ मम वै सन्ततिनस्ति न सुहृन्न च बान्धवः । न च मित्रं हि मे तादृग्यः कुर्यादौर्ध्वदेहिकम् ॥४०॥ यस्य न स्यान्महाराज श्राद्धम् मासिकषोडशम् । प्रेतत्वं सुस्थिरं तस्य दत्तैः श्राद्धशतैरपि ॥४१॥ त्वमौर्ध्वदेहिकं कृत्वा मामुद्धर महीपते । वर्णानां चैव सर्वेषां राजा बन्धुरिहोच्यते ॥४२॥ तन्मां तारय राजेन्द्र मणिरत्नं ददामि ते । यथा मे सद्गतिर्भूयात्प्रेतयोनिश्च गच्छति ॥४३॥ तथा कार्यं त्वया वीर मम चेदिच्छसि प्रियम् । क्षुधातृषादिभिर्दुःखैः प्रेतत्वं दुःसहम् मम ॥४४॥ स्वादु-

दैवयोगले त्यो सब मेरो गरे–गराएको निष्फल भयो, जसरी मेरो त्यो सत्कर्म निष्फल भयो, त्यो कुरो म तपाईलाई भन्दछु ॥३९॥ न मेरो कोही सन्तान छ, न कोही शुभचिन्तक छ, न कोही बन्धुबान्धव छ र न कोही त्यस्तो मित्र छ, जो मेरो और्ध्वदेहिक कर्म गरोस् ॥४०॥ हे महाराज ! जसको षोडश मासिक श्राद्ध हुँदैन, उसको अरू सयकड़ौं श्राद्ध गरे पनि प्रेतत्व छुटदैन, सुस्थिर नै रहन्छ ॥४१॥ हे पृथ्वीपति ! तपाईंले मेरो और्ध्वदेहिक कर्म गरेर मेरो उद्धार गर्नुहोस्, किनकि यस लोकमा सबै वर्णहरूको बन्धु 'राजा' भनिन्छ ॥४२॥ यसकारण हे राजेन्द्र ! मलाई तार, तपाईलाई म मणिरत्न दिन्छु जसले मेरो सद्गति होस्, तथा प्रेतयोनि छुटोस् ॥४३॥ हे राजन् ! यदि तपाई मेरो हित चाहनुहुन्छ भने त्यो काम गरिदिनुहोस्, भोक-प्यास आदि दुःखहरूबाट मेरो प्रेतत्व सहनै नसकिने भएको छ ॥४४॥

तपाईलाई म मणिरत्न दिन्छु जसले मेरो सद्गति होस्, तथा प्रेतयोनि छुटोस् ॥४३॥ हे राजन् ! यदि तपाई मेरो

दकम् फलम् चास्ति वनेऽस्मिन् शीतलम् शिवम् । न प्राप्नोमि क्षुधार्तोऽहम् तृषार्तो न जलम् क्वचित्
॥४५॥ यदि मे हि भवेद्राजन्विधिर्नारायणे महान् । तदग्रे वेदमन्त्रैश्च क्रिया सर्वौर्ध्वदेहिकीम् ॥४६॥
तदा नश्यति मे नूनं प्रेतत्वं नात्र संशयः । वेदमन्त्रास्तपो दानम् दया सर्वत्र जन्तुषु ॥४७॥
सच्छास्त्रश्रवणं विष्णोः पूजां सज्जनसङ्गतिः । प्रेतयोनिविनाशाय भवन्तीति मया श्रुतम् ॥४८॥ अतो
वक्ष्यामि ते विष्णुपूजां प्रेतत्वनाशिनीम् । सुवर्णद्वयमानीय सुवर्णं न्यायसञ्चितम् । तस्य नारायणस्यैकां
प्रतिमामुपकल्पयेत् ॥४९॥ पीतवस्त्रयुगच्छन्नां सर्वाभरणभूषिताम् । स्नापितां विविधैस्तोयैरधिवास्य

यस वनमा स्वादिष्ट सुन्दर फल तथा शीतल जल छ, फेरि पनि म भोक-प्यासले पीड़ित भएर तड्पिरहेको छु प्रेतत्वको कारण न फल खान पाउँछु, न जल पिउन पाउँछु ॥४५॥ हे राजन् ! यदि मेरा लागि महान् नारायणबलिको विधि होस् त्यसका बाद वेदका मन्त्रहरूद्वारा मेरो सबै और्ध्वदेहिक कर्म सम्पन्न गरियोस् त मेरो प्रेतत्व निश्चय नै छुटिजान्छ; यसमा संशय नै छैन । वेद-मन्त्र, तप, दान, तथा सबै प्राणीमा दया, सत् शास्त्रको श्रवण, विष्णुको पूजा र सत्पुरुषहरूको संगति यी सब प्रेतयोनिका विनाशको लागि हुन्छन्; यस्तो मैले सुनेको छु ॥४६-४८॥ यसकारण यिनमा प्रेतत्वलाई नाश गर्ने विष्णुपूजाको विधि म तपाईलाई बताउँछु । न्यायले सञ्चय गरेको बत्तीस माशा सुनको विष्णुको एक प्रतिमा बनाउनू ॥४९॥ त्यस प्रतिमालाई पहेंलो जोडा वस्त्रले ढाकिदिनू र सबै आभूषणहरूले सिंगारेर

अनि बिष्णु भगवानलाई आफ्नो सबै गहना अर्पण गरी श्रीफल लिएर मोह लज्जा छोड़ी श्मशानमा जाओस ॥३८॥ फेरि त्यहाँ सूर्यलाई प्रणाम गरी चितालाई परिक्रमा गरेर फूलको शैया झैं चितामा चढी आफ्नू काखामा पतिको शिर राखोस ॥३९॥ त्यसपछि सखीहरूलाई श्रीफल (नरिवल) दिएर आगो सल्काउने आज्ञा दिई शरीरलाई गङ्गाजी झैं ठानेर डढाओस ॥४०॥ गर्भवती स्त्रीले सती जान हुँदैन, सुत्केरी भएर बालकको पालन-पोषण गरिसकेपछि सती होओस ॥४१॥ यदि स्त्रीपतिसित सती गएर आफ्नू शरीर डढाउँछे भने अग्निले त्यसको शरीरलाई डढाउँछ, आत्मालाई पीड़ा दिँदैन ।४२। जसरी सुवर्णादि धातुको मल पोल्नाले डढेर स्वच्छ हुन्छ, त्यसै गरी सती स्त्रीले अमृतोपम अग्निमा आफ्नू पाप डढाएर खरानी पार्दछे ॥४३॥ जस्तै शपथ वा प्रतिज्ञा आदिमा धार्मिक पुरुष सच्चा र शुद्ध रहन्छ, फेरि आगोमा पोल्नाले लौह-

कर्हिचित् ॥४४॥ तथा सा पतिसंयुक्ता दह्यते न कदाचन । अन्तरात्मात्मना भर्त्रा मृतेनैकत्वमागता ॥४५॥ यावच्चाग्नौ मृते पत्यौ स्त्री नात्मानं प्रदैह्येत् । तावन्न मुच्यते सा हि स्त्रशरीरात्कदाचन ॥४६॥ तस्मात्सर्वप्रयत्नेन स्वपतिं सेवयेत्सदा । कर्मणा मनसा वाचा पत्यो जीवति तद्गता ॥४७॥ मृते भर्त्तरि या नारी समारोहेद्धुताशनम् ॥ साऽरुन्धतीसमा भूत्वा स्वर्गलोके महीयते ॥४८॥ तत्र सा भर्तृपरमा स्तूयमानाऽप्सरोगणः । रमते पतिना सार्धं यावदिन्द्राश्चतुर्दश ॥४९॥ मातृकं पैतृकं चैव यत्र सा च प्रदीयते । कुलत्रय पुनात्यत्र भर्तारं याऽनुगच्छति ॥५०॥ तिस्रः कोट्योऽर्धकोटी वा यानी रोमाणि

पिण्ड खरानी नभएर शुद्ध रहे झैं पतिको साथमा त्यो सती स्त्री डढ्दीन, मृतक पतिको आत्मासँग उसको अन्तरात्मा मिल्दछ॥४४-४५॥ पति मरेपछि स्त्री जबसम्म आफ्नू शरीरलाई डढाउन्न तबसम्म त्यो स्त्री-शरीरबाट मुक्त हुन्न॥४६॥ यस कारण पतिको जीवन कालमै मन, वचन र कर्म आदि सबै किसिमको प्रयत्नले आफ्नू पतिको सेवा गरोस र मरेपछि पतिको अनुगमन गरोस॥४७॥ पति मरेपछि जुन स्त्री सती जान्छे त्यो अरुन्धती झैं भएर स्वर्गलोकमा पूज्य हुन्छे॥४८॥ पतिलाइ सबैभन्दा ठूलो मान्ने त्यो स्त्री स्वर्गलोकमा अप्सराहरू द्वारा प्रशंसित भएर जबसम्म चौद्ध इन्द्रले राज्य गर्दछन्, तबसम्म पतिको साथमा त्यहाँ रमण गर्दछे ॥४९॥ जुन स्त्रीले पतिको अनुसरण गर्दछे, त्यो आफ्ना माता-पिता र आफ्न् घर समेत तीनै कुललाई पवित्र पार्दछे ॥५०॥ मनुष्यको शरीरमा तीन कोटि रौं छन्, त्यति समयसम्म

पिता र आफ्नू घर समेत तीनै कुललाई पवित्र पार्दछे ।।५०।। मनुष्यको शरीरमा तीन कोटि रौं छन्, त्यति समयसम्म

मानुषे । तावत्कालं वसेत्स्वर्गे पतिना सह मोदते ।।५१।। विमाने सूर्यसंकाशे क्रीडते रमणेन सा । यावदादित्यचन्द्रौ च भर्तृलोके चिरं वसेत् ।।५२।। पुनश्चिरायुः सा भूत्वा जायते विमले कुले । पतिव्रता

ग. पु. तु या नारी तमेव लभते पतिम् ।।५३।। या क्षणं दाहदुःखेन सुखमेतादृशं त्यजेत् । सा मूढा जन्मपर्यन्तं भा.टी०८

११५ दह्यतेर्विरहाग्निना ।।५४।। तस्मात्पतिं शिवं ज्ञात्वा सहतेन दहेत्तनुम् । यदि न स्यात्सती तार्क्ष्य तमेव अ०१०

प्रदहेत्तदा ।।५५।। अर्धे दग्धेऽथवा पूर्णे स्फोटयेत्तस्य मस्तकम् । गृहस्थानां तु काष्टेन यतीनां श्रीफलेन च ।।५६।। प्राप्तये पितृलोकानां भित्त्वा तद्ब्रह्मरन्ध्रकम् । आज्याहुतिं ततो दद्यान्मन्त्रेणानेन तत्सुतः ।।५७।।

त्यो पतिसँग स्वर्गलोकमा प्रमुदित रहन्छे ।।५१।।सूर्य झैं तेजिलो विमानमा पतिसँग क्रीडा गर्न पाउँछे र जबसम्म चंद्र-सूर्य रहन्छन् तबसम्म भर्तृलोकमा बस्न पाउँछे ।।५२।। अनि त्यो पतिव्रता स्त्री दीर्घायु भएर निर्मल वंशमा जन्म लिन्छे र अघिल्लो जन्मकै पतिलाई प्राप्त गर्दछे ।।५३।। जो एक छिन पोल्ने कष्टलाई खप्न नसकेर यस्ता अनेकौं सुखलाई त्याग्दछे, त्यो मूर्ख स्त्री बिरहको आगोमा डढिरहन्छे ।।५४।। यसकारण पतिलाई शिव-स्वरूप जानेर उसैसंग शरीर पोलिदेओस । हे गरुड ! यदि सती जान्न भने मृतकलाई यसक्रमले जलाउनू ।।५५।। मुर्दा शरीरलाई आधा पोलिएपछि गृहस्थ हो भने काठले र सन्यासी भए श्रीफल (नरियल) ले त्यसको शिर फोरोस् ।।५६।। पितृलोक प्राप्त गर्नाका लागि मृतकको पुत्रले मुर्दाको ब्रह्मरन्ध्र फोरेर 'अस्मात्वं०' यस मन्त्रले घिउको आहुति देओस् ।।५७।। हे

अस्मात्त्वमधिजातोऽसि त्वदयं जायतां पुनः । असौ स्वर्गाय लोकाय स्वाहा ज्वलतु पावकः ॥५८॥
एवमाज्याहुतिं दत्त्वा तिलमिश्रां समन्त्रकाम् । रोदितव्यं ततो गाढं तेन तस्य सुखं भवेत् ॥५९॥
दाहादनन्तरं कार्यस्त्रीभिः स्नानं ततः सुतैः । तिलोदकं ततो दद्यान्नामगोत्रो पकल्पितम् ॥६०॥
प्राशयेन्निम्बपत्राणि मृतकस्य गुणान् वदेत् । स्त्रीजनोऽग्रे गृहं गच्छेत्पृष्ठतो नरसञ्चयः ॥६१॥ गृहे
स्नानं पुनः कृत्वा गोग्रासं च प्रदापयेत् । पत्रावल्याँ च भुञ्जीयाद् गृहान्नं नैव भक्षयेत् ॥६२॥
मृतकस्थानमालिप्य दक्षिणाभिमुखं ततः । द्वादशाहकपर्यन्तं दीपं कुर्यादहर्निशम् ॥६३॥ सूर्येऽस्तमागते

अग्निदेव ! तपाईको आविर्भाव यसै निमित्त भएको हो, यो जीव स्वर्गलोकमा जानको निम्ति तपाईसित फेरि उत्पन्न हुन यो आहुति दिइरहेको छु अग्निदेव प्रज्वलित हुनोस् ॥५८॥ यसरी-मन्त्रले तिल मिसाएको घिउको आहुति दिएर बेसरी रोओस् यसले मृतकलाई सुख प्राप्त हुन्छ ॥५९॥ पोलिसकेपछि पहिले स्वास्नीले, अनि छोरोले स्नान गरून्, त्यसपछि नाम-गोत्र भन्दै अञ्जलि देउन् ॥६०॥ नीमको पातखाएर मर्ने व्यक्तिको गुणहरूको वर्णन गर्दै नारीहरूलाई अघिलगाई तिनका पछि-पछि पुरुषहरू घर जाउन् ॥६१॥ घर पुगेपछि फेरि स्नान गरेर गो-ग्रास पर सारी पातको लपेसमा भोजन गरोस, सकेसम्म आफ्नू घरको अन्न नखाओस ॥६२॥ मृतकको स्थान लिपेर दक्षिणतिर फर्किई बाह्र दिनसम्म दिनहुँ बत्ती बालोस ॥६३॥ हे गरुड ! सूर्यास्त भएपछि श्मशान वा चौबाटोमा तीन दिनसम्म माटोको

दिनसम्म दिनहूँ. बत्ती बालोस ॥६३॥ हे गरुड ! सूर्यास्त भएपछि श्मशान वा चौबाटोमा तीन दिनसम्म माटोको

तार्क्ष्य श्मशाने वा चतुष्पथे । दुग्धं वा मृण्मये पात्रे तोयं दद्याद्दिनत्रयम् ॥६४॥ अपक्वमृण्मयं पात्रं क्षीरनीरप्रपूरितम् । काष्ठत्रयं गुणैर्बद्धं धृत्वा मन्त्रं पठेदिमम् ॥६५॥ श्मशानानलदग्धोऽसि परित्यक्तोऽसि बान्धवैः । इदं नीरमिदं क्षीरमत्र स्नाहि इदं पिब ॥६६॥ चतुर्थे सञ्चयः कार्यः साग्निकैश्च निरग्निकैः । तृतीयेऽह्नि द्वितीये वा कर्तव्यश्चाविरोधतः ॥६७॥ गत्वा श्मशानभूमिं च स्नानं कृत्वा शुचिर्भवेत् । ऊर्णासूत्रं वेष्टयित्वा पवित्रीं परिधाय च ॥६८॥ दद्यात् श्मशानवासिभ्यस्ततो माषबलिं सुतः । 'यमाय त्वे'ति मन्त्रेण तिस्रः कुर्यात्परिक्रमाः ॥६९॥ ततो दुग्धेन चाभ्युक्ष्य चितास्थानं खगेश्वर । जलेन

भाँडोमा दूध र जल देओस ॥६४॥ काँचो माटोको पात्रमा दूध र जल हाली त्रिकाष्ठ (पलासको एक कुरेतको तीन काठलाई काँचो धागोले बाँधेको) माथि राखेर यो मन्त्र पढोस–॥६५॥ हे प्रेत ! तिमी श्मशानमा अग्निले दग्ध र बान्धवहरू द्वारा परित्यक्त (त्यागिएका)छौ, त्यस कारण यो जल दूध-ग्रहण गर । जलले स्नान गरी दूध पिय ॥६६॥ साग्निक (अग्निहोत्र) र निररिग्नकलाई दोस्रो, तेस्रो वा चौथो दिन अस्थिसंचय गर्नु पर्दछ ॥६७॥ श्मशानमा गएर स्नान गरी पवित्र भई ऊन बेरेर पवित्र धारण गर्नु, त्यसपछि छोरोले त्यस श्मशानमा बस्नेहरूलाई यमायत्वा० इत्यादि मन्त्रले मासको बलि देओस् र तीन प्रदक्षिणा गरोस ॥६८-६९॥ हे पक्षिराज गरुड त्यसपछि चिता-स्थानमा

सेचयत्पश्चादुद्धरेदस्थिवृन्दकम् ॥७०॥ कृत्वा पलाशपत्रेषु क्षालयेद् दुग्धवारिभिः। संस्थाप्य मृन्मये पात्रे श्राद्धं कुर्याद्यथाविधि ॥७१॥ त्रिकोणं स्थण्डिलं कृत्वा गोमयेनोपलेपितम्। दक्षिणाभिमुखो दिक्षु दद्यात्पिण्डत्रयं त्रिषु ॥७२॥ पुञ्जीकृत्य चिताभस्म तत्र धृत्वा त्रिपादुकाम्। स्थापयेत्तत्र सजलमनाच्छाद्य मुखं घटम् ॥७३॥ ततस्तण्डुलपाकेन दधिघृतसमन्वितम्। बलिं प्रेताय सजलं दद्यान्मिष्टं यथाविधि ॥७४॥ पादानि दश पञ्चैव चोत्तरस्या दिशि व्रजेत्। गर्तं विधाय तत्रास्थिपात्रं संस्थापयेत्खग ॥७५॥ तस्योपरि ततो दद्यात्पिण्डं दाहार्तिनाशकम्। गर्तादुद्धृत्य तत्पात्रं नीत्वा गच्छेज्जलाशयम् ॥७६॥ तत्र

दूध छर्केर जलले चिताको अग्नि सिंचित अर्थात् निभाई अस्थिहरू लेओस॥७०॥अनि त्यसलाई पलासको पातमा राखेर दूध तथा जलले पखाली माटोको भाँडामा राखी यथा-विधि श्राद्ध गरोस॥७१॥त्रिकोण स्थंडिल बनाएर गोबरले लिपि दक्षिणतिर पिण्ड दिनू ॥७२॥ चिताको खरानी जम्मा पारे त्यसमाथि त्रिपादुका राखोस र जलपूर्ण घडा नछोपीकन त्यसपछि राखनू ॥७३॥ अनि चामल पकाई त्यसमा दही, घीउ मिलाएर प्रेतलाई जलसहित बलि दिनु ॥७४॥ उत्तर-तिर पाँच-दस पाइला हिंडेर त्यहाँ हे गरुड ! खाडल खनी अस्थिपात्र राखोस ॥७५॥ फेरि त्यसमाथि दाहजनित व्यथाको शान्तिका निम्ति पिण्ड दिई अस्थिपात्रलाई खाडबाट झिकी जलाशयमा लगोस ॥७६॥ त्यहाँ जल र दूधले

व्यथाको शान्तिका निम्ति पिण्ड दिई अस्थिपात्रलाई खाडबाट झिकी जलाशयमा लगोस ।।७६।। त्यहाँ जल र दूधले

प्रक्षालयेद् दुग्धजलादस्थि पुनः पुनः । चर्चयेच्चन्दनेनाथ कुङ्कुमेन ।।७७।। विशेषतः धृत्वा सम्पुटके तानि
कृत्वा च हृदि मस्तके । परिक्रम्य नमस्कृत्य गङ्गामध्ये विनिक्षिपेत् ।।७८।। अन्तर्दशाह यस्यास्थि गङ्गातोये
ग. पु. निमज्जति ।। न तस्य पुनरावृत्तिर्ब्रह्मलोकात्कदाचन ।।७९।। यावदस्थि मनुष्यस्य गङ्गातोयेषु तिष्ठति । भा टी.
११९ तावद्वर्षसहस्राणि स्वर्गलोके महीयते ।।८०।। गंगाजलोर्मि संस्पृश्य मृतकं पवनो यदा । स्पृशते पातकं अ०१०
तस्य सद्य एव विनश्यति ।।८१।। आराध्य तपसोग्रेण गंगादेवीं भगीरथः । उद्धारार्थं पूर्वजानामानयद्
ब्रह्मलोकतः ।।८२।। त्रिषु लोकेषु विख्यातं गंगायाः पावनं यशः । पुत्रान्सगरस्यैतान्भस्माख्याननयद्दिवम्

अस्थिलाई राम्ररी पखाली त्यसमा चन्दन र कुंकुम लगाओस ।।७७।। ती अस्थिहरू सम्पुट (मुख थुनिएको) पात्रमा राखेर हृदय तथा निधारमा स्पर्श परिक्रमा र नमस्कार गंगाजीमा बगाओस ।।७८।। जसको अस्थि मरेको दस दिन-भित्र गंगाजीको जलमा पर्याँकिन्छ, त्यसको ब्रह्मलोकबाट पुनरावृत्ति कहिले पनि हुँदैन ।।७९।। मनुष्यको अस्थि जति दिनसम्म गंगाको जलमा रहन्छ, त्यति नै हजार वर्षसम्म त्यो स्वर्गलोकमा आनन्दपूर्वक रहन्छ।।८०।।जलवायु गंगाको तरंगलाई छोई मृतकको शरीरमा स्पर्श गर्दछ, तब त्यसको पाप तत्काल नाश हुन्छ ।।८१।।भागीरथले आफ्ना पूर्वजको उद्धार गर्नका लागि कठिन तपस्या र आराधना गरेर गंगालाई ब्रह्मलोकबाट पृथ्वीमा ल्याए।।८२।।गंगाको यो पवित्र कीर्ति तीनै लोकमा विख्यात छ । जुन गंगाले सगरका भस्म भएका साठी हजार पुत्रहरूलाई स्वर्ग पुऱ्याइदिइन्।।८३।।

॥८३॥ पूर्वे वयसि पापानि ये कृत्वा मानवा मृताः । गंगायामस्थिपतनात् स्वर्गलोकं प्रयान्ति ते ॥८४॥ कश्चिद्व्याधो महारण्ये सर्वप्राणिविहिंसकः । सिंहेन निहतो यावत्प्रयाति नरकालयम् ॥८५॥ तावत्कालेन तस्यास्थि गंगायां पतितं तदा । दिव्यं विमानमारुह्य स गतो देवमन्दिरम् ॥८६॥ अतः स्वयं हि सत्पुत्रो गङ्गायामस्थि पातयेत् । अस्थिसञ्चयनादूर्ध्वं दशगात्र समाचरेत् ॥८७॥ अथ कश्चिद्विदेशे वा वने चौरभये मृतः । न लब्धस्तस्य देहश्चेच्छृणुयाद्यद्दिने यदा ॥८८॥ दर्भं पुत्तलकं कृत्वा पूर्ववत्केवलं दहेत् । तस्य भस्म समादाय गङ्गातोये विनिक्षिपेत् ॥८९॥ दशगात्रादिकं कर्म तद्दिनादेव कारयेत् । स

जो मनुष्य पूर्वजुनिमा पाप गरेर मरेका छन्, तिनको अस्थि गंगामा परेपछि ती स्वर्गलोक जान्छन् ।८४॥सबै प्राणीहरूको हिंसक व्याधा कुनै ठूलो जंगलमा मारियो र नरकमा पर्नलागेको थियो, त्यसै बेला त्यस व्याधाको अस्थि दैवसंयोगले गंगाजीमा पऱ्यो, अनि त्यो दिव्य बिमानमा चढेर स्वर्गलोक गयो ॥८५-८६॥ त्यस कारण सुयोग्य पुत्रको कर्तव्य हो कि पिताको अस्थि गंगामा प्रवाह गरोस, त्यसपछि दसगात्र विधि गर्नु कर्तव्य हो ॥८७॥ यदि कोही परदेशमा, बनमा वा चोरहरूको डरले मरेको होस् र त्यसको मृत देह प्राप्त भएन भने जुन दिन मरेको सुनिन्छ त्यसै दिन कुशको पुतला बनाई पहिले दाह गरेर केवल खरानी मात्र गंगामा प्रवाह गरोस्॥८८-८९॥त्यसको दसगात्र आदि कर्म त्यसै दिनदेखि आरम्भ गर्नु र वार्षिक श्राद्धको पनि त्यही मान्नु पर्दछ ॥९०॥ गर्भ पूर्ण भएपछि यदि कुनै स्त्रीको

एव दिवसा श्राद्धः श्राद्धे सांवत्सरादिके ।।८०।। पूर्णे गर्भे मृता नारी विदार्य जठरं तदा । बालं
निष्काम्य निक्षिप्य भूमौ तामेव दाहयेत् ।।८१।। गंगातीरे मृतं बालं गंगायामेव पातयेत् । अन्यदेशे
 क्षिपेद्भूमौ सप्तविंशतिमासजम् ।।८२।। अतः परम् दहेत्तस्य गङ्गायामस्थि निक्षिपेत् । जलकुम्भश्च
 दातव्यो बालानामेव भोजनम् ।।८३।। गर्भेनष्टे क्रिया नास्ति दुग्धं देयं मृते शिशौ । घटं च पायसं
भोज्यं दद्यात् बालविपत्तिषु ।।८४।। कुमारे च मृते बालान् कुमारानैव भोजयेत् । सबालान्भोजये-
द्विप्रान्पौगण्डे सव्रते मृते ।।८५।। मृतश्च पञ्चमादूर्ध्वमव्रतः सव्रतोऽपि वा । पायसेन गुडेनापि

मृत्यु भयो भने त्यसको पेट चिरेर बालक झिकी त्यसलाई भूमिमा गाडेर अनि उसको दाह-कर्म गर्नु।।९१।।गंगाका तटमा मरेको बालकलाई गंगामा नै बगाइदिनु । अन्य स्थानमा मरेको सत्ताईस महीनासम्मको बालकलाई भूमिमा गाडिदिनू ।।९२।। सत्ताईस महीना भन्दा बढी भइसकेको बालकलाई पोल्नुपर्दछ र त्यसको अस्थि गंगामा प्रवाह गरिदिनू, अनि घड़ा दानगरी बालकहरूलाई भोजनगराउनू।।९३।।गर्भ तुहयो भने त्यसको कर्म हुँदैन, शिशुको मृत्युमा जल पूर्ण घडा
 दान दिनू र खीर भोजन गराउनू ।।९४।। कुमार बालक मरेको छ भने कुमार बालकलाई भोजन गराउनू, पाँच वर्ष-देखि दसवर्ष सम्मको बालक व्रतबन्ध गरेपछि मरेमा बालकहरूका साथै ब्राह्मण-भोजन पनि गराउनुपर्दछ ।।९५।।पाँच वर्षपछि व्रतबन्ध गरेको वा नगरेको बालक मरे खीर र शक्करले क्रमशः दस पिण्ड दिनू ।।९६।। पौगण्ड (पाँच वर्ष-

पिंडान्दद्याद्दश क्रमात् ॥९६॥ एकादशं द्वादशं च वृषोत्सर्गविधिं विना। महादानविहीनं च पौगण्डे कृत्यमाचरेत् ॥९७॥ जीवमाने च पितरि न पौगण्डे सपिंडनम्। अतस्तस्य द्वादशाहन्येकोद्दिष्टं समाचरेत् ॥९८॥ स्त्री शूद्राणां विवाहस्तु व्रतस्थाने प्रकीर्तितः। व्रतात्प्राक्सर्ववर्णानां वयस्तुल्या क्रिया भवेत् ॥९९॥ स्वल्पात्कर्मप्रसङ्गाच्च स्वल्पाद्विषयबन्धना। स्वल्पे वससि देहे च क्रियां स्वल्पामपीच्छति ॥१००॥ किशोरे तरुणे कुर्याच्छय्यावृषभखादिकम्। पददानं महादानं गोदानमपि दापयेत् ॥१०१॥ यतीनां चैव सर्वेषां न दाहो नोदकक्रिया। दशगात्रादिकं तेषां न कर्तव्य सुतादिभिः ॥१०२॥ दण्ड-

देखि दश वर्षसम्मको बालक) मरेमा वृषोत्सर्ग र महादान बाहेका एकादशाह श्राद्ध गर्नु ॥९७॥ पिता जीवित भए पौगण्डको सपिण्डी श्राद्ध हुँदैन, अतः त्यसको बाह्रौं दिन एकोदिष्ठ श्राद्ध गरिदिनू॥९८॥ऋषिहरूले स्त्री र शूद्रहरूको व्रतबन्धको स्थापना विवाह भनेका छन्। व्रतबन्ध भन्दा पहिले सबै वर्णको क्रिया अवस्था अनुसार हुन्छ किनभने सानू अवस्था र शरीरमा थोरै कर्मको सम्बन्ध तथा अल्प विषयको बन्धन हुनाले अल्प क्रियाको इच्छा राख्दछ॥९९-१००॥ किशोर (पन्ध्र वर्षसम्म) अवस्था र तरुण अवस्थाको मृत्युमा शय्या-दान, वृषोत्सर्ग, पददान, महादान र गोदान गर्नू ॥१०१॥ सन्यासीहरूको दाह र उदक क्रिया तथा दश-गात्र आदि कर्म गर्नूपर्दैन। यसकारण छोरोले तिनकोत्यो कर्म गर्नु हुँदैन केवल दण्ड ग्रहण गर्नाले नै मनुष्य नारायण स्वरूप मानिन्छ र त्रिदण्ड ग्रहण गर्नाले त्यो प्रेतत्वमा प्राप्त

ग्रहणमात्रेण नरो नारायणो भवेत् । त्रिदण्डग्रहणात्तेषां प्रेतत्वं नैव जायते ॥१०३॥ ज्ञानिनस्तु सदा मुक्ताः स्वरूपानुभवेन हि । अतस्ते तु प्रदत्तानां पिण्डानां नैव कांक्षिणः ॥१०४॥ तस्मात् सपिण्डकं तेषां न तु नोदकमाचरेत् । तीर्थश्राद्धं गयाश्राद्धं पितृ भक्त्या समाचरेत् ॥१०५॥ हंसं परमहंसं च कुटीचक्र-बहूदकौ । एतान् संन्यासिनस्तार्क्ष्य पृथिव्यां स्थापयेन्मृतान् ॥१०६॥ गङ्गादीनामभावे हि पृथिव्यां स्थापनं स्मृतम् । यत्र सन्ति महानद्यस्तदा तास्मेव निःक्षिपेत् ॥१०७॥

इति श्रीगरुडपुराणे सारोद्धारे दाहास्थिसञ्चयकर्मनिरूपणं नाम दशमोऽध्यायः ॥१०॥

हुँदैन ॥१०२-१०३॥ आत्माको अनुभवले अर्थात् आत्मा चिनेर ज्ञानीहरू जीवन्मुक्त रहन्छन्, अतः उनीहरू दिइएका पिण्ड-पानी इत्यादिको इच्छा राख्दैनन् ॥१०४॥ यसकारण सन्यासीहरूको पिण्ड-दान र उदक क्रिया नगर्नु । पिताको भक्ति र संसंश्रद्धाले तीर्थ श्राद्ध र गया-श्राद्ध गर्न हुन्छ ॥१०५॥ हे गरुड ! हंस, परमहंस, कुटीचक र बहुदक ई चारथरी सन्यासीहरूको मृत्युमा इनलाई भूमिमा गाडिदिनु पर्दछ ॥१०६॥ गंगा आदि नदी नभएका स्थानमा भूमिमा गाडनू भनी शास्त्रको मत छ गंगा आदि महानदीहरू भएका स्थानमा नदीमै डुबाउनू ॥१०७॥

इति श्री गरुड़ पुराणको सारोद्धारमा दाहास्थिसंचय कर्म नामको यो दसौं अध्याय समाप्त भयो ॥१०॥

❀

अथ एघारौं अध्याय

गरुड उवाच— दशगात्रविधिं ब्रूहि कृते किं सुकृतं भवेत् । पुत्राभावे तु कः कुर्यादिति मे वद केशव ॥१॥ श्रीभगवानुवाच—शृणु तार्क्ष्य प्रवक्ष्यामि दशगात्र विधिं तव । यद्विधाय च सत्पुत्रो मुच्यते पितृकादृणात् ॥२॥ पुत्रः शोकं परित्यज्य धृतिमास्थाय सात्त्विकीम् । पितुः पिंडादिकं कुर्यादश्रुपातं न कारयेत् ॥३॥ श्लेष्माश्रु बान्धवैर्मुक्तं प्रेतो भुङ्क्ते यतोऽवशः । अतो न रोदितव्यम् हि तदा शोकान्निरर्थकात् ॥४॥ यदि वर्षसहस्राणि शोचतेऽहर्निशं नरः । तथापि नैव निधनम् गतो दृश्येत कर्हिचित् ॥५॥ जातस्य हि ध्रुवो मृत्युध्रुवम् जन्म मृतस्य च । तस्मादपरिहार्येऽर्थे न शोकम्

गरुडले सोधे—हे केशव ! दशगात्रको विधि आज्ञाहवस्, त्यो गर्नाले कुन फल प्राप्त हुन्छ र छोरोको अभावमा कसले गर्नुपर्छ, त्यो पनि आज्ञाहवस् ॥ १ ॥ भगवानले भन्नुभयो—हे गरुड ! सुन—तिमीलाई दसगात्रको विधि भन्दछु । जसलाई गरेर पुत्र, पितृऋणबाट मुक्त हुन्छ ॥ २ ॥ छोरोले शोक त्यागेर सात्त्विक-वृत्ति र धैर्य धारण गरेर पिताको पिण्डदान गरोस् । रुनु हुँदैन, किनकि बन्धु-बान्धवहरूद्वारा बगारको आँसु र कफ आदि प्रेतले विवश भएर खानैपर्दछ, यसकारण व्यर्थको शोक गरेर रुनु हुँदैन ॥३–४॥ यदि मानव हजार वर्षसम्म रात-दिन शोक गर्दै रहोस् तापनि मरिसकेको व्यक्ति देखापर्दैन वा फर्केर आउँदैन ॥५॥ जन्मेकाको मृत्यु मरेकाको जन्म निश्चय छ यसकारण यो अनिवार्य

सकेको व्यक्ति देखापर्दैन वा फर्केर आउँदैन ।।५।। जन्मेकाको मृत्यु मरेकाको जन्म निश्चय छ यसकारण यो अनिवार्य

कारयेत् बुधः ।।६।। न हि कश्चिदुपायोऽस्ति दैवो वा मानुषोऽपि वा । यो हि मृत्युवशम् प्राप्तो जन्तुः
पुनरिहाव्रजेत् ।।७।। अवश्यमाविभवानां प्रतीकारो भवेद्यदि । तदा दुःखैर्न युज्येरन्नलरामयुधिष्ठिराः
 ।।८।। नायमत्यन्तसंवासः न कश्चित्केनचित्सह: । अपि यस्य शरीरेण किमुतान्यैः पृथग्जनः ।।९।। यथा
 हि पथिकः कश्चिच्छायामाश्रित्य विश्रमेत् । विश्रम्य च पुनर्गच्छेत्तद्वद् भुतसमागमः ।।१०।। यत्प्रातः-
संस्कृतम् भोज्यम् सायम् तच्च विनश्यति । तदन्नरससम्पुष्टे काये का नाम नित्यता ।।११।। भैषज्य-
मेतद् दुःखस्य विचारम् परिचिन्त्य च । अज्ञानप्रभवम् शोकम् त्यक्त्वा कुर्यात्क्रियाम् सुतः ।।१२।।

विषयमा विद्वानले शोक गर्दैन ।।६।। यस्तो कुनै पनि दैवि वा मानवी उपाय छैन, जो मृत्युको मुखमा गइसकेको प्राणी-लाई फर्काउन सकोस् ।।७।। यदि भवितव्यलाई टार्न सक्ने भए नल, राम र युधिष्ठिर आदि कष्टले पीडित हुने थिएनन् ।।८।। यस संसारमा कसैसँग पनि कसैको आफ्नू शरीरले यो धेरै दिनको सहवास हुँदैन ।।९।। जस्तै कुनै बटुवा छायाको भर लिएर विश्राम गर्दछ र त्यहाँबाट हिड्दछ, त्यस्तै प्राणीहरूको यो आवत-जावत पनि हो ।।१०।। बिहान पकाएको खाने वस्तु बेलुका बिग्रन्छ भने त्यस्तो अन्नको रसले तयार भएको यस शरीरको स्थिरता वा नित्यता कस्तो ! ।।११।। दुःखको औषधि विचार हो, यो जानेर अज्ञान जनित शोकलाई त्यागेर पुत्रले पिण्ड दानादि गरोस् ।।१२।। छोरो नभए स्त्री र त्यो पनि नभए सहोदर भाइ वा दाई, ब्राह्मणको चेलो अथवा दस दिने बन्धुले क्रिया गरोस् ।।१३।। हे गरुड ?

पुत्राभावे वधूः कुर्याद्भार्याभावे च सोदरः । शिष्यो वा ब्राह्मणस्यैव सपिण्डो वा समाचरेत् ॥१३॥
ज्येष्ठस्य वा कनिष्ठस्य भ्रातुः पुत्रैश्च पौत्रकैः । दशगात्रादिकम् कार्यम् पुत्रहीने नरे खग ।१४। भ्रातृणा-
ग पु. मेकजातानामेकश्चेत्पुत्रवान् भवेत् । सर्वे ते तेन पुत्रेण पुत्रिणो मनुरब्रवीत् ॥१५॥ पत्न्यश्च बह्वय एकस्य भा.टी
चेका पुत्रवती भवेत् । सर्वास्ताः पुत्रवत्यः स्युस्तेनैकेन सुतेन हि ॥१६॥ सर्वेषां पुत्रहीनानां मित्रः
१ ६ पिण्डम् प्रदापयेत् । क्रियालोपो न कर्तव्यः सर्वाभावे पुरोहितः ॥१७॥ स्त्री वाथ पुरुषः कश्चिदिष्टस्य अ०११
कुरुते क्रियाम् । अनाथप्रेतसंस्कारात्कोटियज्ञफलम् लभेत् ॥१८॥ पितुः पुत्रेण कर्तव्यम् दशगात्रादिकं
खग । मृते ज्येष्ठेऽप्यतिस्नेहान्न कुर्वीत पिता सुते ॥१९॥ बह्वोऽपि यदा पुत्रा विधिमेकः समाचरेत् ।

छोरो नभए दाजु भाइका पुत्र र नातीले दसगात्रादि क्रिया गरोस् ॥१४॥ मनुको भनाइ छ---एकै बाबुका छोराहरूमा कुनै पुत्रवान् छ भने सबै भाई पुत्रवान् मानिन्छन् ॥१५॥ धेरै स्वास्नी हुने पुरुषको थोटी स्त्रीलाई पनि पुत्र प्राप्त भएको छ भने त्यही छोरोले सबै स्त्री पुत्रवती भनिन्छन् ॥१६॥ सन्तान नहुनेको पिण्डा दानादि क्रिया मित्रले गरोस्, क्रिया-लोप गर्न हुँदैन, सबैको अभावमा पुरोहितले पिण्डदान गरोस् ॥ १७ ॥ कुनै स्त्री वा पुरुषले कुनै अभिलषित प्राणीको प्रेतत्वसंस्कार गर्नाले सयौं यज्ञ गरेको फल पाउँदछ ॥१८॥ हे गरुड ! पुत्रले पिताको दश-गात्रादि क्रिया गरोस्, तर जेठो छोरो मऱ्यो भने पिताले वर्ता स्नेहले गर्दा त्यसको दश-गात्रादि कर्म नगरोस् ॥१९॥ अनेक पुत्र भए

(दशगात्र सपिण्डत्वम् श्राद्धान्यन्यानि षोडश ॥२०॥

गरोस्, तर जेठो छोरो मऱ्यो भने पिताले वर्ता स्नेहले गर्दा त्यसको दश-गात्रादि कर्म नगरोस् ॥१९॥ अनेक पुत्र भए

दशगात्रं सपिण्डत्वम् श्राद्धान्यन्यानि षोडश ॥२०॥ एकेनैव तु कार्याणि संविभक्तधनेष्वपि । विभक्तैस्तु पृथक्कार्यं श्राद्ध सांवत्सरादिकम् ॥२१॥ तस्माज्ज्येष्ठः सुतो भक्त्या दशगात्र समाचरेत् । एकभोजी

भूमिशायो भूत्वा ब्रह्मपरः शुचिः ॥२२॥ सप्तवारं परिक्रम्य धरणीं यत्फलम् लभेद् । क्रियां कृत्वा पितु-

 र्मातुस्तत्फलम् लभते सुतः ॥२३॥ आरभ्य दशगात्रं च यावद्वै वार्षिकम् भवेत् । तावत्पुत्रः क्रियां

कुर्वन् गयाश्राद्धफलम् लभेत् ॥२४॥ कूपे तडागे वाऽऽरामे तीर्थे देवालयेऽपि वा । गत्वा मध्यमयामे तु स्नानम् कुर्यादमन्त्रमम् ॥२५॥ शुचिर्भूत्वा वृक्षमूले दक्षिणाभिमुखः स्थितः । कुर्याच्च वेदिकां तत्र

पनि योटैले पिताको दशगात्र र सपिण्डी तथा षोडशी आदि गरोस् ॥२०॥ छुट्टिएका दाजू-भाइहरूमा पनि यौटाले नै क्रिया गर्नुपर्दछ । छुट्टिएका दाजू–भाइहरूले प्रतिवर्ष गर्नुपर्ने श्राद्ध भिन्ना-भिन्नै गरे पनि हुन्छ ॥२१॥ यसकारण जेठो छोराले एक छाक खाई, भूमिमा शयन गरी पवित्र भई श्रद्धा एवं भक्तिले दशगात्र क्रिया गरोस् ॥ २२ ॥ सातपल्ट पृथ्वी परिक्रमा गरेको जुन फल मिल्दछ, त्यो फल आमा-बाबुको क्रिया गर्नाले छोरोले पाउँछ ॥२३॥ दशगात्रदेखि वार्षिक श्राद्धसम्म माता-पिताको क्रिया गर्ने पुत्रले गया-श्राद्ध गरेको फल प्राप्त गर्दछ ॥२४॥ क्रिया बसेको पुत्र मध्याह्नमा कूप, तलाउ, बगैंचा, नदी वा देव मन्दिरमा गए मन्त्ररहित स्नान गरोस् । २५॥ पवित्र भएर वृक्षको फेदमा दक्षिणतिर फर्केर बेदी बनाई गोबरले लिपेर त्यहाँ कुशको ब्राह्मण थाप्नू र पाद्यादिले त्यसको पूजा गरी 'अतसी पुष्पसङ्काशं'

गोमयेनोपलिप्यताम् ।।२६।। तस्यां पर्णे दर्भमयम् स्थापयेत्कौशिकं द्विजम् । पाद्यादिभिरभ्यर्च्य प्रण-
मेदतसीति च ।।२७।। तदग्रे च ततो दत्वा पिण्डार्थम् कौशमासनम् । तस्योपरि ततः पिण्डम् नाम-
गोत्रोपकल्पितम् ।।२८।। दद्यात्तण्डुलपाकेन यवपिष्टेन वा सुतः । उशीरम् चन्दनम् भृङ्गराजपुष्पम्
निवेदयेत् । धूपम् दीपम् च नैवेद्य मुखवासम् च दक्षिणाम् ।।२९।। काकान्नम् पयसोः पात्रे वर्धमान-
जलाञ्जलीन् । प्रेतायामुकनाम्ने च मद्दत्तमुपतिष्ठतु ।।३०।। अन्नम् वस्त्रम् जलम् द्रव्यमन्यद्वा दीयते च
यत् । प्रेतशब्देन यद्दत्तं मृतस्यानन्त्यदायकम् ।।३१।। तस्मादादिदिनादूर्ध्वम् प्राक्सपिण्डीविधानतः ।

इत्यादि मन्त्र पढेर प्रणाम गरोस् ।।२६-२७।। त्यसपछि कुशको ब्राह्मणका अघिल्तिर पिण्डदानको लागि कुशको आसन दिन् त्यही आसनमाथि नाम-गोत्र उच्चारण गरी चामल, खीर अथवा जौको पीठोको पिण्ड देओस, त्यसपछि पिण्डमाथि चन्दन, खस, भृङ्गिराजको पुष्प, धूप, दीप नैवेद्य, पान र दक्षिणा चढाओस ।।२८-२९।। दूध र जलको भाँडामा कागलाई अन्न (बलि) दिई जलले अञ्जलि दिदै भनोस–'अमुक नाम्ने प्रेताय मद्दत्तमुप्रतिष्ठतु' अर्थात् अमुक नाम प्रेतको निम्ति मैले दिएको यो श्राद्धको वस्तु प्राप्तहोस ।।३०।। 'प्रेत' शब्दको उच्चारण गरेर अन्न, वस्त्र, जल वा अरुजे वस्तु दिइन्छ, त्यो मरेका व्यक्तिको निम्ति अनन्त फलदायक हुन्छ ।।३१।। यस निम्ति पहिलो दिनदेखि सपिण्डी नसकिएसम्म स्त्री वा पुरुषलाई 'प्रेत' शब्दको उच्चारण गरेर पिण्ड दिनुपर्दछ ।।३२।। पहिलो दिन जुन विधिले र जे अन्नले पिण्ड

योषितः पुरुषस्यापि प्रेतशब्दम् समुच्चरेत् ।।३२।।

वा पुरुषलाई 'प्रेत' शब्दको उच्चारण गरेर पिण्ड दिनुपर्दछ ॥३२॥ पहिलो दिन जुन विधिले र जे अन्नले पिण्ड

योषितः पुरुषस्यापि प्रेतशब्दम् समुच्चरेत् ॥३२॥ प्रथमेऽह्नि यत्पिण्डो दीयते विधिपूर्वकम् । तेनैव विधि-
नान्नेन नवपिण्डान् प्रदापयेत् ॥३३॥ नवमे दिवसे चैव सपिण्डैः सकलैर्जनैः । तैलाभ्यंगः प्रकर्तव्यो मृतक-
ग. पु. स्वर्गकाम्यया ॥३४॥ बहि स्नात्वा गृहीत्वा च दूर्वां लाजासमन्विताः । अग्रतः प्रमदां कृत्वा समागच्छे- भा टी.
१२९ न्मृतालयम् ॥३५॥ दूर्वावत्कुलवृद्धिस्ते लाजा इव विकासता । एवमुक्त्वात्यजेद् गेहे लाजान्दूर्वासम- अ०११
न्वितान् ॥३६॥ दशमेऽह्नि मांसेन पिंडंदद्यात्खगेश्वर । माषेण तन्निषेधाद्वा कलौ न पलपैतृकम् ॥३७॥
दशमे दिवसे क्षौरं बान्धवानां च मुण्डनम् । क्रियाकर्तुः सुतस्यापि पुनर्मुण्डनमाचरेत् ॥३८॥ मिष्टा-

दिइन्छ, त्यही विधि र उही अन्नले नौ पिण्ड दिनुपर्दछ ॥३३॥ नवौं दिन सपिण्डी भित्रका सबै बन्धु-बान्धवले मृत व्यक्तिको स्वर्गका कामनाले तेल लगाउनू ॥३४॥ आफ्नू घरको बाहिर स्नान गरेर लावा र दूध लिएर स्त्रीलाई अघि लगाई मर्ने व्यक्तिको घरमा जानू ॥३५॥ त्यहाँ 'दूध जस्तै तिम्रो वंश-वृद्धि र लावा जस्तै विकास होस' भन्दै त्यसको घरभरि दूध र लावा छरिदिनू ॥३६॥ हे गरुड ! दसौं दिन मासूले पिण्ड दिनू अथवा यस 'कलियुगमा मासूले पितृ-कार्य नगर्नू' भन्ने निषेध भएको हुनाले मासको पिण्ड दिनू ॥३७॥ दसौं दिन सबै बन्धु-बान्धव मुण्डन गराउनू र श्राद्ध-कर्ताले पनि मुण्डन गर्नू ॥३८॥ यीटा ब्राह्मणलाई दस दिनसम्म मिष्ठान्न भोजन गराउनु र प्रेतको मुक्तिका

न्नैर्भोजयेदेकम् दिनेषु दशसु द्विजम् । प्रार्थयेत्प्रेतमुक्तिं च हरिं ध्यात्वा कृताञ्जलिः ॥३८॥ अतसीपुष्प-
संकाशम् पीतवाससमच्युतम् । ये नमस्यन्ति गोविन्दं न तेषां विद्यते भयम् ॥४०॥ अनादिनिधनो देवः
 शंखचक्रगदाधरः । अक्षय्यः पुण्डरीकाक्षः प्रेतमोक्षप्रदो भवेत् ॥४१॥ इति सम्प्रार्थनामन्त्रम् श्राद्धान्ते
 प्रत्यहम् पठेत् । स्नात्वा गत्वा गृहे दत्वा गोग्रास भोजनम् चरेत् ॥४२॥

इति श्रीगरुडपुराणे सारोद्धारे दशगात्रविधिनिरूपणम् नामैकादशोऽध्यायः ॥११॥

लागि हात जोरेर श्रीहरिको ध्यान र प्रार्थना गर्नू ॥३९॥ अतसी (तीसी·आलस) को पुष्प झैं श्याम वर्ण भएका, पीताम्बरधारी अविनाशी गोविन्द भगवानलाई जो नमस्कार गर्दछन्, ती निर्भय हुन्छन् ॥४०॥ जन्म-मरणदेखि रहित, शंख-चक्र-गदा-पद्मधारी, अविनाशी र कमल-नयन श्रीहरि प्रेतको मोक्ष-दाता हुन् ॥४१॥ यस मन्त्रलाई प्रतिदिन श्राद्धको अन्त्यमा पढनू र स्नान गरेर घरमा गई गो-ग्रास परसारी भोजन गर्नू ॥४२॥

इतिश्री गरुडपुराणको सारोद्धारमा दश-गात्र विद्धिनिरूपण नामक यो एघारौं अध्याय समाप्त भयो ॥ ११ ॥

गरुड उवाच — एकादशदिनस्यापि विधिं ब्रूहि सुरेश्वर । वृषोत्सर्गविधानम् च वदस्व जगदीश्वर
 ॥१॥ श्रीभगवानुवच - एकदशेऽह्नि गन्तव्य प्रातरेव जलाशये । और्ध्वदेहिक्रिया सर्वा करणीया प्रयत्नतः
 ॥२॥ निमन्त्रयेद्ब्राह्मणांश्च वेदशास्त्रपरायणान् । प्रार्थयत्प्रेतमुक्तिं च नमस्कृत्य कृताञ्जलिः ॥३॥ स्ना-
नसन्ध्यादिकं कृत्वा ह्याचार्योऽपि शुचिर्भवेत् । विधानम् विधिवत्कुर्यादेकादशदिनोचितम् ॥४॥ अमन्त्रं
कारयेच्छ्राद्धम् दशाहम् नामगोत्रतः । एकादशेऽह्नि प्रेतस्य दद्यात्पिडम् समन्त्रकम् ॥५॥ सौवर्णम्

गरुडले भने–हे सुरेश्वर ! एकादशाहको विधि आज्ञा गर्नुहवस र हे जगदीश्वर ! मलाई बृषोत्सर्गको विधि पनि सुन्ने इच्छा छ, आज्ञा गर्नुहवस ॥१॥ श्री भगवान् भन्नुहुन्छ–हे गरुड ! एघारौं दिन बिहानै जलाशयमा गएर प्रयत्न-पूर्वक और्ध्वदेहिक कृत्य गरोस् ॥२॥ वेद-शास्त्रका ज्ञाता ब्राह्मणहरूलाई निमन्त्रण दिई हात जोरेर प्रणाम गरी प्रेतत्व-मुक्तिको प्रार्थना गरोस् ॥३॥ आचार्य पनि स्नान, सन्ध्या, तर्पण आदि गरेर दूध भई एकादशाहको विधि विधिवत् गराओस् ॥४॥ दस दिनसम्मको श्राद्ध मन्त्ररहित केवल नाम र गोत्रको उच्चारण गरेर गर्नुपर्दछ र एकादशाहमा मन्त्रको उच्चारण गरेर प्रेतलाई पिण्ड देओस् ॥५॥ हे गरुड ! विष्णु भगवान्को सुवर्णको प्रतिमा, ब्रह्माको चाँदीको

ग. पु. कारयेत् विष्णुं ब्रह्माणं रौप्यकं तथा । रुद्रस्ताम्रमयः कार्यो यमो लोहमयः खग ॥६॥ पश्चिमे विष्णु-कलशं गंगोदकसमन्वितम् । तस्योपरि न्यसेद्विष्णुं पीतवस्त्रेण वेष्टितम् ॥७॥ पूर्वे तु ब्रह्मकलशं क्षीरो-दकसमन्वितम् । ब्राह्मणं स्थापयेत्तत्र श्वेतवस्त्रेण वेष्टितम् ॥८॥ उत्तरस्यां रुद्रकुम्भं पूरितं मधुसर्पिषा । भा. टी.

१३२ श्रीरुद्रं स्थापयेत्तत्र रक्तवस्त्रेण वेष्टितम् ॥९॥ दक्षिणस्यां यमघटमिन्द्रोदकसमन्वितम् । कृष्णवस्त्रेण संवेष्ट्य तस्योपरि यमं न्यसेत् ॥१०॥ मध्ये तु मण्डलं कृत्वा स्थापयेत्कौशिकं सुतः ॥ दक्षिणाभिमुखो भूत्वाऽपसव्येन च तर्पयेत् ॥११॥ विष्णुं विधिं शिवम् धर्मम् वेदमन्त्रैश्च तर्पयेत् । होमम् कृत्वा चरे- अ०१२

प्रतिमा र रुद्रको तामाको प्रतिमा तथा फलामको यमराजको प्रतिमा बनाउनू ॥६॥ पश्चिम दिशामा गङ्गाजलले पूर्ण विष्णु-कलश स्थापित गरेर त्यसमाथि पहेंलो वस्त्र बेरेर श्री विष्णु भगवान्को स्थापना गर्नू ॥७॥ पूर्व दिशामा दूध र जलले पूर्ण ब्रह्म-कलशको स्थापना गरेर त्यसमाथि सेतो वस्त्रले बेरेर ब्रह्माको स्थापना गर्नू ॥८॥ उत्तर दिशामा मह र घिउले पूर्ण रुद्र-कलशको स्थापना गरेर त्यसमाथि रातो वस्त्र बेरी रुद्रको स्थापना गर्नू ॥९॥ दक्षिण दिशामा इन्द्रोदक (वर्षाको पानी) भरेर यम कलशको स्थापना गरी त्यसमाथि कालो वस्त्र बेरेर यमराजको स्थापना ॥ १० ॥ माझमा मण्डल बनाएर त्यसमा कुशको पुतली बनाई स्थापित गर्नू र छोरोले दक्षिणतिर फर्केर अपसव्य भई तर्पण गर्नू ॥११॥

मण्डल बनाएर त्यसमा कुशको पुतली बनाई स्थापित गर्नू र छोरोले दक्षिणतिर फर्केर अपसव्य भई तर्पण गर्नू ॥११॥

त्यश्चाच्छ्राद्धम् दशघटादिकम् ॥१२॥ गोदानं च ततो दद्यात्पितृणां तारणाय वै । गौरेषा हि मया दत्ता
प्रीतये तेऽस्तु माधव ॥१३॥ उपभुक्तं तु तस्यासीद्वस्त्रभूषणवाहनम् । घृतपूर्णं कांस्यपात्रं सप्तधान्यं तदी-
ग. पु. ष्सितम् ॥१४॥ तिलाद्यष्टमहादानमन्तकाले न यत्कृतम् ॥ शय्यासमीपे धृत्वैतद्दानं तस्याः प्रदापयेत् भा. टी.
॥१५॥ प्रक्षाल्य विप्रचरणौ पूजयेदम्बरादिभिः । सिद्धान्नं तस्य दातव्यम् मोदकाप्पूपकाः पयः ॥१६॥
१३३ स्थापयेत्पुरुषं हैमं शय्योपरि तदा सुतः । पूजयित्वा प्रदातव्या मृतशय्या यथोदिता ॥१७॥ प्रेतस्य प्रतिमा- अ०१२
युक्ता सर्वोपकरणैर्वृता । प्रेतशय्या मया ह्येषा तुभ्यम् विप्र निवेदिता ॥१८॥ इत्याचार्याय दातव्या

वेदको मन्त्रले ब्रह्मा, विष्णु, शिव र धर्मको तर्पण गरेर हवन गरी दस घड़ाहरूको श्राद्ध गर्नू ॥१२॥ त्यसपछि पितृ-
हरूको उद्धारका लागि गोदान गरी–हे माधव ! मैले दिएको यी गाई हजूरको प्रीतिका लागि होस् ॥१३॥ मर्ने
१२ व्यक्तिले चलन गर्ने गरेको जो वस्त्र, आभूषण, वाहन र अरू पनि उसलाई मनपर्ने जति वस्तु र घिउले भरिएको
काँसको भाड़ो, तिल आदि अष्ट महादान, जो मर्ने बखतमा गर्न पाइएन वा गरिएन त्यो सबै शय्याको नगीचै राखेर
दान गरिदिनू ॥१४-१५॥ ब्राह्मणको पाउ धोएर धूप, दीप, चन्दन, अक्षता, वस्त्र आदिले पूजा गरी लड्डू, मालपूआ
आदि सिद्धान्न (पाकेको अन्न) तथा दूध पनि देवोस् ॥१६॥ शय्या-दानको बेलामा, सुपुत्रको कर्तव्य यो हो कि त्यस
शय्यामा मरेका व्यक्तिको प्रतिमा बनाएर स्थापना र पूजा गरी मृतकको निम्ति यथोक्त शय्यादान गरोस् ॥१७॥

ब्राह्मणाया कुटुम्बिने । ततः प्रदक्षिणीकृत्य प्रणिपत्य विसर्जयेत् ॥१९॥ एवं शय्याप्रदानेन श्राद्धेन
नवकादिना । वृषोत्सर्गविधानेन प्रेतो याति परां गतिम् ॥२०॥ एकादशेऽह्नि विधिना वृषोत्सर्गं
 समाचरेत् । हीनाङ्गं रोगिणं बालं त्यक्त्वा कुर्यात्सलक्षणम् ॥२१॥ रक्ताक्षः पिङ्गलो यस्तु रक्तः शृङ्गे
 गले खुरे । श्वेतोदरः कृष्णपृष्ठो ब्राह्मणस्य विधीयते ॥२२॥ सुस्निग्धवर्णो यो रक्तः क्षत्रियस्य विधीयते ।
पीतवर्णश्च वैश्यस्य कृष्णः शूद्रस्य शस्यते ॥२३॥ यस्तु सर्वाङ्गपिङ्गः स्याच्छ्वेतः पुच्छे पदेषु च । स
पिङ्गो वृष इत्याहुः पितृणां प्रीतिवर्धनः ॥२४॥ चरणस्तु मुखं पुच्छं यस्य श्वेतानि गोपतेः ।

त्यसपछि हे ब्राह्मण ! मैले प्रेतको प्रतिमाका साथै अन्य सबै वस्तुले सज्जित यो प्रेत-शय्या तपाईंलाई दिएँ ॥१८॥ यति प्रार्थना गरेर आचार्य कुटुम्ब भएको ब्राह्मणलाई दिनू । अनि प्रदक्षिणा र प्रणाम गरी विसर्जन गरोस् ॥१९॥ यसरी शय्यादान, नौ दिनको श्राद्ध र वृषोत्सर्ग गर्नाले प्रेतले परमगति प्राप्त गर्दछ ॥२०॥ एघारौं दिन विधिपूर्वक वृषोत्सर्ग गरोस्, त्यो साँढे शुभ चिह्नले युक्त भई कुनै पनि अङ्ग-हीन, रोगी वा साह्रै बालक नहोस् ॥२१॥ ब्राह्मणको निम्ति यस्तो वृषभ हुनुपर्दछ–जसका राता आँखा, पिङ्गलवर्ण, सींग र घाँटी तथा खुर रातो एवं पेट र पिठिउँ कालो होस् ॥२२॥ क्षत्रियको निम्ति यस्तो वृषभको विधान छ-जसको रंग रातो होस् । वैश्यको निम्ति पहेंलो वर्णको र शूद्रका लागि कृष्ण वर्णको होस् ॥२३॥ जसको सम्पूर्ण अङ्ग पिङ्गल वर्णको र खुट्टा तथा पुच्छर सेतो छ, त्यसलाई

हास् ॥२२॥ क्षत्रियको निम्ति यस्तो वृषभको विधान छ-जसको रंग रातो होस् । वैश्यको निम्ति पहेंलो वर्णको र शूद्रका लागि कृष्ण वर्णको होस् ॥२३॥ जसको सम्पूर्ण अङ्ग पिङ्गल वर्णको र खुट्टा तथा पुच्छर सेतो छ, त्यसलाई

लाक्षारससवर्णो यः स नील इति कीर्तितः ॥२५॥ लोहितो यस्तु वर्णेन मुखे पुच्छे च पाण्डुरः । पिङ्गः खुरविषाणाभ्यां रक्तनीलो निगद्यते ॥२६॥ सर्वाङ्गेष्वेकवर्णो यः पिङ्गः पुच्छे खुरेषु यः । तं नीलपिङ्गमित्याहुः पूर्वजोद्धारकारकम् ॥२७॥ पारावतसवर्णस्तु ललाटे तिलकान्वितः । तं बभ्रुनील-मित्याहुः पूर्णं सर्वाङ्गशोभनम् ॥२८॥ नीलः सर्वशरीरेषु रक्तश्च नयनद्वये । तमप्याहुर्महानीलं नीलः पञ्चविधिः स्मृतः ॥२९॥ अवश्यमेव भोक्तव्यो न स धार्यो गृहे भवेत् । तदर्थमेषा चरति लोके गाथा पुरातनी ॥३०॥ एष्टव्या बहव पुत्रा यद्येकोऽपि गयां व्रजेत् । गौरीं विवाहयेत्कन्यां नीलं वा वृषमुत्सृजेत्

'पिंगवृष' भन्दछन् र त्यो पितृहरूको आनन्द बढाउने हुन्छ ॥२४॥ जुन वृषभको पुछर खुट्टा र मुख सेतो तथा लाक्षारस (रातो वर्ण) झैं छ, त्यो 'नील–वृष' कहिन्छ ॥२५॥ जसको अंग रातो, मुख र पुछर पाण्डुर (सेतो) तथा खुर एवं सींग पिङ्गल वर्णको छ त्यो 'रक्तनील' बृषभ कहिन्छ ॥२६॥ जसको सम्पूर्ण अंग एकै रंगको र खुर तथा पुछर पिङ्गल वर्णको त्यो सम्पूर्ण पूर्वजहरूको उद्धार गर्ने 'नील–वृष' कहिन्छ ॥२७॥ जसको वर्ण परेवाका जस्तो छ र निधारमा टीका लगाए झैं चिह्न छ, त्यसलाई 'बभ्रु-नील' भन्दछन् ॥२८॥ जसको सम्पूर्ण शरीर नीलो वर्णको र दुबै आँखा राता छन्, त्यसलाई 'महानील' वृषभ भन्दछन् । यसरी पाँच किसिमको 'नील-वृषभ' भनिएकोछ ॥२९॥ यस्तो उत्पन्न भएको छ भने त्यसको अवश्य त्याग गरोस्; त्यसलाई घरमा राख्नु हुँदैन । त्यसको निम्ति संसारमा यो प्राचीन

॥३१॥ स एव पुत्रो मन्त्रज्ञो वृषोत्सर्गं तु यश्चरेत् । गयायां श्राद्धदाता च योऽन्यो विष्ठासमः किल ॥३२॥ रौरवादिषु ये केचित्पच्यन्ते यस्य पूर्वजाः । वृषोत्सर्गेण तान्सर्वांस्तर येदेकविंशतिम् ॥३३॥ वृषोत्सर्गं किलेच्छन्ति पितरः स्वर्गता अपि । अस्मद्वंशे सुतः कोऽपि वृषोत्सर्गं करिष्यति ॥३४॥ तदुत्सर्गाद्वयं सर्वे यास्यामः परमां गतिम् । सर्वयज्ञेषु चास्माकं वृषयज्ञो हि मुक्तिदः ॥३५॥ तस्मात्पितृविमुक्त्यर्थं वृषयज्ञं समाचरेत् । यथोक्तेन विधानेन कुर्यात्सर्वं प्रयत्नतः ॥३६॥ ग्रहाणां स्थापनं

प्रशंसा प्रचलित छ धेरै पुत्रको गरोस् किनकि ती धेरै मध्ये यौटाले त आमा बाबुका लागि गयामा गएर पिण्डदान गर्नें छ ! गौरी कन्याको विवाह र नील-वृष (नीलो साढ़े) डामेर छाड्ने छ ॥३०-३१॥ त्यसैलाई सुपुत्र मान्नु पर्दछ जसले वृषोत्सर्ग गर्दछ र गयाजीमा गएर श्राद्ध गर्दछ; जसले यति गर्न सक्तैन, त्यो अवश्य नै विष्ठाको समान हो ॥३२॥ जसका पूर्वजहरू नरकमा परेका छन्-तिनको सन्तानले वृषोत्सर्ग गरिदिए एक्काइस पुस्तासम्मको उद्धार हुन्छ ॥३३॥ स्वर्ग गइसकेका पितृहरू पनि निश्चय नै वृषोत्सर्गको इच्छा गर्दछन्—हाम्रो वंशमा अवश्य कुनै यौटा यस्तो सुपुत्र होला, जसले वृषोत्सर्ग गर्ला र त्यस वृषोत्सर्गले हामी परमगतिमा प्राप्त हुनेछौं किन भने यो वृष-यज्ञ अन्य सबै यज्ञहरूमा हामीहरूको मुक्तिदाता छ ॥३४-३५॥ यस कारण पितृहरूको मुक्तिका लागि वृषोत्सर्ग गरोस्, त्यसको जस्तो विधि वर्णन गरिएको छ, त्यसै अनुसार प्रयत्नपूर्बक गरोस् ॥३६॥ ग्रहहरूको स्थापना गरेर, तिनीहरूको तत्तत् मन्त्रले

कृत्वा तत्तन्मन्त्रैश्च पूजनम् । होमं कुर्याद्यथाशास्त्रं पूजयेद् वृषमातरः ॥३७॥ वत्सं वत्सीं समानाय्य बध्नीयात्कंकणं तयोः । वैवाह्येन विधानेन स्तम्भमारोपयेत्तदा ॥३८॥ स्नानायेच्च वृषं वत्सीं रुद्रकुम्भोदकेन च । गन्धमाल्यैश्च सम्पूज्य कारयेच्च प्रदक्षिणाम् ॥३९॥ त्रिशूलं दक्षिणं पार्श्वे वामे चक्रं प्रतापयेत् । तं विमुच्याञ्जलिं बद्ध्वा पठेन्मन्त्रमिमं सुतः ॥४०॥ धर्मस्त्वं वृषरूपेण ब्रह्मणा निर्मितः पुरा । तवोत्सर्गप्रदानेन तारयस्व भवार्णवात् ॥४१॥ इति मन्त्रान्नमस्कृत्य वत्सं वत्सीं समुत्सृजेत् । वरदोऽहं सदा तस्य प्रेतमोक्षं ददामि च ॥४२॥ तस्मादेष प्रकर्त्तव्यस्तत्फलं जीवतो भवेत् । अपुत्रस्तु स्वयं कृत्वा

पूजन गरी शास्त्रमा बताए अनुसार होम र वृष-माता-हरूको पूजा गरोस् ॥३७॥ बाछी र बाछो ल्याएर दुवैलाई कंगन बाँधिदिनू र विवाहको विधि अनुसार तोरण-स्तम्भ आदि तयार पारोस् ॥३८॥ अनि बाछी र बाछोलाई रुद्र-कुम्भको जलले स्नान गराई चन्दन, फूलमाला आदिले पूजा गरी प्रदक्षिणा गरोस् ॥३९॥ त्यस बाछाको दाहिनेतिर त्रिशूल र बायाँ पार्श्वमा चक्रको चिह्न अंकित गराओस् अनि त्यसको बन्धन फुकाइदिएर दुवै हात जोरी यो मन्त्र पढोस्- तिमी वृषरूपी धर्म हौ, पूर्वकालमा ब्रह्माले तिम्रो रचना गरेका हुन्; म तिम्रो उत्सर्ग, (छोड्दछु) गर्दछु अतः तिमी यस संसार-सागरबाट उद्धार गर ॥४०-४१॥ यस मन्त्रले प्रणाम गरेर बाछी र बाछोलाई छाडिदिनू । (भगवान् विष्णुले गरुडलाई भन्नुभयो) हे गरुड ! वृषोत्सर्ग गर्नेलाई म वरदान र प्रेतलाई मुक्ति दिन्छु ॥४२॥ यसकारण

सुखं याति परां गतिम् ॥४३॥ कार्तिकादौ शुभे मासे चोत्तरायणगे रवौ । शुक्लपक्षेऽथवा कृष्णे द्वादश्या-
दितिथौ तथा ॥४४॥ ग्रहणद्वितये चैव पुण्यतीर्थेऽयनद्वये चापि विषुवद्द्वितये वृषोत्सर्गं समाचरेत् ॥४५॥
ग. पु. शुभे लग्ने मुहूर्ते च शुचौ देशे समाहितः । ब्राह्मणं तु समाहूय विधिज्ञं शुभलक्षणम् ॥४६॥ जपैर्होमैस्तथा आ. टी
१३८ दानैः प्रकुर्याद्देहशोधनम् । पूर्ववत्सकलं कृत्यं कुर्याद्धोमादिलक्षणम् ॥४७॥ शालग्रामं च संस्थाप्य वैष्णवं अ०१२
श्राद्धमाचरेत् । आत्मश्राद्धं ततः कुर्याद्दद्याद्दानं द्विजन्मने ॥४८॥ एवं यः कुरुते पक्षिन्नपुत्रश्चापि
पुत्रवान् । सर्वकामफलं तस्य वृषोत्सर्गात् प्रजायते ॥४९॥ अग्निहोत्रादिभिर्यज्ञैर्दानैश्च विविधैरपि ।

वृषोत्सर्ग अवश्य गरोस्, जसद्वारा जीवलाई त्यसको उत्तम फल प्राप्त होस् । छोरो नहुने व्यक्तिले स्वयं आफ्नू वृषोत्सर्ग गरी सुखपूर्वक परमगति प्राप्त गर्दछ ॥४३॥ (आफ्नू वृषोत्सर्ग आफैंले गर्नु छ भने) कार्तिक आदि शुभ महीना र सूर्यनारायण उत्तरायण भएको बेलामा शुक्लपक्ष वा कृष्णपक्ष तथा द्वादशी आदि तिथि, सूर्य-चन्द्रग्रहण, पवित्र तीर्थ दुवै विषुवत्मा वृषोत्सर्ग गर्नू ॥४४-४५॥ शुभ लग्न, शुभ मुहूर्त र शुभ देशमा प्रसन्नचित्त भएर सम्पूर्ण विधि जान्ने विद्वान ब्राह्मणलाई डाकी जप, होम र दान गरेर शरीर शुद्धि गरोस् अनि होम आदि पहिले झैं गरोस् ॥४६-४७॥ वैष्णवले शालिग्रामको शिला स्थापना गरेर श्राद्ध आफैंले गरोस् र ब्राह्मणलाई सकेको दान देओस् ॥४८॥ हे गरुड ! यस प्रकारले पुत्रहीन अथवा छोरो भएका जो मनुष्यले यस्तो वृषोत्सर्ग गर्दछ, त्यसको सबै इच्छाहरूको फल प्राप्त हुन्छ

न तां गतिमवाप्नोति वृषोत्सर्गेण यां लभेत् ।।५०।। बाल्ये कौमारे पौगण्डे यौवने वार्धके कृतम् । यत्पापं तद्विनश्येत वृषोत्सर्गान्न संशयः ।।५१।। मित्रद्रोही कृतघ्नश्च सुरापी गुरुतल्पगः । ब्रह्मणा हेमहारी च वृषोत्सर्गात् प्रमुच्यते ।।५२।। तस्मात्सर्वप्रयत्नेन वृषयज्ञं समाचरेत् । वृषोत्सर्गसमं पुण्यम् नास्ति तार्क्ष्य जगत्त्रये ।।५३।। पतिपुत्रवति नारी द्वयोरग्रे मृता यदि । वृषोत्सर्गं नैव कुर्याद्दद्याद् गां च पयस्विनीन् ।।५४।। वृषभं वाहयेद्यस्तु स्कन्धे पृष्ठे च खेचर । स पतेन्नरके घोरे यावदाभूतसंप्लवम् ।।५५।। वृषभं वाहयेद्यस्तु निर्दयो मुष्टियष्टिभिः । स नरः कल्पपर्यन्तं भुनक्ति यमयातनाम् ।।५६।। एवं वृषोत्सर्ग

।।४९।। वृषोत्सर्ग गर्नाले जुन गति प्राप्त हुन्छ, अग्निहोत्र आदि यज्ञ र विविध प्रकारका दानहरूले पनि त्यो गति प्राप्त हुन सक्तैन ।।५०।। बाल्य, कौमार पौगण्य, यौवन र वार्धक्य यी अवस्थामा जे जति पाप गरको छ, त्यो सबै नाश भएर जान्छ, यसमा सन्देह छैन ।।५१।। आफ्ना मित्रसंग द्रोह गर्नू, कृतघ्न, रक्सी खाने, गुरु-पत्नी गमन गर्ने, ब्रह्म हत्यारो, सुवर्ण चोर्ने यो सबै पापबाट मुक्त भई बैकुण्ठ जान्छ ।।५२।। यस निम्ति प्रयत्नपूर्वक वृषोत्सर्ग अवश्य गरोस् हे गरुड! तीनै लोकमा वृषोत्सर्ग गरे झैं अर्को कुनै पनि पुण्य-कार्य छैन ।।५३।। लोग्ने र छोरो भएकी स्त्री, पति र पुत्रभन्दा अघिनै मरी भने त्यसको वृषोत्सर्ग नगरे पनि हुन्छ । केवल दूध दिने गाई दान गरिदिए हुन्छ ।।५४।। हे गरुड ! जो वृषोत्सर्ग गरेका साँढेको पिठिउँमा भारी बोकाएर हिंड़ाउँछ, त्यो प्रलय कालसम्म डरलाग्दो नरकमा गाड़िइरहन्छ

कुर्याच्छ्राद्धानि षोडशः स्मृतः । सपिण्डीकरणादर्वाक् तदहं कथयामि ते ॥५७॥ स्थाने द्वारेऽर्धमार्गे च चितायां शवहस्तके । अस्थिसञ्चयने षष्ठो दश पिण्डा दशाह्निकाः ॥५८॥ मलिनं षोडशं चैतत्प्रथमं परिकीर्तितम् अन्यच्च षोडशं मध्यं द्वितीयं कथयामि ते ॥५९॥ प्रथमं विष्णवे दद्याद् द्वितीयं श्रीशिवाय च। यमाय परिवाराय तृतीयं पिण्डमुत्सृजेत् ॥६०॥ चतुर्थं सोमराजाय हव्यवाहाय पञ्चमम् । कव्यवाहाय षष्ठं च दद्यात्कालाय सप्तमम् ॥६१॥ रुद्राय चाष्टमं दद्यान्नवमं पुरुषाय च । प्रेताय दशमं चैवैकादशं विष्णवे नमः ॥६२॥ द्वादशं ब्राह्मणे दद्याद्विष्णवे च त्रयोदशं । चतुर्दशं शिवायैव यमाय दशपञ्चकम् ॥६३॥

।५५॥ जो निर्दयी व्यक्ति त्यो साँढेलाई मुड्की अथवा लट्ठीले कुट्दछ, त्यो कल्पान्तसम्म यमराजको यातना भोगिरहन्छ ॥५६॥ यस प्रकार वृषोत्सर्ग गरिसकेपछि सपिण्डीकरण श्राद्ध भन्दा पहिले षोडशी (सोह्र श्राद्ध) गरोस् । त्यो म तिमीलाइ भन्दछू, सुन ॥५७॥ मृत्युस्थान–द्वारस्थान र विश्रामस्थान, चिता, शवको हात, अस्थिसंचयन तथा दस दिनको दस पिण्ड यतिलाई मलिन नामको षोडश श्राद्ध भन्दछन् । मध्यको अर्को षोड्श श्राद्ध भन्दछु ॥५८-५९॥ पहिलो पिण्ड विष्णु भगवानको, दोस्रो शिवजीको, तेस्रो पिण्ड सपरिवार यमराजको, चौथो सोमराजको, पाँचौं हव्यवाहको, छैठौं कव्यवाहको, सातौं कालको, आठौं रुद्रको, नवौं पुरुषको, दसौं प्रेतको, एघारौं विष्णुको, बाह्रौं ब्राह्मणको, तेह्रौं विष्णुको, चौधौं महादेवको, पन्ध्रौं यमराजको नामले दिनू, हे गरुड! सोह्रौं पिण्ड तत्पुरुषलाई देओस् ।

सेषु पाक्षिकं च त्रिपाक्षिकम् । न्यूनषाण्मासिकं पिंडं दद्यान्न्यूनाब्दिकं तथा ॥६५॥ उत्तमं षोडशं चैतन्मया ते परिकीर्तितम् । श्रपयित्वा चरुं तार्क्ष्य कुर्यादेकादशेऽहनि ॥६६॥ चत्वारिंशत्तथैवाष्टौ श्राद्धं प्रेतत्व-नाशनम् । यस्य जातं विधानेन स भवेत्पितृमुक्तिभाक् ॥६७॥ पितृपंक्तिप्रवेशार्थं कारयेत्षोडशत्रयम् । एतच्छ्राद्धविहीनश्चेत्प्रेतो भवति सुस्थिरम् ॥६८॥ यावन्न दीयते श्राद्धं षोडशत्रयसंज्ञकम् । स्वदत्तं परदत्तं च तावन्नैवोपतिष्ठते ॥ तस्मात्पुत्रेण कर्तव्यं विधिना षोडशत्रयम् ॥ भर्तुर्वा कुरुते पत्नीं तस्य

तत्वलाई जान्ने व्यक्ति यस सोह्र श्राद्धलाई 'मध्य षोडशी' भन्दछन् ॥५०–६४॥ प्रत्येक महीनाको बाह्र पिण्ड र पाक्षिक, त्रैपाक्षिक, उनाषाण्मासिक, उनाब्दिक, पिण्ड हे गरुड ! यो सोह्र श्राद्ध जो मैले तिमीलाई बताएँ, त्यो 'उत्तम षोडशी' कहिन्छ । अतः खीर पकाएर यो कार्य एघारौंको दिन गरोस् ।६५-६६॥ चालीस र आठ अर्थात् अठचालिस श्राद्ध प्रेतत्व नाश गर्ने हो । जसको यी श्राद्ध विधिपूर्वक सम्पन्न हुन्छ, त्यो पितृहरूका पंक्तिमा प्रवेश गर्न पाउँछ ॥६७॥ पितृहरूको पंक्तिमा प्रवेश पाउनको लागि यी तीनै थरिका षोडशी श्राद्ध गरोस् यदि यी तीनोटै श्राद्ध गरेन भने मृतकको मृतत्व नाश हुँदैन, अर्थात् त्यो प्रेत-योनिमै रहिरन्छ ॥६८॥ जबसम्म यी तीनै प्रकारका षोडशी गरिइन्न, तबसम्म आफनाले र अन्यले पनि दिइएको अरू कुनै श्राद्ध प्रेतलाई प्राप्त हुन सक्नैन ॥६९॥ यस निम्ति

श्रेयो ह्यनन्तकम् ॥७०॥ संपरेतस्य या पत्युः कुरुते चौर्ध्वदेहिकम् । क्षयाहं पाक्षिकश्रा साद्ध सती-
त्युच्यते मया ॥७१॥ उपकाराथ सा भर्तुर्जीवत्येषा पतिव्रता । जीवितं सफलं तस्या या मृतं स्वामिनं
ग पु. भजेत् ॥७२॥ अथ कश्चित्प्रमादेन म्रियते वह्निवारिभिः । संस्कारप्रमुखं कर्म सर्वं कुर्याद्यथाविधि ॥७३॥ भा.टी.
१४२ प्रमादादिच्छया वापि नागाद्वा म्रियते यदि । पक्षयोरुभयोर्नागं पञ्चमीषु प्रपूजयेत् ॥७४॥ कुर्यात्पिष्टमयीं अ०१२
लेख्यां नागभोगाकृतिं भुवि । अर्चयेत्तां सितैः पुष्पैः सुगन्धैश्चन्दनेन च ॥७५॥ प्रदद्याद्धूपदीपौ च
तण्डुलाश्च तिलान क्षिपेत् । आमपिष्टं च नैवेद्यम् क्षीरं च विनिवेदयेत् ॥७६॥ सौवर्णं शक्तितो नागं

छोरोले विधिपूर्वक यी तीनै थरिका षोडशी अवश्य गरोस् । छोरो र अन्य नजीकैमा बन्धु-बान्धवको अभावमा लाग्नेको श्राद्ध स्वास्नीले गर्दछे भने त्यसको अनन्त कल्याण हुन्छ ॥७०॥ जुन स्त्री मरेका पतिको और्ध्वदेहिक कर्म, क्षयाह र पाक्षिक श्राद्ध गर्दछे, त्यसलाई म 'सती' भन्दछु । त्यो पतिव्रता स्त्री आफ्नू पतिको उपकारको निम्ति जीवित छ तथा त्यसैको जीवन सफल मानिन्छ, जो मरेका पतिको सत्यमा रहन्छे ॥७१-७२॥ कुनै प्रमादवश आगोमा डढेर, पानीमा डुबेर मर्दछ भने त्यसको अन्त्येष्टि आदि सबै कर्म विधिपूर्वक गरोस् ॥७३॥ यदि प्रमादले अथवा स्वेच्छाले वा सर्पले टोकेर मरेका व्यक्तिको शुक्लपक्ष र कृष्णपक्षको पंचमी तिथिमा नागको पूजा गरोस् ॥७४॥ भूमिमा पीठोले सर्पको शरीरको आकृति बनाओस् र त्यसको चन्दन, अक्षता र फूलले पूजा गरी ॥७५॥

गां च दद्याद् द्विजन्मने । कृताञ्जलिस्ततो ब्रूयात्प्रीयतां नागराडिति ॥७७॥ पुनस्तेषां प्रकुर्वीत नारायणबलिक्रियाम् । तया लभन्ते स्वसान्नंसं मुच्यन्ते सर्वपातकैः ॥७८॥ एवं सर्वक्रियां कृत्वा घटं जलान्वितम् । दद्यादाब्दं तथासंख्यान्पिडान्वा सजलान् क्रमात् ॥७९॥ एवमेकादशे कृत्वा कुर्यात्सापिण्डनं ततः । शय्यापदानां सविधिं कारयेत्सूतके गते ॥८०॥

इति श्रीगरुडपुराणे सारोद्धारे एकादशदिनविधिनिरूपणं नाम द्वादशोऽध्यायः ॥ १२ ॥

धूप-दीप पनि गरोस् अक्षता र तिल छर्कि देओस्, काँचो पीठोको नैवेद्य र लावा-दूध समर्पण गरोस् ॥७६॥ आफ्नू शक्ति अनुसार ब्राह्मणलाई सुनको नाग र गाई दान देओस् । त्यसपछि हात जोरेर 'हे नागराज ! प्रसन्न होऊ' भनी प्रार्थना गरोस् ॥७७॥ फेरि सर्प आदि द्वारा भएको दुर्मरणका लागि मृतकको नारायणवली आदि क्रिया गरोस् । यस कार्यले मृतकलाई स्वर्गलोक प्राप्त हुन्छ र सबै पापबाट मुक्त हुन्छ ॥७८॥ यसरी सबै क्रिया गरेर वर्ष दिनसम्म जलले पूर्ण गाग्रो र अन्न देओस् अथवा वर्ष पुगेको दिन संख्याको क्रमले अर्घ्य सहित पिण्ड दान गरोस् ॥७९॥ यसरी एघारौं दिनको सम्पूर्ण कृत्य गरेर बाह्रौं दिन सपिण्डीकरण श्राद्ध पनि गरोस् । सूतक समाप्त भएपछि शय्या-दान र पद-दान पनि गरोस् ॥८०॥

इतिश्री गरुड़ पुराणको सारोद्धारमा एघारौं दिनको विधि-निरूपण नामक यो बाह्रौं अध्याय समाप्त भयो ॥ १२ ॥

गरुड उवाच—सपिण्डनविधिं ब्रूहि सूतकस्य च निर्णयम् । शय्यापदानां सामग्री तेषां च महिमा प्रभो ॥१॥ श्रीभगवानुवाच—शृणु तार्क्ष्य प्रवक्ष्यामि सापिण्ड्याद्यखिलां क्रियाम् । प्रेतनाम परित्यज्य ययौ पितृगणे विशेत् ॥२॥ न पिण्डो मिलितो येषां पितामहशिवादिषु । नोपतिष्ठन्ति दानानि पुत्रैर्दत्तान्यनेकधा ॥३॥ अशुद्धः स्यात्सदा पुत्रो न शुद्ध्यति कदाचन । सूतकं न निवर्तेत सपिण्डीकरणं विना ॥४॥ तस्मात्पुत्रेण कर्तव्य सूतकान्ते सपिण्डनम् । सूतकान्तं प्रवक्ष्यामि सर्वेषां च यथोचितम् ॥५॥ ब्राह्मणस्तु दशाहेन क्षत्रियो द्वादशेऽहनि । वैश्यः पञ्चदशाहेन शूद्रो मासेन शुध्यति

गरुडले भने- हे प्रभो ! सपिण्डीकरण श्राद्धको विधि सूतकको निर्णय, शय्यादान र पददानको सामग्री तथा त्यसको महिमा मलाई आज्ञा हवस् ॥१॥ श्री भगवान आज्ञा अनुहुन्छ–हे गरुड ! सुन–सपिण्डीकरण आदि त्यो सबै क्रियाहरू भन्दछू, जुन क्रियाले मनुष्य प्रेतको नाम त्यागेर पितृलोकमा प्रवेश गर्दछ ॥२॥ शिवस्वरूप आदि पितामहहरूको पिण्डमा जसको पिण्ड मिसाइन्न अर्थात् मिलाइन्न, त्यसलाई छोराहरूले दिएका अनेक प्रकारका दान र पिण्ड-पानी प्राप्त हुन सक्तैन ॥३॥ सपिण्डीकरण श्राद्ध नगरीकन सूतकबाट मुक्त हुन सक्तैन त्यस कारण मृतकको छोरो सधैं अपवित्र रहन्छ, कहिले पनि शुद्ध हुन सक्तैन ॥४॥ अतः पुत्रले सूतकको अन्त्यमा सपिण्डीकरण श्राद्ध अवश्य गरोस् । अब ब्राह्मण आदि सबै वर्णको यथोचित सूतक लाग्ने अवधि भन्दछू सुन ॥५॥ ब्राह्मण दस दिनमा, क्षत्रिय

॥६॥ दशाहेन सपिण्डास्तु शुद्ध्यन्ति प्रेतसूतके । त्रिरात्रेण सकुल्यास्तु स्नात्वा शुद्ध्यन्ति गोत्रजाः ॥७॥ चतुर्थे दशरात्रं स्यात्षण्णिशाः पुंसि पञ्चमे । षष्ठे चतुरहः प्रोक्तं सप्तमे च दिनत्रयम् ॥८॥ अष्टमे दिनमेकं तु नवमे प्रहरद्वयम् । दशमे स्नानमात्रं हि मृतकं जन्मसूतकम् ॥९॥ देशान्तरगतः कश्चिच्छृणुयाद्यो ह्यहर्निशम् । यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ॥१०॥ अतिक्रान्ते दशाहे तु त्रिरात्रमशुचिर्भवेत् । संवत्सरे ब्यतीते तु स्नानमात्राद्विशुद्ध्यति ॥११॥ आद्यभागद्वयं यावन्मृतकस्य च सूतके । द्वितीये

बाह्र दिनमा, वैश्य पन्ध्र दिनमा र शूद्र एक महीनामा शुद्ध हुन्छन् ॥६॥ मरणको सूतक सपिण्डी भित्रका लागि दस दिन र संकल्पका व्यक्ति तीन रात्रिमा र सगोत्रीहरू केवल स्नान गरेर नै पवित्र हुन्छन् ॥७॥ मृत्युको सूतक चौथो पुस्तामा दस रातसम्म लाग्दछ पाँचौं पुस्तामा छ रातसम्म बार्नु पर्दछ छैठौं पुस्तामा चार दिन मात्र लाग्दछ र सात पुस्ता भएपछि तीन दिन बार्नु, आठौं पुस्तामा एक दिन र नवौं पुस्तामा दुई प्रहरसम्म तथा दसौं पुस्तामा स्नान मात्र गर्नाले पनि पवित्र हुन्छन्॥८-९॥देशान्तरमा गएको मनुष्य मरेको समचार दस दिन भित्र सुन्यो भने त्यो दसौं दिनको शेष रात्रि हो त्यो रात भरि मात्र सूतक लाग्दछ ॥१०॥ दस दिन बितेपछि यदि एक वर्षभित्र मरेको समाचार सुन्यो भने तीन रातसम्म सूतक बार्नु पर्दछ र वर्ष दिन बितेपछि सुन्यो भने केवल स्नान गर्नालि नै शुद्ध हुन्छन् ॥११॥ पहिले मरेका व्यक्तिको सूतकको अवधिया प्रथम दुई भागसम्म, दोस्रो सूतक पर्‍यो भने पहिलो सूतकले नै

पतिते चाद्यात्सूतकाच्छुद्धिर्भविष्यते ॥१२॥ आदन्तजननात्सद्य आचौलान्नैशिको स्मृता । त्रिरात्रमाव्रता- भा.टी
देशान् दशरात्रमतः परम् ॥१३॥ आजन्मतस्तु चौलान्तं यत्र कन्या विपद्यते । सद्यः शौच भवेत्तत्र
ग. पु. सर्ववर्णेषु नित्यशः ॥१४॥ ततो वाग्दानपर्यन्तं यावदेकाहमेव हि । अतः परं प्रवृद्धानां त्रिरात्रमिति
१४६ निश्चयः ॥१५॥ वाक्प्रदाने कृतं त्वत्र ज्ञेयं चोभयतस्त्र्यहम् । पितुर्वरस्य च ततो दत्तानां भर्तुरेव अ०१२
हि ॥१६॥ षण्मासाभ्यन्तरे यावद् गर्भस्रावो भवेद्यदि । तदा माससमैस्तासां दिवसैः शुद्धिर्भविष्यते ॥१७॥

दोस्रोलाई पनि पवित्र पार्दछ अर्थात् शुद्ध हुन्छ ॥१२॥ दाँत निस्किसकेको बालक मरेमा स्नान मात्रले नै शुद्धि हुन्छ । चूडाकरणसम्म एक रात र व्रतबन्धनसम्म तीन रात, त्यसपछि मरेकाको दस दिनमा शुद्ध हुन्छ ॥१३॥ जन्म-देखि चूडाकरणसम्म जहाँ कन्याको मृत्यु हुन्छ, त्यहाँ जुनसुकै वर्ण (जात) को पनि सद्यः (स्नान मात्रले) पवित्र हुन्छ ॥१४॥ त्यसपछि विवाहको वाग्दानसम्म एकदिन र त्यसपछि तीन रात्रिसम्म सूतक लाग्दछ, यो विद्वानहरूको निर्णय हो॥१५॥ वाग्दान गरिसकेपछि कन्या मरी भने पिता र वर दुवै कुलले तीन-तीन दिनसम्म जूठो बार्नु पर्दछ । विवाह गरिसकेकी स्त्री मरी भने त्यसको पतिको कुलमा नै मृतक लाग्दछ ॥१५॥ यदि कुनै स्त्रीको छ महीना भित्र गर्भ तुट्यो भने जति महीनाको गर्भ छ त्यति नै दिनमा शुद्ध हुन्छ ॥१७॥ त्यसपछि गर्भपात भयो भने स्त्रीहरूले आफ्नू-आफ्नू जात र कुलको आचरण अनुसार सूतक बार्नु पर्दछ र सपिण्डी भित्रका पुरुषहरू तुरुन्त स्नान गरे शुद्ध हुन्छन्

आपनू जात र कुलको आचरण अनुसार सूतक बानु पर्दछ र सपिण्डी भित्रका पुरुषहरू तुरुन्त स्नान गरे शुद्ध हुन्छन् ।

अत ऊर्ध्वं स्वजात्युक्तमाशौचं तासु विद्यते । सद्यःशौचं सपिण्डानां गर्भस्य पतने सति ॥१८॥ सर्वेषा-
मेव वर्णानां सूतके मृतकेऽपिवा । दशाहाच्छुद्धिरित्येष कलौ शास्त्रस्यनिश्चयः ॥१९॥ आशीर्वादं देवपूजां
 प्रत्युत्थानाभिवन्दनम् । पर्यङ्के शयनं स्पर्शं न कुर्यान्मृतसूतके ॥२०॥ सन्ध्यां दानं जपं होमं स्वाध्यायं
 पितृतर्पणम् । ब्रह्मभोज्यं व्रतं नैव कर्तव्यं मृतसूतके ॥२१॥ नित्यं नैमित्तिकं काम्यं सूतके यः समाचरेत् ।
तस्य पूर्वकृतं नित्यादिकं कर्म विनश्यति ॥२२॥ व्रतिनो मन्त्रपूजस्य साग्निकस्य द्विजस्य च ।
ब्रह्मनिष्ठस्य यतिनो न हि राज्ञां च सूतकम् ॥२३॥ विवाहोत्सवयज्ञेषु जाते च मृतसूतके । तस्य

॥१८॥ सबै जातमा जन्मेको वृद्धि र मरेको सूतक दस दिनमा शुद्ध हुने चलन छ र कलियुगमा शास्त्रको पनि यस्तै निर्णय छ ॥१९॥ मरेको अशौचमा–आशीर्वाद, देवताको पूजा अभ्युत्थान अभिवादन (ढोग-भेट), खाटमा सुत्नु, स्पर्श, सन्ध्या, दान, जप, होम वेदाध्ययन, पितृतर्पण, ब्राह्मण भोजन र व्रत उपवास यति कर्म गर्नु हुँदैन ॥२०-२१॥ जसले जूठो र सूतकमा नित्य, नैमित्तिक र काम्यकर्महरू गर्दछन् तिनका पहिले गरिएका सबै शुभ कर्महरू नष्ट भएर जान्छन् ॥२२॥ व्रती (व्रत बसेको), मन्त्र द्वारा पवित्र पारिएको अग्निहोत्री ब्राह्मण, ब्रह्मनिष्ठ, सन्यासी र राजा यी सबैलाई जूठो र सूतक लाग्दैन ॥२३॥ मनुको भनाइ छ-बिवाह, उत्सव र यज्ञमा मृत्युको सूतक आइपऱ्यो भने, पाकिसकेको

पूर्वकृतं चान्नं भोज्यं तन्मनुरब्रवीत् ॥२४॥ सूतके यस्तु गृह्णाति तदज्ञानान्न दोषभाक् । दाता
दोषमवाप्नोति याचकाय ददन्नपि ॥२५॥ प्रच्छाद्य सूतकं यस्तु ददात्यन्नं द्विजाय च । ज्ञात्वा गृण्हन्ति
ये विप्रा दोषभाजस्य एव हि ॥२६॥ तस्मात्सूतकशुद्ध्यर्थं पितुः कुर्यात्सपिण्डनम् । ततः पितृगणैः सार्धं
पितृलोकं स गच्छति ॥२७॥ द्वादशाहे त्रिपक्षे वा षण्मासे वत्सरेऽपि वा । सपिण्डीकरणं प्रोक्तं
मुनिभिस्तत्त्वदर्शिभिः ॥२८॥ मया तु प्रोच्यते तार्क्ष्य शास्त्रधर्मानुसारतः । चतुर्णामेव वर्णानां द्वादशाहे
सपिण्डनम् ॥२९॥ अनित्यात्कलिधर्माणां पुंसां चैवायुषः क्षयात् । अस्थिरत्वाच्छरीरस्य द्वादशाहे

अन्न फाल्नु पर्दैन, खान-खुवाउन हुन्छ ॥२४॥ जूठो सूतक परेमा जो थाहा नपाई अन्न आदि लिन्छ वा खान्छ त्यो दोषको भागी हुँदैन, याचक (माग्ने) लाई दिने दाता नै दोषको भागी हुन्छ ॥२५॥ जसले सूतक परेको पनि लुकाई-छुपाई ब्राह्मणलाई अन्नादि दिन्छ र जुन बिप्रले मरेको जानेर पनि अन्नादि लिन्छ ती दुवै दोषको भागी हुन्छन् ॥२६॥ यसकारण सूतकको शुद्धिका निमित्त पुत्रले पिताको सपिण्डीकरण श्राद्ध गर्नै पर्दछ, सपिण्डीकरण श्राद्धले मृतक पितृगणहरूका साथमा पितृलोकमा जान्छ ॥२७॥ तत्व जान्ने मुनिहरूको कथन छ-बाह्रौं दिन, तीन पक्ष वा छ महीना तथा एक वर्षमा पनि सपिण्डीकरण श्राद्ध गरोस् ॥२८॥ हे गरुड ! धर्मशास्त्रको अनुसार मेरो भनाई छ कि-चारै वर्णले सपिण्डीकरण श्राद्ध बाह्र दिनमै गरून् ॥२९॥ कलिधर्मको अस्थिरता, व्यक्तिको जीवनको ह्रास र स्थिर नहुने भएकोले बाह्रौं दिनमै

श्राद्ध बाह्र दिनमै गरून् ॥२९॥ कलिधर्मको अस्थिरता, व्यक्तिको जीवनको ह्रास र स्थिर नहुने भएकोले बाह्रौं दिनमै

प्रशस्यते ॥३०॥ व्रतबन्धोत्सवादीनि व्रतस्योद्यापनानि च । विवाहादि भवेन्नैव मृते च गृहमेधिनी
॥३१॥ भिक्षुर्भिक्षां न गृण्हाति हन्तकारो न गृह्यते । नित्यं नैमित्तिकं लुप्येद्यावत्पिण्डो न मेलितः ॥३२॥
ग. पु. कर्मलोपात्प्रत्यवायो भवेत्तस्मात्सपिण्डनम् । निरग्निकः साग्निको वा द्वादशाहे समाचरेत् ॥३३॥ तत्फलं भा टी.
१४९ सर्वतीर्थेषु सर्वयज्ञेषु यत्फलम् । यत्फलं समवाप्नोति द्वादशाहे सपिण्डनात् ॥३४॥ अतः स्नात्वा अ० १३
मृतस्थाने गोमयेनोपलेपिते । शास्त्रोक्तेन विधानेन सपिण्डीं कारयेत्सुतः ॥३५॥ पाद्यार्घ्याचमनीयाद्यै-
र्विश्वेदेवाश्च पूजयेत् । कौ पित्रे विकिरं दत्वा पुनश्चापि उपस्पृशेत् ॥३६॥ दद्यात्पितामहादीनां

सपिण्डी गर्नु प्रशस्त (ठीक) छ ॥३०॥ घरको स्वामीको मृत्युमा व्रतबन्ध, उत्सव आदि, व्रत र उद्यापन, विवाह आदि शुभ कार्य गर्नु हुँदैन ॥३१॥ जबसम्म सपिण्डीकरण श्राद्ध गरेर पिण्डमिलन हुँदैन, तबसम्म सन्यासीले त्यस घरको भिक्षा ग्रहण गर्दैनन् । हन्तकार (१६ ग्राम) को ग्रहण गर्न हुँदैन र नित्यनैमित्यिक कर्म पनि गर्न हुँदैन ॥३२॥ कर्मको लोपले प्रत्यवाय (पाप) लाग्दछ, त्यस निमित्त निरग्नि वा साग्निक (अग्निहोत्री), बाह्रौं दिनमा सपिण्डी गरून् ॥३३॥ जुन फल सबैं तीर्थहरूमा र सबै यज्ञहरूमा प्राप्त हुन्छ, त्यो फल बाह्रौं दिनमा सपिण्डी गर्नाले हुन्छ ॥३४॥ कारण छोरोले स्नान गरेर मृतक प्राणीको स्थानलाई गोबरले लिपेर शास्त्रोक्त विधिले सपिण्डीकरण श्राद्ध गरोस ॥३५॥ पाद्य, अर्घ्य आचमनीय, आदिले विश्वेदेवाहरूको पूजा गरेर (प्रेत योनिबाट नछुटेका) पितृहरूलाई विकर पिण्ड दिएर

त्रीन्पिण्डाश्च यथाक्रमम् । वसुरुद्रार्करूपाणां चतुर्थं मृतकस्य च ॥३७॥ चन्दनैस्तुलसीपत्रैर्धूपै-र्दीपैः सुभोजनैः । मुखवासैः सुवस्त्रैश्च दक्षिणाभिश्च पूजयेत् ॥३८॥ प्रेतपिण्डं त्रिधा कृत्वा सुवर्णस्य सलाकया । पितामहादिपिण्डेषु मेलयेत्तं पृथक्-पृथक् ॥३९॥ पितामह्या समं मातुः पितामहसमं पितुः । सपिण्डीकरणं कुर्यादिति ताक्ष्र्य मतं मम ॥४०॥ मृते पितरि यस्याथ विद्यते च पितामहः । तेन देयास्त्रयः पिण्डाः प्रपितामहपूर्वकाः ॥४१॥ तेभ्यश्च पैतृकं पिण्डं मेलयेत्तं त्रिधा कृतम् । मातर्यग्रे प्रशान्तायां

जलले आचमन गरोस् ॥३६॥ वसु, रुद्र र आदित्य स्वरूप पितामह, र वृद्ध प्रपितामहहरूको नामले क्रमशः तीन पिण्ड देओस र चौथो प्रेतलाई देओस् ॥३७॥ चन्दन, तुलसी पत्र, धूप, दीप, मिष्टान्न भोजन, ताम्बूल, राम्रो वस्त्र र दक्षिणा आदिले पिण्डको पूजन गरोस् ॥३८॥ त्यसपछि सुवर्णको तारले प्रेत-पिण्डको तीन भाग गरी त्यसलाई पितामहादिको पिण्डमा क्रमले भिन्न-भिन्नै मिलाओस् ॥३९॥ हे गरुड ! मेरो त यस्तो विचार छ कि–पितामहीको साथमा माताको र पितामहको साथमा पिताको सपिण्डी गरोस् ॥४०॥ पिता मरेर पितामह बाँचेका भए छोरोले पितामह भन्दा माथिका तीन पुस्तालाई तीन पिण्ड देओस् ॥४१॥ पिताको पिण्डलाई तीन भाग गरेर त्यसलाई पितामह आदिको पिण्डका क्रमैले मिलाओस पहिले आमा मरेर पितामही बाँचेकै भए आमाको श्राद्ध पितृवत् विधिले गरोस अथवा

विद्यते च पितामही ॥४२॥ तदा मातृकश्राद्धेऽपि कुर्यात्पैतृकयद्विधिम् । यद्वा मयि महालक्ष्म्यां तयोः पिण्डं च मेलयेत् ॥४३॥ अपुत्रायाः स्त्रियाः कुर्यात्पतिः सापिण्डनादिकम् । श्वश्र्वादिभिः सहैवास्याः सपिण्डीकरणं भवेत् ॥४४॥ भर्त्रादिभिस्त्रिभिः कार्यं सपिण्डीकरणं स्त्रियाः । नैतन्मम मतं तार्क्ष्य पत्या सापिण्ड्यमर्हति ।४५॥ एकां चितां समारूढौ दम्पती यदि काश्यप । तृणमन्तरतः कृत्वा श्वशुरादिस्तदाचरेत् ॥४६॥ एक एव सुतः कुर्यादादौ पिण्डादिकं पितुः । तदूर्ध्वं च प्रकुर्वीत सत्या स्नानं पुनश्चरेत् ॥४७॥ हुताशं या समारूढा दशाहाभ्यन्तरे सती । तस्या भर्तुर्दिने कार्यं शय्यादानं

पिताको पितामही रूप लक्ष्मीमा मिलाउन् ॥४२-४३॥ पुत्र नहुने स्त्रीको सपिण्डी पतिले गरोस्, स्त्रीको सपिण्डीकरण सासू आदिको साथमा गर्नुपर्दछ ॥४४॥ हे गरुड ! मेरो मत यस्तो छैन कि स्त्रीको सपिंडीकरण पति तीन पुस्ताको साथ अथवा केवल पतिको साथमा सपिंडी गर्नु योग्य छ (मेरो मतमा त स्त्रीहरूको स्त्रीहरूकै साथमा र पुरुषहरूको पुरुषहरूकै साथमा सपिण्डीकरण श्राद्ध गर्नु नै ठीक हो) ॥४५॥ हे गरुड ! यदि एकै चितामा दुवै स्त्री-पुरुष आरूढ भएर डढेका भए माझमा यौठा तृण (सिका) राखेर ससुरा आदिले त्यस सतीको सपिण्डीकरण गरुन् ॥४६॥ जेठो छोरोले नै पिताको सपिण्डी आदि गरोस त्यसपछि सतीको गरोस अनि स्नान गरोस् ॥४७॥ जुन स्त्री पति मरेको दस दिन भित्र अग्निमा डढेर सती हुन्छे, त्यसको श्राद्ध र क्रिया एवं शय्या दान आदि पतिको क्रिया आदिकै साथमा

सपिण्डनम् ॥४८॥ कृत्वा सपिण्डनं तार्क्ष्य प्रकुर्यात्पितृतर्पणम् । उदाहरेत्स्वधाकारं वेदमन्त्रैः समन्वितम्
॥४९॥ अतिथिं भोजयेत्पश्चाद् हन्तकारं च सर्वदा । तेन तृप्यन्ति पितरो मुनयो देवदानवाः ॥५०॥
ग्रासमात्रा भवेद्भिक्षा चतुर्ग्रासं तु पुष्कलम् । पुष्कलानि च चत्वारि हन्तकारो विधीयते ॥५१॥
सपिण्ड्या विप्रचरणौ पूजयेच्चन्दनाक्षतैः । दानं तस्मै प्रदातव्यमक्षय्यतृप्तिहेतवे ॥५२॥ वर्षवृत्तिं घृतं
चान्नं सुवर्णं रजतं सुगाम् । अश्वं गजं रथं भूमिमाचार्याय प्रदापयेत् ॥५३॥ ततश्च पूजयेन्मन्त्रैः
स्वस्तिवाचनपूर्वकम् । कुङ्कुमाक्षतनैवेद्यैर्ग्रहान्देवीं विनायकम् ॥५४॥ आचार्यस्तु ततः कुर्यादभिषेकं

गरिदिए हुन्छ ॥४८॥ हे गरुड ! सपिण्डी गरिसकेपछि पितृ-तर्पण र वेद-मन्त्रका साथै स्वधा शब्दको उच्चारण गरोस्
॥४९॥ त्यसपछि अतिथिलाई खान दिई सदा हन्तकार (सोह्र गाँस) मात्र भोजन गरोस, यति गर्नाले पितृ, मुनि,
देवता र दानव सबै तृप्त हुन्छन् ॥५०॥ एक गाँसको बराबर भिक्षा चार गाँसको समान पुष्कलको एक हन्तकार
मानिन्छ ॥५१॥ सपिण्डीकरण श्राद्धमा चन्दन-अक्षताले चरणको पूजा गर्नू, अक्षय्य तृप्तिको लागि उनलाई दान दिनू
॥५२॥ आचार्यलाई एक वर्षसम्म खान पुग्ने गरी घिउ, अन्न, सुवर्ण, चाँदी, उत्तम गाई, घोड़ा, हात्ती, रथ र भूमि–
यी सबै वस्तु दान दिनू ॥५३॥ त्यसपछि पहिले स्वस्तिवाचन गरी मन्त्र पढेर कुंकुम, अक्षता, फल, फूल र नैवेद्यले
नवग्रह देवी र गणेशको पूजन गर्नू ॥५४॥ यसपछि आचार्यले मन्त्रद्वारा अभिषेक गरिदिनू र रक्षा-सूत्र हातमा बाँधिदिनू

नवग्रह देवी र गणेशको पूजन गर्नू ।।५४।। यसपछि आचार्यले मन्त्रद्वारा अभिषेक गरिदिनू र रक्षा-सूत्र हातमा बाँधिदिनू

समन्त्रकम् । बद्ध्वा सूत्रं करे दद्यान्मन्त्रपूतांस्तथाक्षतान् ।।५५।। ततश्च भोजयेद्विप्रान्मिष्टान्नैर्विविधैः
शुभैः । दद्यात्सदक्षिणांस्तेभ्यः सजलान्नान्द्विषड्घटाम् ।।५६।। वार्यायुधप्रतोदस्तु दण्डस्तु द्विजभोजनात् ।
 स्पृष्टव्याश्च ततो वर्णैः शुध्येरन् ते ततः क्रमात् ।।५७।। एवं सपिण्डनं कृत्वा क्रियावस्त्राणि सन्त्यजेत् ।
 शुक्लाम्बरधरो भूत्वा शय्यादानं प्रदापयेत् ।।५८।। शय्यादानं प्रशंसन्ति सर्वे देवाः सवासवाः
तस्माच्छय्या प्रदातव्या मरणे जीविते ऽपि वा ।।५९।। सारदारुमयीं रम्यां सुचित्रैश्चित्रितां दृढाम् ।
पट्टसूत्रैर्वितनितां हेमपत्रैरलंकृताम् ।।६०।। हंसतूलीप्रतिच्छन्नां शुभशीर्षोपधानिकाम् । प्रच्छादन-

अनि मन्त्रले पवित्र पारिएका फूल अक्षता प्रसाद यजमानलाई दिनू ।।५५।। तदनन्तर अनेक प्रकारका मिष्टान्नहरूले
ब्राह्मण भोजन गराउनू र अन्न-जलको बाह्र घडा सहित यथाशक्ति दक्षिणा दिनू ।।५६।। विप्रहरूको भोजन समाप्त
भएपछि चारै वर्ण अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र, वर्णको क्रमले जल, शस्त्र, प्रतोद (चाबुक) र यमदण्डको स्पर्श
गरून्-यति गर्नाले ती पवित्र हुन्छन् ।।५७।। यसरी सपिण्डी गरेर जुन लुगा लगाएर श्राद्धादि कर्म गरेको छ त्यसलाई
त्यागी दिनु र पवित्र एवं सेतो लुगा लगाएर शय्या-दान गर्नू ।।५८।। सबै देवता र इन्द्रसमेत शय्यादानको प्रशंसा
गर्दछन् त्यसकारण मरेका व्यक्तिको निम्ति वा आफ्नू जीवनकालमै शय्या-दान अवश्य गरोस् ।।५९।। शय्या बलियो
काठको बनेको र मनोरम एवं राम्रा चित्रहरूले चित्रित, दृढ र रेशमी धागो एवं सुन-चाँदीका ध्वजा-पताकाले

पटीयुक्तां पुष्पगन्धैः सुवासिताम् ॥६१॥ दिव्यबन्धैः सुबद्धां च सुविशाखां सुखप्रदाम् । शय्यामेवंविधां कृत्वा ह्यास्तृतायां न्यसेद्भुवि ॥६२॥ छत्रं दीपालयं रौप्यं चामरासनभाजनम् । भृङ्गारकरकादर्श पञ्चवर्णवितानकम् ॥६३॥ शयनस्य भवेत्किञ्चिद्यच्चान्यदुपकारकम् । तत्सर्वं परितस्तस्याः स्वे स्वे स्थाने नियोजयेत् ॥६४॥ तस्यां संस्थापयेद्धैमं हरिं लक्ष्मीसमन्वितम् । सर्वाभरणसंयुक्तमायुधाम्बरसंयुतम् ॥६५॥ स्त्रीणां च शयने धृत्वा कज्जलालक्तकुङ्कुमम् । वस्त्रं भूषादिकं यच्च सर्वमेव प्रदापयेत् ॥६६॥

सजाइएको, फेरि त्यस शय्यामाथि हंस झैं सेतो रुओ भरेको डसना बिछाइएको र सिंहासनमा राम्रो तकिया राखी त्यसमाथि उत्तम तन्ना बिछाई त्यहाँ बास्ना आउने फूलहरू छरेको होस अर्थात् सबै प्रकारको सामग्रीले सुसज्जित र विशाल एवं सुखदायक शय्या होस, यसरी सजाइएको शय्यालाई विस्तृत भूमिमा राख्नू । ६०–६२॥ छाता, चमर, पानस, बत्ती, रुपियाँ, पैसा, आसन, भाँड़ा, झारी, कमण्डलु, ऐना, पाँच रंगको चँदुआ र शय्यामा काम लाग्ने अन्य जति वस्तु छन्, ती सबैलाई शय्याको चारैतिर आफ्नू-आफ्नू स्थानमा सजाएर राख्नू ॥६३–६४॥ त्यस शय्यामाथि आफ्नू शक्ति अनुसार सबै गहना, आयुध, वस्त्र र लक्ष्मी सहित सुवर्णरूपी श्रीहरिको प्रतिमा स्थापित गर्नू ॥६५॥ सौभाग्यवती नारीको लागि दान गरिने शय्या भए त्यसमाथि गाजल, महावर (माहुर) कुँकुम, वस्त्र र गहना आदि सबै वस्तु राखेर दान दिनू ॥६६॥ दान गर्ने बेलामा गन्ध-पुष्पादिले अलंकृत गरिएका विप्र र कानको गहना, औंठी

सबै वस्तु राखेर दान दिनू ॥६६॥ दान गर्नें बेलामा गन्ध-पुष्पादिले अलंकृत गरिएका विप्र र कानको गहना, औंठी

ततो विप्रं सपत्नीकं गन्धपुष्पैरलङ्कृतम् । कर्णाङ्गुलीयाभरणैः कण्ठसूत्रैश्च काञ्चनैः ॥६७॥ उष्णीष-
मुत्तरीयं च चोलकं परिधाय च । स्थापयेत्सुखशय्यायां लक्ष्मीनारायणाग्रतः ॥६८॥ कुङ्कुमैः पुष्पमाला-
 भिर्हरिं लक्ष्मीं समर्चयेत् । पूजयेल्लोकपालांश्च ग्रहान् देवीं विनायकम् ॥६९॥ उत्तराभिमुखो भूत्वा
 गृहीत्वा कुसुमाञ्जलिम् । उच्चारयेदिमं मन्त्रं विप्रस्य पुरतः स्थितः ॥७०॥ यथा कृष्ण त्वदीयास्ति शय्या
क्षीरोदसागरे । तथा भूयादशून्येयं मम जन्मनि जन्मनि ॥७१॥ एवं पुष्पाञ्जलिं विप्रे प्रतिमायां हरेः
क्षिपेत् । ततः सोपस्करं शय्यादानं संकल्पपूर्वकम् ॥७२॥ दद्याद्व्रतोपदेष्ट्रे च गुरवे ब्रह्मवादिने । गृहाण

सिक्री, पछेउरा, चोलो, धोती इत्यादि धारण गरेकी पत्नी अर्थात् द्विज-दम्पतिलाई त्यस सुख शय्यामा बसाल्नू ॥६७–६८॥ अनि कुँकुम, पुष्पमाला आदिले लक्ष्मीनारायणको पनि पूजा गरी लोकपाल, नवग्रह, देवी तथा विनायकको पनि पूजा गर्नू ॥६९॥ हातमा पुष्पांजली लिएर फर्की विप्रको सामुन्ने उभिएर हात जोरी यो मन्त्र भन्नू––हे कृष्ण ! क्षीर सागरमा हजूरको शय्या जसरी कहिल्यै शून्य रहँदैन, त्यसै गरी मेरो जन्म-जन्मान्तर शून्य नरहोस् ॥७०–७१॥ यस्तो भनेर ती द्विज र नारायणरूपी प्रतिमामा पुष्पाञ्जलि चढाओस् अनि उपस्कार समेत शय्याको संकल्प गरी व्रतोपदेशक ब्रह्मवेत्ता गुरुलाई दिनू र 'को ददाति' अर्थात् कसले दिन्छ ? यति भनेर फेरि प्रार्थना गर्नू––हे विप्र ! तपाइँ यस शय्यालाई स्वीकार गर्नुहोस ॥७२–७३॥ शय्यामा बसेका विप्र र लक्ष्मीनारायणको

ब्राह्मणैनां त्वं को ददातीति कीर्तयन् ॥७३॥ आन्दोलयेद्द्विजं लक्ष्मीं हरिं च शयने स्थितम् । ततः प्रदक्षिणीकृत्य प्रणिपत्य विसर्जयेत् ॥७४॥ सर्वोपस्करणैर्युक्तां प्रदद्यादतिसुन्दराम् । शय्यायां सुखसुप्त्यर्थं गृहं च विभवे सति ॥७५॥ जीवमानः स्वहस्तेन यदि शय्यां ददाति यः । स जीवंश्च वृषोत्सर्गं पर्वणीषु समाचरेत् ॥७६॥ इयमेकस्य दातव्या बहूनां न कदाचन । सा विभक्ता च विक्रीता दातारं पातयत्यधः ॥७७॥ पात्रे प्रेताय शयनं वाञ्छितं फलमाप्नुयात् । पिता च दाता तनयः परत्रेह च मोदते ॥७८॥ पुरन्दरगृहे दिव्ये सूर्यपुत्रालयेऽपि च । उपतिष्ठेन्न सन्देहः शय्यादानप्रभावतः ॥७९॥ विमानवरमारूढः सेव्यमानोऽप्सरागणैः । आभूतसम्प्लवं यावत्तिष्ठत्यातङ्कवर्जितः ॥८०॥ सर्वतीर्थेषु

प्रतिमालाई हल्लाइदिनू अर्थात् हातले छोइदिनु, अनि प्रदक्षिणा र प्रणाम गरेर विसर्जन गर्नू ॥७४॥ आफ्नू सम्पत्तिले पुग्दैछ भने शय्यामा सुखपूर्वक आराम गर्नको निमित्त सम्पूर्ण उपयुक्त सामग्रीले सहित अत्यन्त राम्रो यौटा घर पनि दान गर्नू ॥७५॥ यदि बाँचेको अवस्थामा आफ्नै हातले शय्या दान गऱ्यो भने त्यसले जीवन-कालमै ठूलो पर्वमा वृषोत्सर्ग गरेको पुण्य प्राप्त गर्दछ ॥७६॥ शय्या दान केवल यौटै ब्राह्मणलाइ दिनु पर्दछ, शय्यादानको प्रभावले दिव्य इन्द्रलोक र यशलोकमा निसन्देह सुखपूर्वक बस्न पाउँछ ॥७९॥ वहाँ उत्तम विमानमा चढेर अप्सराहरू द्वारा सेवित एवं भय रहित भई प्रलय पर्यन्त सुखपूर्वक बस्न पाउँछ ॥८०॥ ठूलो पर्व र अनेक तीर्थहरूमा स्नान-दानले

सेवित एवं भय रहित भई प्रलय पर्यन्त सुखपूर्वक बस्न पाउँछ ॥८०॥ ठूलो पर्व र अनेक तीर्थहरूमा स्नान-दानले

... तस्याश्चाप्यधिकं पुण्यं शय्यादानोद्भवं भवेत् ॥८१॥ एवं दत्त्वा सुतः शय्यां
पददानं प्रदापयेत् । तच्छृणुष्व मयाऽऽख्यातं यथावत्कथयामि ते ॥८२॥ छत्रोपानद्‌वस्त्राणि मुद्रिका च
ग. पु. कमण्डलुः । आसनं पञ्चपात्राणि पदं पञ्चविध स्मृतम् ॥८३॥ दण्डेन ताम्रपात्रेण ह्यामान्नैर्भोजनैरपि । भा.टी.
१५७ यर्थयज्ञोपवीतैश्च पदं सम्पूर्णतां व्रजेत् ॥८४॥ त्रयोदशपदानीत्थं यथाशक्त्या विधाय च । त्रयोदशेभ्यो अ०१३
विप्रेभ्यः प्रदद्याद् द्वादशेऽहनि ॥८५॥ अनेन पददानेन धार्मिका यान्ति सद्‌गतिम् । यममार्गगतानां
च पददानं सुखप्रदम् ॥८६॥ आतपस्तत्र वै रौद्रो दह्यते येन मानवः । छत्रदानेन सुच्छाया जायते

पाइने पुण्य भन्दा शय्यादान गरेको पुण्य बर्ता हुन्छ ॥८१॥ यसरी शय्यादान गरेर छोराले पद-दान गरोस । हे
१४ गरुड ! मैले वर्णन गरेको पददानको महत्व ध्यानपूर्वक सुन, म तिमीलाई जस्ताको तस्तै सुनाउँछु ॥८२॥ छाता,
जुत्ता,वस्त्र,औंठी, कमण्डलु, आसानी, पञ्चपात्र यो पददान पाँच किसिमको बताइएको छ-लट्ठी,तामाको भाँडो,पाकेको
भोजन, द्रव्य र जनै दिनाले सम्पूर्ण पददान हुन्छ ॥८३-८४॥ यसरी यथा–शक्ति तेरह पददानको प्रबन्ध गरी बाह्रौं
दिन तेन्ह जना ब्राह्मणलाई अर्पण गरोस् ॥८५॥ यस पददानले धार्मिक व्यक्ति पनि सद्‌गतिमा प्राप्त हुन्छन् र यम
मार्गमा गएका प्राणीहरूलाई पनि यो पददानले सुख विन्छ ॥८६॥ त्यहाँ डरलाग्दो घाम हुन्छ, त्यसले प्राणी डढ्न

तस्य मूर्द्धनि ॥८७॥ अतिसंकटसंकीर्णे यमलोकस्य वर्त्मनि । अश्वारूढाश्च ते यान्ति ददते यद्युपानहौ ॥८८॥ शीतोष्णवातदुःखानि तत्र घोराणि खेचर । वस्त्रदान प्रभावेण सुखं निस्तरते पथि ॥८९॥
 यमदूता महारौद्राः करालाः कृष्णपिङ्गलाः । न पीडयन्ति तं मार्गे मुद्रिकायाः प्रदानतः ॥९०॥
 बहुधर्मसमाकीर्णे निर्वाते तोयवर्जिते । कमण्डलुप्रदानेन तृषितः पिबते जलम् ॥९१॥ मृतोद्देशेन यो
दद्याज्जलपात्रं च ताम्रजम् । प्रपादानसहस्रस्य यत्फलं सोऽश्नुते ध्रुवम् ॥९२॥ आसनं भोजनं चैव दत्ते

लाग्दछन्, तर छाता दान गरेको छ भने त्यसको शिरमा छाया हुन्छ ॥८७॥ जसले जुत्ता दान गरेको छ, त्यसले अत्यन्त कष्टले व्याप्त यमलोकको बाटोमा सुन्दर घोडामा चढ्न पाउँछ ॥८८॥ हे गरुड ! यम मार्गमा तातो, चीसो र वायु जनित घोर कष्टहरू छन्, तापनि वस्त्रदानको प्रभावले त्यो सुखपूर्वक यम–मार्गबाट पारी निस्कन्छ ॥८९॥ त्यहाँ अत्यन्त डरलाग्दा, विकराल र कालो, पहेंलो एवं अन्य वर्णका यमदूतहरू छन्, तिनले बाटोमा मृतकलाई दुःख दिन पाउँदैनन्–जसले, औंठी दान गरेको छ ॥९०॥ चर्को घामले पीडित भएको, हावा र पानी नभएको त्यस यम मार्गमा तिर्खा लागेको प्राणी कमण्डलु दान गरेको हुनाले पानी खान पाउँछ ॥९१॥ मरेका व्यक्तिको निम्ति जसले तामाको भाँडा दान दिन्छ, त्यसले हजारौं प्रपा (पौसरा) दान गरेको जुन फल हो, त्यसलाई अवश्य प्राप्त हुन्छ ॥९२॥ सुपात्र द्विजलाई उत्तम आसनी र भोजन दिनाले यम-मार्गमा बिस्तार-बिस्तार हिंडेर सुखपूर्वक पाथेय (बाटोको सामल)

द्विजलाई उत्तम आसनी र भोजन दिनाले यम-मार्गया बिस्तार-बिस्तार हिंडेर सुखपूर्वक पाथेय (बाटोको सामल)

... । सुखेन भुञ्जन् पाथेयं पथि गच्छञ्छनैः शनैः ॥८३॥ एवं सपिण्डनादूर्ध्वं दत्वा दानं
विधानतः । बहून् सम्भोजयेद्विप्रान् यः श्वपाकादिकानपि ॥८४॥ ततः सपिण्डना दूर्ध्वमर्वाक्संव-
ग.पु. त्सरादपि । प्रतिमास प्रदातव्यो जलकुम्भः सपिण्डकः ॥८५॥ कृतस्य करणं नास्ति प्रेतकार्यादृते खग । भा टी
१५९ प्रेतार्थं तु पुनः कर्यादक्षय्यतृप्तिहेतवे ॥८६॥ अतो विशेषं वक्ष्यामि मासिकस्याब्दिकस्य च । पाक्षिकस्य अ०१३
विशेषं च विशेषतिथिषु मृते ॥८७॥ पौर्णमास्यां मृतो यस्तु चतुर्थी तस्य ऊनिका ॥८८॥ नवम्यां तु
मृतो यस्तु रिक्ता यस्य चतुर्दशी । इत्येवं पाक्षिकं श्राद्धं कुर्याद्विंशतिमेदिने ॥८९॥ एक एव यदा मासः

खाँदै जान्छ ॥९३॥ यस प्रकार सपिण्डीकरण श्राद्धको दिन विधिपूर्वक दान दिएर ब्राह्मणहरू र याचक चाण्डाल आदिलाई पनि भोजन गराउनू ॥९४॥ त्यसपछि सपिण्डीकरण–श्राद्ध सकिएपछि र वर्ष दिनभित्र महीनामा जलले पूर्ण घडा र अन्न दान गर्नुपर्दछ ॥९५॥ हे गरुड ! प्रेत-कार्यलाई छाडेर गरिएका अन्य कार्यलाई फेरि गर्नुपर्दैन, तर प्रेत-कार्य भने प्रेतको अक्षय्य-तृप्तिका लागि बारम्बार गर्नुपर्दछ ॥९६॥ अतः कुनै विशिष्ट तिथिमा मरेको भए मासिक र पाक्षिक श्राद्धको उत्तम विधि भन्दछु, सुन–॥९७। जो पूर्णिमाको दिन मरेको छ, त्यसको बीसौं दिन अर्थात् शुक्लपक्षको चतुर्थी पाक्षिक तिथि हुन्छ र जो चतुर्थीका दिन मरेको छ, त्यसको नवमी पाक्षिक तिथि मान्नु पर्दछ, जो नवमीमा मरेको छ, त्यसको रिक्ता चतुर्दशी पाक्षिक श्राद्धको तिथि मान्नू, यसरी पाक्षिक श्राद्ध बीसौं दिनमा गर्नुपर्दछ॥९८-९९॥

संक्रान्तिद्वयसंयुतः । मासद्वयगतं श्राद्धं मलमासे हि शस्यते ॥१००॥ एकस्मिन्मासि मासौ द्वौ यदि स्यातां तदोर्द्वयोः । तावेव पक्षौ ता एव तिथयस्त्रिंशदेव हि ॥१०१॥ तिथ्यर्धे प्रथमो पूर्वो द्वितीयेऽर्धे

ग. पु तदुत्तर । मासाविति बुधैश्चिन्त्यौ मलमासस्य मध्यगौ ॥१०२॥ असंक्रान्ते च कर्त्तव्यं सपिण्डीकरणं भा.टी

१६० खग । तथैव मासिकं श्राद्धं वार्षिकं प्रथमं तथा ॥१०३॥ संवत्सरस्य मध्ये तु यदि स्यादधिमासकः । अ०१३

तदा त्रयोदशे मासि क्रिया प्रेतस्य वार्षिकी ॥१०४॥ पिण्डवर्ज्यमसंक्रान्तेसंक्रान्ते पिण्डसंयुतम् ।

जब यौटै महीना दुई संक्रान्तिले युक्त हुन्छ; तब दुइ महीनाको श्राद्ध मलमासमा गर्नु उत्तम हुन्छ ॥१००॥ यदि एक महीनामा दुइ महीना हुन्छ भने दुबै महीनाको त्यही दुबै पक्ष र त्यही तीस तिथिहरू जान्नू ॥१०१॥ तिथिको पहिलो प्रहरमा मरेको भए पहिलो महीना र दोस्रो प्रहरमा मरेको भए अगाडीको महीना लिनू पर्दछ, यसरी विद्वानहरूले मलमासको मध्यगामी (दुइ महीनाको माझ) अर्थात् दुवै महीना विचार गर्नुपर्दछ ॥१०२॥ हे गरुड ! संक्रान्ति नभएको महीनामा मरेको भए बाह्रौं दिनमा सपिण्डी गरोस, त्यस्तै प्रथम मासिक श्राद्ध र वार्षिक श्राद्ध गर्नु पर्दछ, यदि वर्षको माझमा अधिक मास पर्न गयो भने तेह्रौं महीनाम वार्षिक श्राद्ध गर्नु उचित छ ॥१०३·१०४॥ संक्रान्ति नै नभएको महीनामा मरेको भए पिण्डलाई छाडेर, संक्रान्ति भएको महीनामा मरेको भए पिण्डयुक्त अर्थात् पिण्ड-

प्रतिसंवत्सरं श्राद्धमेवं मासद्वयेऽपि च ॥१०५॥ एवं संवत्सरे पूर्णे वार्षिकं श्राद्धमाचरेत्। तस्मिन्नपि विशेषेण भोजनीया द्विजातयः ॥१०६॥ कुर्यात्संवत्सरादूर्ध्वं श्राद्धं पिण्डत्रयं तदा। एकोद्दिष्टं न

ग पु. कर्तव्यं तेन स्यात्पितृघातकः ॥१०७॥ तीर्थश्राद्धं गयाश्राद्धं गजच्छायं च पैतृकम्। अब्दमध्ये न भा. टी.

१६१ कुर्वीत ग्रहणे न युगादिषु ॥१०८॥ यदा पुत्रेण वै कार्यं गयाश्राद्धं खगेश्वर। तदा संवत्सरादूर्ध्वं अ० १३

कर्तव्यं पितृभक्तितः ॥१०९॥ गयाश्राद्धात् प्रमुच्यन्ते पितरो भवसागरात्। गदाधरानुग्रहेण ते यान्ति परमां गतिम् ॥११०॥ तुलसीमञ्जरीभिश्च पूजयेद्विष्णुपादुकाम्। तस्यालवालतीर्थेषु पिण्डान्

दान सहित दुबै महीनामा प्रतिवर्ष श्राद्ध गरोस ॥१०५॥ यस प्रकार वर्ष दिन पुगेपछि वार्षिक श्राद्ध गरोस, त्यसमा पनि विशेष रूपले सुपात्र ब्राह्मणलाई भोजन गराओस ॥१०६॥ वर्ष दिन पुगेपछि तीन पिण्डको (एक पार्वण) श्राद्ध गरोस। एकोदिष्ट श्राद्ध गर्नु पर्दैन गऱ्यो भने पितृ-घाती हुनेछ ॥१०७॥ वर्ष दिन पूरा नभइकन ग्रहणमा, युगादि तिथिहरू र तीर्थमा गया श्राद्ध तथा गजच्छाया श्राद्ध पनि हुँदैन ॥१०८॥ हे पक्षिराज गरुड! पिताको भक्तिले जब छोरोले गयाजी गएर श्राद्ध गर्दछ'तब पितृहरूको उद्धार हुन्छ, तर यो वर्ष बितेपछि गर्नु उचित छ॥१०९॥ गया श्राद्ध गर्नाले पितृहरू संसार सागरबाट पारी तरेर जान्छन् र तीगदाधर भगवानका अनुग्रहले परमगतिमा पुग्दछन् ॥११०॥ तुलसीको मंजरीले विष्णुपादुकाको पूजा गरी, त्यस गयाको आल-बाल (सम्पूर्ण) स्थानमा क्रमानुसार पिण्डदान गरोस

दद्याद्यथाक्रमम् ॥१११॥ उद्धरेत् सप्त गोत्राणि कुलमेकोत्तरं शतम् । शमीपत्रप्रमाणेन पिण्डान् दद्याद्गयाशिरे ॥११२॥ गयामुपेत्य यः श्राद्धं करोति कुजनन्दनः । सफलं तस्य तज्जन्म जायते पितृतुष्टिदम् ॥११३॥ श्रूयते चापि पितृभिर्गीता गाथा खगेश्वर । इक्ष्वाकोर्मनुपुत्रस्य कलापोपवने सुरैः ॥११४॥ अपि नस्ते भविष्यन्ति कुले सन्मार्गशीलिनः । गयामुपेत्य ये पिण्डान् दास्यन्त्यस्माकमादरात् ॥११५॥ एवमामुष्मिकी तार्क्ष्य यः करोति क्रियां सुतः । स स्यात्सुखी भवेन्मुक्तः कौशिकस्यात्मजा यथा ॥११६॥ भरद्वाजात्मजाः सप्त भुक्त्वा जन्मपरम्पराम् ॥ कृत्वापि गोवधं तार्क्ष्य

॥१११॥ समीपत्रको प्रमाणले गयाशिरमा पिण्ड देओस, यसले त्यस व्यक्तिले सात गोत्र र एक सय एक कुलको उधार गर्दछ ॥११२॥ वंशलाई आनन्द दिने भएको जुन पुरुष गयाजीमा गएर श्राद्ध गर्दछ, त्यसले पितृहरू तृप्त हुन्छन् र त्यसको जन्म पनि सफल मानिन्छ ॥११३॥ हे पक्षिराज ! कलाप नामक नगरको उपवनमा पितृहरू द्वारा गरिएको मनुपुत्र इक्ष्वाकुको कथा सुन्ने चलन छ-हाम्रो वंशमा असल मार्गको आचरण गर्ने ती व्यक्ति हुनेछन् जो गयाजी गएर हामीलाई पिण्ड दिनेछन् ॥११४-११५॥ हे गरुड ! यस्ता प्रकारले जो पुत्र पारलौकिक क्रिया गर्दछ, त्यो यसलोकमा सुखी र मरेपछि मुक्त हुन्छ ॥११६॥ भरद्वाजका सात पुत्र जन्मको परम्परा (चलि आएको क्रम) लाई भोगेर गोवध गरे पनि पितृहरूको

(मुक्ताः पितृप्रसादतः ॥११७॥ सप्त व्याधा दशार्णेषु

हुन्छ ॥११६॥ भरद्वाजका सात पुत्र जन्मको परम्परा (चलि आएको क्रम) लाई भोगेर गोवध गरे पनि पितृहरूको

मुक्ताः पितृप्रसादतः ॥११७॥ सप्त व्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ । चक्रवाकाः शरद्वीपे हंसाः सरसि मानसे ॥११८॥ तेऽपि जाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः । पितृभक्त्या च ते सर्वे गता मुक्ति द्विजात्मजाः ॥११९॥ तस्मात् सर्वप्रयत्नेन पितृभक्तो भवेन्नरः । इह लोके परे वापि पितृभक्त्या सुखी भवेत् ॥१२०॥ एतत्तार्क्ष्यं मयाऽऽख्यातं सर्वमेवौर्ध्वदेहिकम् । पुत्रवाञ्छाप्रदं पुण्यं पितुर्मुक्तिप्रदायकम् ॥१२१॥ निर्धनोऽपि नरःकश्चिद्यः शृणोति कथामिमाम् । सोऽपि पापविनिर्मुक्तो दानस्य फलमाप्नुयात् ॥१२२॥ विधिना कुरुते यस्तु श्राद्धं दानं मयोदितम् । शृणुयाद् गरुडं चापि शृणु तस्यापि

दया र प्रसन्नताले मुक्त भए ॥११७॥ ती सात छोरा दशार्ण देशमा व्याध, कालञ्जर पर्वतमा मृग, शरद्वीपमा (चकेवा), मानसरोवरमा हंस भए र ती कुरुक्षेत्रमा गएर वेदपारंग विप्र भए । ती सबै बाहुनका पुत्रहरूले पितृहरूको भक्तिले मुक्ति प्राप्त गरे ॥११८-११९॥ यस निम्ति प्रत्येक मनुष्यको कर्तव्य हो सबै प्रयत्न द्वारा त्यो पितृको भक्त होस । यस लोकमा परलोकमा पितृ-भक्ति द्वारा पुरुष सुखी र प्रसन्न हुन्छ ॥१२०॥ हे गरुड ! मैले यो सबै और्ध्वदेहिक आख्यान अत्यन्त पवित्र कुरा तिमीलाई बताएँ' यो इच्छा पूर्ण गर्ने र पितालाई भक्ति दिने छ ॥१२१॥ कुनै निर्धन मनुष्यले पनि यस कथालाई सुन्यो भने, पाप रहित भएर दान गरे जस्तै फल प्राप्त गर्दछ ।१२२॥ जसले मैले बताएका विधि अनुसार

यत्फलम् ॥१२३॥ पिता ददाति सत्पुत्रान् गोधनानि पितामहः । धनदाता भवेत्सोपि यस्तस्य प्रपितामहः
॥१२४॥ दद्याद्विपुलमन्नाद्यं वृद्धस्तु प्रपितामहः । तृप्ता श्राद्धेन ते सर्वे दत्त्वा पुत्रस्य वाञ्छितम् ॥१२५॥
ग. पु. गच्छन्ति धर्ममार्गैश्चधर्मराजस्य मन्दिरम् । तत्र धर्मसभायां ते तिष्ठन्ति परमादरात् ॥१२६॥ सूत भा.टी.
१६४ उवाच-एवं श्रीविष्णुना प्रोक्तमौर्ध्वदानसमुद्भवम् । श्रुत्वा माहात्म्यमतुलं गरुडो हर्षमागतः ॥१२७॥ अ०१३

इति श्रीगरुडपुराणे सारोद्धारे सपिण्डनादिसर्वनिरूपणं नाम त्रयोदशोऽध्यायः ॥१३॥

श्राद्ध र दान गर्दछ तथा गरुड–पुराणको कथा सुन्दछ, त्यसको फल भन्दछु, सुन-॥१२३॥ पिता प्रसन्न भएर असल छोरो र पितामह खुशी भएर गोधन दिन्छन् । त्यसका जुन पितामह हुन् ती प्रसन्न भएर अतुल वैभव दिन्छन् ॥१२४॥ वृद्ध प्रपितामह खुशी भएर प्रशस्त अन्नादि प्रदान गर्दछन्, अनि सबै पितृहरू श्राद्ध द्वारा तृप्त भएर छोरोलाई इच्छित फल दिएर, धर्म मार्गबाट धर्मराजको भवनमा जान्छन् र ती धर्म-सभामा परम आदरले बस्न पाउँछन् ॥१२५-१२६॥ सूतजी भन्नुहुन्छ-यसरी श्रीविष्णु भगवान्ले आज्ञा भएको और्ध्वदेहिक दान-जनित अनुपम माहात्म्य सुनेर गरुडजी आनन्दित भए ।१२७।

इति श्री गरुडपुराणको सारोद्धारमा सपिण्डनादि कर्म-निरूपण नामक तेह्रौं अध्याय सकियो ॥१३॥

अथ चौधौं अध्याय

गरुड उवाच—यमलोकः कियन्मात्रः कीदृशः केन निर्मितः। सभा च कीदृशी तस्यां धर्म ग.पु.
आस्ते च कैः सह ॥१॥ ये धर्ममार्गैर्गच्छन्ति धार्मिका धर्ममन्दिरम्। तान् धर्मानपि मार्गांश्च भा.टी.
१६५ ममाख्याहि दयानिधे ॥२॥ श्रीभगवानुवाच—शृणु तार्क्ष्य प्रवक्ष्यामि यद्गम्यं नारदादिभिः। तद्धर्म-
नगरं दिव्यं महापुण्यैरवाप्यते ॥३॥ याम्यनैरृततयोर्मध्ये पुरं वैवस्वतस्य यत्। सर्वं वज्रमयं दिव्यम- अ०१४
भेद्यं तत्सुरासुरैः ॥४॥ चतुष्कोणं चतुर्द्वारमुच्चप्राकारवेष्ठितम्। योजनानां सहस्रं हि प्रमाणेन तदुच्यते
॥५॥ तस्मिन्पुरेऽस्ति सुभगं चित्रगुप्तस्य मन्दिरम्। पञ्चविंशतिसंख्याकैर्योजनैर्विस्तृतायतम् ॥६॥

गरुडले सोधे-यमलोक कति परिमाणको छ? कस्तो छ? त्यो कसले बनाएको हो? त्यहाँको सभा कस्तो छ? ॥१॥ त्यस सभामा धर्मराजका वरिपरी को-को बसेका हुन्छन्? हे दयानिधे! जुन धार्मिक व्यक्ति जुन बाटोबाट धर्मराजको भवनमा जान्छन्, त्यो धर्म र बाटो पनि मलाई आज्ञा हवस ॥२॥ श्रीभगवान आज्ञा गर्नुहुन्छ–हे गरुड! म भन्दछु, सुन-जुन कुरा नारदादि महर्षिहरूले मात्र जानछन् त्यो स्वर्गीय नगर धर्म-नगर ठूलो पुण्यले मात्र प्राप्त हुन्छ ॥३॥ याम्य-नैरृत्यको मध्यमा जुन यमराजको नगर छ, त्यो दिव्य र सबै किसिमले वज्र झैं छ, त्यसलाई देवता र असुरले पनि भाँच्न सक्तैनन् ॥४॥ नगर चार कुना परेको छ र त्यसका चार द्वार छन्, अग्लो परखालले घेरिएको छ, त्यसको

दशोच्छ्रितं महादिव्यं लोहप्राकारवेष्टितम् । प्रतोलीशतसञ्चारं पताकाध्वजभूषितम् ॥७॥ विमानगण-
संकीर्णं गीतवादित्रनादितम् । चित्रितं चित्रकुशलैर्निर्मितं देवशिल्पिभिः ॥८॥ उद्यानोपवनैरम्य नाना-
ग. पु, विहगकूजितम् । गन्धर्वैरप्सरोभिश्च सम तातपरिवारितम् ॥९॥ तत्सभायां चित्रगुप्तः स्वासने परमाद्भुते । भा गो.
१६६ संस्थितो गणयेदायुर्मानुषाणां यथातथम् ॥१०॥ न मुह्यति कथञ्जित्स सुकृते दुष्कृतेऽपि वा । यद्येनो- अ० १४
पार्जितं कर्म शुभं वा यदि वाऽशुभम् ॥११॥ तत्सर्वं भुञ्जते तत्र चित्रगुप्तस्य शासनात् । चित्र-

विस्तार दुइ हजार योजनको छ ॥५॥ त्यस नगरमा चित्रगुप्तको मनोहर मन्दिर छ, त्यसको लमाई र चौडाई पचीस योजनको छ र दस योजन अग्लो त्यो मन्दिर साह्रै राम्रो छ । चारैतिर फलामको वार लगाएर बलियो तुल्याइएको छ, त्यहाँ जाने अनेक साना-साना गोरेटोहरू छन्, फेरि ध्वजा र पताकाहरूले विभूषित गराइएको छ । त्यहाँ सयकडौं विमान राखिएका छन्, त्यस नगरबाट गीत-वाद्यको ध्वनि निस्किरहन्छ । त्यहाँ कुशल चित्रकारहरू द्वारा चित्र बनाउन लगाएका छन् र त्यसको निर्माण देवताहरूका शिलपकारहरूले गरेका हुन्, त्यो मन्दिर तथा त्यहाँको पुष्पबाटिकाहरूले अत्यन्त रमणीय छ, त्यहाँ अनेक प्रकारका पक्षिहरूको मधुर शब्द सुनिन्छ र भवनको चारैतिर गन्धर्व अप्सराहरू परिवारको रूपमा निवास गर्दछन् । त्यस्तो रमणीय सभामा चित्रगुप्त आफ्नो अत्यन्त अद्भुत आसनमा बसेर प्रत्येक प्राणीको आयुष्यको ठीक-ठीक गणना गर्दछन् ॥६-१०॥ ती चित्रगुप्त कुनै प्रकारले पनि मनुष्यहरूको पुण्य वा पापमा मोहित हुँदैनन् ।

गर्दछन् ।।८-१०।। ती चित्रगुप्त कुन प्रकारले पनि मनुष्यहरूको पुण्य वा पापमा मोहित हुँदैनन् ।

गुप्तालयात्प्राच्यां ज्वरस्यास्ति महागृहम् ।।१२।। दक्षिणस्यां च शूलस्य लूताविस्फोटयोस्तथा । पश्चिमे कालपाशः स्यादजीर्णस्यारुचेस्तथा ।।१३।। उदीच्यां राजरोगोऽस्ति पाण्डुरोगस्तथैव च । ऐशान्यां तु शिरोर्तिः स्यादाग्नेय्यामस्ति मूर्च्छना ।।१४।। अतिसारो नैर्ऋते तु वायव्यां शीतदाहकौ । एवमादिभिरन्यैश्च व्याधिभिः परिवारितः ।।१५।। लिखते चित्रगुप्तस्तु मानुषाणां शुभाशुभम् । चित्रगुप्तालयादग्रे योजनानां च विंशतिः ।।१६।। पुरमध्ये महादिव्यं धर्मराजस्य मन्दिरम् । अस्ति रत्नमयं दिव्यं

जसले जो शुभ-अशुभ कर्म अर्जित गरिराखेको छ, त्यो सबै त्यहाँ चित्रगुप्तको आज्ञाले भोग्नुपर्दछ । ती चित्रगुप्तको मन्दिरदेखि पूर्वदिशामा ज्वर रोगको ठूलो घर छ ।।११-१२।। दक्षिण दिशामा शूलरोग, माकुरोको विष, विस्फोट (बिग्रेको घाउ वा शीतला रोग) को, पश्चिममा कालपाश र अजीर्ण तथा अरुचि रोगको घर छ ।।१३।। उत्तर दिशामा राजयक्ष्मा (क्षय रोग), पाण्डु रोगको, ईशान कोणमा शिरको व्यथाको र अग्निकोणमा मूर्छा रोगको स्थान छ ।।१४।। निर्ऋति कोणमा अतिसारको, वायव्य कोणमा शीत र दाहको घर यस प्रकार त्यहाँ अरु पनि अनेक रोग परिवार रूपमा निवास गर्दछन् ।।१५।। त्यहाँ चित्रगुप्त मनुष्यहरूको शुभाशुभ कर्महरू लेखिरहन्छन् । चित्रगुप्तको भवनबाट बीस योजन पर नगरको माझमा धर्मराजको अत्यन्त राम्रो मन्दिर छ, त्यसको तेज बिजुलीको ज्वाला र सूर्यनारायणको समान छ । त्यसको लम्बाई र चौडाई दुइ सय योजन र उचाइको प्रमाण पचास योजन व्यक्त गरिन्छ । त्यसमा एक हजार खाँबा र

विद्युज्ज्वालार्कवर्चसम् ॥१७॥ द्विशतं योजनानां च विस्तारायामतः स्फुटम् । पञ्चाशच्च प्रमाणेन योजनानां समुच्छ्रितम् ॥१८॥ धृतं स्तम्भसहस्रैश्च वैदूर्यमणिमण्डितम् । काञ्चनालङ्कृतं नाना-हर्म्यप्रासादसंकुलम् ॥१९॥ शारदाभ्रनिभं रुक्मकलशैः सुमनोहरम् । चित्रस्फाटिकसोपानं वज्रकुट्टिम-शोभितम् ॥२०॥ मुक्ताजालगवाक्षं च पताकाध्वजभूषितम् । घण्टानेकनिनादाढ्यं हेमतोरणमण्डितम् ॥२१॥ नानाश्चर्यमयं स्वर्णकपाटशतसंकुलम् । नानाद्रुमलतागुल्मैर्निष्कण्टैः सुविराजितम् ॥२२॥ एवमादिभिरन्यैश्चभूषणैर्भूषितंसदा । आत्मयोग प्रभावैश्च निर्मितं विश्वकर्मणा ॥२३॥ तस्मिन्नस्ति

ती खावामा वैदूर्य मणिहरू जडिएका छन् । सुवर्ण द्वारा अलंकृत र अनेक हर्म्य-प्रासादहरूले व्याप्त छ, शरदकालको मेघ झैं स्वच्छ र सुवर्णका कलशहरूले भवन अत्यन्त मनोहर देखिन्छ, त्यसका सोपान (खुड्किला) हरू चित्रकारीले युक्त स्फटिकका बनेका छन् । त्यहाँको भूमिमा वज्र ठोकिएको हुनाले शोभित भइरहन्छ। मूँगा र मोतीका मालाहरू झयाल र ढोकामा शोभा दिइरहेका छन् । त्यो अनेक आश्चर्य लाग्दो विषयहरूको द्योतक वा खानी छ। अनेक सुन-चाँदीका ढोकाहरू छन् र काँढा नभएका अनेक प्रकारका वृक्ष, लता, गुल्म (उखू, बाँस आदि) शोभा दिइरहेका छन् ॥१६-२२॥ यस प्रकार धर्मराजको मन्दिर अरु पनि अनेक भूषणहरूले सधैं भूषित छ । त्यसलाई स्वयं विश्वकर्माले आफ्नू योगको प्रभाव द्वारा बनाएका हुन् ॥२३॥ त्यस मन्दिरमा सय योजन फैलिएको योटा दिव्य सभा छ-जसको प्रकाश सूर्यको झैं छ र

सभा दिब्या शतयोजनमायता । अर्कप्रकाशा भ्राजिष्णुः सर्वतः कामरूपिणी ॥२४॥ नातिशीता न
चात्युष्णा मनसोऽत्यन्तहर्षिणी । न शोको न जरा तस्यां क्षुत्पिपासे न चाप्रियम् ॥२५॥ सर्वे कामाः
स्थिता यस्यां येदिव्या ये च मानुषाः । रसवच्च प्रभूतं च भक्ष्यं भोज्यं च सर्वशः ॥२६॥ रसवन्ति च
तोयानि शीतान्युष्णानि चैव हि । पुण्याः शब्दादयस्तस्यां नित्य कामफलद्रुमाः ॥२७॥ असंबाधा च
सा तार्क्ष्य रम्या कामागमा सभा । दीर्घकालं तपस्तप्त्वा निर्मिता विश्वकर्मणा ॥२८॥ तानुग्रतपसो
यान्ति सुव्रताः सत्यवादिनः । शान्ताः संन्यासिनः सिद्धाः पूताः पूतेन कर्मणा ॥२९॥ सर्वे भास्वर-

सबै तर्फबाट अत्यन्त शोभायमान देखिन्छ र त्यो कामनाहरूको मूर्त रूप हो । त्यो न अत्यन्त चीसो छ, न अत्यन्त तातो !
त्यो दर्शक (हेर्नेहरू) को मनलाई अत्यन्त प्रफुल्लित पार्दछ । त्यस सभामा न शोक छ, न वृद्धावस्था, न भोक-प्यास,
१५ न कुनै अरुचिकर (मन नपर्ने) वस्तु; त्यससा स्वर्ग र मनुष्यहरूका जो कामना (इच्छा) हुन् ती सबै उपस्थित छन् ।
प्रशस्त मात्रामा सबै ठाउँमा भक्ष्यभोज्य पदार्थ छन्–स्वादिष्ट, शीतल एवं उष्ण (तातो) जल विद्यमान छ । त्यहाँ शब्द
आदि इन्द्रियका विषय पवित्र पार्ने र वृक्ष सदा कामनारूप फललाई दिने छन्,हे गरुड ! त्यो सभा रमणीय छ, साँगुरो
छैन र त्यो कामनाले प्राप्त हुन सक्तछ,विश्वकर्माले धेरै कालसम्म तपस्या गरेर त्यसको निर्माण गरेका हुन् ॥२४-२८॥
त्यस सभामा तिनै व्यक्ति जान पाउँछन्,जसले उत्तम तपस्या गरेको छ,जसका सुन्दर व्रत छन्, सत्यवादी, शान्त,धीर,

देहास्तेऽलङ्कृता विरजोऽम्बराः । स्वकृतैः कर्मभिः पुण्यैस्तत्र तिष्ठन्ति भूषिता ॥३०॥ तस्यां स धर्मो भगवानासनेऽनुपमे शुभे । दशयोजनविस्तीर्णे सर्वरत्नैः सुमण्डिते ॥३१॥ उपविष्टः सतां श्रेष्ठश्छत्र-शोभितमस्तकः । कुण्डलालङ्कृतः श्रीमान्महामुकुटमण्डितः ॥३२॥ सर्वालङ्कारसंयुक्तो नीलमेघसम-प्रभः । बालव्यजनहस्ताभिरप्सरोभिश्च वीजितः ॥३३॥ गन्धर्वाणां समूहाश्च संघशश्चाप्सरोगणाः ।

सन्यासी, सिद्ध र जो पुनीत कर्म गरेर पवित्र भएका छन् ॥२९॥ जसको देदीप्यमान देह छ, अलंकार युक्त छ र जसको निर्मल वस्त्र छन्,यस्ता ती सबै व्यक्ति आफ्नू गरिएको पवित्र कर्महरूले विभूषित भएर त्यहाँ बस्न पाउँछन् ॥३०॥ त्यस सभामा भगवान धर्मराज दस योजन विस्तृत,सबै रत्नहरूले सुशोभित र अनुपम शुभ-आसनमा बस्तछन्, जुन धर्मराज सज्जनहरूमा श्रेष्ठ र जसको मस्तक छत्रले सुशोभित छ, तिनका दुबै कान कुण्डले अलंकृत छन् श्री सम्पन्न र मस्तकमा महान् मुकुट धारण गरेका छन्,त्यो सबै प्रकारका रत्नहरूले युक्त छ र त्यसको कान्ति नीलो मेघको समान छ;अप्सरा-हरू तिनलाई बाल-व्यजन लिएर हम्किरहन्छन् । गन्धर्व र अप्सराहरू सम्मिलित रूपमा गीत-वाद्य-नृत्य आदिले चारै तर्फबाट धर्मराजको सेवा गर्दछन् । हातमा पाश लिएको मृत्यु, बलदान काल सुयोग्य लेखक चित्रगुप्त र यमराज तिनको सेवा गर्दछन् । उनको आज्ञा पालन गर्नमा तत्पर भएका पाश र दण्ड धारण गरेका तथा समान बल भएका, उत्कट, अनेक सुभट–जसका परिवार त्यहीं स्थित छन् हे गरुड! जो अग्निष्वात्ता, सोमपा र उष्मपा पितृहरू र जो मूर्त-अमूर्त (साकार-निराकार) स्वधावान र बर्हिषद तथा अन्य मूर्तिमान अर्यमादि पितृहुन् ती सबै मुनिहरूको साथमा धर्मराजको

गीतवादित्रनृत्याद्यैः परितः सेवयन्ति तम् ॥३४॥ मृत्युना पाशहस्तेन कालेन च बलीयसा। चित्रगुप्तेन चित्रेण कृतान्तेन निषेवितः ॥३५॥ पाशदण्डधरैरुग्रैर्निदेशवशवर्तिभिः। आत्मतुल्यबलैर्नानासुभटैः परिवारितः ॥३६॥ अग्निष्वात्ताश्च पितरः सोमपाश्चोष्मपाश्चये। स्वधावन्तोबर्हिषदो मूर्ताऽमूर्ताश्च ये खग ॥३७॥ अर्थमाद्याः पितृगणां मूर्तिमन्तस्तथा परे। सर्वे ते मुनिभिः सार्धं धर्मराजमुपासते ॥३८॥ अत्रिर्वसिष्ठः पुलहो दक्षः क्रतुरथाङ्गिराः। जामदग्न्यो भृगुश्चैव पुलस्त्यागस्त्यनारदाः ॥३९॥ एते चान्ये च बहवः पितृराजसभासदः। न शक्याः परिसंख्यातुं नामभिः कर्मभिस्तथा ॥४०॥ व्याख्याभिर्धर्मशास्त्राणां निर्णेतारो यथातथम्। सेवन्ते धर्मराजं ते शासनात्परमेष्ठिनः ॥४१॥ राजानः सूर्यवंशीयाः सोमवंश्यास्तथापरे। सभायां धर्मराजं ते धर्मज्ञाः पर्युपासते ॥४२॥ मनुर्दिलीपो मान्धाता

उपासना गरिरहन्छन् ॥३१-३८॥ अत्रि, वशिष्ठ, पुलह, दक्ष, क्रतु, अङ्गिरा जामदग्न्य, भृगु, पुलस्त्य, अगस्त्य र नारद यी र अन्य अनेक ऋषि-मुनि पितृराज धर्मराजका सभासद छन्। तिनको नाम र संख्या कर्मले भन्न सकिन्न ॥३९-४०॥ धर्मशास्त्रहरूको व्याख्याले यथार्थ निर्णय गर्ने ती सबै ब्रह्माजीको आज्ञाले धर्मराजको सेवा गर्दछन् ॥४१॥ धर्म जान्ने सूर्यवंशी राजाहरू र अन्य चन्द्रवंशी राजाहरू त्यस सभामा धर्मराजको उपासना गर्दछन् ॥४२॥ मनु, दिलीप, मान्धाता, सगर, भगीरथ, अम्बरीष, अनरण्य, मुचुकुन्द, निमि, पृथु, ययाति, नहुष, पुरु, दुष्यन्त, शिवि, नल, भरत, शन्तनु, पाण्डु र

सगरश्च भगीरथः। अम्बरीषोऽनरण्यश्चमुचुकुन्दो निमिः पृथुः ॥४३॥ ययातिर्नहुषः पूरुर्दुष्यन्तश्च
शिविर्नलः। भरतः शन्तनुः पाण्डुः सहस्राजुर्न एव च ॥४४॥ एते राजर्षय पुण्याः कीर्तिमन्तो
 बहुश्रुताः। दृष्ट्वाऽश्वमेधैर्बहुभिर्जाता धर्मसभासदः ॥४५॥ सभायां धर्मराजस्य धर्म एव प्रवर्तते। न
 तत्र पक्षपातोऽस्ति तान्नृतं न च मत्सरः ॥४६॥ सभ्याः सर्वे शास्त्रविद सर्वेधर्मपरायणः। तस्यां
सभायां सततं वैवस्वतमुपासते ॥४७॥ इदृशी सा सभा ताक्ष्र्य धर्मराज्ञो महात्मनः। न तां पश्यन्ति ये
पापा दक्षिणेन पथा गताः ॥४८॥ धर्मराजपुरे गन्तुं चतुर्मार्गा भवन्ति च। पापिनां गमने पूर्वं स तु
ते परिकीर्तितः ॥४९॥ पूर्वादिभिस्त्रिभिर्मार्गैर्ये गता धर्ममन्दिरे। ते हि सुकृतिनः पुण्यैस्तस्यां

सहस्रार्जुन यी पवित्र कीर्ति भएका बहुश्रुत राजर्षिहरू अनेक अश्वमेध यज्ञ गरेर त्यस सभाका सभासद भएका छन्॥४३-४५॥ धर्मराजको सभामा केवल धर्म मात्र छ, त्यहाँ न पक्षपात छ, न असत्य र (अर्काको सम्पत्ति देखेर द्रोह गर्ने) ॥४६॥ सब सभासद शास्त्र जान्ने र सबै धर्मपरायण छन्। ती त्यस सभामा निरन्तर धर्मराजको उपासना गर्दछन् ॥४७॥ हे गरुड! महात्मा धर्मराजको यस्तो सभा छ- दक्षिण-मार्गबाट यमलोक गएका जो पापीहरू छन् तिनले त्यो सभाको दर्शन पाउन्नन् ॥४८॥ धर्मराजको नगरमा जाने चार बाटो छन्-त्यसमा पहिले तिमीलाई पापीहरूले जाने मार्गको वर्णन गरिसकेको छु ॥४९॥ पूर्वादि तीन मार्गबाट जो धर्मराजको मन्दिरमा पुग्दछन् ती ठूलो पुण्यात्मा हुन्, ठूलो पुण्यले

गच्छन्ति तान् शृणु ॥५०॥ पूर्वमार्गस्तु तत्रैकः सर्वभोगसमन्वितः । पारिजाततरुच्छायाच्छादितो रत्नमण्डितः ॥५१॥ विमानगणसङ्कीर्णो हंसावलिविराजितः । विद्रुमारामसङ्कीर्णपीयूषद्रवसंयुतः ॥५२॥ तेन ब्रह्मर्षयो यान्ति पुण्या राजर्षयोऽमलाः ॥ अप्सरोगणगन्धर्वविद्याधरमहोरगाः ॥५३॥ देवताराधकाश्चान्ये शिवभक्तिपरायणाः । ग्रीष्मे प्रपादानरता माघे काष्ठप्रदायिनः ॥५४॥ विश्रामयन्ति वर्षासु विरक्तान् दानमानतः । दुःखितस्यामृतं ब्रूते ह्याश्रमं तु ददन्ति ये ॥५५॥ सत्यधर्मस्तथा ये च क्रोधलोभविवर्जिताः । पितृमातृषु ये भक्ता गुरुशुश्रूषणे रताः ॥५६॥ भूमिदा गृहदा गोदा विद्यादानप्रदायकाः ।

तिनको सभामा पग्न सक्छन् ॥५०॥ त्यहाँ जाने पहिलो पूर्व-मार्ग छ जो सबै किसिमको भोगले पूर्ण छ र देव-वृक्षको छायाले ढाकिएको छ, रत्नहरूले सुशोभित छ त्यो मार्ग अनेक विमानहरूले गर्दा साँगुरो भएको छ र त्यहाँ हँसका पक्ति शोभा दिइरहेका छन्, फेरि मूगाको बगैंचाले सङ्कीर्ण र अमृत बग्नाले सधैं चीसो रहन्छ ॥५१-५२॥ त्यस मार्गमा पवित्र ब्रह्मर्षि र निर्मल राजर्षि एवं अप्सरा गन्धर्व, विद्याधर र महान् सर्पहरू जान्छन्—त्यस मार्गबाट अरू ती व्यक्तिहरू पनि जान पाउँछन् जो देवताको आराधना गर्दछन् र शिवको भक्तिमा तत्पर रहन्छन्—ग्रीष्मऋतुमा पानीको पौसाला चलाउने र माघको जाड़ोमा दाउरा दिने पनि त्यही मार्गबाट जान्छन् । वर्षामा ऋतुमा विरक्तहरूलाई जो दान-मान र विश्राम गराउँछन् तथा पीडित, दुःखीहरूसंग जो मीठो वचन बोल्दछन् एवं तिनलाई विश्रामस्थान दिन्छन् । जो सत्य

पुराणवक्तृश्रोतारः पारायणपरायणाः ॥५७॥ एते सुकृतिनश्चान्ये पूर्वद्वारे विशन्ति च । यान्ति धर्मसभायां ते सुशीलाः शुद्धबुद्धयः ॥५८॥ द्वितीयस्तूत्तरो मार्गो महारथशतैर्वृतः । नरयानसमायुक्तो हरिचन्दनमण्डितः ॥५९॥ हंससारससंकीर्णश्चक्रवाकोपशोभितः । अमृतद्रवसम्पूर्णस्तत्र भाति सरोवरः ॥६०॥ अनेन वैदिका यान्ति तथाऽभ्यागतपूजकाः । दुर्गाभान्वोश्च ये भक्तास्तीर्थस्नाताश्च पर्वसु ॥६१॥ ये मृता धर्मसंग्रामेऽनशनेन मृताश्च ये । वाराणस्यां गोगृहे च तीर्थतोये मृता विधेः ॥६२॥ ब्राह्मणार्थे स्वामिकार्ये तीर्थक्षेत्रेषु ये मृताः । ये मृता देवविध्वंसे योगाभ्यासेन ये मृताः ॥६३॥

र धर्मका पालक तथा लोभ क्रोधले रहित छन्; जो आमा–बाबुका भक्त र गुरुको सेवामा तत्पर छन् जो भूमिदान, गोदान, विद्यादान, दाता पुराण भन्न जान्ने तथा पुराण सुन्ने र जो वेदादिको पारायणमा तत्पर छन् यी सबै र अरू जो सुशील एवं शुद्ध बुद्धिका छन्, यी पूर्व द्वारबाट प्रवेश गर्न पाउँछन् अनि धर्मराजको दिव्य सभामा पुग्दछन् ॥५३-५८॥ दोस्रो उत्तर दिशाको मार्ग हो, जो अनेकौं महारथीहरूले घेरिएको छ, बाटोमा डोली, पालकी आदि राखिएको छ र त्यो मार्ग हरिचन्दन नामको देववृक्षहरूले सुशोभित रहन्छ । त्यहाँ हंस, सारस आदि पक्षिहरूले संकुल र चकेवा-चकेवी द्वारा शोभायुक्त छ त्यहाँ अमृतले भरिएको यौटा सरोवर शोभित छ ।५९-६०॥ त्यस मार्गबाट तिनै व्यक्ति जान पाउँछन्, जो वैदिक र अतिथि-पूजक छन्, जो दुर्गा र सूर्यका भक्त छन् पर्वतहरूमा तीर्थ-स्नान गर्दछन्, जो धर्मयुद्धमा

सत्पात्रपूजका नित्यं महादानरताश्च ये । प्रविशन्त्युत्तरे द्वारे यान्ति धर्मसभां च ते ।।६४।। तृतीयः पश्चिमो मार्गो रत्नमन्दिरमण्डितः । सुधारससदापूर्णदीर्घिकाभिर्विराजितः ।।६५।। ऐरावतकुलोद्भूतमत्तमातङ्गसंकुल । उच्चैःश्रवसमुत्पन्नहयरत्नसमन्वितः ।।६६।। एतेनात्मपरा यान्ति सच्छास्त्रपरिचिन्तकाः । अनन्यविष्णुभक्ताश्च गायत्रीमन्त्रजापकाः ।।६७।। परहिंसापरद्रव्यपरवादपराङ्मुखाः । स्वदारनिरताः सन्तः साग्निका वेदपाठकाः ।।६८।। ब्रह्मचर्यव्रतधरा वानप्रस्थास्तपस्विनः । श्रीपादसन्यासपराः समलोष्टाश्मकाञ्चनाः ।।६९।। ज्ञानवैराग्यसम्पन्ना सर्वभूतहिते रताः । शिवविष्णुव्रतकरा

मारिएका छन् र जो अनशन गरेर मरेका छन् । वाराणसीमा, गोशालामा र जो विधिवत् तीर्थ-जलमा मरेका छन्, ब्राह्मण एवं स्वामीको काममा तथा तीर्थक्षेत्रमा मर्नें, देव-प्रतिमाको विध्वंस रोक्नमा मारिएको, योगाभ्यास गर्दा मरेका, जो सत्पात्रहरूका पूजक र महादान गर्नमा तत्पर छन्, ती उत्तर दिशाको द्वारबाट प्रवेश गरेर धर्मराजको सभामा पुग्दछन् ।।६१-६४।। पश्चिम दिशाको मार्ग–जो रत्नका मंदिरहरूले शोभायमान छ जसमा अमृतरसले भरिएका अनेक सरोवर छन् । त्यो बाटो ऐरावतको वंशमा उत्पन्न मदमत्त हातीहरूले संकुल छ र इन्द्रको अश्व उच्चैःश्रवा द्वारा उत्पन्न अश्व-रत्नहरूले युक्त छ।।६५-६६।। त्यस मार्गबाट ती जान्छन्, जो आत्मा र सत् शास्त्रको चिन्तन गर्दछन्, जो जो विष्णुका अनन्य भक्त र गायत्री मन्त्र विधिपूर्वक जप्तछन्, जो अर्काको हिंसा, अर्काको द्रव्यहरण र व्यर्थमा कसैसँग

कर्मब्रह्मसमर्पकाः ॥७०॥ ऋणैस्त्रिभिर्विनिर्मुक्ताः पञ्चयज्ञरताः सदा। पितृणां श्राद्धदातारः काले सन्ध्यामुपासकाः ॥७१॥ नीचसङ्गविनिर्मुक्ताः सत्सङ्गतिपरायणाः। एतेऽप्सरोगणैर्युक्ताः विमानवर-

संस्थिताः ॥७२॥ सुधापानं प्रकुर्वन्तो यान्ति ते धर्ममन्दिरम्। विशन्ति पश्चिमद्वारे यान्ति धर्मसभान्तरे

॥७३॥ यमस्तानागतान् दृष्ट्वा स्वागतं वदते मुहुः। समुत्थानं च कुरुते तेषां गच्छति सम्मुखम् ॥७४॥ तदा चतुर्भुजो भूत्वा शंखचक्रगदासिभृत्। पुण्यकर्मरतानां च स्नेहान्मित्रवदाचरेत् ॥७५॥ सिंहासनं

विवाद गर्दैनन्, जो आफ्नै पत्नीमा आसक्त सत्पुरुष छन्, जो ब्रह्मचर्य व्रत धारण गर्ने र वानप्रस्थ आश्रममा स्थित छन्, जो तपस्वी र श्रीपाद-संन्यासमा तत्पर एवं जसको दृष्टिमा ढुंगामाटो र सुन-चाँदीमा फरक देख्दैनन् अर्थात् समान ठान्दछन्, जो ज्ञान वैराग्य सम्पन्न र सबै प्राणीहरूको कल्याण गर्न अघि सर्दछ, जो शिव र बिष्णुको व्रत गर्दछन् र जो आफूले गरेका समस्त कर्म ईश्वरलाई समर्पण गर्दछन्, जो नीचहरूको संगतिमा रहन्नन् र सत्-संगति परायण छन्-यी सबै स्वर्गका अप्सराहरूमा उत्तम विमानमा बसेर अमृतपान गर्दै धर्मराजको मन्दिरमा पुग्दछन् र पश्चिम मार्गबाट भित्र प्रवेश गरेर धर्मसभामा पुग्दछन् ॥६७-७३॥ तिनलाई आएको देखेर यमराज बारम्बार 'स्वागत, स्वागत !' भन्दै उठेर तिनको अघिल्तिर उभिन्छन् ॥७४॥ त्यस वेला धर्मराज चतुर्भुजी भएर, हातमा शंख, चक्र, गदा र खड्ग धारण गरी पुण्य कर्मका अनुरागीहरूको मित्र झैं भई स्वागत गर्दछन्॥७५॥ तिनलाई सिंहासन दिई पाद्यार्घ र चन्दनादिले

च ददते नमस्कारं करोति च । पादार्घं कुरुते पश्चात्पूजते चन्दनादिभिः ॥७६॥ नमस्कुर्वन्तु भोः सभ्या ज्ञानिनं परमादरात् । एष मे मण्डलं भित्त्वा ब्रह्मलोकं प्रयास्यति ॥७७॥ भो भो बुद्धिमतां श्रेष्ठा नरकक्लेशभीरवः । भवद्भिः साधितं पुण्यैर्देवत्वं सुखदायकम् ॥७८॥ मानुषं दुर्लभं प्राप्य नित्यं यस्तु न साधयेत् । स याति नरकं घोरं कोऽन्यस्तस्माद्चेतनः ॥७९॥ अस्थिरेण शरीरेण योऽस्थिरैश्च धनादिभिः । नाति स्थिरं सदा धर्मं स एको बुद्धिमान्नरः ॥८०॥ तस्मात्सर्वप्रयत्नेन कर्तव्यो धर्मसञ्चयः । गच्छध्वं पुण्यवत्स्थानं सर्वभोगसमन्वितम् ॥८१॥ इति धर्मवचः श्रुत्वा तं प्रणम्य सभां च ताम् । अमरैः

पूजा गरेर नमस्कार गर्दछन् ॥७६॥ हे सभासद हो ! अत्यन्त आदर साथ ज्ञानीलाई नमस्कार गर्नुहवस् ! यो मेरो मण्डललाई भेदन गरेर (नाघेर वा छिचोलेर) ब्रह्मलोकमा जान्छन् ॥७७॥ हे बुद्धिमानहरूमा श्रेष्ठ ! नरकको कष्टले भयभीत ! तपाईंहरूले आफ्नो शुभ-कर्म द्वारा सुखदायक देवभाव प्राप्त गर्नु भयो ॥७८॥ दुर्लभ मानव शरीर पाएर जो नित्य साधन गर्दैनन्, ती डरलाग्दो नरकमा पर्दछन्–ती भन्दा अज्ञानी अर्कोको होला ? ॥७९॥ यो अस्थिर शरीर र चञ्चल सम्पत्तिले जो धर्म सञ्चय गर्दछ, त्यही बुद्धिमान पुरुष हो यस निम्ति सबै किसिमले प्रयत्न गरेर धनको सञ्चय

पूज्यमानास्ते स्तूयमाना मुनीश्वरैः ॥८२॥ विमानगणसंकीर्णः प्रयान्ति परमं पदम् । केचिद्धर्मसभायां हि तिष्ठन्ति परमादरात् ॥८३॥ उषित्वा तत्रकल्पान्त भुक्त्वा भोगानमानुषान् । प्राप्नोति पुण्यशेषेण मानुष्यं पुण्यदर्शनम् ॥८४॥ महाधनी च सर्वज्ञः सर्वशास्त्रविशारदः । पुनः स्वात्मविचारेण ततो याति परां गतिम् ॥८५॥ एतत्ते कथितं सर्वं त्वया पृष्टं यमालयम् । इदं शृण्वन्नरो भक्त्या धर्मराजसभां व्रजेत् ॥८६॥

इति श्रीगरुडपुराणे सारोद्धारे धर्मराजनगरनिरूपणं नाम चतुर्दशोऽध्यायः ॥१४॥

गरोस्, यस्तो गरेर सबै पुण्यवानहरूको तरह उत्तम स्थान प्राप्त गर्दछ ॥८१॥ धर्मराजको यस्तो वचन सुनी तिनलाई र सभालाई प्रणाम गरी देवताहरूद्वारा पूजित र मुनीश्वरहरूद्वारा प्रशंसित भई ॥८२॥ ती विमानहरूद्वारा परमपदमा पुग्दछन् र कोही ठूलो आदरपूर्वक धर्मसभामा नै निवास गर्दछन् ॥८३॥ त्यहाँ कल्प पर्यन्त निवास गरेर दैवी भोगहरू भोग गरी पुण्य समाप्त भएपछि फेरि पुण्यात्माकै रूपमा मनुष्य शरीर प्राप्त गर्दछन् ॥८४॥ ठूलो धनी, सर्वज्ञ र पर्व शास्त्रमा कुशल भई फेरि आत्म-चिन्तन द्वारा परमगति प्राप्त गर्दछन् ॥८५॥ हे गरुड ! यमालयको सम्बन्धमा तिमीले जति सोधेका थियौ, सबै मैले तिमीलाई सुनाएँ, भक्तिपूर्वक यसको श्रवण गर्ने व्यक्ति धर्मराजको सभामा पुग्दछ ॥८६॥

इतिश्री गरुड़पुराणको सारोद्धारमा धर्मराज-नगर-निरूपण नामको चौधौं अध्याय सकियो ॥ १४ ॥

गरुड उवाच—धर्मात्मा स्वर्गतिं भुक्त्वा जायते विमले कुले । अतस्तस्य समुत्पत्तिं जननीजठरे वद ॥१॥ यथा विचार कुरुते देहेऽस्मिन् सुकृती जनः । तथाऽहं श्रोतुमिच्छामि वद मे करुणानिधे ॥२॥ श्रीभगवानुवाच—साधु पृष्टं त्वया तार्क्ष्य परं गोप्यं वदामि ते । यस्य विज्ञानमात्रेण सर्वज्ञत्वं प्रजायते ॥३॥ वक्ष्यामि च शरीरस्य स्वरूपं पारमार्थिकम् । ब्रह्माण्डगुणसम्पन्नं योगिनां धारणास्पदम् ॥४॥ षट्चक्रचिन्तनं यस्मिन् यथा कुर्वन्ति योगिनः । ब्रह्मरन्ध्रे चिदानन्दरूपध्यानं तथा शृणु ॥५॥ शुचीनां

गरुडले सोधे—हे भगवन् ! धर्मात्मा पुरुष स्वर्गको सुखभोग गरेर विमल कुलमा उत्पन्न हुन्छ, त्यसकारण आमाको उदरमा त्यसको उत्पत्ति कसरी हुन्छ सो आज्ञा हवस् ॥१॥ पुण्यात्मा पुरुष यस देहमा जस्तो विचार गर्दछ, हे करुणानिधे! त्यो म यथार्थ रूपमा सुन्न इच्छा गर्दछु, कृपा गरेर आज्ञा हवस् ॥२॥ श्री भगवानले आज्ञा भयो-हे गरुड ! तिमीले यो राम्रो प्रश्न शोध्यौ र यो अत्यन्त गोप्य विषय म तिमीलाई भन्दछु, यसको ज्ञानले नै मनुष्य सर्वज्ञ मानिन्छ॥३॥ यस शरीरको पारमार्थिक स्वरूप भन्दछु—जो ब्राह्मणको गुणहरूले सम्पन्न र योगिहरूले धारण गर्ने आधार छ ॥४॥ जुन शरीरमा योगीहरू षट्-चक्रको चिन्तन र ब्रह्मरन्ध्रमा सच्चिदानन्द स्वरूपको ध्यान गर्दछन्, त्यो सुन ॥५॥ जसरी पुण्यवान पुरुष पवित्र श्रीमान वा धनवानका घरमा उत्पन्न त्यसको विधि र माता-पिताले पालन गर्नु पर्ने नियम भन्दछु.

श्रीमतां गेहे जायते सुकृती यथा । तथा विधानं नियमं तत्पित्रोः कथयामि ते ॥६॥ ऋतुकाले तु
नारीणां त्यजेद्दिनचतुष्टयम् । तावन्नालोकयेद्वक्त्रं पापं वपुषि सम्भवेत् ॥७॥ स्नात्वा सचैलं सा नारी
 चतुर्थेऽहनि शुद्ध्यति । सप्ताहात् पितृदेवानां भवेद्योग्या व्रतार्चने ॥८॥ सप्ताहमध्ये यो गर्भः स
 भवेन्मलिनाशयः । प्रायशः सम्भवन्त्यत्र पुत्रास्त्वष्टाहमध्यतः ॥९॥ युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु
रात्रिषु । पूर्वसप्तकमुत्सृज्य तस्माद्युग्मासु संविशेत् ॥१०॥ षोडशर्तु निशाः स्त्रीणां सामान्याः समुदा-
हृताः । या वै चतुर्दशी रात्रिर्गर्भस्तिष्ठति तत्र वै ॥११॥ गुणभाग्यनिधिः पुत्रस्तदा जायेत धार्मिकः ।

सुन ॥६॥ ऋतुकालमा नारीहरू चार दिनसम्म त्याज्य हुन्छन् । नारीको शरीरबाट इन्द्र द्वारा प्राप्त वृत्रासुरको वध-जनित ब्रह्महत्याको चौथो भाग स्वरूप पाप जबसम्म बगिरहन्छ तबसम्म स्त्रीको मुख पनि नहेर्नु ॥७॥ त्यो रजस्वला भएकी स्त्री चौथो दिन जब सवस्त्र स्नान गरेर शुद्ध हुन्छे अनि सतौं दिन मात्र देवता र पितृकार्य गर्ने योग्य हुन्छे ॥८॥ जुन गर्भ सातौं दिनको भित्र स्थित हुन्छ त्यसबाट जन्मने पुत्र दूषित विचारको हुन्छ र आठ दिनपछि (गर्भ रहे) धेर जसो छोरी नै जन्मने सम्भावना रहन्छ॥९॥ युग्म (जोर) रात्रिमा सम्भोग गर्नाले छोरी र अयुग्म (बिजोर) रात्रिमा कन्याको सम्भावना रहन्छ, यस निम्ति पहिलो सात दिन छोडेर स्त्री सम्भोग गर्नु ॥१०॥ स्त्रीहरूको ऋतु-कालको सोह्र रात सामान्यतः मानिएको छ, जो चौधौं रात्रि हो त्यसमा निश्चय नै गर्भ स्थिति हुन्छ ॥११॥ त्यस

सा निशा प्राकृतजीवनं लभ्यते कदाचन ॥१२॥ पञ्चमेऽह्नि नारीणां कार्यं मधुरभोजनम् । कटु क्षारं
च तीक्ष्णं च त्याज्यमुष्णं च दूरतः ॥१३॥ तत्क्षेत्रमौषधीपात्रं बीजं चाप्यमृतायनम् । तस्मिन्नुप्त्वा नरः
 स्वामी सम्यक्फलमवाप्नुयात् ॥१४॥ ताम्बूलपुष्पश्रीखण्डैः संयुक्तः शुचिवस्त्रभृत् । धर्ममादाय मनसि
 सुतल्पं संविशेत् पुमान् ॥१५॥ निषेकसमये यादृङ्नरचित्त विकल्पना । तादृक्स्वभावसम्भूतिर्जन्तु-
र्विशति कुक्षिगः ॥१६॥ चैतन्यं बीजभूतं हि नित्यं शुक्रेऽप्यवस्थितम् । कामश्चितं च शुक्रं च यदा
ह्येकत्वमाप्नुयात् ॥१७॥ तदा द्रावमवाप्नोति योषिद्गर्भाशये नरः शुक्रशोणितसंयोगात्पिण्डोत्पत्तिः

रात्रिमा स्त्री-समागम गर्नाले गुण र भाग्यको खानी तथा धार्मिक विचारको पुत्र हुन्छ । नीच पुरुषलाई यो रात्रि
 कहिल्यै पनि प्राप्त हुन सक्तैन ॥१२॥ पाँचौं दिन स्त्रीलाई मधुर, मीठो खाने वस्तु दिनु; तातो, पीरो, तीतो र टर्रो
वस्तु दिनुहुँदैन ॥१३॥ नारीको गर्भाशय औषधिहरूको पात्र मानिन्छ र बीज अमृतको घर । त्यस क्षेत्रमा बीज रोपेर
स्वामी पुरुष उत्तम फल प्राप्त गर्दछ ॥१४॥ पान खाएर, फूलको माला लगाई, चन्दन लगाएर शुद्ध वाच फेरी, मनमा धर्म
धारण गरी पुरुष सकेसम्म असल र सुखरूप शय्यामा शयन गरोस् ॥१५॥ गर्भाधानको समयमा पुरुषको मनमा
जस्तो भावना रहन्छ, त्यस्तै स्वभावको जीव कुक्षिमा प्रवेश गर्दछ ॥१६॥ बीज-भूत चैतन्य सदा वीर्यमा उपस्थित

प्रजायते ॥१८॥ परमानन्ददः पुत्रो भवेद्‌गर्भगतः कृति । भवन्ति तस्य निखिला क्रियाः पुंसवनादिकाः ॥१९॥ जन्म प्राप्नोति पुण्यात्मा गृहेषूच्चगतेषु च । तज्जन्मसमये विप्राः प्राप्नुवन्ति धनं बहु ॥२०॥ मा.टी.

ग. पु. विद्याविनयसम्पन्नो वर्धते पितृवेश्मनि । सतां संगेन स भवेत्सर्वागमविशारदः ॥२१॥ दिव्यांगनादिभोक्ता

१८२ स्यात्तारुण्ये दानवान् धनी । पूर्वं कृततपस्तीर्थमहापुण्यफलोदयात् ॥२२॥ ततश्च यतते नित्यमात्मा- अ०१५

नात्मविचारणे । अध्यारोपपवादाभ्यां कुरुते ब्रह्मचिन्तनम् ॥२३॥ अस्यासद्भावबोधाय ब्रह्मणोऽन्वय-

रहन्छ र शुक्र-शोणितको संयोगले पिण्डको उत्पत्ति हुन्छ ॥१७-१८॥ गर्भमा आएको त्यो छोरो, कुशल र परम-आनन्दको दाता हुन्छ; त्यसका सबै पुंसवन आदि संस्कार हुन्छन् ॥१९॥ त्यसले ग्रहहरूको उच्च-स्थितिमा जन्म लिन्छ, त्यो जन्मदा अनेक ब्राह्मण र याचकले धन पाउँछन् ॥२०॥ त्यो विद्या र विनयले सम्पन्न भएर पिताको घरमा बढ्दछ र सत्पुरुषहरूको संगतले सबै शास्त्रमा पारंगत हुन्छ ॥२१॥ पूर्व जन्मसा गरिएको तपस्या, तीर्थ-भ्रमण आदिको महापुण्यको फलोदय भएर त्यो युवावस्थामा दिव्यांगना आदिको उपभोग गर्ने, धनी र दानी हुन्छ ॥२२॥ त्यसपछि वृद्ध अवस्थामा आत्मा-अनात्मा (ईश्वर र शरीर) को ज्ञान हुने सदैव यत्न गर्दछ र अध्यारोप (यौटा पदार्थमा अर्को पदार्थको कल्पना) र अपवाद (त्यसको खण्डन) गरी ब्रह्मको चिन्तन गर्दछ ॥२३॥ आत्मा-अनात्माको सम्बन्ध ज्ञानको निम्ति, पारम्परिक

कारिणः। क्षित्पाद्यनात्मवर्गस्य गुणांस्ते कथयाम्यहम् ॥२४॥ क्षितिर्वारि हविर्भोक्ता वायुराकश एव च। स्थूलभूता इमे प्रोक्ता पिण्डोऽयं पाञ्चभौतिकः ॥२५॥ त्वगस्थिनाड्या रोमाणि मांसं चैव खगेश्वर। एते पञ्चगुणा भूमेर्मया ते परिकीर्तितः ॥२६॥ लाला मूत्रं तथा शुक्रं मज्जा रक्तं च पञ्चमम्। अपां पंचगुणाः प्रोक्तास्तेजसाऽपि निशामय ॥२७॥ क्षुधा तृष्णा तथाऽऽलस्यं निद्रा कान्तिस्तथैव च। तेजः पंचगुणं तार्क्ष्य प्रोक्तं सर्वत्र योगिभिः ॥२८॥ आकुञ्चनं धावणं च लंघनं च प्रसारणम्। चेष्टितं चेति पञ्चैव गुणा वायोः प्रकीर्तिताः ॥२९॥ घोषश्चिन्ता च शून्यत्वं मोहश्चिन्ता च संशयः। आकाशस्य

सम्बन्ध गराउने ब्रह्म (आत्मा) र अनात्मा वर्ग पृथ्वी आदि पञ्चभूतका गुण म तिमीलाई भन्दछु, सुन ॥२४॥ पृथ्वी, जल, अग्नि, वायु र आकाश-यी पांच स्थूल भूत हुन्, इनै द्वारा तयार गरिएको यो शरीरलाई पाञ्चभौतिक भन्दछन् ॥२५॥ हे गरुड ! त्वचा, अस्थि, नाडी, रोम र मांस यी पांच गुण भूमिका हुन्-जो मैले तिमीलाई सुनाएँ ॥२६॥ र्याल, मूत्र, वीर्य, मज्जा र रगत-यी पांच जलका गुण हुन्। अब तेजका गुण सुन ॥२७॥ भोक, त्यास, आलस्य, निद्रा र कान्ति-हे गरुड ! यी पांच तेजका गुण सर्वत्र योगिहरूले मानेका छन् ॥२८॥ खुम्चिनु, दगुर्नु, फड्कनु र फैलिनु तथा चेष्टा गर्नू-यी पांच वायुका गुण कहिन्छन् ॥२९॥ शब्द, चिन्ता, शून्यता मोह र संशय-यी पांच

गुणाः पञ्च ज्ञातव्यास्ते प्रयत्नतः ॥३०॥ मन बुद्धिरहंकारश्चित्तं चेति चतुष्टयम् । अन्तःकरणमुद्दिष्टं
पूर्वकर्माधिवासितम् ॥३१॥ श्रोत्र त्वक्चक्षुषी जिह्वा घ्राण ज्ञानेन्द्रियाणि च । वाक्पाणिपादपायूपस्थानि
ग पु. कर्मेन्द्रियाणि च॥३२॥ दिग्वातार्कप्रचेतोऽश्विवह्नीन्द्रोपेन्द्रमित्रकाः । ज्ञानकर्मेन्द्रियाणां च देवताः परि- भा टी.
१८४ कीर्तिताः ॥३३॥ इडा च पिङ्गला चैव सुषुम्नाख्या तृतीयका । गान्धारी गजजिह्वा च पूषा चैव अ०१५
यशस्विनी ॥३४॥ अलम्बुषा कुहुश्चापि शंखिनी दशमी तथा । पिडमध्ये स्थिता ह्येताः प्रधाना दश
नाडिका ॥३५॥ प्राणोऽपानःसमानाख्य उदानो व्यान एव च । नागः कूर्मश्च कृकलो देवदत्तो धनञ्जयः
॥३६॥ हृदि प्राणो गुदेऽपानः समानो नाभिमण्डले । उदान कण्ठदेशे स्याद्व्यानः सर्वशरीरगः ॥३७॥

आकाशका गुणहरू तिमी यत्नपूर्वक जान ॥३०॥ मन, बुद्धि, अहङ्कार र चित्त-यी अन्तःकरण कहिएका छन् र यो पूर्वजन्मका शुभाशुभ कर्मको निवासस्थान हो ॥३१॥ कान, त्वचा, आँखा, जिब्रो र नाक-यी ज्ञानेन्द्रिय कहिन्छन् । वचन, हात, खुट्टा, गुदा र उपस्थ (लिङ्ग-भग) यी कर्मेन्द्रिय कहिन्छन् ॥३२॥ दिशा, वायु, सूर्य, प्रचेता दुवै अश्विनी-कुमार, अग्नि, इन्द्र, विष्णु र मित्र–यी ज्ञानेन्द्रिय र कर्मेन्द्रियका दस देवता मानिएका छन् ॥३३॥ शरीर भित्र प्रधान दस नाड़ीहरू छन्-इड़ा, पिङ्गला, सुषुम्ना, गान्धारी, गजजिह्वा, पूषा, यशस्विनी, अलम्बुषा, कुहू र शंखिनी ॥३४-३५॥ वायुका पनि दस छन्-प्राण, अपान, समान, उदान, व्यान, नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय ॥३६॥

३५॥ वायुका पाँच दस छन्-प्राण, अपान, समान, उदान, व्यान, नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय ॥३६॥

उद्गारे नाग आख्यातः कूर्म उन्मीलने स्मृत । कृकलः क्षुत्करौ ज्ञेयो देवदत्तो विजृम्भणे ॥३८॥ न जहाति मृतं वापि सर्वव्यापी धनञ्जयः । कवलैर्भुक्तमन्नं हि पुष्टिदं सर्वदेहिनाम् ॥३९॥ नयते व्यानको वायुः सारांश सर्वनाडिषु । आहारो भुक्तमात्रो हि वायुना क्रियते द्विजा ॥४०॥ संप्रविश्य गुदे सम्यक्पृथगन्नं पृथग्जलम् । ऊर्ध्वमग्नेर्जलं कृत्वा कृत्वाऽन्नं च जलोपरि ॥४१॥ अग्नेश्चाधः स्वयं प्राणः स्थित्वाऽग्नि धमते शनैः । वायुना ध्मायमानोऽग्निः पृथक्किट्ट पृथग्रसम् ॥४२॥ कुरुते

हृदयमा प्राण, गुदामा अपान, नाभिमण्डलमा समान, कण्ठदेशमा उदान र सम्पूर्ण शरीरमा हिँडिरहने वायुको नाम व्यान हो ॥३७॥ डकारमा नाग-उन्मीलन (आँखा चिम्लने र उघार्ने) मा कूर्म, भोक र छिवक्कामा कृकल र हाईमा देवदत्त नामको वायु छ ॥३८॥ सर्वव्यापी धनञ्जय नामको वायुले मरेका व्यक्तिलाई पनि छाड्दैन । एक-एक गाँस गरेर खाइएको अन्नले प्राणीका शरीरलाई पुष्ट पार्दछ ॥३९॥ व्यान वायुले अन्नको सारभागलाई सबै नाड़ीहरूमा पुऱ्याउँछ, वायु खाएको आहारलाई दुई भागमा बाँडिदिन्छ ॥४०॥ त्यो गुदामा प्रवेश गरेर अन्न र जललाई राम्रो-सँग भिन्नाभिन्नै पार्दछ, आगो माथि जल र जलमाथि अन्न पारिदिएर अग्निको तल प्राणवायु स्थिर भई स्वयं अग्निलाई बिस्तार-बिस्तार पंखा झैं हम्किरहन्छ, वायुद्वारा हम्किएपछि अग्निले मल र रसलाई भिन्ना-भिन्नै पारि-दिन्छ, त्यस रसलाई व्यान नामको वायुले शरीरमा सबैतिर पुऱ्याउँछ र विभक्त भएको त्यो मल बाह्र द्वार (मार्ग)

व्यानको वायुर्निष्वक्सम्प्रापयेद्रसम् । द्वारैर्द्वादशभिर्भिन्नं किट्टं देहाद्बहिः स्रवेत् ॥४३॥ कर्णाऽक्षि-नासिका जिह्वा दन्ता नाभिर्नखा गुदम् । गुह्यं शिरा वपुर्लोम मलस्थानानि चक्षते ॥४४॥ एवं सर्वे प्रर्वन्ते स्वस्वकर्मणि वायवः । उपलभ्यात्मनः सत्तां सूर्यलोकं यथा जना ॥४५॥ इदानीं नरदेहस्य शृणु रूपद्वयं खग । व्यावहारिकमेकं च द्वितीयं पारमार्थिकम् ॥४६॥ तिस्रः कोट्योऽर्धकोटी च रोमाणि व्यावहारिके । सप्तलक्षादि केशाः स्युर्नखाः प्रोक्तास्तु विंशतिः ॥४७॥ द्वात्रिंशद्दशनाः प्रोक्ताः

बाट बाहिर निकाल्दछ ॥४१-४३॥ कान, आँख, नाक, जिभ्रो, दाँत, नाभि, नङ, गुह्य (लिङ्ग-भग) शिरा, शरीर र रोम-यी मल निस्कने बाह्र स्थान (बाटो) बिख्यात छन् ॥४४॥ यस प्रकार सबै वायु आत्माको सत्ता स्वीकार गरेर आफ्नू-आफ्नू कार्यमा प्रवृत्त छन्, जस्तै—मानिसहरू सूर्यको प्रकाश (उज्यालो) पाएपछि आफ्नू आफ्नू काममा प्रवृत्त हुन्छन् ॥४५॥ हे गरुड ! अब मष्नुय शरीरको दुई रूप सुन-पहिलो व्यवहारिक र अर्को पारमार्थिक ॥४६॥ हे विनता-पुत्र गरुड ! व्यवहारिक शरीरमा सामान्यतः साढ़े तीन करोड़ रौं छन्, सात लाख केस, बीस नङ, बत्तीस दाँत कहिएका छन्, चार हजार तोला मासू, चार सय तोला रगत, चालीस तोला मेदा, दुइ सय असी तोला त्वचा, अठचालीस तोला मज्जा, बाह्र तोला महारक्त, दुइ पाउ धातु, एक पाउ रुधिर सम्पूर्ण शरीरमा तीन सय आठ अस्थि (हाड) हरू कहिएका छन् । शरीरमा स्थूल र सूक्ष्म नाड़ीहरूको संख्या करोड़ौं मानिएको छ । दुइ सय तोला पित्त, पचीस तोला कफ रहन्छ र निरन्तर उत्पन्न हुने मल—मूत्रको प्रमाण छैन, यी गुणहरूले युक्त शरीरलाई व्यव-

समान्याद्विनतासुत । मांसं पलसहस्रं तु रक्तं पलशतं स्मृतम् ॥४८॥ पलानि दश मेदस्तु त्वक्पलानि च सप्ततिः । पलद्वादशकं मज्जा महारक्तं पलत्रम् ॥४९॥ शुक्रं द्विकुडवं ज्ञेयं कुडवं शोणितं स्मृतम् । षष्ट्युत्तरं च त्रिशतमस्थ्नां देहे प्रकीर्तितम् ॥५०॥ नाड्यः स्थूलाश्च सूक्ष्माश्च कोटिशः परिकीर्तित । पित्तं पलानि—पञ्चाशत्तदर्धं श्लेष्मणस्तथा ॥५१॥ सततं जायमानं तु विण्मूत्रं चाप्रमाणतः । एदद्गुण-समायुक्तं शरीरं व्यावहारिकम् ॥५२॥ भुवनानि च सर्वाणि पर्वतद्वीपसागराः । आदित्याद्या ग्रहाः सन्ति शरीरे पारमार्थिके ॥५३॥ पारमार्थिकदेहे हि षट्चक्राणि भवन्ति च । ब्रह्माण्डे ये गुणाः प्रोक्तास्तेऽप्यस्मिन्नेव संस्थिताः ॥५४॥ तानहं ते प्रवक्ष्यामि योगिनां धारणास्पदान् । येषां भावनया जन्तुर्भवेद्वै राजरूपभाक् ॥५५॥ पादाधस्तात्तलं ज्ञेयं पादोर्ध्वं वितलं तथा । जानुनोः सुतलं विद्धि

हारिक देह भनेका छन् ॥४७-५२॥ पारमार्थिक शरीरमा सबै चौध भुवन, सात पर्वत सात द्वीप, सात समुद्र र सूर्यादि नवग्रह छन् ॥५३॥ परमार्थिक देहमा षड्चक्र हुन्छन्, जुन गुण ब्रह्माण्डमा कहिएका छन्, ती सबै यस शरीरमा स्थित छन् ॥५४॥ योगीहरूले धारण गरिने तीनै गुणहरू म तिमीलाई भन्दछु, सुन–जसको भावनाले जीव विराटस्वरूपको भागी हुन्छ ॥५५॥ ती गुणहरू हुन्–खुट्टाको तल र माथि अतल र वितल, दुवै घुँडामा सुतल, तिघ्रामा महातल, तिघ्राको मूलमा तलातल, गुह्यदेशमा रसातल र कटिमा पाताल–यी सात लोक कहिएका छन्

सक्थिदेशे महातलम् ।।५६।। तलातलं सक्थिमूले गुह्यदेशे रसातलम् । पातालं कटिसंस्थं च सप्तलोकाः प्रकीर्तिताः ।।५७।। भूर्लोकं नाभिमध्ये तु भुवर्लोकं तदूर्ध्वके । स्वर्लोकं हृदये विद्यात् कण्ठदेशे महस्तथा ।।५८।। जनलोकं वक्त्रदेशे तपोलोक ललाटके । सत्यलोकं ब्रह्मरन्ध्रे भुवनानि चतुर्दश ।।५९।। त्रिकोणे संस्थितो मेरुरधः कोणे च मन्दरः । दक्षकोणे तु कैलासी वामकोणे हिमाचलः ।।६०।। निषधश्चोर्ध्व रेखायां दक्षायां गन्धमादनः । रमणोवामरेखायां सप्तैते कुलपर्वताः ।।६१।। अस्थिस्थाने भवेज्जम्बूः शाको मज्जासु संस्थितः । कुशद्वीपः स्थितो मांसे क्रौञ्चद्वीपः शिरासु च ।।६२।। त्वचाया शाल्मलीद्वीपो गोमेदो रोमसञ्चये । नखस्थं पुष्करं विद्यात्सागरास्तदनन्तरम् ।।६३।। क्षारोदो हि

।।५६-५७।। नाभिको भित्रपट्टि भूर्लोक, नाभिको माथि भुवर्लोक, हृदयमा स्वर्लोक, कण्ठदेशमा महर्लोक, मुखमा जनलोक, ललाटमा तपोलोक र ब्रह्मरन्ध्रमा सत्यलोक–यी चौध भुवन हुन् ।।५८-५९।। त्रिकोणमा मेरुपर्वत स्थित छ र तलको कोणमा मन्दर-पर्वत, दक्षिण कोणमा कैलाश पर्वत बायाँ कोणमा हिमाचल, ऊर्ध्वरेखामा निषध-पर्वत, दक्षिण रेखामा गन्धमादन-पर्वत, देब्रे रेखामा रमण-पर्वत-यी सात कुल पर्वत हुन् ।।६०-६१।। अस्थि स्थानमा जम्बू-द्वीप, मज्जामा शाकद्वीप, मांसमा कुशद्वीप शिराहरूमा क्रौञ्चद्वीप, त्वचामा शाल्मली द्वीप, रोमसमूहमा गोमेद द्वीप र नङहरूमा पुष्कर द्वीप जान्नू । यसपछि सागरहरू सुन–।।६२-६३।। मूत्रमा क्षार समुद्र, दूधमा क्षीर समुद्र,

र नङहरूमा पुष्कर द्वीप जान्नू । यसपछि सागरहरू सुन–॥६२–६३॥ मूत्रमा क्षार समुद्र, दूधमा क्षीर समुद्र,

भवेन्मूत्रे क्षीरं क्षीरोदसागरः । सुरोदधिः श्लेष्मसंस्थो मज्जायां घृतसागरः ॥६४॥ रसोदधि रसे विद्याच्छोणिते दधिसागरः । स्वादूदी लम्बिकास्थानं जानीयाद्विनतासुत ॥६५॥ नादचक्रे स्थितः सूर्यो बिन्दुचक्रे च चन्द्रमाः । लोचनस्थः कुजो ज्ञेयो हृदयेज्ञः प्रकीर्तितः ॥६६॥ विष्णुस्थाने गुरुं विद्याच्चके शुक्रो व्यवस्थितः । नाभिस्थानेस्थितो मन्दो मुखे राहुः प्रकीर्तितः ॥६७॥ वायुस्थाने स्थितः केतुः शरीरे ग्रहमण्डलम् । एवं सर्वस्वरूपेण चिन्तयेदात्मनस्तनुम् ॥६८॥ सदा प्रभात समये बद्ध-पद्मासनः स्थितः । षट्‌चक्रचिन्तनं कुर्याद्यथोक्तमजपाक्रमम् ॥६९॥ अजपानाम गायत्री मुनीनां

मज्जामा घृत समुद्र, रसमा रस समुद्र, रुधिरमा दधि समुद्र र हे गरुड ! कण्ठको भित्र लम्बिकामा सुस्वादु जलको समुद्र जान्नू ॥६४-६५॥ नाद-चक्रमा सूर्यनारायण छन् र बिन्दु-चक्रमा चन्द्रमा, आँखामा मंगल र हृदयमा बुध, विष्णु स्थान मस्तिष्कमा गुरु, वीर्यमा शुक्र, नाभिदेशमा शनि, मुखमा राहु र वायुस्थानमा केतु स्थित छन् । यसरी शरीरमा नवग्रहहरूको मण्डल छ । अतः आफ्नू शरीरलाई सबैको आकृति र निवासस्थान जानेर चिन्तन गरोस् ॥६६-६८॥ प्रतिदिन प्रातःकाल पद्मासन बाँधेर बसी षटचक्रको चिन्तन एवं जसरी बताइएको छ, त्यही क्रमले अजपा गायत्रीको जप गरोस् ॥६९। अजपा नामको गायत्री मुनिहरूलाई मोक्ष दिन्छिन् । यसको संकल्पले नै मनुष्य

मोक्षदायिनी ।। अस्याः संकल्पमात्रेण सर्वपापैः प्रमुच्यते ।।७०।। शृणु तार्क्ष्य प्रवक्ष्येऽहमजपाक्रम-मुत्तमम् । यं कृत्वा सर्वदा जीव जींवभाव विमुञ्चति ।।७१।। मूलाधारः स्वाधिष्ठान मणिपूरकमेव च । अनाहतं विशुद्धाख्यमाज्ञाषट्चक्रमुच्यते ।।७२।। मूलाधारे लिङ्गदेशे नाभ्यां हृदि च कण्ठगे । भ्रुवोर्मध्ये ब्रह्मरन्ध्रे क्रमाच्चक्राणि चिन्तयेत् ।।७३।। आधारं तु चतुर्दलानलसमं वासान्तवर्णाश्रयं स्वाधिष्ठानमपि प्रभाकरसमं बालान्तषट्पत्रकम् । रक्ताभं मणिपूरकं दशदलं डाद्य फकारान्तकं पत्रैर्द्वादशभिरनाहतपुरं हैमं कठान्तावृतम् ।।७४।। पत्रैः सस्वरषोडशैः शशधरज्योतिर्विशुद्धाम्बुज हंसेत्यक्षरयुग्मकं द्वयदलं

सबै प्रकारका पापहरूबाट मुक्त हुन्छ ।।७०।। हे गरुड़ ! सुन–म तिमीलाई उत्तम अजपा जपको क्रम भन्दछु–जसको नियमपूर्वक पालन गरेर जीव सदैव जीवभावलाई त्यागीदिन्छ ।।७१।। मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध र आज्ञा–यी 'षटचक्र' कहिन्छन् ।।७२।। मूलाधार, लिङ्ग, नाभि, हृदय, कण्ठ, दुवैको माझ र ब्रह्मरन्ध्रमा क्रमले चक्रहरूको चिन्तन गरोस् ।।७३।। मूलाधार चक्र अग्निको समान छ, त्यसमा चार पत्र र तो 'व' देखि 'स' सम्म अर्थात् 'व श ष स' यी अक्षरहरूको घर हुन्; स्वाधिष्ठान चक्र सूर्यनारायण झैं छ, यसमा 'व भ म य रल' यी छ अक्षरहरूले युक्त पत्रहरू छन्, मणिपूरक–चक्र रक्त–कान्तिको छ, यसमा 'ड ढ ण त थ ध न पफ' यी दस अक्षर छन्; अनाहत–चक्र सुनको जस्तो वर्ण भएको छ, यसमा 'क ख ग घ ङ च छ ज झ ञ ट ठ' यति बाह्र पत्र छन् र

रक्ताभमात्राम्बुजम् । तस्मादूर्ध्वगत प्रभासितमिदं पद्मं सहस्रच्छदं सत्यानन्दमयं सदा शिवमयं ज्योतिर्मयं
शाश्वतम् ॥७५॥ गणेशं च विधिं विष्णुं शिवं जीवं गुरुं ततः । व्यापकं च परंब्रह्म क्रमाच्चक्रेषु
 चिन्तयेत् ॥७६॥ एकविंशत्सहस्राणि षट्शतान्यधिकानि च । अहोरात्रेण श्वासस्य गतिः सूक्ष्मा स्मृता
 बुधैः ॥७७॥ हकारेण बहिर्याति सकारेणविशेत्पुनः । हंसो हंसेति मन्त्रेण जीवो जपति तत्त्वतः ॥७८॥
षट्शतं गणनाथाय षट्सहस्रं तु वेधसे । षट्सहस्रं च हरये षट्सहस्रं हराय च ॥७९॥ जीवात्मने

ती पत्र उपरोक्त अक्षरहरूले आवृत्त छन्; विशुद्ध-चक्र चन्द्र-ज्योतिको समान छ, यसमा सोह्र पत्र छन् र इनमा 'अ आ इ ई उ ऊ ऋ ॠ लृ ए ऐ ओ औ अं अः' यी अक्षर विद्यमान छ, आज्ञा चक्र रातो वर्णको छ, यसमा दुई पत्र र दुवै 'ह स' इ दुइ अक्षरले युक्त छन् । त्यस आज्ञा चक्रको माथितिर हजारौं पत्र भएको प्रकाशमान यो पत्र जुन-सत्यमय, आनन्दमय, शिवमय, ज्योतिर्मय र शाश्वत (नित्य) छ ॥७४-७५॥ षट्चक्रहरूमा क्रमले गणेश, ब्रह्मा, विष्णु, शिव, जीव, गुरु त्यसपछि परब्रह्मको चिन्तन गरोस् ॥७६॥ विधानहरूले दिन रातमा श्वासको सूक्ष्म गति एकाइस हजार छ सय बताएका छन् ॥७७॥ यो श्वास 'ह' कारको साथमा बाहिर निस्कन्छ र 'स' कारको साथका फेरि भित्र प्रवेश गर्दछ । यसरी जीव वस्तुतः हंस-'हंस' यस मन्त्रको जप गरिरहन्छ ॥७८॥ त्यसमा गणेशलाई छ सय, ब्रह्मालाई छ हजार, हरिलाई छ हजार, शङ्करलाई छ हजार, जीवात्मालाई एक हजार र विश्वरूप आत्मा-

सहस्रं च सहस्रं गुरवे तथा । चिदात्मने सहस्रं च जपसंख्यां निवेदयेत् ॥८०॥ एतान्क्रमगतान् ब्रह्ममयखान् मुनयोऽमरान् । सत्सम्प्रदायवेत्तारश्चिन्तयन्त्यरुणादयः ॥८१॥ शुकादयोऽपि मुनयः शिष्यानुपदिशन्ति च । अतः प्रवृत्तिं महतां ध्यात्वा ध्यायेत्सदा बुधः ॥८२॥ कृत्वा च मानसीं पूजां सर्वचक्रेष्वनन्यधीः । ततो गुरूपदेशेन गायत्रीमजपां जपेत् ॥८३॥ अधोमुखे ततो रन्ध्रे सहस्रदलपङ्कजे । हंसगं श्रीगुरुं ध्यायेद्वराभयकराम्बुजम् ॥८४॥ क्षालितं चिन्तयेद्देहं तत्पादामृतधारया । पञ्चोपचारैः सम्पूज्य प्रणमेत्तत्स्तवेन च ॥८५॥ ततः कुण्डलिनीं ध्यायेदारोहादवरोहतः । षटचक्रकृतसञ्चारां

लाई एक हजार जप संख्या समर्पण गरोस् ॥७९-८०॥ सत्सम्प्रदायका ज्ञाता मुनिहरू चक्रमा स्थित ब्रह्माको ज्योतिरूप यी गणेशादि देवताहरूको चिन्तन गर्दछन् ॥८१॥ श्री शुकदेव आदि मुनिहरू पनि आफ्ना शिष्यहरूलाई उपदेश दिन्छन् त्यसकारण विद्वानहरूले पनि आफूभन्दा विज्ञ पुरुषको प्रवृत्तिमा विचार राखेर सदैव ईश्वरको ध्यान गर्नुपर्दछ ॥८२॥ स्थिर मनले सबै चक्रहरूमा मानसिक पूजा गरेर गुरुको उपदेशानुसार अजपा गायत्रीको जप गर्नू ।८३॥ त्यसको बाद ब्रह्मरन्ध्रमा हजार पत्रवाला तलतिर मुख भएको कमलमा हंसारूढ श्रीगुरुको-जसको करकमलमा वर अभय विद्यमान छ–उसको ध्यान गर्नु ॥८४॥ ती गुरुका चरणहरूको सुधाधाराले धोएको आफ्नू देहको चिन्तन गरेर पञ्चोपचारले पूजा गरेर गुरुको स्तुति गरोस् प्रणाम गरोस्, ॥८५॥ त्यसका बाद छवै चक्रमा विचर्ने

सार्धत्रिवलयां स्थिताम् ॥८६॥ ततो ध्यायेत्सुषुम्नाख्यं धाम रन्ध्राद् बहिर्गतम् । तथा तेन गता यान्ति तद्विष्णोः परमं पदम् ॥८७॥ ततो मच्चिन्तितं रूपं स्वयंज्योतिः सनातनम् । सदानन्दं सदा ध्यायेन्मुहूर्ते ब्राह्मसंज्ञके ॥८८॥ एवं गुरुपदेशेन मनोनिश्चलतान् नयेत् । न तु स्वेन प्रयत्नेन तद्विना पतनं भवेत् ॥८९॥ अन्तयागं विधायैवं बहिर्यागं समाचरेत् । स्नानसन्ध्यादिकं कृत्वा कुर्याद्धरिहरार्चनम् ॥९०॥ देहाभिमानिनामन्तर्मुखीवृत्तिर्न जायते । अतस्तेषां तु मद्भक्तिः सुकरा मोक्षदायिने ॥९१॥

वाला साढ़े तीन बलय (सर्पको झैं मण्डल) गरेर रहेको कुण्डलिनीको आरोह अवरोह क्रमले ध्यान गरोस् ॥८६॥ त्यसका बाद ब्रह्मरन्ध्रबाट बाहिर निक्लेको सुषुम्ना नामक धामको ध्यान गरोस्; उस मार्गबाट गएका जीवलाई विष्णुको परमपद प्राप्त हुन्छ ॥८७॥ फेरि ब्राह्म मुहुर्तमा मेरो चिन्तनरूप यो स्वयं ज्योतिर्मय, नित्य र सदा आनन्दमय छ, उसको सदा ध्यान गरोस् ॥८८॥ यस प्रकार गुरुको उपदेशले मनलाई स्थिर गरेर–आफ्नू मिहिनेतले होइन किनकि बिना गुरुको उपदेशले जीवको पतन हुन्छ ॥८९॥ यसरी अन्तर्योग (मानस-कर्म) गरी अनि बहिर्योग गरोस स्नान-सन्ध्यादि कर्म गरेर हरि-हरको पूजा गरोस् ॥९०॥ शरीरको अभिमान हुने व्यक्तिहरूको अन्तर्मुखी वृत्ति

तपोयोगादयो मोक्षमार्गाः सन्ति तथापि च । समीचीनस्तु मद्भक्तिमार्गः संसरतामिह ॥९२॥ ब्रह्मादिभिश्च सर्वज्ञैरयमेव विनिश्चितः । त्रिवारं वेदशास्त्राणी विचार्य च पुनः पुनः ॥९३॥ यज्ञादयोऽपि सद्धर्माश्चित्त-
 शोधनकारकाः । फलरूपा च मद्भक्तिरता लब्ध्या नावसीदति ॥९४॥ एवमाचरणं तार्क्ष्य करोति सुकृतै
 नरः । संयोगेन च मद्भक्त्या मोक्षं याति सनातनम् ॥९५॥

इतिश्री गरुडपुराणे सरोद्धारे सुकृतिजनजन्माचरणनिरूपणं नाम पञ्चदशोऽध्यायः ॥१५॥

उत्पन्न हुँदैन, त्यस कारण उनीहरूलाई मेरो भक्ति सरल र मोक्षदायक छ ॥९१॥ यस संसारमा आउने पुरुषहरूको तपस्या र योग आदि मोक्षका मार्ग छन्, तापनि मेरो भक्ति-मार्ग उत्तम छ ॥९२॥ ब्रह्मा आदिले वेद-शास्त्रहरूको तीनपल्ट बारम्बार विचार गरेर यही निर्णय गरेरका छन्-यज्ञ आदि पनि सूद्धर्म हुन् र चित्त शुद्ध पार्दछन्, मेरो भक्ति त केवल फलस्वरूप हो, त्यसलाई पाएर मनुष्यले दुःख पाउँदैन ॥९३-९४॥ हे गरुड ! यसरी जो पुण्यवान् व्यक्ति आचरण गर्दछन् ती मेरो भक्तिको सम्बन्धमा अविनाशी मोक्ष प्राप्त गर्दछन् ॥९५॥

इतिश्री गरुडपुराणको सारोद्धारमा सुकृति जन-जन्माचरण नामको यो पन्ध्रौं अध्याय सकियो ॥१५॥

❀

गरुड उवाच – श्रुता मया दयासिन्धो ह्यज्ञानाज्जीवसंसृतिः । अधुना श्रोतुमिच्छामि मोक्षोपायं
ग., पु. सनातनम् ॥१॥ भगवन् देवदेवेश शरणागतवत्सल । असारे घोरसंसारे सर्वदुःखमलीयसे ॥२॥ भा.टी.
१९५ नानाविधशरीरस्था ह्यनन्ता जीवराशयः । जायन्ते च म्रियन्ते च तेषामन्तो न विद्यते ॥३॥ सदा अ०१६
दुःखातुरा एव न सुखी विद्यते क्वचित् । केनोपायेन मोक्षेश मुच्यते वद मे प्रभो ॥४॥ श्रीभगवानुवाच-
शृणु तार्क्ष्य प्रवक्ष्यामि यन्मां त्वं परिपृच्छसि । यस्य श्रवणमात्रेण संसारान्मुच्यते नरः ॥५॥ अस्ति
देवः परब्रह्मस्वरूपी निष्कलः शिवः । सर्वज्ञः सर्वकर्ता च सर्वेशो निर्मलोऽद्वयः ॥६॥ स्वयंज्योतिर-

गरुडले सोधे–हे दयासिन्धो ! मैले यस्तो सुनेकोछु कि जीवहरूको अज्ञानले गर्दा बारम्बार यस संसारमा आउनु-जानु भइरहन्छ, अब म सनातन-मोक्षको साधन-सुन्ने इच्छा गर्दछु ॥१॥ हे भगवान् ! देवदेवेश ! शरणागतवत्सल ! सबै कष्टहरूको मलिन र निस्सार यस डरलाग्दो संसारमा अनेक प्रकारका शरीरहरूमा स्थित अनन्त जीवसमूह छन्, ती जन्म लिन्छ र मर्दछन् ती सदैव दुःखले व्याकुल छन्, कहीं पनि कोही सुखी छैनन्-मोक्षका स्वामी हे प्रभो ! ती कुन साधनले मुक्त हुन सक्तछन् त्यो मलाई आज्ञा हवस् ॥२-४॥ श्रीभगवानले आज्ञा भयो-हे गरुड ! सुन-तिमी मसँग जे सोधि रहेका छौ, त्यो म तिमीलाई भन्दछु-जसको श्रवण मात्रले मनुष्य यस असार संसारबाट मुक्त हुन्छ ॥५॥ परब्रह्म परमात्मा

नाद्यन्तो निर्विकारः परात्परः । निर्गुणः सच्चिदानन्दस्तदंशाज्जीवसंज्ञकः ॥७॥ अनाद्यविद्योपहिताद्य-
थाग्नौ विस्फुलिङ्गकाः । देहाद्युपाधिसंभिन्नास्ते कर्मभिरनादिभिः ॥८॥ सुखदुःखप्रदैः पुण्यपापरूपै-
र्नियन्त्रिताः । तत्तज्जातियुतं देहमायुर्भोगं च कर्मजम् ॥९॥ प्रतिजन्म प्रपद्यन्ते तेषामपि परं पुनः ।
ससूक्ष्मलिङ्गशारीरमामोक्षादक्षरं खग ॥१०॥ स्थावराः कृमयश्चाजा पक्षिणः पशवो नमः । धार्मिकास्त्रि-
दशास्तद्वन्मोक्षिणश्च यथाक्रमम् ॥११॥ चतुर्विधशरीराणि धृत्वा मुक्त्वा सहस्रशः । सुकृतान्मानवो
भूत्वा ज्ञानी चेन्मोक्षमाप्नुयात् ॥१२॥ चतुरशीतिलक्षेषु शरीरेषु शरीरिणाम् । न मानुषं विनाऽन्यत्र

देवता कलारहित, मङ्गलमय, सर्वज्ञ, सबैका कर्त्ता, ईश, निर्मल, अद्वितीय, स्वयं ज्योतिरूप, आदि अन्त्य नभएका, निर्विकार, परात्पर (सबैभन्दा श्रेष्ठ), गुणरहित, सत्-चित् आनन्दस्वरूप छन् तिनैबाट उत्पन्न अंश नामको जीव हो ॥६-७॥ जसरी अग्निबाट झिल्का निस्कन्छन्, त्यसै गरी जीव अनादि विद्याद्वारा उपहृत हुनाले अनादि कर्महरू द्वारा देह आदिको उपाधिद्वारा विभक्त हुन्छन् ॥८॥ सुख-दुःख दिने पाप-पुण्यद्वारा नियन्त्रित भएर उही-उही जातियुक्त शरीर, आयु र कर्मजनित भोगलाई प्रत्येक जन्ममा प्राप्त गर्दछन्, हे गरुड ! फेरि तीभन्दा पनि उत्कृष्ट मोक्षपर्यन्त नाशरहित सूक्ष्म लिङ्ग शरीर प्राप्त हुन्छ ॥९-१०॥ स्थावर, कृमि, अज (ब्रह्मा, विष्णु, महेश) पक्षी, पशु, मनुष्य, धार्मिक, देवता र मोक्षको कामना गर्ने हजारौं पल्ट अण्डज, स्वेदज, उद्भिज जरायुजयी चार प्रकारका देह धारण र त्याग गरी ठूलो पुण्य

मोक्षको कामना गर्ने हजारौं पल्ट अण्डज,स्वेदज,उद्भिज जरायुज यी चार प्रकारका देह धारण र त्याग गरी ठूलो पुण्य

तत्त्वज्ञानं तु लभ्यते ॥१३॥ अत्र जन्मसहस्राणां सहस्रैरपि कोटिभिः । कदाचिल्लभते जन्तुर्मानुष्यं पुण्यसञ्चयात् ॥१४॥ सोपानभूतं मोक्षस्य मानुष्यं प्राप्य दुर्लभम् । यस्तारयति नात्मानं तस्मात्पापतरोऽत्र कः ॥१५॥ नरः प्राप्योत्तमं जन्म लब्ध्वा चेन्द्रियसौष्ठवम् । न वेत्त्यात्महितं यस्तु स भवेद्ब्रह्मघातकः ॥१६॥ बिना देहेन कस्यापि पुरुषार्थो न विद्यते । तस्माद्देहं धनं रक्षेत्पुण्यकर्माणि साधयेत् ॥१७॥ रक्षयेत्सर्वदात्मानमात्मा सर्वस्य भाजनम् । रक्षणे यत्नमातिष्ठेज्जीवन् भद्राणि पश्यति ॥१८॥

द्वारा मनुष्य भएर ज्ञानी भए मात्र मोक्ष पाउँछन् ॥११-१२॥ चौरासी लाख शरीरहरूमा शरीरधारीहरूलाई मनुष्य नपाई अन्य शरीरमा तत्वज्ञान प्राप्त हुनसक्तैन ॥१३॥ यस संसारमा जीवले हजारौं जन्म लिइसकेपछि पुण्य-संचयद्वारा करोडौं वर्षमा मनुष्य जन्म पाउँछ ॥१४॥ मोक्षको सोपान (खुड्किलो) रूप यस दुर्लभ शरीरलाई पाएर, जसले आफ्नू उद्धार गर्दैन, त्यो भन्दा ठूलो पापी को होला ? ॥१५॥ मनुष्यले मानव योनिमा उत्तम जन्म र इन्द्रियहरूको सौन्दर्य एवं सुख पाएर पनि आफ्नू हित हुने बाटो जान्न सकेन भने त्यो ब्रह्मघाती हो ॥१६॥ शरीरधारण नगरीकन कसैलाई पनि पुरुषार्थ प्राप्त हुन सक्तैन, त्यसकारण शरीर र धन-सम्पत्तिको रक्षा गर्दै रही पवित्र कर्महरूको साधना गरोस् ॥१७॥ आत्माको सबै भोजन (आधार) हो यस निम्ति आत्माको रक्षा यत्नपूर्वक गर्नुपर्दछ किनभने बाँचने पुरुषले नै कल्याण-अकल्याण सबै देख्न पाउँछ ॥१८॥ गाउँ, खेत, धन, सम्पत्ति घर र शुभ कर्महरू बारम्बार प्राप्त हुन्छन् तर मनुष्य शरीर बारम्बार

पुनर्ग्रामः पुनः क्षेत्रं पुनर्वित्तं पुनर्गृहम् । पुनः शुभाशुभं कर्म न शरीरं पुनः पुनः ॥१८॥ शरीर-
रक्षणोपायाः क्रियन्ते सर्वदा बुधैः । नेच्छन्ति च पुनस्त्यागमपि कुष्ठादिरोगिणः ॥२०॥ यद्गोपितं
 स्याद्धर्मार्थं धर्मोज्ञानार्थमेव च । ज्ञानं तु ध्यानयोगार्थमचिरात् प्रविमुच्यते ॥२१॥ आत्मैव यदि नात्मान-
 महितेभ्यो निवारयेत् । कोऽन्यो हितकरस्तस्मादात्मानं तारयिष्यति ॥२२॥ इहैवनरकव्याधेश्चिकित्सां
न करोति यः । गत्वा निरौषधं देशं व्याधिस्थः किं करिष्यति ॥२३॥ व्याघ्रीवास्ते जरा चायुर्याति
भिन्नघटाम्बुवत् । निघ्नन्ति रिपुवद्रोगोस्तस्माच्छ्रेयः समभ्यसेत् ॥२४॥ श्रयते दुःखं यावन्नायान्ति चापदः ।

प्राप्त हुन सक्तैन ॥१९॥ अतःबुद्धिमान व्यक्ति सदैव शरीर-रक्षा गरिने उपाय गर्दै रहन्छन् । कुष्ठ आदि रोग भएका व्यक्ति पनि आफ्नू शरीर त्याग्ने इच्छा गर्दैनन् ॥२०॥ सबै प्रकारले रक्षा गरिएको शरीरद्वारा धर्म गरिन्छ र धर्म गर्नाले ज्ञान मिल्दछ, त्यस ज्ञानले ध्यानयोगको प्राप्ति हुन्छ, त्यसपछि शीघ्र नै मुक्त हुन्छ ॥२१॥ यदि आत्माले नै आत्मालाई अहितकर कुरामा छेक्न सकेन भने आत्माभन्दा ठूलो अर्को कुन वस्तु छ, जसले आत्मालाई तार्न सकोस् वा आत्माको उद्धार गरोस् ॥२२॥ जो व्यक्ति यही संसारमा नरकरूप रोगको औषधि गर्दैन भने औषधि नै नभएको देशमा गएर रोगीले के गर्न सक्दछ? ॥२३॥ वृद्धावस्था बाधिनी झैं छ, आयुष्य फुटेको घड़ामा भएको जल झैं प्रतिक्षण घट्‌ते जान्छ, रोग शत्रु झैं दुःख दिइरहन्छ, यस निम्ति कल्याणकारी कुराहरूको मात्र चर्चा गरोस ॥ २४ ॥ जबसम्म

यावन्नेन्द्रियवैकल्यं तावच्छ्रेयः समभ्यसेत् ॥२५॥ यावत्तिष्ठति देहोऽयं तावत्तत्त्वं समभ्यसेत् । सन्दीप्ते कोणभवने कूपं खनति दुर्मतिः ॥२६॥ कालो न ज्ञायते नानाकार्यैः संसारसम्भवैः । सुखं दुःखं जनोनन्त न वेत्ति हितमात्मनः ॥२७॥ जातानार्तान्मृतानापद्ग्रस्तान् दृष्ट्वा च दुःखितान् । लोक मोहसुरां पीत्वा न बिभेति कदाचन ॥२८॥ सम्पदः स्वप्नसंकाशा यौवनं कुसुमोपमम् । तडिच्चपलमायुष्यं कस्य स्याज्जानतो धृतिः ॥२९॥ शतं जीवितमत्यल्पं निद्रालस्यैस्तदर्धकम् । बाल्यरोगजरादुःखैरल्पं तदपि निष्फलम् ॥३०॥ प्रारब्धव्ये निरुद्योगो जागर्तव्ये प्रसुप्तकः । विश्वस्तव्यो भयस्थाने

कष्टको आश्रय गर्दैन, तबसम्म आपत्ति पनि आउँदैन र जबसम्म इन्द्रियहरूमा व्याकुलता आउन्न, तबसम्म कल्याणकारी मार्गको अभ्यास गरोस ॥२५॥ जबसम्म यो शरीर स्थित छ, तबसम्म ब्रह्मज्ञानको अभ्यास गरोस; घरको कुनामा आगो लागिसकेपछि जो इनार खन्न जान्छ त्यो मूर्ख हो ॥२६॥ अनेक सांसारिक व्यवहारमा गाडिइरहनाले काललाई जान्न सकिन्न-यो खेदको विषय हो कि व्यक्तिले सुख-दुःख र आफ्नू हित पनि जान्दैन ॥२७॥ उत्पन्न भएको, पीडित, मरेको र दुःखीहरूलाई देखेर पनि मानिसहरू मोहमयी मदिरा (रक्सी) पिएर कहिल्यै अघाउन्न र डराउन्न ॥२८॥ धन-सम्पत्तिहरू स्वप्न झैं युवावस्था फूल झैं र आयु बिजुली झैं चंचल छ—यो सबै जानी-जानी कसलाई धैर्य हुन सक्तछ? ॥२९॥ एक त सय वर्षको जीवन नै अत्यन्त सानू छ, त्यसमा पनि आधा त निद्रा र आलस्यमै बितेर जान्छ, शेष अलिकति पनि बाल्यावस्था, रोग वृद्धावस्था दुःखले व्यर्थमा बितेर जान्छ ॥३०॥ जो आरम्भ गर्नु पर्ने कार्यमा

ग. पु. २००

ti नरः को न हन्यते ॥३१॥ तोयफेनसमे देहे जीवेनाक्रम्य संस्थिते । अनित्यप्रियसंवासे कथं तिष्ठति निर्भयः ॥३२॥ अहिते हित संज्ञः स्यादध्रुवध्रुवसंज्ञकः । अनर्थे चार्थविज्ञानः स्वमर्थं यो न वेत्ति सः ॥३३॥ पश्यन्नपि प्रस्खलति शृण्वन्नपि न बुद्धयति । पठन्नपि न जानाति देवमायाविमोहितः ॥३४॥ तन्निमज्जज्जगदिदं गम्भीरे कालसागरे । मृत्युरोगजराग्राहैर्न कश्चिदपि बुद्धयते ॥३५॥ प्रतिक्षणमयं कालः क्षीयमाणो न लभ्यते । आमकुम्भइवाम्भस्थो विशीर्णो न विभाव्यते ॥३६॥ युज्यते वेष्टनं

भा.टी अ०१६

उद्योग गर्दैन र जो जागिरहनु पर्ने अवस्थामा सुती रहन्छ तथा भय मान्नु पर्ने ठाउँमा विश्वास गर्दछ, हरे यस्तो कुन पुरुष छ, जसलाई यमराजले कुटतैनन् ? ॥३१॥ पानीको फीँज झैं शरीरमा जीव आक्रमण गरेर अडिएको छ, यस्तो नाशवान् र प्रिय देहरूपी निवासस्थानमा मनुष्य निर्भर भएर कसरी स्थित रहन सक्तछ ? ॥३२॥ जुन मानिस शत्रुलाई मित्र, अनिश्चितलाई निश्चित र अनुचितलाई उचित मान्दछ, त्यो आफ्नू मुक्तिपद (आत्मज्ञान स्वरूप)-को प्रयोजनलाई जान्दैन ॥३३॥ त्यो दैवी मायाले मोहित भएर देखी-देखी पनि तल भासिन्छ, सुनेर पनि बुझ्दैन, पढेर पनि जान्दैन ॥३४॥ यो संसार मृत्यु, रोग बुढेसकालरूपी ग्राहहरूले व्याप्त गम्भीर कालरूपी ग्राहरूले व्याप्त गम्भीर कालरूपी सागरमा डुबिरहेको छ, यो कुरा कोही पनि बुझ्दैन ॥३५॥ जस्तै पानीमा राखेको काँचो गाग्रो गलेर जान्छ, जल प्राप्त हुन सक्तैन, त्यस्तो प्रतिक्षण क्षीण भएर जाने यो काल प्राप्त हुन सक्तैन ॥३६॥ वायुको बन्धन, आकाशको खण्डन र

हुन सक्तैन, त्यस्तो प्रतिक्षण क्षीण भएर जाने यो काल प्राप्त हुन सक्तैन ॥३६॥ वायुको बन्धन, आकाशको खण्डन र

वायोराकाशस्य च खण्डनम् । ग्रन्थनं च तरङ्गाणामास्था नायुषि युज्यते ॥३७॥ पृथिवी दह्यते येन
मेरुश्चापि विशीर्यते । शुष्यते सागरजलं शरीरस्य च का कथा ॥३८॥ अपत्यं मे कलत्रं मे धनं मे भा टी.
ग पु. बान्धवांश्च मे । जल्पन्तमिति मर्त्याजं हन्ति वृकालको बलात् ॥३९॥ इदं कृतमिदं कार्यमिदमन्यत्कृता-
कृतम् । एवमीहासमायुक्तं कृतान्तः कुरुते वशम् ॥४०॥ श्वः कार्यमद्य कुर्वीत पूर्वाह्णे चापराह्णिकम् । अ०१६
२०१ न हि मृत्युः प्रतीक्षेत कृतं वाप्यथवाकृतम् ॥४१॥ जगदर्शितपन्थानं प्रचण्डव्याधिसैनिकम् । मृत्युशत्रु-
मधिष्ठोऽसि त्रातारं किं न पश्यसि ॥४२॥ तृष्णासूचीकिनिर्भिन्नं सिक्तं विषय सर्पिषा । रागद्वेषानले

तरंगको ग्रन्थन (जुङ्नू) ठीक हो भन्न सकिन्छ, तर आयुमा श्रद्धा (आस्था) ठीक हो भन्न सकिन्न ॥३७॥ जुन कालले पृथ्वीलाई खरानी पार्न सक्तछ, सुमेरू-पर्वतलाई धूलो-पीठो पार्न सक्तछ र समुद्रको जललाई सुखाउन सक्तछ–त्यसको निम्ति यो जावो शरीर कत्रो कुरा हो र! ॥३८॥ मेरो छोरो, मेरो धन र मेरा बन्धु-बान्धव छन्, यस्तो प्रलाप गर्दै मनुष्यरूपी बोकालाई कालरूपी भेड़िया (ब्वाँसो)–ले मार्दछ ॥३९॥ मैले यो काम गरें, मैले यस्तो गर्नै छ, त्यो काम गरेको अफसल भयो–यस्तो विचार भएका व्यक्तिलाई कालले तुरुन्त आफ्नू वशमा पार्दछ ॥४०॥ भोलि गर्ने काम आजै र दिउँसो गर्ने काम बिहानै गरोस् किनभने कालले काम गरे नगरेको प्रतीक्षा गर्दैन ॥४१॥ वृद्धावस्थाले जसको बाटो देखाइसकेको छ, डरलाग्दा रोगहरू जसका सेना छन्, यस्तो मृत्युरूपी शत्रुद्वारा तिमी अधिष्ठित (ग्रसित) छौ, अनि रक्षा गर्ने परमेश्वरलाई किन देखन नसक्नू ? ॥ ४२ ॥ तृष्णारूपी सीयोले प्वाल पारिएको, विषयरूपी

पक्वं मृत्युरश्नाति मानवम् ॥४३॥ बालांश्च यौवनस्थांश्च वृद्धान् गर्भगतानपि । सर्वानाविशते मृत्युरेवं-भूतमिदं जगत् ॥४४॥ स्वदेहमपि जीवोऽयं मुक्त्वा याति यमालयम् । स्त्रीमातृपितृभर्त्रादिसम्बन्धः केन हेतुना ॥४५॥ दुःखमूलं हि संसारः स यस्यास्ति स दुःखितः । तस्य त्यागः कृतो येन स सुखी नापरः क्वचित् ॥४६॥ प्रभवं सर्वदुखनामालयं सकलापदाम् । आश्रयं सर्वपापानां संसार वर्जयेत्क्षणात् ॥४७॥ लोहदारुमयः पापैः पुमान् बद्धो विमुच्यते । पुत्रदारमयैः पाशैर्मुच्यते न कदाचन ॥४८॥ यावन्त कुरुते

घिउले भिजाइएको र राग-द्वेषरूपी आगोले पकाइको मानवलाई मृत्युले अवश्य खान्छ ॥४३॥ यो संसार यस्तो छ– बालक, युवा, बूढ़ा र गर्भमा स्थित जो र जहाँ भए पनि मृत्युले कसैलाई पनि छाड्दैन ॥४४॥ यो जीव जब आफ्नू देहलाई छाडेर यमलोक जान्छ, तब माता-पिता, स्त्री-पुत्रादिको सम्बन्ध कुन कारणले मान्ने ? ॥४५॥ दुःखको मूल हो यो संसार, यो जसको हो अर्थात् यस संसारमा जो बस्तछ, त्यो दुःखी छ, त्यसको जसले त्याग गर्‍यो त्यही सुखी छ, अर्को होइन ॥४६॥ सबै दुःखहरूको उत्पत्तिको कारण, सबै विपत्तिको घर र सम्पूर्ण पापको आधार-यस्तो संसारलाई एक क्षणमा त्यागिदिनु उत्तम छ ॥ ४७ ॥ काठ र फलाम आदि बाँधिएका व्यक्ति बन्धन मुक्त हुन सक्दछन्, तर स्त्री-पुत्रादिको पाशोमा बाँधिएको पुरुष कहिले पनि मुक्त हुन सक्तैन ॥४८॥ प्राणीले आफ्नू मनपरेको

जन्तु सम्बन्धान् मनसः प्रयान् । तावन्तोऽस्य निखन्यते हृदये शोकशङ्कवः ॥४९॥ वञ्चिताशेषवित्तै-
स्तैर्नित्यं लोको विनाशितः । हा हन्त विषयाहारैर्देहस्थेन्द्रियतस्करैः ॥५०॥ मांसलुब्धो यथा मत्स्यो
ग. पु. लोहशंकुं न पश्यति । सुखलुब्धस्तथा देही यमबाधां न पश्यति ॥५१॥ हिताहितं न जानन्तो नित्य- भा.टी
२०३ मुन्मार्गगामिनः । कुक्षिपूरणनिष्ठा ये ते नरा नारकाः खग ॥५२॥ निद्रादिमैथुनाहाराः सर्वेषां प्राणिनां अ०१६
समाः । ज्ञानवान् मानवः प्रोक्तो ज्ञानहीनः पशुः स्मृतः ॥५३॥ प्रभाते मलमूत्राभ्यां क्षुत्तृड्भ्यां मध्यगे
रवौ । रात्रौ मदननिद्राभ्यां बाध्यन्ते मूढमानवाः ॥५४॥ स्वदेहधनदारादिनिरताः सर्वजन्तवः । जायन्ते

वस्तुहरूसँग जति घनिष्ठ सम्बन्ध स्थापित गर्दछ, उतीनै शोकरूपी फलामे किला त्यसको हृदयमा गाड्दै जान्छ ॥४९॥ हरे ! खेदको कुरा हो कि-सम्पूर्ण सम्पत्ति ठग्ने र सधैं विषयरूपी आहार गर्ने, यस देहमा बसेका इन्द्रियरूपी चोरहरूले यो लोकलाई सर्वनाश पारिसके ॥५०॥ जस्तै मासुको लोभी माछाले फलामे बल्छी देख्दैन, त्यस्तै अनित्य सुखको लोभी प्राणीले यमराजको बाधालाई देख्दैन ॥५१॥ हे गरुड ! जुन मनुष्य आफ्नो भलो-कुभलो जान्दैन र सधैं कुमार्गमा हिड्दछ तथा जसको निष्टा (विश्वास) केवल पेट भर्नमा नै छ त्यो नरकगामी हो ॥५२॥ आहार, निद्रा, भय र मैथुन सबै जीवहरूमा समान छन्, तर जसमा ज्ञान छ त्यो मानव र जसमा ज्ञान छैन त्यो पशु कहिन्छ ॥५३॥ मूढ (मूर्ख) मानवलाई बिहान मल-मूत्र, मध्यान्हमा भोक-प्यास र रात्रिमा निद्रा एवं कामदेवले कष्ट दिन्छ ॥५४॥ हरे ! अज्ञानले

च म्रियंते च हा हन्ताज्ञानमोहिताः ॥५५॥ तस्मात्सङ्गः सदा त्याज्य सर्वस्त्यक्तुं न शक्यते। महद्भिः सह कर्तव्यः सन्तः संगस्य भेषजम् ॥५६॥ सत्संगश्च विवेकश्च निर्मलं नयनद्वयम्। यस्य नास्ति नरः सोऽन्धः कथं न स्यादमार्गतः ॥५७॥ स्वस्ववर्णाश्रमाचारनिरताः सर्वमानवाः। न जानन्ति परं धर्मं वृथा नश्यन्ति दाम्भिकाः ॥५८॥ क्रियायासपराः केचिद् ब्रह्मचर्यादिसंयुताः। अज्ञानसंवृतात्मानः संचरन्ति प्रतारकाः ॥५९॥ नाममात्रेण सन्तुष्टाः कर्मकाण्डरता नराः। मन्त्रोच्चारणहोमाद्यैर्भ्रामिताः

मोहित भएका सबै प्राणी आफ्नू शरीर, धन स्त्री-पुत्रादिमा लीन भएर बारम्बार जन्म लिदै मर्दै गर्दछन्, यो खेदको कुरा हो ॥५५॥ यसकारण सांसारिक विषयमा अनुराग सदैव त्याज्य छ, यदि सबै कुरा त्याग्न सक्तैन भने ज्ञानी व्यक्तिको संगत गरोस्; किनभने ज्ञानी, सन्तहरू सांसारिक आशक्तिका अमोघ औषधि हुन् ॥५६॥ सत्संग र विवेक यी दुवै स्वच्छ आँखा हुन्, जसका यी दुवै स्वच्छ आँखा हुन्, जसका यी दुबै नेत्र छैनन् ती अन्धा हुन् अतः त्यस्ता कुमार्ग-गामी किन नहुन् ? ॥५७॥ सबै मनुष्य आफ्नू-आफ्नू वर्ण, आश्रम र आचारमा संलग्न छन्, अन्य धर्मलाई जान्दैनन्, त्यस्ता पाखण्डी व्यक्ति व्यर्थमा नष्ट हुन्छन् ॥ ५८ ॥ कोही धर्मको निम्ति परिश्रम गर्न तत्पर छन्, कोही व्रतचर्यादिमा लागेका छन्, कोही दानादिमा लागेका छन्, यस्ता अज्ञानले ढाकिएका आत्मा हुने वंचक दुःख पाएर डुलिरहन्छन् ॥५९॥ जो मनुष्य नाम मात्रले सन्तुष्ट र कर्मकाण्डमा तत्पर रहन्छन्, मन्त्रोच्चारण र होमादिद्वारा यज्ञको

क्रतुविस्तरैः ॥६०॥ एव भुक्तोपवासाद्यैर्नियमैः कायशोषणैः । मूढाः परोक्षमिच्छन्ति मम मायाविमोहिताः
॥६१॥ देहदण्डनमात्रेण का मुक्तिरविवेकिनाम् । वल्मीकंताडनादेव मृतः कुत्र महोरगः ? ॥६२॥
 जटाभाराजिनैर्युक्ता दाम्भिका वेषधारिणः । भ्रमन्ति ज्ञानिवल्लोके भ्रामयन्ति जनानपि ॥६३॥ संसार-
 जसुखासक्तब्रह्मज्ञोऽस्मीतिवादिनम् । कर्मब्रह्मोभयभ्रष्टं तं त्यजेदन्त्यजं तथा ॥६४॥ गृहारण्यसमा लोके
गतव्रीडा दिगम्बराः । चरन्ति गर्दभाद्याश्च विरक्तास्ते भवन्ति किम् ॥६५॥ मृद्भस्मोद्धूलनादेव मुक्ताः
स्युर्यदि मानवाः । मृद्भस्मवासी नित्यं श्वा स किं मुक्तो भविष्यति ॥६६॥ तृणपर्णोदकाहाराः सततं

विस्तार तथा एक-भुक्त वा उपवासादि नियमहरूले शरीर डढाएर परोक्षमा मोक्षको इच्छा राख्दछन्, ती पनि मूढ हुन्,
मेरो मायामा भ्रमित भएर मोहमा गाडिएका छन् ।।६०-६१।। देहलाई विभिन्न प्रकारमा दण्ड र कष्ट दिएर मात्र के
१८ अविवेकी व्यक्तिले मुक्ति प्राप्त गर्न सक्तछ? वल्मीक (प्वाल) लाई ठटाएर मात्र के ठूलो सर्प मार्न सकिन्छ ? ।।६२।।
विभिन्न वेष धारण गर्ने पाखण्डी व्यक्ति केवल जटाको भारी र चर्म बोकेर यस लोकमा ज्ञानीहरू झैं डुल्दछन् र
अन्य व्यक्तिलाई अलमलमा पार्दछन् ।।६३।। सांसारिक सुखमा आसक्त 'म ब्रह्म हूँ' यस्तो भन्ने-कर्म र ब्रह्म दुबैबाट
च्युत वा भ्रष्ट व्यक्तिलाई अन्त्यज (नीच) झैं त्यागिदिनू ।।६४।। जसको निम्ति घर र बन समान छ, जो लज्जा रहित
र नांगै बस्तछ-जस्तै गर्दभ आदि पशुहरू संसारमा घुमिरहन्छन्-के तिनलाई विरक्त भन्न सकिन्छ ? ।।६५।। दिनहुँ माटो

वनवासिनः । जाम्बुकाखुमृगाद्याश्च तापसास्ते भवन्ति किम् ॥६७॥ आजन्ममरणान्तं च गङ्गादि-
तटिनीस्थितः । मण्डूकमत्स्यप्रमुखा योगिनस्ते भवन्ति किम् ॥६८॥ पारावताः शिलाहाराः कदाचिदपि
चातकाः । न पिबन्ति महीतोयं व्रतिनस्ते भवन्ति किम् ॥६९॥ तस्मादित्यादिक कर्म लोकरञ्जन-
कारकम् । मोक्षस्य कारणं साक्षात्तत्त्व ज्ञानं खगेश्वर ॥७०॥ षड्दर्शनमहाकूपे पतिताः पशवः खग ।
परमार्थ न जानन्ति पशुपाशनियन्त्रिताः ॥७१॥ वेदशास्त्रार्णवे घोरे ऊह्यमाना इतस्ततः । षडूर्मिनिग्रह-
ग्रस्तास्तिष्ठन्ति हि कुतार्किकाः ॥७२॥ वेदागमपुराणज्ञा परमार्थं न वेत्ति या । बिडम्बकस्य तस्यैव

र भस्म शरीरमा लगाएर मुक्तिपाइने भए सदैव खरानी र माटोमा सुतिरहने कुकुर आदि मुक्त हुने थिएनन्?॥६६॥ घाँस पात र जलको आहार गर्ने स्याल, मृग र मूसो आदि जन्तुलाई तपस्वी भन्न सकिन्छ ? ॥६७॥ जन्मदेखि मृत्यु पर्यन्त गंगा आदि नदिमै बस्ने भ्यागुतो, माछा आदि जीवलाई योगी भन्न वा मान्न सकिन्छ ! ॥६८॥परेवा यौटा-यौटा दाना टिपेर पेट भर्दछ र पपीहा (काकाकुल) भूमिमा परेको पानी खाँदैन भन्नाले के तिनलाई व्रती भन्न सकिन्छ ? ॥६९॥ हे पक्षिराज गरुड ! अतः यी सबै कर्महरू मानिसहरूलाई प्रसन्न पार्नका लागि हुन्, मोक्षको कारण त केवल तत्वज्ञान नै हो ॥७०॥ हे गरुड ! पशु झैं पाशले बाँधिएर षड्दर्शन-रूप महाकूपमा गाडिएको व्यक्ति परमार्थलाई जान्न सक्दैन ॥७१॥ यता-उताका अनेक तर्क-वितर्क गर्ने कुतार्किक व्यक्ति वेद-शास्त्ररूपी घोर समुद्रमा षड्शास्त्ररूपी भेल-हरूले ग्रसित भइरहन्छन् ॥७२॥ जुन वेद आगम र पुराण जान्ने व्यक्ति परमार्थलाई जान्दैन,त्यो उपहासास्पद(हाँसो-

तत्सर्वं काकभाषितम् ॥७३॥ इदं ज्ञानमिति ज्ञेयमिति चिन्तासमाकुलाः । पठन्त्यहर्निशं शास्त्रं परतत्व-पराङ्मुखाः ॥७४॥ वाक्यच्छन्दोनिबन्धेन काव्यालङ्कारशोभिताः । अन्यथा दुःखिता मूढास्तिष्ठन्ति व्याकुलेन्द्रियाः ॥७५॥ अन्यथा परमं तत्वं जनः क्लिश्यन्ति चान्यथा । समफ्त शास्त्रसद्भावो व्याख्यां कुर्वन्ति चान्यथा ॥७६॥ कथयन्त्युन्मनीभावं स्वयं नानुभवन्ति च । अहङ्काररताः केचिदुपदेशादिवर्जिताः ॥७७॥ पठन्ति वेदशास्त्राणि बोधयन्ति परस्परम् । न जानन्ति परं तत्वं दर्वी पाकरसं यथा ॥७८॥

को पात्र) भएको मूढ़को वचन काकको शब्दको समान हो ॥७३॥ ज्ञान हो, यज्ञ (जान्ने योग्य) हो, यस प्रकारको चिन्ताले व्याकुल र परम-तत्वज्ञानदेखि विमुख भएर ती रात-दिन शास्त्र पढिरहछन् ॥७४॥ अलंकारहरूले शोभायुक्त छन्द-वाक्य, निबन्धद्वारा उत्पन्न काव्यको चिन्ताले दुःखी एवं इन्द्रियहरूद्वारा उत्कण्ठित ती मूढ यस संसारमा कष्ट भोगिरहन्छन् ॥७५॥ परमतत्व गुरु द्वारा जान्ने योग्य छ, अन्य व्यक्ति गुरुले उपदेश नदिएको भए पनि आफ्नै मनले अनेक तर्क-विर्क र विवाद गरेर जान्न खोज्दछन् । फेरि शास्त्रको सत्य आशय (भनाई) केही अर्कै छ व्याखया द्वारा ती मूढ सत्यको विपरीत गर्दछन्॥७६॥कुनै अहंकारी पण्डित गुरुको उपदेशलाई त्यागेर उन्मनीभाव (नाकको टुप्पामा दृष्टि गडाएर हेरिरहने)-लाई नै परमतत्व हो भन्ने शिक्षा दिन्छन्; स्वयं अनुभव गर्दैनन्, ती वेद-शास्त्रको अध्ययन गर्दछ र परम्परा बोध गर्छन् र गराउँछन्, तर परमतत्वलाई बुझ्दैनन्, जस्तै–डाडू-पन्यौले मीठो नमीठोको स्वाद जान्न सक्तैन ॥७७-७८॥फूल टाउकोमा राखिन्छ र त्यस फूलको सुगन्ध नाकले थाहा पाउँछ, त्यस्तै वेद-शास्त्रहरू पढ्दछन्,

वनवासिनः । जाम्बुकाखुमृगाद्याश्च तापसास्ते भवन्ति किम् ॥६७॥ आजन्ममरणान्तं च गङ्गादि-
तटिनीस्थितः । मण्डूकमस्यप्रमुखा योगिनस्ते भवन्ति किम् ॥६८॥ पारावताः शिलाहाराः कदाचिदपि
चातकाः । न पिबन्ति महीतोयं व्रतिनस्ते भवन्ति किम् ॥६९॥ तस्मादित्यादिक कर्म लोकरञ्जन-
कारकम् । मोक्षस्य कारणं साक्षात्तत्त्व ज्ञानं खगेश्वर ॥७०॥ षड्दर्शनमहाकूपे पतिताः पशवः खग ।
परमार्थं न जानन्ति पशुपाशनियन्त्रिताः ॥७१॥ वेदशास्त्रार्णवे घोरे ऊह्यमाना इतस्ततः । षडूर्मिनिग्रह-
ग्रस्तास्तिष्ठन्ति हि कुतार्किकाः ॥७२॥ वेदागमपुराणज्ञा परमार्थं न वेत्ति या । बिडम्बकस्य तस्यैव

र भस्म शरीरमा लगाएर मुक्तिपाइने भए सदैव खरानी र माटोमा सुतिरहने कुकुर आदि मुक्त हुने थिएनन्?॥६६॥
घाँस पात र जलको आहार गर्ने स्याल, मृग र मूसो आदि जन्तुलाई तपस्वी भन्न सकिन्छ ? ॥६७॥ जन्मदेखि मृत्यु
पर्यन्त गंगा आदि नदिमै बस्ने भ्यागुतो, माछा आदि जीवलाई योगी भन्न वा मान्न सकिन्छ ! ॥६८॥परेवा यौटा-यौटा
दाना टिपेर पेट भर्दछ र पपीहा (काकाकुल) भूमिमा परेको पानी खाँदैन भन्नाले के तिनलाई व्रती भन्न सकिन्छ ?
॥६९॥ हे पक्षिराज गरुड ! अतः यी सबै कर्महरू मानिसहरूलाई प्रसन्न पार्नका लागि हुन्, मोक्षको कारण त केवल
तत्वज्ञान नै हो ॥७०॥ हे गरुड ! पशु झैं पाशले बाँधिएर षड्दर्शन-रूप महाकूपमा गाडिएको व्यक्ति परमार्थलाई जान्न
सक्तैन ॥७१॥ यता-उताका अनेक तर्क-वितर्क गर्ने कुतार्किक व्यक्ति वेद-शास्त्ररूपी घोर समुद्रमा षड्शास्त्ररूपी भेल-
हरूले ग्रसित भइरहन्छन् ॥७२॥ जुन वेद आगम र पुराण जान्ने व्यक्ति परमार्थलाई जान्दैन,त्यो उपहासास्पद(हाँसो-

तत्सर्वं काकभाषितम् ॥७३॥ इदं ज्ञानमिति ज्ञेयमिति चिन्तासमाकुलाः । पठन्त्यहर्निशं शास्त्रं परतत्व-पराङ्मुखाः ॥७४॥ वाक्यच्छन्दोनिबन्धेन काव्यालङ्कारशोभिताः । अन्यथा दुःखिता मूढास्तिष्ठन्ति व्याकुलेन्द्रियाः ॥७५॥ अन्यथा परमं तत्वं जनः क्लिश्यन्ति चान्यथा । समफ्त शास्त्रसद्भावो व्याख्यां कुर्वन्ति चान्यथा ॥७६॥ कथयन्त्युन्मनीभावं स्वयं नानुभवन्ति च । अहङ्काररताः केचिदुपदेशादिवर्जिताः ॥७७॥ पठन्ति वेदशास्त्राणि बोधयन्ति परस्परम् । न जानन्ति परं तत्वं दर्वी पाकरसं यथा ॥७८॥

को पात्र) भएको मूढ़को वचन काकको शब्दको समान हो ॥७३॥ ज्ञान हो, यज्ञ (जान्ने योग्य) हो, यस प्रकारको चिन्ताले व्याकुल र परम-तत्वज्ञानदेखि विमुख भएर ती रात-दिन शास्त्र पढिरहछन् ॥७४॥ अलंकारहरूले शोभायुक्त छन्द-वाक्य, निबन्धद्वारा उत्पन्न काव्यको चिन्ताले दुःखी एवं इन्द्रियहरूद्वारा उत्कण्ठित ती मूढ यस संसारमा कष्ट भोगिरहन्छन् ॥७५॥ परमतत्व गुरु द्वारा जान्ने योग्य छ, अन्य व्यक्ति गुरुले उपदेश नदिएको भए पनि आफ्नै मनले अनेक तर्क-विर्क र विवाद गरेर जान्न खोज्दछन् । फेरि शास्त्रको सत्य आशय (भनाई) केही अर्कै छ व्याख्या द्वारा ती मूढ सत्यको विपरीत गर्दछन्॥७६॥कुनै अहंकारी पण्डित गुरुको उपदेशलाई त्यागेर उन्मनीभाव (नाकको टुप्पामा दृष्टि गडाएर हेरिरहने)-लाई नै परमतत्व हो भन्ने शिक्षा दिन्छन्; स्वयं अनुभव गर्दैनन्, ती वेद-शास्त्रको अध्ययन गर्दछ र परम्रा बोध गर्छन् र गराउँछन्, तर परमतत्वलाई बुझ्दैनन्, जस्तै—डाडू-पन्यौले मीठो नमीठोको स्वाद जान्न सक्तैन ॥७८-७८॥फूल टाउकोमा राखिन्छ र त्यस फूलको सुगन्ध नाकले थाहा पाउँछ, त्यस्तै देव-शास्त्रहरू पढ्छन्,

शिरो वहति पुष्पाणि गन्ध जानाति नासिका । पठन्ति वेदशास्त्राणि दुर्लभो भावबोधकः ॥७९॥
तत्वमात्मस्थमज्ञात्वा मूढः शास्त्रेषु मुह्यति । गोपः कुक्षिगते छागे कूपे पश्यति दुर्मतिः ॥८०॥ संसार- भा. टी
ग.५ मोहनाशाय शब्दबोधो न हि क्षमः । न निवर्तेत तिमिरं कदाचिद्दीपवातया ॥८१॥ प्रज्ञाहीनस्य पठनं
२०८ यथान्धस्य च दर्पणम् । अतः प्रज्ञावतां शास्त्र तत्वज्ञानस्य लक्षणम् ॥८२॥ इदं ज्ञानमिद ज्ञेयं तत्सर्वं अ०१६
श्रोतुमिच्छति । दिव्यवर्षसहस्रायुः शास्त्रन्तं नैव गच्छति ॥८३॥ अनेकानि च शास्त्राणि स्वल्पायुर्विघ्न-

तर भावको बोध गराउन सक्ने व्यक्ति खोजेर पनि पाउन कठिन छ ॥७९॥ मूढ पुरुष आफ्नू शरीरमा स्थित आत्म-तत्वलाई नजानेर शास्त्रहरूको मोहमा गाडिइरहन्छन्, जस्तै बुद्धिहीन ग्वाला आफ्नै काखामा भएको बोकोलाई नदेखेर कूप (इनार) मा खोज्दछ ॥८०॥सांसारिक मोह नाशका लागि शब्द-ज्ञान समर्थ हुँदैन,जस्तै-बत्तीको कुरा गर्नाले मात्र अन्धकारको नाश हुन सक्तैन ॥८१॥जान्ने र बुझ्ने शक्तिले पढेको त्यस्तै हो, जस्तो कि आँखा नदेख्ने अन्धोलाई ऐना । अतः उत्तम बुद्धि भएका व्यक्तिको लागि शास्त्र तत्व-ज्ञानको साधन(लक्षण)हो ॥८२॥ यो ज्ञान हो, यो ज्ञेय (जान्ने योग्य) हो, शास्त्रहरू द्वारा यो सबै सुन्न र बुझ्न खोज्दछ, तर देवताहरूको दिव्य वर्ष अनुसार हजार वर्षको आयु होस् तैपनि शास्त्रहरू सम्पूर्ण जानीबुझी सकिन्न ॥८३॥ शास्त्र अनेक छन्, आयुष्य थोरै र करोड़ौं विघ्न-बाधाहरू छन्, यस कारण शास्त्रहरूको मुख्य तत्व (आशय) जानोस् र त्यसलाई ग्रहण गरोस्, जस्तै-हंसले दूध र पानी मिसिएको

कोटय । तस्मात्सारं विजानीयात्क्षीरं हंसे इवाम्भसि ॥८४॥ अभ्यस्य वेदशास्त्राणि तत्त्वं ज्ञात्वाथ बुद्धिमान् । पलालमिव ध्यान्यार्थी सर्वशास्त्राणि संत्यजेत् ॥८५॥ यथाऽमृतेन तृप्तस्य नाहारेण प्रयोजनम् । तत्वज्ञस्य तथा तार्क्ष्यं न शास्त्रेण प्रयोजनम् ॥८६॥ न वेदाध्यायनान्मुक्तिर्न शास्त्रपठनादपि । ज्ञानादेव हि कैवल्यं नान्यथा विनतात्मज ॥८७॥ नाश्रमः कारणं मुक्तेर्दर्शनानि न कारणम् । तथैव सर्वकर्माणि ज्ञानमेव हि कारणम् ॥८८॥ मुक्तिदा गुरुवागेका विद्या सर्वा विडम्बिका । काष्ठभारसहस्रेषु ह्येकं सञ्जीवनं परम् ॥८९॥ अद्वैतं हि शिवं प्रोक्तं क्रियायासविवर्जितम् । गुरुवक्त्रेण लभ्येत नाधीतागमकोटिभिः ॥९०॥

भए पनि दूध मात्र खान्छ र पानी छाडिदिन्छ ॥८४॥ बुद्धिमान मनुष्यको कर्तव्य हो कि—वेद-शास्त्रको अभ्यास र तिनको मुख्य तत्व जान्नू अनि जानिसकेपछि सबै शास्त्रहरू त्यागिदिनु-जस्तै खेती गर्ने कृषकले धानजति लिन्छ र पराल जति त्यागिदिन्छ ॥८५॥ हे गरुड ! जस्तै अमृत खाएर तृप्त भएका व्यक्तिलाई अन्य आहारको कुनै प्रयोजन (इच्छा) रहदैन, त्यस्तै तत्वज्ञानलाई शास्त्रहरूसँग कुनै पनि प्रयोजन रहन्न ॥८६॥ हे विनतानन्दन गरुड ! वेद र शास्त्रहरूको अध्ययनले मुक्ति प्राप्त हुन सक्तैन, मुक्ति त केवल आत्मज्ञानले मात्र प्राप्त हुन सक्तछ, आत्मज्ञानको अभावमा मुक्ति प्राप्त हुन सक्तैन ॥८७॥ मुक्ति-प्राप्तिको मुख्य कारण न कुनै आश्रम हो, न षड्दर्शन, न सबै कर्म; मुक्तिको कारण त केवल ज्ञान हो ॥८८॥ गुरुको केवल वाणी नै, यदि आफूलाई विश्वास छ भने, मुक्तिदायिनी हो अन्य विद्याहरू उपहास गराउने मात्र हुन् जस्तै-दाउराका हजारौं भारीमा केवल संजीवनी काठ नै श्रेष्ठ हो ॥८९॥

आगमोक्तं विवेकोत्थं द्विधा ज्ञानं प्रचक्षते । शब्दब्रह्मागममयं परब्रह्मविवेकजम् ॥९१॥ अद्वैतं केचिदिच्छन्ति द्वैतमिच्छन्ति चापरे । समं तत्वं न जानन्ति द्वैताद्वैतविवर्जितम् ॥९२॥ द्वे पदे बन्धमोक्षाय न ममेति ममेति च । ममेति बध्यते जन्तुर्न ममेति प्रमुच्यते ॥९३॥ तत्कर्म यन्न बन्धाय सा विद्या या विमुक्तिदा । आयासायापरं कर्म विद्यान्या शिल्पनैपुणम् ॥९४॥ यावत्कर्माणि दीयन्ते यावत्संसारवासना । यावदिन्द्रियचापल्यं तावत्तत्वकथा कुतः ॥९५॥ यावद्देहाभिमानश्च ममता यावदेव

क्रिया र श्रम-रहित अमृतलाई शिव, भनिएको छ, त्यो गुरुको मुखबाट मात्र प्राप्त हुन सक्तैन ॥९०॥ वेद-शास्त्र द्वारा र विवेकले उत्पन्न यी दुवैको भेदले ज्ञान दुइ किसिमको कहिएको छ । वेद-शास्त्रोक्त भनेको 'शब्दब्रह्म' हो र विवेक द्वारा उत्पन्न भनेको 'परब्रह्म' हो ॥९१॥ कोही अद्वैतका उपासक छन् र कोही द्वैतलाई मान्दछन्, द्वैत-अद्वैत दुवैदेखि रहित 'समतत्वलाई' कोही पनि जान्ने इच्छा गर्दैनन् ॥९२॥ 'यो मेरो हो, यो मेरो होइन' यी दुई कुरा नै बन्धन र मोक्षका कारण मानिन्छन् । जीव 'मम' (मेरो हो) यो एक शब्दले गर्दा संसारमा बाँधिन्छ र 'नमम' (मेरो होइन) यो यौटा शब्दले मुक्त हुन्छ ॥९३॥ जसले बन्धनमा पार्दैन त्यही कर्म हो; जो मुक्तिदायक छ, त्यही विद्या हो, सांसारिक बन्धनमा आबद्ध पार्ने दोस्रो 'कर्म' केवल श्रमको निम्ति र अध्यात्म-विद्यादेखि भिन्न दोस्रो विद्या शिल्पमा निपुणता प्राप्त गर्नको निम्ति हो ॥९४। जबसम्म कर्म क्षीण (नाश) हुँदैनन्, तबसम्म यस संसारको वासना

शिल्पमा निपुणता प्राप्त गर्नको निम्ति हो ।।९४। जबसम्म कर्म क्षीण (नाश) हुँदैनन्, तबसम्म यस संसारको वासना

हि । यावत्प्रयत्नवेगोऽस्ति यावत्संकल्पकल्पना ॥९६॥ यावन्नो मानसः स्थैर्यं न यावच्छास्त्रचिन्तनम् । यावन्न गुरुकारुण्यं तावत्तत्त्वकथा कुतः ॥९७॥ तावत्तपो व्रतं तीर्थं जपहोमार्चनादिकम् । वेदशास्त्रागम-कथा यावत्तत्त्वं न विन्दति ॥९८॥ तस्मात्सर्वप्रयत्नेन सर्वावस्थासु सर्वदा । तत्वनिष्ठो भवेत्तार्क्ष्य यदीच्छेन्मोक्षमात्मनः ॥९९॥ धर्मज्ञानप्रसूनस्य स्वर्गमोक्षफलस्य च । तापत्रयादिसन्तप्तश्छायां मोक्षतरोः श्रयेत् ॥१००॥ तस्माज्ज्ञानेनात्मतत्वं विज्ञेयं श्रीगुरोर्मुखात् । मुखेन मुच्यते जन्तुर्घोरसंसारबन्धनात्

छ, जबसम्म इन्द्रियहरूमा चपलता, चञ्चलता रहन्छन्, तबसम्म तत्वको कुरा कहाँ पाउनु ? ।।९५।। जबसम्म यो अनित्य शरीरको 'म' भन्ने अभिमान र अहङ्कार छ तबसम्म सङ्कल्पको कल्पना मात्र छ, जबसम्म मनको स्थिर भाव हुँदैन तबसम्म शास्त्रहरूको मनन-चिन्तन पनि हुँदैन, जबसम्म गुरुको दया-कृपा हुँदैन, तबसम्म तत्वको कुरा कहाँ भेट्टाउनु ? ।।९६-९७।। विज्ञ पुरुषले जबसम्म परमतत्व प्राप्त गर्दैन, तबसम्म मात्र जप, तप, व्रत, तीर्थ, होम पूजन र वेद-शास्त्र तथा आगम-निगमको आचरण र अभ्यास गर्दछ, तत्व प्राप्त भएपछि अरु कुनै वस्तु वा कर्मको इच्छा रहँदैन ।।९८।। यस कारण हे गरुड ! आफ्नू मुक्तिको इच्छा छ भने सबै किसिमको प्रयत्न गरेर सब अवस्थामा तत्वमा नै आफ्नू विश्राम राखोस् ।। दैहिक, दैविक, भौतिक तीनै प्रकारको तापले सन्तप्त पुरुषको कर्तव्य हो कि धर्मज्ञानलाई नै पुरुष ठानोस्, स्वर्ग र मोक्षलाई नै अमृत फल ठानोस यस्तो मोक्षरूपी वृक्षको आश्रय ग्रहण गरोस ।।१००।। यस निम्ति

॥१०१॥ तत्वज्ञस्यान्तिमं कृत्यं शृणु वक्ष्यामि तेऽधुना । येन मोक्षमवाप्नोति ब्रह्मनिर्वाणसंज्ञकम् ॥१०२॥ अन्तकाले तु पुरुष आगते गतसाध्वसः । छिन्द्यादसङ्गशस्त्रेण स्पृहां देहेऽनु ये च ताम् ॥१०३॥ गृहात् प्रव्रजितो धीरः पुण्यतीर्थजलाप्लुतः । शुचौ विविक्त आसीनो विधिवत्कल्पितासने ॥१०४॥ अभ्यसेन् मनसा शुद्धं त्रिवृद्ब्रह्माक्षरं परम् । मनो यच्छेज्जितश्वासो ब्रह्मबीजमविस्मरन् ॥१०५॥ नियच्छेद्विषयेभ्योक्षान्मनसा बुद्धिसारथिः । मनः कर्मभिराक्षिप्तं शुभार्थे धारयेद्धिया ॥१०६॥ अहं ब्रह्म परं धाम

गुरुको शिक्षारूपी ज्ञान द्वारा आत्म-तत्वलाई जानोस जसलाई जानेर यो डरलाग्दो संसाररूपी बन्धनबाट जीव सुख-पूर्वक मुक्त हुन सकोस् ॥१०१॥ हे गरुड ! अब तत्वज्ञाता (तत्व जान्ने) हरूको कृत्य अर्थात् तिनले गर्नुपर्ने काम सुन-म भन्दछु, जसले गर्दा जीवले ब्रह्म निर्वाणसंज्ञक मोक्ष प्राप्त गर्दछ ॥१०२॥ आफ्नू अन्त्य समय आइपुगेको जानेर व्यक्तिले निर्भय भई अनासक्तिरूप शास्त्रले शरीरको र देहका अनुगामी स्त्री-पुत्रादिको इच्छा हटाओस् ॥१०३॥ धीर पुरुष घरबाट निस्केर, पवित्र तीर्थ जलमा स्नान गरी एकान्तमा विधिवत निर्मित (बनाइएको) पवित्र आसनमा बसेर मनले 'अ उ म' यी तीन अक्षरहरूले युक्त शुद्ध-श्रेष्ठ ब्रह्माक्षर (ॐ) को जप गर्दै आफ्नू मनलाई वशमा गरोस ॥१०४-१०५॥ बुद्धिरूप सारथीको वशमा अश्वरूप मनलाई राखेर त्यस मनद्वारा इन्द्रियहरूलाई विषयहरूबाट नियन्त्रित गरोस, कर्मद्वारा मनलाई प्रेरित गरी असल काम अर्थात् असल बाटोमा लगाओस ॥१०६॥ परमधाम

ब्रह्माहं परमं पदम् । एवं समीक्ष्य चात्मा नमात्मन्याधाय निष्कले ॥१०७॥ ओमित्येकाक्षरं ब्रह्म व्याह-
रन्मामनुस्मरन् । यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ॥१०८॥ न यत्र दाम्भिका यान्ति
ज्ञानवैराग्यवर्जिताः । सुधियस्तां गतिं यान्ति तानहं कथयामि ते ॥१०९॥ निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः । द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंगैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥११०॥
ज्ञानह्रदे सत्यजले रागद्वेशमलापहे । यः स्नाति मानसे तीर्थे स वै मोक्षमवाप्नुयात् ॥१११॥ प्रौढं

स्वरूप ब्रह्म म नै हूँ यस्तो मनन गरेर निरुपाधि आत्मामा आफूलाई स्थापित गरोस ॥१०७॥ 'ॐ' यस एकाक्षर ब्रह्मको उच्चारण र मेरो स्मरण गर्दै जसले यो देह त्यागी महाप्रयाण गर्दछ त्यसले परमगति प्राप्त गर्दछ ॥१०८॥ जहाँ ज्ञान-वैराग्यले हीन पाखण्डी पुरुष जुन गतिलाई प्राप्त गर्न सक्दैनन् त्यस गतिलाई ज्ञानी पुरुषले प्राप्त गर्दछ । ती ज्ञानी पुरुषहरूको विषयमा म तिमीलाई भन्दछु सुन ॥१०९॥ मन र मोहले रहित छन्, जसले आसक्तिरूप दोषलाई जितेका छन्, जसको अविनाशी अध्यात्ममा निष्ठा छ, जो कामनाहरूबाट निवृत्त भइसकेका छन् र सुख-दुःख संज्ञक द्वन्द्व (जोड़ी) हरूबाट मुक्त छन् ॥११०॥ जसको ज्ञान नै सरोवर छ, सत्य नै जल छ र जो रागद्वेषरूप मललाई पखाँल्न सक्दछन्, यस्तो मानिस-तो अवश्य मुक्त हुन्छन् ॥१११॥ जो व्यक्ति दृढ़ वैराग्यमा स्थित भएर, अन्य कसैलाई नभजेर केवल मेरो स्मरण मात्र गर्दछ, जसको ज्ञान पूर्ण-ज्ञान भइसकेको छ र जसको मन सदैव प्रसन्न

वैराग्यमास्थाय भजते मामनन्यभाक । पूर्णदृष्टिः प्रसन्नात्मा स वै मोक्षमवाप्नुयात् ॥११२॥ त्यक्त्वा
गृहं च यस्तीर्थे निवसेन्मरणोत्सुकः । म्रियते मुक्तिक्षेत्रेषु स वै मोक्षमवाप्नुयात् ॥११३॥ अयोध्या
 मथुरा माया काशी काञ्ची ह्यवन्तिका । पुरी द्वारावती ज्ञेयाः सप्तैता मोक्षदायिकाः ॥११४॥ इति ते
 कथितं तार्क्ष्य मोक्षधर्मं सनातनम् । ज्ञानवैराग्य सहितं श्रुत्वा मोक्षमवाप्नुयात् ॥११५॥ मोक्षं गच्छति
तत्त्वज्ञा धार्मिकाः स्वर्गतिं नरा । पापिनो दुर्गतिं यान्ति संसरन्ति खगादयः ॥११६॥ इत्येवं सर्व-
शास्त्राणां सारोद्धारो निरूपितः । मया ते षोडशध्यायैः किं भयः श्रोतुमिच्छसि ॥११७॥ सूत उवाच !

रहन्छ--त्यसले अवश्य मोक्ष प्राप्त गर्दछ ॥११२॥ जो मर्नको निम्ति उत्सुक तत्पर भएर घर-परिवार छाडी कुनै तीर्थमा निवास गर्दछ र मुक्तिदायक स्थानमा शरीर त्यागदछ भने त्यसले अवश्य मोक्ष प्राप्त गर्दछ ॥११३॥ अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्ती, द्वारका-यी सात पुरीहरू मोक्षदाता छन् ॥११४॥ हे गरुड ! मैले तिमीलाई यस क्रममा ज्ञान वैराग्य समेत शाश्वत मोक्ष धर्मको विषयमा सारा वर्णन गरेर सुनाएँ यो सुन्नाले पनि मनुष्यले मोक्ष प्राप्त गर्न सक्तछ ॥११५॥ तत्वज्ञानी पुरुष मोक्ष, धार्मिक पुरुष स्वर्ग, र पापी पुरुष दुर्गति एवं नरक वास पाउँदछन्, पक्षिहरूको यहीं नै जन्म र मरण हुन्छ ॥११६॥ यस प्रकार मैले तिमीसित यो सोह्र अध्यायमा सबै शास्त्रहरूको 'सारोद्धार' (सार अंशको उद्धरण) वर्णन गरेर सुनाएँ, अब के सुन्ने इच्छा छ, भन ॥११७॥ सूतजी

एवं श्रुत्वा वचो राजन् गरुडो भगवन्मुखात् ।। कृताञ्जलिरुवाचेदं तं प्रणम्य मुहुर्मुहुः ।।११८।। भगवन् देवदेवेश श्रावयित्वा वचोऽमृतम् । तारितोऽहं त्वया नाथ भवसागरतः प्रभो ।।११९।। स्थितोऽस्मि गतसन्देहः कृतार्थोऽस्मि न संशयः । इत्युक्त्वा गरुडस्तूष्णीं स्थित्वा ध्यानपरोऽभवत् ।।१२०।। स्मरणाद् दुर्गतिहर्ता पूजनज्ञेय सद्गतेः । दाता यः परया निजभक्त्या ददाति मुक्तिं स मां हरिः पातु ।।१२१।।

इति श्रीगरुडपुराणे सारोद्धारे भगवद्गरुडसंवादे मोक्षनिरूपणो नाम षोडशोऽध्यायः ।।१६।।

भन्दछन्–हे राजन् ! यस प्रकार भगवानको मुखारविन्दबाट सुनेर गरुडले दुबै हात जोरी प्रभुलाई बारम्बार प्रणाम गरेर भने ।।११८।। हे भगवन् ! हे देवदेवेश ! हे नाथ ! हे प्रभो ! हजूरले यो अमृत स्वरूप वचन सुनाएर मलाई यस संसार सागरबाट पारी तारिदिनु भयो ।।११९।। मनको सन्देह नाश भएर म स्थिर तथा कृतकृत्य भएको छु, यसमा कुनै प्रकारको सन्देह छैन । यति भनेर गरुड मौन भई भगवानको ध्यानमा उद्यत भए ।।१२०।। जो स्मरण गर्नाले दुर्गति नाश हुन्छ, जसको पूजा र यज्ञ गर्नाले सद्गति प्राप्त हुन्छ र जसको भक्ति गर्नाले मुक्ति दिन्छन्, त्यस्ता परम दयालु श्रीहरि मेरो रक्षा गरुन् ।।१२१।।

इति श्रीगरुड पुराणको सारोद्धारमा गरुड र श्रीभगवावकोसंवादमा मोक्ष-धर्म निरूपण नामको यो सोह्रौं अध्याय सकियो ।।१६ ।

❀

अथ गरुड पुराण–श्रवण–माहात्म्य–फल

श्रीभगवानुवाच—इत्याख्यात मया तार्क्ष्य सर्वमेवौर्ध्वदेहिकम् । दशाहाभ्यन्तरे श्रुत्वा सर्वपापैः प्रमुच्यते ॥१॥ इदं चामुष्मिकं कर्म पितृमुक्तिप्रदायकम् । पुत्रवाञ्छितदं चैव परत्रेह सुखप्रदम् ॥२॥ इदं कर्म न कुर्वन्ति ये नास्तिकनराधमाः तेषां जलमपेयं स्यात्सुरातुल्यं न संशयः ॥३॥ देवताः पितरश्चैव नैव पश्यन्ति तद्गृहम् । भवन्ति तेषां कोपेन पुत्राः पौत्राश्च दुर्गताः ॥४॥ ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्चैवेतरेऽपि च । ते चाण्डालसमा ज्ञेयाः सर्वे प्रेतक्रियां विना ॥५॥ प्रेतकल्पमिदं पुण्यं शृणोति श्रावयेच्च यः । उभौ तौ पापनिर्मुक्तौ दुर्गतिं नैव गच्छतः ॥६॥ मातापित्रोश्च मरणे

श्रीभगवानले भन्नुभयो-हे गरुड ! यसरी मैले सबै औध्र्वदेहिक कर्म भनें, त्यसलाई मरेको दस दिन भित्र (औध्र्व-देहिककर्मकर्ता) सबै पापहरूबाट मुक्त हुन्छ ॥१॥ यो आमुष्मिक (यस लोकको) कर्म, पितृहरूको मुक्ति र छोरोलाई इच्छित फल दिनसक्ने छ तथा यस लोक र परलोकमा सुखदायक छ ॥२॥ जो मनुष्यहरूमा अधम, नास्तिक यस कर्मलाई गर्दैन, त्यसका हातको सुरातुल्य जल खान पनि उचित छैन, यस कुरामा कुनै सन्देह पनि छैन ॥३॥ देवता र पितृहरू त्यसको घरतिर फर्केर पनि हेर्दैनन् र तिनको कोपले पुत्र-पौत्रादि दरिद्र हुन्छन् ॥४॥ ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र तथा अरू पनि जो प्रेत-क्रिया गर्दैनन्, ती सब चाण्डाल समान हुन् ॥५॥ जो यस पवित्र प्रेतकल्पलाई सुन्दछन् र सुनाउँछन्, ती दुवै पापबाट मुक्त भएर दुर्गतिमा प्राप्त हुँदैनन् ॥६॥ जसले आमाबाबु मरेको बखतमा गरुड पुराण

सौपर्णं शृणुते तु यः । पितरौ मुक्तिमापन्नौ सुतः सन्ततिमान् भवेत् ॥७॥ न श्रुतं गारुडं येन गयाश्राद्धं च न कृतम् । वृषोत्सर्गः कृतो नैव न च मासिकवार्षिक ॥८॥ स कथं कथ्यते पुत्रः कथं मुच्येदृणत्रयात् । मातरं पितरं चैव कथं तारयितुं क्षमः ॥९॥ तस्मात्सर्वप्रयत्नेन श्रोतव्यं गारुडं किल । धर्मार्थकाममोक्षाणां दायकं दुःखनाशनम् ॥१०॥ पुराणं गारुडं पुण्यं पवित्रं पापनाशनम् । शृण्वतां कामनापूरं श्रोतव्यं सर्वदैव हि ॥११॥ ब्राह्मणो लभते विद्यां क्षत्रियः पृथिवीं लभेत् । वैश्यो धनिकतामेति शूद्रः शुद्ध्यपिपातकात् ॥१२॥ श्रुत्वा दानानि देयानि वाचकायाखिलानि च । पूर्वोक्तशयनादीनि

सुन्दछ, त्यसका माता-पिताले मुक्ति पाउँछन् र धन-सम्पति एवं सन्तानले पूर्ण हुन्छन् ॥७॥ जसले न गरुडपुराण सुन्यो, न गयाश्राद्ध गऱ्यो, न वृषोत्सर्ग गऱ्यो न मासिक, वार्षिक श्राद्ध गऱ्यो, त्यसलाई छोरो कसरी मान्न सकिन्छ ? त्यो तीनै प्रकारको ऋणबाट कसरी मुक्त हुन सक्तछ ? फेरि माता-पिताको उद्धार गर्न सपर्थ पनि कसरी हुने ? ॥८-९॥ यस कारण सबै प्रयत्न गरेर गरुड पुराण अवश्य सुनोस् । यो धर्म, अर्थ, काम र मोक्षदाता एवं दु खको नाशक छ ॥१०॥ गरुड पुराण पुण्यदायक र पवित्र छ, फेरि पाप पनि नाश पार्दछ तथा सुन्नेहरूको सबै कामना (इच्छा) पूर्ण गर्दछ, अतः यसलाई श्रद्धापूर्वक अवश्य सुनोस ॥११॥ श्रवण गर्ने व्यक्ति ब्राह्मण भए विद्या, क्षत्रिय भए भूमि र वैश्य भए धन प्राप्त गर्दछ, शूद्र भए पापबाट पवित्र हुन्छ ॥१२॥ गरुड पुराण सुनेर बाचक (कथा भन्ने

नान्यथा सफलं भवेत् ॥१३॥ पुराणं पूजयेत् पूर्वं वाचकं तदनन्तरम्। वस्त्रालंकारगोदानैर्दक्षिणाभिश्च सादरम् ॥१४॥ अन्नैश्च हेमदानैश्च भूमिदानैश्च भूरिभिः। पूजयेद्वाचकं भक्त्या बहुपुण्यफलाप्तये ॥१५॥ वाचकस्यर्चनेनैव पूजितोऽहं न संशयः। सन्तुष्टे तुष्टियां यामि वाचके नात्र संशयः ॥ इति श्रीगरुडपुराणे श्रवण फलम्।

पण्डित) लाई सबै वस्तु पूर्ण पारेर शय्या आदि दान गरेर देओस्; दान दिएन भने कथा सुनेको फल प्राप्त हुँदैन ॥१३॥ पहिले पुराणको पुस्तकको पूजा गरी वस्त्र, आभूषण, गोदान र दक्षिण सहित दिएर आदरपूर्वक वाचक (कथा भन्ने) को पूजा गरोस् ॥१४॥ धेरै पुण्य-फल पाउनका लागि धेरै अन्नदान, सुवर्णदान र भूमिदान गरी भक्ति-पूर्वक कथा सुन्न बसेकाहरूको पनि पूजा गरोस ॥१५॥ कथा भन्ने पण्डितको पूजा गर्नाले नै मेरो पूजा गरेको फल प्राप्त हुन्छ, यसमा कुनै किसिमको सन्देह गर्नु हुँदैन, फेरि कथा सुन्न बसेका सबै संतुष्ट भए म पनि सन्तुष्ट भएँ भन्ने जान्नु, यसमा पनि सन्देह छैन ॥१६॥ यस प्रकार गरुडपुराण–श्रवण–माहात्म्य सकियो ॥

❀ इति गरुडपुराण समाप्त ❀

❀

5.9.725

मुद्रक–गोपीकृष्ण प्रेस, जालपा देवी रोड, वाराणसी।

मुद्रक—[illegible]

॥ इति ॥

महर्षि वेदव्यासप्रणीतम्–

गरुडपुराणम्

(नेपाली भाषा टीका सहित)

प्रकाशक :

जय नेपाल प्रकाशन

कचौडीगली, वाराणसी–२२१००१